ISSN 2091-2013

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)



किरण पुस्तकालय
तम्घास, गुल्मी

हाम्रो पुरुषार्थ पाठक मञ्च, रूपन्देही, बुटवलको आयोजनामा २०८२ फागुन २ गते नव जागृति पुस्तकालय, बुटवलमा सम्पन्न हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १०८ विचार-विमर्श कार्यक्रमका केही झलकहरू ।











# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

वर्ष : ५३ | अङ्क : २ | सम्पूर्णाङ्क : १०९ | माघ - चैत्र : २०८२

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक-सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**लेआउट**
झवीन्द्र पन्थी

**मुद्रण**
सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३

**प्रकाशक**

## किरण पुस्तकालय
तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२९७७८७
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य रु. १५०/-

आवरण : रेसुङ्गा र अर्जुनको काखमा अवस्थित तम्घास बजार ।

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**डा. कृष्ण भण्डारी 'मुमुक्षु'**
फोन नं. ९८५६०३२४७७

## रुपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि

पूर्णप्रसाद अधिकारी
फोन नं. ९८५५०६१८६३

## दाङ प्रतिनिधि

प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

## पाल्पा प्रतिनिधि

कमल खत्री
फोन नं. ९८४७३०८९०८

## पोखरा प्रतिनिधि

शङ्कर ज्ञवाली
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**महेश आचार्य**
**सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका**
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
**के. २२/१८ पञ्चगङ्गाघाट**
**वाराणसी, उत्तरप्रदेश, भारत**
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
**गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला**
**देहरादून, उत्तराखण्ड, भारत**
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
**लेनकास्टर स्ट्रीट-२२**
**सिड्नी, अस्ट्रेलिया**
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
**पी. डब्लू. डी. कोलोनी**
**डिफू,कर्बी, एङ्गलो, आसाम, भारत**
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# निर्जन घर, काँडेघारी र बाँझा खेतहरू

- विकास त भइरहेछ नि ! देशमा । बाटाहरू बनिरहेछन् । मोटरहरू गुडिरहेछन् । हवाइजहाजहरू उडिरहेछन् । बिजुलीबत्तीहरू बलिरहेछन् । घरघरमा पानीका धारा झरिरहेछन् । गाउँगाउँमा सिंहदरबार छन् । टोलटोलमा शिक्षालय छन् । टोलटोलमा स्वास्थ्यसंस्था छन् । चाउ चाउ, चाउमिन, चिया र चिनी पुगिरहेछ घरघरमा । हातहातमा छन् मोबाइल र ल्यापटपहरू । विदेशी सुन्दर पोसाकले ढाकिएका छन् आँगहरू । पैसा आउँछ घरघरमा । मान्छे छन् धेरै परपर ।

- हिजो विकास थिएन । गाउँभरि मान्छे थिए । आबाद थिए यी खेतबारीहरू । भरिभराउ थिए घरहरू । भरिभराउ थिए धन्सार र गोठहरू । पाका पुस्ताका अनुभव गुन्जिन्थे साँझ चौपारीमा । गीत, संगीत र नृत्यले जीवन्त बन्थे गाउँहरू । शिशुहरूका बाललीलाले लीलामय बन्थ्यो परिवेश ।

- आज यी गाउँहरू शून्य छन्, बिरान छन्, उजाड छन् । मान्छे कताकति छन् । केही शहर पसे । धेरै विदेश पुगे । भएका पनि चूपचाप मोबाइलमा घोप्टिएर घोप्टो क्रान्तिमा संलग्न छन् । हिजो एउटा सभ्यता बोकेका गाउँहरू आज शून्य, उजाड र बिरान खण्डहर बन्दैछन् ।

- हिजो अनाज लहलहाउने बारीहरू काँडेघारीले ढाकिएका छन् । घरगोठहरू भग्नप्रायः छन् । हिजो धान र गहुँले सिंगारिएका खेतहरू आज बाँझा छन् । आज सबै कुरा विदेशबाट आउँछ । केवल मान्छे मात्र जान्छ बाहिर । श्रम, सीप र बुद्धि भागिरहेछ देशबाट दिनदिनै ।

- हामी भन्छौं विकास भइरहेछ । गाउँमा एक्ला छन् बाआमाहरू । उदास छन् तिनका अनुहारहरू । भिजेका छन् परेलाहरू उँधो मायामा । हामीले सुन्थ्यौं – विकास भनेको हाँस्नु हो, खुसी हुनु हो । खोइ खुसी र हाँसो अनुहारमा ? हिजो अभावहरूका माझ भेटिएका खुसीहरू खोजिरहेछौं आज हामी ।

ooo

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको ? | कहाँ ? |
|---|---|---|---|
| | **अन्तर्वार्ता** | | |
| १. | भावहरूको मनोरम अभिव्यक्ति साहित्य हो | कृष्णप्रसाद कोइराला | १ |
| २. | ८७ वर्षमा नातिनीसँग कम्प्युटर टाइप . . . | मीनप्रसाद गौतम | १२४ |
| | **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण/व्यक्तिवृत्त** | | |
| १. | आधा शताब्दीको अन्त्यमा सुनिएका . . . | प्रा. डा. गोविन्दराज भट्टराई | १० |
| २. | जन्मदिनले थपेको जिन्दगी | जयदेव गौतम | १३ |
| ३. | गजल, स्वतन्त्र गजल र चारु | देवी पन्थी | २१ |
| ४. | धुर्कोट राज्य र सराएँ खेल (नाच) | चिरञ्जीवी भण्डारी | ३३ |
| ५. | क्रन्तिका सूत्रधार योद्धा कृष्ण . . . | झपेन्द्रप्रसाद खनाल | ४८ |
| ६. | साहित्यकार चन्द्रकान्त : व्यक्ति एक . . . | प्रा. डा. बन्धु कोइराला | ५८ |
| ७. | जीवन, कर्म र कीर्ति | राम ज्ञवाली | ६४ |
| ८. | रामचन्द्र कोइराला र 'दृष्टान्त' . . . | नैध्रुव कश्यप | ६९ |
| ९. | जननी जनमभूमिश्च . . . | डा. हरिप्रसाद भण्डारी | ७६ |
| १०. | कविताको कथाको सामान्य टिप्पणी . . . | केशवराज आमोदी | ९५ |
| ११. | हिमाल : अर्थात् आफैँमा एक आश्चर्य. | प्रतीक ढकाल | ९७ |
| १२. | सेवा, निष्ठा र त्यागका त्रियोग . . . | राजेन्द्र पन्थी | ११३ |
| | **कथा/लघुकथा** | | |
| १. | टीका | लीलाराज दाहाल | ३२ |
| २. | स्वाभिमान | मित्र 'उराठी' गौतम | ८६ |
| ३. | कारावास | शंकरप्रसाद गौतम | १०५ |
| ४. | पुनर्मिलन | डा. लक्ष्मीकान्त पन्थी | १२० |
| | **एकाङ्की नाटक** | | |
| १. | मधौरु | ज्ञानबहादुर छेत्री | ८७ |

| कति ? | के ? | कसको ? | कहाँ ? |
|---|---|---|---|
| | **गीत/कविता/गजल/मुक्तक** | | |
| | १. आमाबा | धनराज गिरी | २० |
| | २. विश्व कवितादिवसका अवसरमा . . . | मुकुन्द शर्मा | ३१ |
| | ३. अब घाम लाग्यो ! | काशीनाथ मिश्रित | ४७ |
| | ४. आत्माज्ञानको दृष्टान्त | पुष्पराज पोखरेल | ५७ |
| | ५. अनिदो रातका सपना र मेरो मन | वासु जमरकट्टेल | ७४ |
| | ६. शारद | वासुदेव पाण्डे | ८४ |
| | ७. गजल | खगेन्द्र गिरि कोपिला | १०४ |
| | ८. जीवनका भाकाहरू | मोहन झवाली | १२३ |
| | **स्थायी स्तम्भहरू** | | |
| | १. सम्पादकीय | सम्पादक | iii |
| | २. भेटघाट | राम झवाली | १ |
| | ३. अनुभव/अनुभूति : मीनप्रसाद गौतम | तुलसी गौतम | १२४ |
| | ४. पुस्तकालय परिचय | नारायण पाण्डेय | १२८ |
| | ५. किरण पुस्तकालयको पातो | सचिव | १३४ |
| | ६. नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १३५ |
| | ७. यताउताबाट | रेडियो रेसुङ्गा, दैनिक निर्णय | १४३ |
| | ८. पाठक-प्रतिक्रिया | छवि झवाली | १५० |
| | ९. हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली | | १५४ |

# सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।

◆ सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,

◆ विविधतामा एकताको भावना विकास गरौं,

◆ जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,

◆ चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,

◆ घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,

◆ संवाद, सहकार्य बढाऔं,

◆ आपसी समझदारी कायम गरौं,

◆ शान्ति, सहिष्णुता भाइचाराको संस्कृति प्रवर्द्धन गरौं,

**विविधतामा एकता, सद्भाव र सहिष्णुता ।**

## नेपाल सरकार

# विज्ञापन बोर्ड

# भावहरूको मनोरम अभिव्यक्ति साहित्य हो



✍कृष्णप्रसाद कोइराला

(पिता पं. यादवनाथ कोइराला र माता चन्द्रिका कोइरालाका पुत्ररत्नको रूपमा २००० साल चैत्र १३ गते पाल्पा पोखराथोकमा जन्मनुभएका कृष्णप्रसाद कोइराला नेपाली भाषा, साहित्य र पूर्वीय वाङ्मयका मूर्धन्य विद्वान् हुनुहुन्छ । उहाँ प्रतिभाशाली कवि एवं कुशल लेखक हुनहुन्छ । अहिले उहाँ बुटवल न. पा. -११, होराइजन चोक, रूपन्देहीमा बस्नुहुन्छ । भाषा साहित्य, संस्कृति र अध्यात्ममा रुचि राख्ने उहाँले लामो समय शिक्षक, प्रशिक्षक भई बिताउनुभएको छ । संस्कृत साहित्यमा स्नातकोत्तर गरेका कोइरालाका बीचिमाला (कवितासंग्रह), सुस्काटढेरा शतक (मुक्तक-संग्रह), भूकम्प (खण्डकाव्य), मातृ काव्याञ्जलि (काव्य), जिन्दगीका मोडहरू (उपन्यास), याज्ञवल्क्य (उपन्यास) लगायत धार्मिक, सांस्कृतिक, विषयसम्बद्ध कृतिहरू प्रकाशित भएका छन् । विभिन्न धार्मिक, साहित्यिक, शैक्षिक संस्थाहरूको नेतृत्व गरिसकेका कोइरालासँग पत्रकारिताको पनि अनुभव छ । शिक्षा, समाज सेवा एवं साहित्य सृजनाको निमित्त उहाँ धेरै संघसंस्थाहरूबाट सम्मानित, पुरस्कृत एवं प्रशंसित हुनुभएको छ । वाङ्मयको सेवा एवं साहित्यसृजनामा उहाँ अझै सक्रिय हुनुहुन्छ । यहाँ वरिष्ठ साहित्यकार एवं प्रेरणादायी व्यक्तित्व कृष्णप्रसाद कोइरालासँग 'हाम्रो पुरुषार्थ'का लागि पाल्पानिवासी साहित्यकार श्री राम ज्ञवालीले गर्नुभएको संवादको सारसंक्षेप प्रस्तुत गरिएको छ । **-सम्पादक**)

**१. तपाईंको जन्मथलो पोखराथोक पाल्पाले तपाईंको साहित्यिक चेतनालाई कसरी आकार दियो ? त्यहाँको भूगोल, संस्कृति र वातावरणले तपाईंको कुनै कृतिमा प्रत्यक्ष प्रभाव पारेको छ कि ?**

पाल्पाको पोखराथोक उहिल्यै राणाकालदेखि नै शिक्षा र संस्कृतिप्रति सचेत मानिसहरूले बसोबास गर्दै आएको ठाउँ हो । कुनै विद्यालय नभएको अवस्थामा पनि यहाँका सचेत जनताले अन्यत्रैबाट पनि योग्य पण्डित झिकाएर बसोबास खानाको व्यवस्था मिलाइदिएर छोराछोरी पढाउन लागाउँथे । अलि

खर्च गर्न सक्नेहरू काठमाडौँ, बनारस जस्ता शिक्षाकेन्द्रमा उच्च शिक्षाका लागि पठाउँथे । यस प्रकार पोखराथोकमा शिक्षा र संस्कृतिको जग बसेको थियो । मैले पनि त्यही वातावरणमा जन्मिने हुर्किने मौका पाएँ । त्यसैले पनि होला केही साहित्यिक संस्कार ममा पनि बस्यो । त्यही पल्लवित भएर केही साहित्य रचना गर्ने जमर्को गर्दैछु । त्यही वातावरण र मेरो संस्कृत शिक्षाको प्रभावले होला मेरा रचनामा भौतिकता र आध्यात्मिकताका भावहरू प्रतिबिम्बित भएका देख्न सकिन्छ ।

**२. यहाँका पूजनीय पिता वेदान्त दर्शनका ज्ञाता हुनुहुन्थ्यो । यसै पृष्ठभूमिमा रहेर "गण्डकी सोपान ", "कालचरित" र "काली दर्शन" जस्ता गहन दार्शनिक कृतिहरू सिर्जना गर्नुभयो । एउटा दार्शनिक पृष्ठभूमि भएको परिवारमा हुर्कँदा तपाईंको बाल्यकाल र बौद्धिक विकासमा के कस्तो प्रभाव पर्‍यो ?**

मेरा पिताजी पं. यादवनाथ कोइराला प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो । उहाँ वेदान्त दर्शन र संस्कृत तथा नेपाली साहित्यका पनि ज्ञाता हुनुहुन्थ्यो । उहाँ २००९ सालमा स्थापित पोखराथोकको विष्णु विद्यालयको संस्थापक प्रधानाध्यापक हुनुहुन्थ्यो । उहाँ वाराणसेय संस्कृत विश्वविद्यालयको साहित्य पूर्वमध्यमा सम्मका पाठ्यपुस्तकहरू विद्यार्थीहरूलाई यहीँ आफै पढाई परीक्षा दिन बनारस पठाउनुहुन्थ्यो । उहाँले रचेका साहित्यिक कृतिहरू "गण्डकी सोपान","कालचरित" र "काली दर्शन" अद्वैत वेदान्तबाट प्रभावित छन् । उहाँको कडा अनुशासनमा मेरो बाल्यकाल बित्यो । पिताबाट प्राप्त शिक्षा र अनुशासनले मलाई उच्च शिक्षा पढ्न प्रेरित गर्‍यो । अहिले म जे जस्तो छु त्यसैको फल हो जस्तो लाग्छ ।

**३. पिताले प्रकाशित गर्नुभएका दार्शनिक कृतिहरूले तपाईंको साहित्यिक चिन्तनमा कस्तो प्रभाव पारेको छ ? त्यसको झल्को कसरी देखिन्छ ?**

मेरा कृतिहरूमा पिताजीको दार्शनिक कृतिहरूको कस्तो प्रभाव परेको छ भन्ने कुरामा मैले आफैंले भन्नुभन्दा भर्खरै प्रकाशित मेरो कृति "ढमनका फिलिङ्गाहरू, डा. नेत्रप्रसाद न्यौपानेले लेख्नुभएको समीक्षाको सानो अंश यहाँ प्रस्तुत गर्दछु ।

डा. न्यौपाने भन्नुहुन्छ - " जगत्का कुनै पदार्थको अणुमा विशाल ब्रह्माण्ड र ब्रह्माण्डको विशालताभित्रै अणु (बीजमा वृक्ष र वृक्षमा बीज) देख्ने सर्जकीय जुन दृष्टि छ त्यो विलक्षण र विशिष्ट लाग्दछ–

**सृष्टि फिलिङ्गा दृष्टि फिलिङ्गा**
**ज्योतिर्मयको ज्योति फिलिङ्गा**
**वाङ्मय सारा रहेछ आखिर**
**एकाक्षर शब्दब्रह्मा फिलिङ्गा**

**परम सत्य यो नभुलौँ हामी**
**रहेछ जीवन क्षणिक फिलिङ्गा**
**बाँच्छौं जति तक बल्दै बाँचौँ**
**सम्झी सम्झी झिल्ल फिलिङ्गा**

पहिलो पद्य अद्वैत वेदान्त दर्शनसित निकट छ भने दोस्रोमा वेदान्त र अद्वैतको छाया साथै बौद्ध दर्शनको क्षणभङ्गवादी प्रभाव रहेको छ इत्यादि ।

**४. कोइराला परिवारमा भाइ-भतिजाहरूलगायत झण्डै सबैजसो साहित्यमा सक्रिय हुनुहुन्छ । एउटै परिवारभित्र यसरी सामूहिक रूपमा साहित्यिक ऊर्जा प्रवाहित हुनुका पछाडि कुन कुन कुराले उत्प्रेरकको काम गरेका छन् जस्तो लाग्छ ?**

कोइराला परिवारमा साहित्य रचनामा सक्रिय सबै त होइन, म र भाइ गंगानाथ कोइराला केही केही कलम चलाउँछौँ । साहित्यिक ऊर्जाका लागि तीन तत्त्वले काम गरेका हुन्छन् । ती हुन् - शिक्षा, संगत र संस्कार । हामीले साहित्यिक वातावरणमा शिक्षा पायौँ । मेरो पिताजीले कौमुदी, अमरकोशको अतिरिक्त रघुवंश महाकाव्य, किरातार्जुनीयम् जस्ता साहित्यिक कृतिहरू बडो रसिलो गरी पढाउनुहुन्थ्यो । त्यसको छाप हामीमा बस्यो । साथै दार्शनिक भए पनि साहित्यमा रुचि राख्ने हुनाले कविशिरोमणि लेखनाथ पौडेल, पण्डितराज, सोमनाथ सिङ्देललगायतका कविताहरू पनि उहाँले सुनाउनुहुन्थ्यो । मेरो बुबा, कवि माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, कुलचन्द्र देवकोटा पनि कवि हुनुहुन्थ्यो । उहाँहरूको संगतले पनि प्रेरणा मिल्यो । हाम्रो मनमा जन्मान्तरको केही संस्कार पनि रहेछ, त्यसैले वातावरण पाएपछि हुर्किने अवसर पायो । संस्कार नभएको व्यक्तिमा शिक्षा र संगत मिले पनि साहित्यिक चेतनाले साकार रूप लिने रहेनछ ।

**५. तपाईं छन्दमा कविता लेख्नुहुन्छ । आजको मुक्त वा गद्य कविताको युगमा छन्दलाई किन अझै प्राथमिकता दिनुहुन्छ ? छन्दले तपाईंको भावनालाई कसरी अनुशासित र सशक्त बनाउँछ ? यसको (छन्दको) शक्ति र सौन्दर्यबारे तपाईंको बुझाइ के छ ?**

हो म छन्दमा लेख्न रुचाउँछु । गद्य कविता पाश्चात्य जगत्बाट भित्रिएको

आधुनिक शैली हो । छन्द कविता हाम्रो परम्परागत शैली हो । गद्य कवितामा भाव सञ्चार गर्न त सकिन्छ तर स्मृतिमा सहजै बस्दैन । छन्द कविता लयात्मक हुन्छ । लयको कारण त्यो सहजै मनमा गड्छ र याद हुन्छ । त्यसैले हाम्रा प्राचीन साहित्य धेरैजसो छन्दमा छन् । गणित जस्ता बिरसिला विषय पनि रसिलो बनाउन छन्दमा नै लेखिएको छ । त्यसैले म छन्दलाई प्राथमिकतामा राख्दछु । भाव भन्ने कवितामा एउटै वस्तुमा पनि आँखाको दृष्टि र भावको दृष्टि बेग्लाबेग्लै हुन्छ भन्ने कुरा छन्दमा यसरी प्रस्तुत गरेको छु । जसमा छन्दमा भाव सशक्त रूपले उग्रिएको जस्तो लाग्दछ-

**आँखाले देख्छ मात्रै जमिन पथरिलो भावले देख्छ माता**
**आँखाले देख्छ खोंडे वसन तर यही भावले राष्ट्रमाथा ।**
**आँखाले देख्छ ढुङ्गा तर हृदय फुरी चढ्छ यो देवकक्षा**
**आँखाले देख्छ धागो फगत तर यही भावमा दिव्य रक्षा ।।**

**६. संस्कृत भाषाको गहिरो ज्ञान तपाईंसँग छ । आफ्ना सिर्जनामा छन्द, अलङ्कार र दर्शनको प्रभावको तालमेल कसरी मिलाउनुभएको छ ?**

छन्दमा लेख्न अलि साधना चाहिन्छ, अभ्यास चाहिन्छ । वर्णमा ह्रस्व दीर्घ मात्राको तालमेलले लयात्मक विविध छन्द बन्दछन् । मातृक छन्दमा मात्राको छटा देखिन्छ भने वार्णिकमा वर्णको । कवितामा रस वा भाव प्रणतत्त्व हो भने अलङ्कार सौन्दर्यात्मक तत्त्व हो । लेख्दा कविले यो अलङ्कार राख्छु भनेर लेख्दैन । आफ्नो सूक्ष्मभाव प्रकाशनका लागि र छन्दमा बसाउनका लागि वाक्यलाई केही बङ्ग्याउनुपर्ने पनि हुन्छ । यसरी बङ्ग्याउँदा अलङ्कार बन्दछ । उपमा रूपक जस्ता आलङ्कार सूक्ष्म भाव प्रकाशनका लागि सघाउँछन् भने यमक, श्लेष, अनुप्रास जस्ता शब्दलङ्कारले सौन्दर्य प्रदान गर्दछन् । दर्शनले विचारलाई डोऱ्याउँछ । मेरा रचनाहरूमा यी तिनै तत्त्व देख्न सकिन्छ ।

**७. तपाईंको लेखन यात्रा २०४३ सालमा 'हिन्दू चिन्तन'बाट सुरु भई २०८० मा 'मातृकाव्याञ्जलि'सम्म पुग्दा करिब चार दशक पुगेको छ । यो सुदीर्घ यात्रालाई फर्केर हेर्दा आफ्नो लेखनको मूल स्वर कुन पक्षलाई मान्नुहुन्छ ?**

मातृकाव्याञ्जलिपछि अरू दुई कृतिहरू थपिएका छन् । 'मनका फिलिङ्गाहरू' (कविता-संग्रह) र "याज्ञवल्क्य" उपन्यास कवि वा लेखक पनि समाजकै अङ्ग भएकाले सामाजिक व्यवहार, राजनीति, संस्कृति आदिको प्रभाव पर्नु स्वाभाविकै हो । यस अतिरिक्त भौक जीवनभन्दा पनि परको नियामक तत्त्वले पनि

जीवनमा प्रभाव पार्ने कुरामा पनि म सन्देह गर्दिन । त्यसैले मेरा रचनाहरूमा सामाजिक विकृति, विसंगतिको विरोध, नैतिकता र आध्यात्मिकताको पक्षपोषणका स्वरहरू देखिन्छन् ।

**८. फरक फरक विधामा कलम चलाउनुभएको छ । एउटा विधाबाट अर्को विधामा प्रवेश गर्दा सिर्जनात्मक सन्तुलन कसरी मिलाउनुहुन्छ ?**

अध्ययन र अभ्यास भएपछि, मनलाई विधेय वस्तुमा केन्द्रित गरेपछि जुन कुनै विधामा पनि कलम चलाउन सकिन्छ ।

**९. "वीचिमाला"मा तपाईंले वीचि (तरङ्ग)लाई कसरी चित्रण गर्नुभयो ? त्यसमा व्यक्त व्यक्तिगत तथा सामाजिक तरङ्गहरू के थिए ?**

कविका सबै रचनाहरू मनका वीचि हुन् । वीचिमालामा मैले केही विषयगत कविताका अतिरिक्त समस्यापूर्ति, मुक्तक, गीत गजलहरूसमेत तरङ्गका रूपमा उनेको छु । यसमा रहेका अमातृक वन्ध (मात्राविहीन अक्षरबाट लिखित कविता) लाई धेरैले अचम्म मानेका थिए ।

**१०. "सुस्केराशतक" मुक्तककाव्य हो । मुक्तकको छोटो स्वरूपमा गहिरो दर्शन र भाव कसरी व्यक्त गर्नुभयो ? कुनै एक मुक्तकको पृष्ठभूमि बताइदिनुहोस् न ।**

"सुस्केराशतक" मुक्तककाव्यमा नेपाली समाजमा देखिएका पीडाका स्थानहरूलाई पहिचान गरी सुस्केराद्वारा काव्यिक अभिव्यक्ति दिइएको छ । यसमा १०८ ओटा सुस्केराहरू छन् । जो स्वतन्त्र रूपले भावाभिव्यक्ति गर्दछन् । सबै मुक्तकहरूमा पृष्ठभूमि र सुस्केरा पाउन सकिन्छ । यहाँ एउटा मात्र उदाहरण -

**मीठा खाना र नाना धन पनि कमिने काम पाइन्छ त्याहाँ**
**भन्दै मीठो कुराले मकन छल गरी ल्याई बेचेछ याहाँ ।**
**कोठीमा सड्न थाले नरकबीच परेँ छैन कोही सहारा**
**सुस्केरा साथ भन्छिन् जलयुतनयना बालिका कर्महारा ।**

यहाँ वेश्यालयमा बेचिएका नेपाली चेलीको सुस्केरा देखिएको छ ।

**११. "जिन्दगीका मोडहरू" तपाईंको एकमात्र उपन्यास हो । उपन्यासको रूपमा आफूलाई पाउँदा कस्तो लागेको छ ? यो उपन्यास निर्माण गर्ने आधारहरू र विषय छनोट के कसरी गर्नुभयो ?**

जिन्दगीका मोडहरू एक सामाजिक उपन्यास हो । यसमा कामुक युवकका

कामुकताले आक्रान्त एउटी अबला नारीको कथा छ । यहाँको कथानक पाल्पाको सेरोफेरो, बुटवल र देहरादूनमा घुमेको छ । यसमा पाल्पाली समाजभित्रका विभिन्न जातिको स्वभाव, मनोवृत्तिको चित्रण गर्दै अन्तिममा परोपकारको आदर्श स्थापना गरिएको छ । यो उपन्यासलाई धेरैले तारिफ गरेका छन् । जसबाट मलाई खुसी लागेको छ ।

**१२. आफ्नो औपन्यासिक कृतिमा सारसन्देशको रूपमा पस्कन खोजेको विषय के हो ?**

यो कृतिमा सामाजिक पात्रका अनपेक्षित चरित्र तथा घटनाहरूले मान्छेको जिन्दगी कसरी मोडिदै जान्छ भन्ने कुरा देखाउँदै जीवनको आदर्श भोग होइन त्याग र परोपकार हो भन्ने देखाइएको छ ।

**१३. 'भूकम्प' खण्डकाव्यमा दर्शन र मानवीय पीडाको मिश्रण के कसरी गर्नुभएको छ ?**

"भूकम्प" खण्डकाव्यमा दर्शन र मानवीय पीडा मिश्रित एउटा श्लोक प्रस्तुत छ जसमा भूकम्पले ध्वस्त बस्तीका पीडा दर्शाइएको छ ।

**पैलैको शान कस्तो घरपरिजनमा प्रेम सद्भाव कस्तो**
**इच्छा कस्ता सुनौला चहलपहलको जिन्दगी रङ्ग कस्तो ।**
**ऐलेको हाल कस्तो छिनभर पछि नै जिन्दगी अन्धकार**
**भन्छन् ज्ञानी महात्मा जगत छ सपना सोचिसोची हजार ।।**

**१४. 'मातृकाव्यञ्जलि' कृतिले वाङ्मयिक क्षेत्रमा राखेको अर्थ महत्त्व वा प्रभाव के हो ? यो कृति पारिवारिक र सांस्कृतिक मूल्यसँग कति निकट छ भन्न सक्नुहुन्छ ?**

"मातृकाव्यञ्जलि" मेरी आमा चन्द्रिकादेवीको निधनपछि शोक-स्मृतिमा लेखिएको काव्य हो । झट्ट हेर्दा रचना पारिवारिक जस्तो देखिए पनि काव्य-सूत्र उनिएपछि सार्वजनिक बन्दछ, सांस्कृतिक बन्दछ । माताको रूपमा मृत्युको रूपमा पोखिएका यसभित्रका भावहरू सांस्कृतिक महत्त्वका छन् ।

**१५. कुशल अनुवादकला पनि यहाँमा देखिन्छ । संस्कृतबाट नेपालीमा अनुवाद गर्दाका चुनौतीका सामनाका अनुभवबारे के प्रतिक्रिया दिनुहुन्छ ?**

संस्कृतका घतिला श्लोकहरूको फाटफुट अनुवाद गरेको भए पनि लामो अनुवाद प्रकाशित छैन । हालसालै पुष्पदन्ताचार्यकृत शिवमहिम्नस्तोत्रको

समच्छन्दीय भावानुवाद गरेको छु तर प्रकाशित गरेको छैन । संस्कृत थोरै शब्दमा धेरै भाव खाम्न सक्ने भाषा हो । मूलमा जो चमत्कारपूर्ण शब्दसंयोजन हुन्छ त्यो अनुवादमा आउन सक्दैन । अझ समान छन्दमा त भाव वा सारतत्त्व मात्रै उतार्ने हो । तर पनि म आफ्नै अनुवादबाट सन्तुष्ट छु ।

**१६. अनुवाद कार्यमा लाग्दाको सन्तुष्टि र गौरवयोग्य क्षणकाबारे पनि केही बताइदिनुहोस् न ?**

माथि उल्लिखित शिवमहिम्नस्तोत्रको भाव गहिरो र मनमोहक भए पनि बडो जटिल छ । मेरो मनमा लागिरहन्थ्यो यसको नेपालीमा छन्द अनुवाद गर्न सके संस्कृत नबुझ्नेले पनि यसको सारतत्त्व बुझ्ने थिए । धेरै पटक कोसिस पनि गरेँ तर मैले चाहेजस्तो बनेन । तेस्रो पटकमा मैले ४३ श्लोकको भावानुवाद गरेँ । यसबाट भने म सन्तुष्ट छु । खुसी छु ।

**१७. नेपाली साहित्यमा सम्पादनको भूमिका कति महत्त्वपूर्ण छ भन्नेमा तपाईँको अनुभव के छ ?**

साहित्यमा सम्पादकको भूमिका निभाउनु बडो जटिल कुरा हो । मैले "लुम्बिनी सन्देश", "यथार्थ" र "पाल्पा टाइम्स" समाचारपत्रको सम्पादनको भूमिका निभाइसकेपछि "वाटिका" साहित्यिक पत्रिका सम्पादनको जिम्मा लिएको थिएँ । १४ वर्षसम्मको साहित्यिक पत्रिका सम्पादन गर्दा सिकारू लेखक कविहरूको अशुद्धिले भरिएको ढङ्गीलाई परिष्कार गरेर शुद्ध र सुन्दर रूपमा प्रकाशित गर्न सक्दा धेरै सन्तुष्टिको अनुभव हुन्थ्यो । बुटवल झरेपछि पनि यहाँ "ॐ ज्ञानज्योति" पत्रिका सम्पादनको जिम्मा पाएँ यहाँ पनि कठिनता र सन्तुष्टि उस्तै उस्तै हो ।

**१८. लामो समयको शिक्षण अनुभवअनुसार विद्यार्थीहरूलाई साहित्य पढाउँदा कुन कुन मूल्य मान्यतालाई जोड दिनुपर्दो रहेछ भन्ने अनुभव गर्नुभयो ?**

विद्यार्थीहरूलाई साहित्य पढाउँदा सबभन्दा पहिले वाचनकलाको अभ्यास गराउनुपर्ने हुन्छ । त्यसपछि त्यसभित्रको भाव खोतल्न शब्दशक्तिको जानकारी पनि गराउनुपर्दछ । अनि विद्यार्थीहरूलाई भाव अभिव्यक्त गर्न प्रोत्साहन गर्नुपर्ने रहेछ भन्ने अनुभव गरेको छु ।

**१९. साहित्यले समाज र राष्ट्रमा कति प्रभाव पार्न सक्छ भन्ने कुरा उदाहरणसहित भनिदिनुहोस् न ?**

साहित्यले समाज र राष्ट्रमा गहिरो प्रभाव पार्दछ । लेखनाथको तरूण तपसीले समाजमा मानवीय भावना सञ्चार गर्छ । लक्ष्मीप्रसाद देवकोटाको मुनामदनले

प्रेम र सहयोगिताको भाव सञ्चार गर्छ । माधवप्रसाद घिमिरेको राष्ट्रिय गीत "गाउँछ गीत नेपाली"ले राष्ट्रियताको भाव सञ्चार गर्छ । यस्तै यस्तै अरू साहित्यकारहरूका कृतिहरूले पनि सामाजिक सद्भाव र राष्ट्रोन्नतिका लागि ऊर्जा प्रदान गर्छन् ।

**२०. डिजिटल युगमा पुस्तक, पत्रिका र अनलाइन प्लेटफर्म बीचको सम्बन्ध कसरी रहनुपर्दछ ?**

अहिले डिजिटल युगमा अनलाइन प्लेटफर्मप्रति सबै आकर्षित छन् र पुस्तक, पत्रिकाहरू उपेक्षित अवस्थामा छन् । अनलाइनको चकाचौधले मान्छेमा पठन संस्कृति ह्रास हुँदै गएको छ । तर पुस्तक, पत्रपत्रिकामा ज्ञान वा सूचना जति सुरक्षित र सुलभ हुन सक्छ अनलाइनमा त्यति हुन सक्दैन तर पनि समयले ल्याएको अनलाइन पूरै उपेक्षा पनि गर्न सकिँदैन । अनलाइनबाट छोटो सूचना ग्रहण गरे पनि गहिरो अध्ययनको लागि पुस्तकको नै प्रयोग गर्नुपर्छ ।

**२१. पाल्पा पोखराथोकमा जन्मेको, कर्म गरेको हाल बुटवलमा बस्ने तपाईंले "हाम्रो पुरुषार्थ" (गुल्मी)को साहित्यिक साइनोलाई कसरी हेर्नुभएको छ ?**

म हाल बुटवलमा बसेको भए पनि पोखराथोकमा रहँदैको अवस्थादेखि गुल्मीको "हाम्रो पुरुषार्थ" पत्रिका पढ्दै आएको छु र मेरा रचनाहरू पनि त्यसमा प्रकाशित छन् । "हाम्रो पुरुषार्थ"का सम्पादक शशि पन्थीलाई पोखराथोकले दुईपटक सम्मानित गरेको छ । म बुटवलमा बस्न थालेपछि पनि शशिजीसँग सम्पर्क भइरहन्छ । म "हाम्रो पुरुषार्थ"को आजीवन सदस्य पनि बन्दैछु । "हाम्रो पुरुषार्थ"ले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण, सम्वर्धन र सञ्चारमा ठूलो योगदान दिएको छ । म यसको निरन्तरता र व्यापकताको कामना गर्दछु ।

**२२. जीवन के हो ?**

चाहिएको उद्देश्य प्राप्तिको लागि शरीर र मनको निरन्तर गतिशीलता जीवन हो । जीवनबारे व्यक्तिको स्वभावअनुसार बेग्लाबेग्लै अनुभव हुन सक्छन् । "जीवन अनुभूति" शीर्षक मेरो कवितामा मेरा अनुभूतिका केही टुक्रा यस्ता छन् ।

**अनुभूतिको ज्वाला जीवन**
**पिपासाको प्याला**

**विभीषाको भाला जीवन**
**मुमुक्षाको माला**

**आनन्दको उल्लास जीवन**
**सौन्दर्यको विलास**
**जिज्ञासाको प्यास जीवन**
**कालाग्निको गास**

**निर्माणको परिणाम जीवन**
**चैतन्यको प्रिय धाम**
**अस्तित्वको सङ्ग्राम जीवन**
**सम्प्रसर्पण अविराम ।**

### २३. साहित्य के हो ?

- संवेदनशील मनमा तरङ्गित भावहरूको मनोरम अभिव्यक्ति साहित्य हो । अभिव्यक्ति कलाको भेदले साहित्यका पनि अनेक विधा हुन्छन् जस्तै कविता, कथा, नाटक, उपन्यास, चम्पू , मुक्तक, गजल आदि ।

### २४. जीवन र साहित्यको सम्बन्ध कसरी स्थापित हुन्छ ?

चाहेको उद्देश्य प्राप्तिको लागि शरीर र मनको निरन्तर गतिशीलता साहित्य हो भने जीवनलाई ऊर्जाप्रवाहद्वारा उत्प्रेरित गर्ने शक्ति पुञ्ज साहित्य हो । जीवनबाट साहित्य उब्जन्छ भने साहित्यले जीवनलाई ऊर्जा दिन्छ । यसरी जीवन र साहित्यबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

### २५. अरू केही भन्नु छ ?

- अन्तर्वार्ताकार र प्रकाशक दुबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

ooo

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका *"हाम्रो पुरुषार्थ"*मा विज्ञापन दिई लाभ उठाउनुहोस् ।**

# आधा शताब्दीको अन्त्यमा सुनिएका प्रतिध्वनिहरू



✍प्रा. डा. गोविन्दराज भट्टराई

यो दसैंमा श्री लीलबहादुर क्षत्रीकृत प्रतिध्वनिहरू विस्मृतिका शीर्षक एउटा कृति पढ्ने सुयोग मिल्यो । आख्यानको शतवार्षिकी पारेर हालै प्रकाशित यस कृतिलाई उनले 'नेपाली सामाजिक उपन्यास' नाम दिएका छन् । क्षत्रीको प्रमुख चेतना नेपाली जीवनको सामाजिक-साँस्कृतिक पृष्ठभूमिको सूक्ष्म निरीक्षणमा आधारित हुन्छ । उनको बसाईंको आधार यही थियो । त्यसको आधा शताब्दीपछि रचित प्रस्तुत कृतिको पनि आधारभूमि त्यही छ ।

यो कृतिमा बसाईंकोभन्दा अझ पुरानो नेपाली समाजको झल्को छ । तर बसाईंमा नेपालका पूर्वी पहाडको चित्र छ भने प्रस्तुत कृतिको भूगोल विस्तृत छ । यो लेखकको पितापूर्खाहरूको उद्गम भूमि (नेपाल) बाट फैलिएर भारतको आसाम राज्यभरि व्याप्त हुन्छ । बसाईंमा नेपालीले उसबेला बसाईं हिंड्नुपर्ने कारणहरूको कलात्मक प्रस्तुति छ । ती कारण हुन् - सामन्ती समाज, अशिक्षा, शोषण, उत्पीडन र अनुदारतामाथि विश्वास । तर यसमा नेपालीहरू खासगरी भारततिर बसाईं सर्नुपर्ने थप अर्को कारण प्रस्तुत छ - त्यो हो अज्ञानतावश एउटा नौलो जगत्को खोजीमा उत्पन्न हुने रोमान्टिक तृष्णा, एडवेन्चरको खोजी । प्रस्तुत उपन्यासको प्रमुख पात्र प्रेमबहादुरको आसाम यात्राको उद्देश्य पनि यस्तै एक थियो । त्यहाँ पुगेपछि धेरै वर्षसम्म विना दरमाहा गोठालो भएर जोतिएपछि मात्रै नायकलाई एउटा भ्रमबाट मुक्ति मिल्यो । फेरि अर्को एडवेन्चरको खोजीमा ऊ फौजीमा लाग्यो ।

यस उपन्यासको प्रमुख विषयवस्तु प्रेमबहादुर क्षत्रीको जीवनी हो । प्रेमबहादुर लेखकका पिता हुन् । उनी धनकुटाबाट कुनै प्रकारले आसाम पुगे, गोठ बसे, पुलिसमा भर्ती भए र तीसपैतींस वर्ष लामो निष्ठापूर्वक सेवाको जीवन बिताए । कमाण्डिंग अफिसरको उच्च पदमा पुगी निवृत्त भए, स्वर्गे भए ।

एकजना लिपिकारले प्रेमबहादुरको आत्मवृत्तान्तलाई लिपिबद्ध गर्ने निश्चय लिए । ती व्यक्ति पेशाले पत्रकार पनि थिए । ती लिपिकार वास्तवमा लीलबहादुर नै थिए र आफ्ना पिताजीको जीवनसँग जोडेर नेपालमा हुर्केर उत्तरपूर्वी भारतमा फसीं त्यहीं व्यतीत भएको उनको फौजी जीवनको कहानी सुनाइरहेका थिए । त्यससँग जोडेर उक्त परिवेशका गौहाटीदेखि शिलाँगसम्मका भौगोलिक, सामाजिक, ऐतिहासिक र साँस्कृतिक पक्षको संरचनालाई सूक्ष्म दृष्टिले केलाइरहेका थिए ।

यी सबै वृत्तान्तमा उनको प्रमुख केन्द्रबिन्दु गौहाटी र ब्रम्हपुत्रको आसपास नै रहेको छ, त्यसमा क्रमिक रूपले भरिने नेपालीहरूको कथा छ । त्यहाँबाट खोत्रिने नेपालीको कथा छ । एकप्रकारले यो कृति ब्रम्हपुत्रको छेउछाउकै अनुगुञ्जन हो तर उसमा नेपालीहरूको गोठ पाल्ने, खेती गर्ने, र अन्य प्रकारले त्यहाँको साँस्कृतिक जीवन निर्माण गर्नमा योगदान पुऱ्याउने नेपालीहरूको वृत्तान्त छ भने यसमा ती क्षेत्रमा फौजी जीवनसँग जोडिएको, एउटा फौजीले हेरेको र भोगेको नेपाली संस्कृतिको वर्णन छ । त्यसमा इतिहास छ । त्यसको निर्माणमा प्रेमबहादुरको पनि हात थियो । त्यसैको श्रीवृद्धिमा उनको गहिरो चिन्ता र अभिरुचि थियो ।

तर यो कृति अतीतमुखी छ । यो एक ऐतिहासिक दस्तावेज हो । लेखककै वाक्यमा यसभित्र बुनिएका घटनाहरू ई. १९२१-२२ देखि १९८०-५६ सम्मको कालखण्डलाई छुने खालका छन् । लेखकका बाबुले उनका बाबुबाजेको समाज पनि सम्झिन्छन् । यसरी यसमा डीएच लरेन्सको द रेन्बोमाजस्तै दुईवटा देशमा बाँडिएको तीन पुस्ताको झलक छ । यसभित्र कमाण्डिङ्बा बाहेक अन्य पात्रहरू अस्थायी सम्बन्धले भेटिने र मेटिने छन् । यसभित्र गोठपाल्ने नेपाली, खेतीगर्ने नेपाली, निर्माणकर्मी नेपाली, संघसंघठन खोल्ने, एकता र निर्माणमा संलग्न नेपाली, राजनीतिमा लाग्ने, भाषा सँस्कृतिको आन्दोलनमा लाग्ने नेपालीको विभिन्न दृष्टिकोणबाट परिचय प्रस्तुत छ । यसमा भारतवर्षमा भएको अंग्रेजको शासनकाल, त्यसकालका ठूलाठूला घटना र दुर्घटना, त्यहाँका महाप्रलयहरू, तिनको योगदान, स्वतन्त्रतासंग्राम, दोस्रो महासमर, त्यसपछिको विशृङ्खलित समाज र ती सारा ऐतिहासिक घडीहरूमा नेपाली जातिले पुऱ्याएको योगदानको चर्चा छ । भोगेका कष्टहरूको फेहरिस्त छ ।

एकप्रकारले यो कृति एक सेवानिवृत्त सैनिकको संस्मरण हो, एकप्रकारले यो ऐतिहासिक दस्तावेज पनि हो र सबैभन्दा ठूलो कुरा यो पूर्वोत्तर भारत पुगेर

सयौं वर्षदेखि अथक परिश्रम गरेर नेपाली संस्कृति निर्माण गर्नेहरूको कथा हो - यो आसामको नेपाली आप्रवास (डायास्पोरा) को जीवन्त चित्रण हो । सुदूर अतीतबाट प्रवेश गरेर आजभन्दा दुई दशक अघिसम्मको समयलाई छुँदै यसले त्यहाँका नेपालीको अहिलेको ह्रासोन्मुख स्थितितर्फ सङ्केत गर्दछ । यस कृतिले लेखक स्वयम्लाई गौरवमय स्थितिमा पुऱ्याउने पिताजीको दूरदर्शिताको अप्रत्यक्ष चर्चा, यस कृतिमा लेखक स्वयम्को युवावस्थासम्मको कालखण्डलाई अप्रत्यक्ष रूपले सफलता टेक्न लागेको उनकै गौरवको आधार पनि प्रस्तुत गर्दछ ।

सयौं वर्ष लगाएर नेपालीले निर्माण गरेको सांस्कृतिक जीवन ध्वस्त हुन लागेको संकेत देख्नुपर्दा हामीलाई दुःख लाग्छ । विभिन्न प्रकृतिका विखण्डन र ध्वंसका सङ्कत देखा पर्दैछन् । यो दुःखद कुरा हो । लेखक भन्दछन् - त्यो क्षेत्रमा एकपल्ट ८० प्रतिशत नेपाली थिए, आज दुई प्रतिशतमा झरेका छन् । यसै हप्ता समाचार छापिएको छ - मेघालयमा १२० घर नेपाली विस्थापित भए । यसैगरी भूटानी नेपालीको संस्कृतिउपर प्रहार भइरहेको छ ।

लीलबहादुर क्षत्री नेपाल र भारतका सांस्कृतिक राजदूत हुन्, उनको यस कृतिले यी दुई देशबीच नेपालीहरू आइजाइ गर्ने पूल अझ बलियो भएको छ । यसमा उनको चिरपरिचित, सरल, वर्णनात्मक शैली छ । यसमा आसामी भाषिकाका शब्दहरू छन्, त्यहाँका विविध जातजातिसँग जोडिएको भाषा, बोली, सांस्कृतिक सङ्केतहरू छन् । उपन्यास संवाद भए पनि एकालाप जस्तो बगिरहन्छ । यसमा एउटा परिपक्व स्रष्टाले जीवनजगत्प्रतिको अनासक्त, निस्पृह भाव प्रकट गरेको छ । न धेरै आशा छ न धेरै निराशा । अरू दृष्टिले हेर्दा यो कृति लीलबहादुरले निर्माण गरेको आफ्नो परम्परित लेखकीय पिरामिडको चुली हो, यसमा एउटा कुरा नौलो छ - त्यो हो विधाभञ्जन । त्यो कुराको सङ्केत सुन्दर भूमिकामार्फत कृष्ण धरावासीले पनि दिएका छन् ।

नेपाली साहित्यमा आख्यानकारिताको इतिहासले एक सय वर्ष टेकेको सन्दर्भमा हालै उत्सवहरू मनाइयो । बसाईं लेखिएको पनि आज आधा सताब्दी पुगिसक्यो । त्यही आधा शताब्दी कालखण्डको अन्त्यमा प्रकाशित लीलबहादुरको यो कृति हामीले नपढी नहुने उपलब्धि रहेको छ ।

ooo

आत्मपरक निबन्ध

# जन्मदिनले थपेको जिन्दगी



**✍जयदेव गौतम**

भन्छन् नि, बाँचियो भने संसार देख्न पाइन्छ । धेरैभन्दा धेरै कुराहरू हेर्न र भोग्न पाइन्छ । जीवन छ त तमाम सम्भावनाहरू जीवन्त हुन्छन् । जीवन छैन त केही पनि हुँदैन । जीवन सुखदायक पनि हुन्छ, दुःखदायक पनि । तर जीवन आफैँमा सुखदायक वा दुःखदायक हुँदैन, त्यसलाई कस्तो बनाउने भन्ने कुरा मानिस स्वयंमा भर पर्दछ । जसले "जे जस्तो हुन्छ, काम गर, दुनियाँले तिमीलाई के भन्छ वास्ता नगर !" भनेर सोच्दछ, उसले अक्सर जीवनलाई सुखदायक बनाउँदछ । आफूले गरेको कामप्रति "दुनियाँले के भन्ला ?" भन्ने सोचेर कर्मयोगमा प्रवृत्त नहुने मानिस अक्सर अगाडि बढ्न सक्दैन । मानिसले उतिसाह्रो सोच्न भ्याउँदैन, दुनियाँले उसप्रति बनाउने र व्यक्त गर्ने वीचार वा धारणा कदापि निरपेक्ष हुँदैन ।

त्यो एक सुन्दर बिहानी बेला थियो र म यात्रुबस प्रतीक्षालयमा उभिइरहेको थिएँ । भर्जीनियाको सेमिनारी रोडस्थित त्यस प्रतीक्षालयमा बस आइपुग्ने निर्धारित समय भइसकेको थिएन । म यताउता हेर्दै प्रतीक्षाका एकान्त पलहरू व्यतीत गरिरहेको थिएँ । एकै छिनपछि एकजना महिला पनि त्यहाँ आइपुगिन् । उमेरको अनुमान गर्दा उनी पचास नाघेकी जस्तो देखिन्थिइन् तर अनुहारमा गज्जबको उज्यालो थियो र त्यसमा भरिएको प्रसन्नता जो कसैले पनि सहजै ठम्याउन सकिहाल्थ्यो । त्यस्तो विशिष्टता झल्किएपछि मैले उनलाई अझ नियालेर हेरेँ– उनले काँधमा एउटा मझौला आकारको लेडिज झोला बोकेकी थिइन् । उनको दाहिने हातमा एउटा प्लास्टिक–झोला थियो जसभित्र एउटा रेड वाइन बोतल, अलिकति खानेकुरा र केही उपहार प्रस्टसँग देख्न सकिन्थ्यो ।

उनी प्रतीक्षालयभित्र भए पनि घरी यता घरी उता गर्दै टहलिए जस्तो

गरिरहेकी थिइन्, मानौं उनलाई कहीँ कतै पुग्ने हतार थियो । म एक छेउमा उभिएर नजानिँदो पाराले उनैलाई र उनका गतिविधिलाई नियालिरहेको थिएँ ।

अनचिनारू भए पनि हामीबीच शुभबिहानीको औपचारिक अभिवादन आदान-प्रदान भएको थियो ।

"आज म अत्यन्त खुशी छु किनभने, तपाईंलाई थाहा छ, आजै मेरो जन्मदिन पनि हो । अबदेखि म पचपन्न वर्षमा प्रवेश गरेँ । यी वर्षहरूमा मैले धेरै दुनियाँदारी देखिसकेकी छु, थुप्रै भोगिसकेकी छु । अनि त मलाई आफूले बाँच्नुपर्ने जीवन बाँचिसकेकी छु जस्तो पनि लाग्ने गर्थ्यो तर फेरि मेरो जीवनमा अब अर्को एक वर्ष थपिएको छ । सायद मैले अझ धेरै देख्न र भोग्न बाँकी छ । यसरी मलाई थप यो जिन्दगी दिएकोमा ईश्वरप्रति म धेरै-धेरै अनुगृहीत छु," ती महिलाले अनायासै मसित कुराकानीको सिलसिला सुरू गरेकी थिइन् । त्यसो भन्दै गर्दा उनले छाती र अनुहारमा दाहिने हात घुमाउँदै धन्यवादसूचक 'क्रस' चिह्न पनि बनाउन भ्याइसकेकी थिइन् ।

"ए, कति राम्रो त ! तपाईंलाई जन्मदिनको मुरी-मुरी शुभकामना," हल्का मुस्कानसहित मैले उनलाई जवाफ फर्काएको थिएँ । उनी झन् खुशी भएकी थिइन् र उनको चमक पनि थप केही बढेको थियो ।

म जान्दछु, जन्मदिन सम्बन्धित व्यक्तिका लागि वर्षभरिकै खास दिन हुने गर्छ । यही दिनले नै त आफू उमेरको खुड्किला चढ्दै गएको र विगत दिनहरूमा के के गरियो भनेर सम्झना गर्ने गराउने गर्दछ । आफन्त, मित्रजन र परिचितहरूबाहेक कुनै अनचिनारू मानिसले हार्दिकता एवं सदाशयतापूर्वक जन्मदिनको शुभकामनाका दुई शब्द भनी दिँदा कति संतोष र आनन्दको अनुभूति हुने गर्दछ ! यसरी शुभकामना भनेको त्यो मानिसको लामो आयुको कामना त हो नै, त्यससँगै बितेका दिनहरूलाई सिकाइको रूपमा ग्रहण गरेर नयाँ ऊर्जा र उत्साहका साथ जीवनपथमा अग्रसर हुनुपर्ने आग्रह पनि हो । र, सके केही नयाँ वाचा र प्रतिबद्धताहरू व्यक्त गर्दै जीवन-डुङ्गा अगाडि बढाउने अवसर पनि हो ।

ती महिलाले कुराकानीको क्रमलाई निरन्तरता दिँदै भनेकी थिइन्, "भोलि अर्को दिन हो । के हुन्छ, भन्न सकिँदैन । त्यसकारण पनि म वर्तमानमा बाँच्ने हो । आज नै पूर्ण रूपमा रमाएर बाँच्ने हो । के थाहा, आजको रातले भोलि मेरो बिहानी बोकेर आएन भने ?"

तर यो त सार्वभौम सत्य थियो, जसरी हिउँदपछि वसन्त र गर्मी आउँछ, त्यसैगरी हरेक रातपछि बिहानी पनि आएकै हुन्छ । हरेक रातले आफूसँगै बिहान

पनि बोकेर आएको हुन्छ । उसो भए ती महिला भोलिप्रति किन यतिविधि अविश्वासी भएकी ? यस प्रश्नको उत्तर न मसित थियो न उनलाई फ्याट्ट सोधिहाल्न नै सक्दथेँ । आपसमा केही कुराकानी भए पनि आखिर हामीहरू एकअर्काका लागि नितान्त अपरिचित नै त थियौँ ।

केही समयभित्रै ती महिलाले आफ्नो बारेमा बताएअनुसार, उनी एकल थिइन् । काम गर्न नखोज्ने तर मदिरामा लठ्ठिएर सधैँ घरेलु हिंसामा उत्रिने पतिसँग धेरै वर्षपहिले सम्बन्ध-बीचछेद भइसकेको रहेछ । वयस्क भइसकेकी एकमात्र छोरी अन्यत्र कतै केटासाथीसित 'लिभिङ टुगेदर' सम्बन्धमा बस्ने गर्दी रहिछन् । त्यही छोरीले आफू सशरीर उपस्थित हुन नसके पनि फोनबाट उनलाई जन्मदिनको शुभकामना भनेकी रहिछन् अन्यथा उनको जिन्दगी नितान्त एकल रहेछ । सायद यिनै अनुभवलाई समेटेर ती महिलाले भनेका अरू कुराहरूसमेत हठात् मलाई सम्झना हुँदै आएका थिए, "जिन्दगी विद्यालयको परीक्षामा सोधिने प्रश्न होइन जसको जवाफ पहिले नै कण्ठस्थ गरीवरी फूलबुट्टा भरेर सर्रर लेख्न सकियोस् । जीवनको त हरेक प्रश्न नयाँ र पहिलेभन्दा कठिन हुन्छ । त्यसकारण जो कोही मानिस जिन्दगीको परीक्षामा हत्पति उत्तीर्ण हुन सक्दैन । "

यसो भनिरहँदा ती महिलाको अनुहारमा चमक एक्कासि फिका हुँदै गएको थियो र त्यसको ठाउँ नितान्त उदास मुस्कानले लिएको थियो । उनलाई दिनका लागि मसित उपयुक्त सान्त्वना-शब्दहरू थिएनन् । मलाई थाहा पनि त थिएन, उनले जिन्दगीका के कति परीक्षा दिइसकेकी थिइन् र के कस्ता प्रश्नहरूको सामना गर्नुपरेको थियो ।

बरू पछि मैले स्वयंलाई सोधेँ, के ती अज्ञात महिला आफैँले उल्लेख गरेको त्यस प्रसङ्गप्रति राम्ररी जानकार थिइन् होला ? उनलाई हेर्दा तमाम नमीठा अनुभवहरू सँगालेको भएर पनि जीवनको गूढताप्रति भने उनको बुझाइ त्यति फराकिलो होला जस्तो आभास हुँदैनथ्यो । उनले जीवनसित हार मानेकी त थिइनन् तर एक किसिमको सम्झौता गरेर आफ्नै ढङ्गले त्यसलाई अगाढि बढाइरहेकी थिइन् । उनमा जीवनप्रति मोह भने यथेष्ट देखिन्थ्यो । यसरी ती अज्ञात महिलाबारे सोच्दा-सोच्दै मेरो ध्याउन्ना मानिसको जन्मदिन र त्यसले दिने जिन्दगीको थप समयतिर बयेलिन थाल्यो ।

हामी जो पछिल्ला केही दशक, भनौँ करिब तीन दशकअघि, अर्थात् सन् १९९० को समाप्तिसम्मको दशक, पहिलेदेखि बाँचिरहेका छौँ र समाजमा हुँदै गएका विज्ञान-प्रविधिका अद्भुत विकास र खासगरी आमसञ्चारका विस्मयकारी आविष्कारहरू देखिरहेका र भोगिरहेका छौँ, त्यो सबै उही थप जिन्दगीको कमाल

हो । यो बीचमा दुनियाँ छाडेर जानेहरूले त यस्तो कुनै अत्याधुनिक विकासको उपभोग गर्नै पाएनन् ! सञ्चार-प्रविधिले जन्माएका अनौठा प्रतीत हुने 'सर्भिस' र तिनको राम्ररी उपयोग नै हुन नपाउँदै छिट्टै अर्को वर्षमै त्यसभन्दा शक्तिशाली र बहूपयोगी नयाँ संस्करण बजारमा आइसक्ने तीव्रता अगिल्लो पुस्ताले कहिल्यै देख्न वा सोच्नसम्म पनि भ्याएको थिएन । दोस्रो विश्व-महासमरभन्दा अघिको पुस्ताका लागि त यी सबै कुरा सपना र कल्पनाभन्दा पनि टाढाका विषय थिए । यसर्थ पनि बाँच्नेहरूले देख्ने र अनुभव गर्ने सत्यता हो- संसारमा पछिल्ला केही वर्षहरूमा के कति र कसरी रहरलाग्दा परिवर्तनहरू भइरहेका छन् !

विकासको एउटा झलक त हो, अहिलेको समयमा अर्बपतिदेखि सामान्यजन जोसुकै पनि वर्ण, जाति वा धर्मभन्दा माथि उठेर जतिबेलै सानाठूला किनमेल केन्द्र, डिपार्टमेन्ट स्टोर, मल, होटल, रेस्टुराँ र दुनियाँका जुनकुनै ठाउँसम्मै पुग्न अथवा खरिदारी गर्न सक्दछन् । यही कुरा विगतमा राजा-महाराजाहरूका लागि समेत अनुपलब्ध थियो । इन्टरनेटसहितका ट्याबलेट्स र मोबाइल फोन हातहातमा भएपछि प्रत्येक समय अर्थात् हरेक दिन, हरेक घण्टा र हरेक मिनेट संसारका कुनाकुनामा भइरहेका घटनाहरूको तत्काल सूचना हात-हातमा प्राप्त भइरहेको हुन्छ । देश-दुनियाँका खबर थाहा पाउनेदेखि दुनियाँलाई आफ्नो खबर दिन कति सहज भएको छ ! मानौं सबै सूचना-सञ्जाल घर-आँगनमै आइपुगेको छ ! यसले पनि देखाउँछ, सूचना र तथ्याङ्कको यस्तो सर्वसुलभ भण्डार यसअघि दुनियाँमै थिएन ।

ती महिलाले एकपटक कवितात्मक भाकामा भनेकी थिइन्, "जिन्दगीले खोई के गऱ्यो गऱ्यो मसित, न दियो मलाई बाँच्न न त दियो मर्न नै । तापनि बाटो उकालो छ भनेर मैले पाइला अगाडि बढाउन छोडिन । मलाई लाग्यो, मृत्युभन्दा पहिले नै म किन मर्नुपऱ्यो ? जीवन समाप्त हुनुभन्दा पहिले नै मैले बाँच्न किन छाड्नुपऱ्यो ? त्यसै पनि एक्लो भएकोमा मलाई कसैसित केही गुनासो छैन किनभने म जीवनलाई त्यसको सम्पूर्णतामा बाँच्न चाहन्छु । आफ्नै ढङ्गले जीउन चाहन्छु । म यति मात्र सम्झन चाहन्छु- बी ग्रेटफुल फर द फ्याक्ट द्याट यू ह्याभ अनोदर डे फर इन्ज्वाइङ लाइफ । " (आनन्दपूर्वक बाँच्नका लागि फेरि अर्को दिन प्राप्त भएकोप्रति कृतज्ञ होऊ) । त्यतिबेला भने उनको अनुहार उज्यालिएको देखिन्थ्यो ।

एकअर्कासित "तपाईंलाई भेटेर खुशी लाग्यो" भनेर छुट्टिनुअघि मैले उनलाई यति मात्र भनेको थिएँ, "तपाईंको जन्मदिन तपाईं जस्तै विशेष बनोस् र खोजेको प्रसन्नता पनि प्राप्त होस् । "

ती महिलासितको छोटो देखभेट र थोरै कुराकानीले मलाई आफ्नै विगततिर

फर्केर सोच्न बाध्य बनाइदियो । मलाई थाहा छ, नेपालसमेत तमाम देशहरूमा जन्मदिन मनाउने अचेलको बढ्दो प्रचलन नितान्त पश्चिमी देशहरूको सांस्कृतिक प्रभाव हो तापनि म धेरैजनाको जन्मदिन उत्सवमा सहभागी भएको छु- केटाकेटीदेखि लिएर वयस्क र अनेकानेक बुढ्यौलिएकाहरूको सुअवसरसम्ममा । मठ-मन्दिर र पूजालयहरूमा दर्शन गर्ने औ बत्ती बाल्ने अनि मान्यजनबाट आशीर्वाद थापेर, उपहार एवं विविध शुभकामना-कार्ड प्रदान गरिनुका साथै चकलेट र मिठाई बाँड्ने अनि मइनबत्ती बालेर निभाइसकिएको केक काट्नेदेखि लिएर घर वा रेस्टुराँ-होटलहरूमा नाचगानको माहोलबीच भव्य भोजन एवं सबै किसिमका पेय पदार्थसहितका जमघटहरूमा सक्रिय उपस्थिति जनाएको पनि छु । पछिल्ला केही समयदेखि कतिपयले यस्ता उत्सव-अवसरमा विभिन्न कल्याणकारी संघ-संस्थाहरूलाई नगद दान दिने अथवा असहायहरूलाई भोजन गराउने पनि गर्न थालेका छन् ।

के पनि अनुभूत हुने गरेको छ भने अक्सर त्यस्ता अवसरमा साना र युवा उमेरका मानिसहरूमा जीवनको एक वर्ष थपिएको अनि आफू एक वर्ष थप परिपक्व भएको प्रबल अनुभूति हुन्छ । बुढ्यौलिँदै गएका अथवा उमेरले कम्तीमा पचासको नेटो काटिसकेकाहरूमा "अब जीवनको एक वर्ष घट्यो" भन्ने अव्यक्त पीडाभाव भरिँदै जान थालेको हुन्छ ।

दु:ख, कष्ट, पीडा, अभाव, असमञ्जस्यता, अकर्मण्यता, असफलता, संशय, भय, डर, त्रास, हताशा, निराशा, पट्यार, छटपटी, अशक्तता, हीनता वा उच्चताबोध, आत्मवञ्चना, आत्मविस्मृति, अवसाद आदि तमाम परिस्थितिजन्य भावनाहरूलाई पर राखिदिने हो भने विभिन्न उत्सवका निम्ति जीवनमा अनेक अवसर आइरहन्छन् । जन्म, छैँटी, न्वारन, शिक्षारम्भ, व्रतबन्ध अथवा उपनयन, सफलता, विवाह, उच्च सकारात्मक प्राप्ति वा उपलब्धि, नव-अभिभावकत्व र पछिल्लो समयमा थपिँदै गएका कन्याहरूको 'गुन्यू-चोली', 'स्विट सिक्सटिन' अनि 'ब्याचलर्स पार्टी', 'डेस्टिनेसन वेडिङ' र 'बेबी सावर' आदि अनेक अवसरमा हामी एक वा अर्को किसिमले सानाठूला उत्सव मनाउने गर्छौं । मूलतः भेटघाट, उपहार र खानपीन नै प्रमुख हुने भए पनि सबै उत्सव-आयोजनाको उपादेयता बेग्लै हुने गर्दछ ।

जन्मदिन-उत्सव केवल जीवित मानिसको मात्र हुँदैन । लगभग सबै धर्ममा तत् तत् धर्मका संस्थापक अथवा अगुवा व्यक्तित्वका जन्मदिवसहरू राष्ट्रिय बिदासहित मनाउने गरिन्छ । अनेक प्रमुख राजनीतिक, सामाजिक अथवा सांस्कृतिक अगुवा व्यक्तित्वहरूको जन्मजयन्ती अक्सर राष्ट्रिय विद्याका रूपमा विभिन्न कार्यक्रमसहित मनाउने गरिन्छ । अमेरिका पत्ता लगाएको श्रेय पाएका इटालियन जलयात्री क्रिस्टोफर कोलम्बसको जन्मदिनमा (हाल क्रमशः 'कोलम्बस दिवस' को सट्टामा

'आदिवासी/जनजाति दिवस' का रूपमा) र बहुप्रतिष्ठित मानव अधिकारवादी मार्टिन लुथर किङ जुनियरको जन्मदिवसका दिन अमेरिकामा राष्ट्रिय बिदा हुन्छ ।

भारतमा 'राष्ट्रपिता' को सम्मानप्राप्त महात्मा गान्धीको जन्मदिन अक्टोबर २ तारिखमा राष्ट्रिय बिदा हुन्छ र त्यस दिन देशभर मदिराको क्रय-विक्रय प्रतिबन्धित हुन्छ किनभने गान्धीले मदिरा सेवन गर्दैन थिए । यसैगरी कालजयी सिर्जना एवं प्रभाव छाडेर गएका लेखक-कलाकारहरूको जन्मदिन राष्ट्रिय वा स्थानीय बिदा नभए पनि उत्तिकै सम्मान र स्नेहपूर्वक सम्झना गरिन्छ । देश र जनताका लागि जीवनको आहुति दिने शहीदहरूको सम्झनामा वर्षको कुनै एक खास दिन 'शहीद दिवस' अथवा '(शहीद) स्मृति दिवस' हुने गर्दछ । देशको राष्ट्रिय स्वतन्त्रता प्राप्तिको दिन अथवा संविधान वा लोकतन्त्र र गणतन्त्र दिवस पनि उस्तै राष्ट्रिय बिदासहित मनाउने गरिन्छ । विगतमा राजा-रानीका जन्मदिनहरू पनि बिदासहित देशभर मनाउने गरिन्थ्यो । कतिपय संघ-संस्थाले नियमित तवरले आफ्नो जन्मदिन, अर्थात् संस्थाको स्थापना दिवस मनाउने गर्दछन् । यति मात्र होइन, कतिपय मानिस त आफूले घरमा पालेका कुकुर, बिराला र चराचुरूङ्गी आदिको पनि जन्मदिन मनाउने गर्दछन् ।

यद्यपि, पण्डितहरू भन्छन्, "जन्मदिन मनाउने संस्कृति उहिल्यै धेरै शताब्दीअघि प्राचीन इजिप्टबाट सुरू भएको हो, जतिबेला कुनै मानिसविशेषको नभएर देवी-देवताको जन्मदिन मनाउने प्रचलन चलाइएको थियो र कालान्तरमा शक्तिशाली धार्मिक एवं राजनीतिक व्यक्तित्व हुँदै जनसामान्य मानिसको समेत जन्मदिन मनाउन थालिएको हो ।" तथापि त्योबेलादेखि अहिलेसम्म पनि समाजमा सबैले आफ्नो जन्मदिन मनाउँदैनन्, सक्दैनन् पनि । समाजमा धेरैजसो मानिस र परिवार छन् जसलाई बिहान-साँझको भोजनकै समस्याले थिलोथिलो पारेको छ । उनीहरू र उनीहरूजस्ता अनेकानेक मानिसका लागि जन्मदिन वा अरू तमाम किसिमका यस्ता उत्सव हत्पति उनीहरूको पहुँचभित्र हुँदैनन् र नहुन सक्ने सम्भावना सधैँ जीवन्त बनेर रहेको हुन्छ ।

यस्तो फेहरिस्त झन् झन् लामो हुनसक्छ । सत्य कति मात्र हो भने हरेक जन्मदिन सम्बन्धित व्यक्ति वा संस्थाले त्यस खास दिनसम्म आफूले पाएका तमाम कुराहरूका लागि प्रकृतिप्रति हार्दिकतापूर्वक आभारी हुनु हो । मेरो जन्मदिनले मलाई मेरा पुराना दिनहरूको सम्झना गराउँदछ, नयाँ यादहरूको सिर्जना गर्दछ र केही नयाँ रूचि वा चासोको विकास पनि गर्न सक्दछ । समयको अवीचिछन्न प्रवाहमा यही अवसरले केही थप मित्रता बढाउँदछ । अन्य परिचितहरूको उत्सवमा पनि आफ्नोमा जस्तै नियमित सहभागी हुँदै सामाजिक हुन र ज्येष्ठ एवं गण्य-मान्यहरूको सम्मान गर्न पनि प्रेरित गर्दछ ।

मेरो अथवा अरू जोकसैको जन्मदिनको अवसरमा शुभकामना दिँदा अक्सर अङ्ग्रेजीमा "ह्यापी बर्थ डे टु यू" भन्ने गरिएको हुन्छ । यिनै शब्दहरू आफ्नो रैथाने भाषा-भाषिकाहरूमा भनेको त्यतिविधि सुन्न पाइँदैन । यसो पनि हुनसक्छ, "ह्यापी बर्थ डे टु यू" भन्ने पाँच-शब्दीय अङ्ग्रेजी गीत गाउँदा खास किसिमको सन्तोष प्राप्त हुन्छ होला, भन्नेलाई पनि र सुन्नेलाई पनि ! मैले गुगल गुरूबाट पढे-सुनेअनुसार, संसारमा सबैभन्दा धेरैपटक भनिने/गाइने गीत यही नै हो ! सुरू-सुरूमा यो गीत यसरी नै रचना भएको थिएन । खासमा यसको धून सन् १८९३ मा माइल्ड्रेड र प्याटी हिल नाम गरेका दुईजना विद्यालयीय शिक्षक दिदीबहिनीले "गुड मर्निङ टु अल" भन्ने अभिवादन गीत रचेका थिए । पछि सन् १९१२ मा कुनै अज्ञात संगीतकारले यसलाई थोरै फेरबदल गर्दै "ह्यापी बर्थ डे टु यू" भन्दै सार्वजनिक गरे । त्यसको पनि बाह्र वर्षपछि सन् १९२४ मा रोबर्ट कोलम्यान नामक गीतकारले यो परिमार्जित गीतलाई आफ्नो नयाँ 'गीति पुस्तक' मा सङ्कलन गरी प्रकाशित गरेका थिए र त्यसपछि नै यो जन्मदिन-शुभकामना-गीत सर्वत्र लोकप्रिय हुँदै गएको हो ।

यो सबै लेखिरहँदा र जन्मदिनबारे सोचिरहँदा मैले यो पनि बिर्सनु हुँदैन- फलानो यस्तो छ, ढिस्कानो उस्तो छ, अझ ऊ झन् त्यस्तो छ आदि चिन्ता मलाई सधैँ भइरह्यो तर आफू कस्तो छु त भनेर मैलै कहिल्यै सोचिनँ । सायद सोच्ने आवश्यकता नै महसुस गरिनँ र आफूलाई अरू सबैभन्दा असल र सही ठान्दै आएँ ! तर एक्लै-एक्लै आफ्नो जन्मदिन मनाउन सुरिएकी ती अज्ञात महिलासितको क्षणिक भेट र संक्षिप्त कुराकानीले मात्र पनि मलाई लागिरह्यो, हरेक जन्मदिनले जीवनको क्षणभङ्गुरताबीच नै पनि उमेरको एक वर्ष थपेको हुन्छ र त्यो थपाइसँगै जीवन-सौन्दर्यको बोध गराइरहेको हुन्छ । तसर्थ जीवनलाई बुझ्न केवल आफूबारे मात्र होइन, अरूहरूबारे पनि सोच्नुपर्दछ । हामीले जीवनको यो सुन्दरतालाई सुन्दरतम बनाउनुपर्दछ र त्यसका लागि निरन्तर प्रयास गरिरहनु पर्दछ । प्रयास भनेको गति हो । गतिशीलताले सन्तुलन ल्याउँदछ । जहाँनिर गतिशीलता थामिन्छ, त्यहाँनिर जीवनको सन्तुलन पनि खल्बलिँदै जान्छ ।

मलाई लाग्छ, एक बारको मानव जुनीमा हरेक पछिल्लो जन्मदिन बाँच्ने अर्को एक वर्ष बित्यो भन्ने मात्र हुँदैन, बरू यो त अर्को एक अज्ञात यात्राको थालनी पनि हुने गर्छ, जुन यात्रा अनेक तीतामीठा अनुभव, थुप्रै जयपराजयका पाठ र घामछायाँ बनेर आएका अधिकाधिक सिकाइहरूले भरिएको हुन्छ । आखिर बाँच्ने सिलसिलामा हामीसित हातेमालो गर्न आइपुग्ने तमाम सानाठूला पलहरूले नै त हाम्रो जीवन निर्माण गर्दै लगेका हुन्छन् ।

महात्माहरू भन्छन्- जीवन स्वार्थ होइन, परमार्थ हो । यो निरर्थक होइन,

पुरुषार्थ हो । किनभने दुनियाँमा आउँदा मानिस आफूभित्र कुनै नराम्रो भाव लिएर जन्मिँदैन । असल र खराब कुरा वा भावनाहरू त उसको मन-मस्तिष्कमा बाहिरबाट प्रवेश गर्दछन्, ऊ बाँचिरहेको समाज वा सामाजिक परिवेशबाट उसभित्र पन्पिन्छन् । उसो भए, जन्मदिनकै विशेष अवसर पारेर भए पनि हामी आफ्नैबारे वा आफ्नो जीवनबारे भने किन कहिल्यै सोच्दैनौँ होला ?


हरेक पछिल्लो जन्मदिनको अवसर मलाई यो प्रश्नको सौगात दिएर जाने गर्दछ तर म सधैँ उत्तरविहीन भइरहेको हुन्छु । मलाई थाहा छ, जीवन र मरण मानिसको हातमा छैन, मेरो हातमा पनि छैन । यी दुबै प्रक्रियामा मान्छेले केही गर्न सक्दैन- मर्न चाहेको बेलामा कोही मर्न सक्दैन, न थप बाँच्न चाहेको बेलामा चाहे जति बाँच्न सक्दछ । त्यसकारण म यस सत्यलाई शिरोधार्य गर्दछु र सर्वदा प्रयत्नरत रहन्छु- जन्मदिनका रूपमा समयले दिएको उपहार, थप यो जिन्दगीलाई सहर्ष आत्मसात् गर्दै जीवनमार्गमा गतिवान् भइरहन सकूँ । कुनै ठोस अनि बहुजन हितकारी लक्ष्य निर्धारण गर्न सकूँ र भोलि बनेर मेरा सामु आइपुग्ने प्रत्येक पछिल्लो दिनमा उस्तै गरी रम्न सकूँ ।

ooo

---

कविता

# आमाबा



**✍धनराज गिरी**

हाम्रो लागि वरपीपल भै चौतारीमा सर्ने !
जिताउन हामीलाई हारेजस्तो गर्ने !!

कल्याणमा सन्तानको बनी कलाकार !
भूतप्रेत लाग्न आए तिनको सातो हर्ने !

फूल हामी कोपिला थ्यौ माली मातापिता !
सुरक्षामा बाटिकाको अनेक हण्डर वर्ने !

आमाबाको बलिदानको हुन्न कुनै लेखा !
आफू भोकै बसी बसी हाम्रो उदर भर्ने !

यतिखेर हामी दूर अर्कै भूगोलमा !
आफ्नै आत्मा भेट्न भनी सातसिन्धु तर्ने !!

**चितवन**

ooo

लेख

# गजल, स्वतन्त्र गजल र चारु



✍देवी पन्थी

गजल नेपाली साहित्यलगायत विश्वका प्रायः सबै भाषामा लेखिने लोकप्रिय विधा हो । अन्य विधाका सबै भाषामा आआफ्ना नाम छन् तर गजलमात्र यस्तो विधा हो जसलाई संसारका सबै भाषामा गजलकै नामले पुकारिन्छ । एउटा गजल कुनै एउटा निश्चित सूत्रमा अर्थात् गणितीय शैलीमा लेखिन्छ या कहिन्छ । यस्तो सूत्रलाई बहरका अर्कान भनिन्छ । गजलका सबै मिसरा (पंक्ति) एउटै सूत्र या लयमा रचिन्छन् (जस्तैः १२२/१२२/१२२/१२२) । यो लय या बहरको नाम मुतकारिब मुसम्मन सालिम हो । यस्ता पचासभन्दा बढी सूत्र फारसी विद्वान्ले बनाएका छन् (बहर के प्रकार- लेखेर गूगल सर्च गर्नुहोला) ।

स्वतन्त्र गजल (आजाद गजल ) जे मन लाग्यो त्यही बेबहर लेखिन्छ भन्ने भ्रम चौतर्फी छ । जान्नैपर्ने कुरा के हो भने स्वतन्त्र गजल पनि बहरमै लेखिन्छ तर स्वतन्त्र गजलका पंक्ति विषम अर्कानमा हुन्छन् । जस्तै :

**तिमीले मलाई भन्यौ या भनेनौ**
**लिएको रूपैयाँ गन्यौ या गनेनौ**

(यो गजल मुतकारिब मुसम्मन सालिम बहर अर्थात् १२२/१२२/१२२/१२२ को अर्कान या सूत्रमा छ । यसका दुबै पंक्तिमा बराबर लय या अर्कान छन् । यो गजल हो) अब स्वतन्त्र गजलमा हेरौं :

**तिमीले मलाई भन्यौ या भनेनौ**
**रूपैयाँ गन्यौ या गनेनौ**

यो स्वतन्त्र गजलमा पहिलो पंक्तिमा अर्कान चारपटक दोहोरिएको छ भने

दोस्रो पंक्तिमा तीनपटक मात्र दोहोरिएको छ । तसर्थ स्वतन्त्र गजल पनि आखिर बहरमै हुन्छ । बेबहर अर्थात् छन्द या कुनै लय या स्वतन्त्र भए त्यो चारु हुन्छ ।

गजल लेख्न गाह्रो छ तर चारु लेख्न सजिलो छ । स्वाद दुबैको लगभग एउटै हो । गजल र चारु बुझाइको यो पहिलो पाइला हो ।

पत्रपत्रिकामा प्रकाशन हेतु सम्प्रेषण भएका गजल हुन् या चारु ? यसको पहिचान सम्पादकले गर्न सकेनन् भने पाठक बीच या युवा पुस्तामा गलत सम्प्रेषण हुन्छ र यस्तो गलत सन्देश विष बराबर हुन्छ । यो दोषबाट बच्न सम्पादकले साहित्यिक पृष्ठका लागि विज्ञको सहयोग या आफू माहतहत विधाको सिद्धान्त बुझ्ने सहयोगी राख्न जरूरी हुन्छ । त्यस्तै खेलकुद, कला, राशिफल आदिका लागि पनि विज्ञ चाहिन्छ्न् ।

फेरि बहरमा छ भन्दैमा जबर्जस्ती बहरका अर्कान मिलाउँदैमा गजल बन्दैन । व्याकरण, वचन, उला र सानी बीच तारतम्य मिलेको, अर्थपूर्ण, भावपूर्ण र कलाले भरिएको वक्रोक्तिको प्रयोग हुन अनिवार्य छ । त्यसैले बहर मिल्यो भन्दैमा कृपया मख्ख नपरौँ । बहर त गजल सिकाइको प्रथम पाइला हो ।

चारूले बाटो बिराएर घोर जंगलमा भित्र हराएर अलमलमा परेको नेपाली गजललाई राजमार्गमा ल्याउने कोसिस गरेको छ । परेड खेलाउन त बाँकी नै छ । नेपालमा खास गजलकार जन्माउन चारूलाई अझै कैयौं वर्ष लाग्न सक्छ । साँचो बोल्ने हो भने १३८ वर्षको अवधिमा (अहिलेसम्म) गणना गर्दा नेपालमा हातका औंलामा पुग्ने गजलकार पनि जन्मेका छैनन् । नेपाली गजलमा अझै गजलका अनिवार्य तत्त्व वक्रोक्ति, अन्दाजे बयाँ, चमत्कार, तगज्जुल, कख्ख्युल आदि प्रारम्भिक चरणमा छन् । व्याकरणीय शुद्धताको शुरूआत मात्र भएको छ । खास गजल एक घण्टा, एकदिन, एकहप्तामा लेख्न या कहन सकिदैन । खास गजल लेख्न महिनाभरको ठूलो तपस्या या रियाज (साधना) चाहिन्छ । तपाईं गजल सिक्न नै चाहनुहुन्छ भने आजै बजार गएर गजल सिद्धान्तका दुईचार पुस्तक, केही व्याकरणका आधिकारिक पुस्तक र यी चार भाषाका शब्दकोश (नेपाली, हिन्दी, संस्कृत र उर्दू) किनेर ल्याउनुहोस् र कम्मर कसेर पढ्नुहोस् .... र आफैं आफूलाई जाँच्नुहोस् । एउटा पोख्त चारूकार मात्र गजलको शिशु कक्षामा भर्ना हुनसक्छ अर्थात् गजल पाठशालामा नाम लेखाउने हैसियतको छात्र हुनसक्छ ।

पानीमा पकाएको चामललाई खिर र बेबहर रचनालाई गजल भन्नू उस्तै उस्तै हो । खिर त दुधमा पकाउनुपर्छ । अर्थात् गजल हुन बहर अनिवार्य छ । यो

अन्तर्राष्ट्रिय नियम हो ।

नेपाली गजलको के कुरा गरौँ, हिन्दी गजलमा समेत शास्त्रीय अर्थात् रूवायती अन्दाज क्रमशः लोप हुँदै गइरहेको छ । हिजो गजल घरेलु घिउमा पकाएर चिनीको चास्नीमा डुबाएको जुलेबी जस्तै स्वादिष्ट थियो भने आजको गजल तार्पिनको तेलमा पकाएर नुनको चास्नीमा डुबाएको जुलेबी जस्तो छ । उर्दू शब्दको गहिराइ, अन्दाजे बयाँ र वक्रोक्तिको अभाव यसको मुख्य कारण हुनसक्छ । केवल अनुप्रासयुक्त काफिया र रदिफ मिल्दैमा गजल पूर्ण हुन सक्दैन, अहिले त्यस्तै बनाइएको छ । हिजोका गजलमा प्रणय र वियोगको प्राचुर्यता थियो भने आजका गजलमा राजनीति, गालीगलौज र सस्ता विषय  छन् । गजल शब्दको अर्थ र परिभाषाबाट हटेर लेखिएको गजल यथार्थमा गजल होइन त्यो त चारु, राग विराग हो । हिन्दी गजलका नायक गालिब र दुष्यन्त कुमारलाई पढ्नेले यो कुरा बुझ्छन् । नेपाली गजलका पिता मोतीराम भट्टलाई पढ्नेले यो कुराको महसुस गर्न सक्छ । मोतीराम भट्टले गजल बहरममा भित्र्याएका थिए । पछि झण्डै उपेन्द्रबहादुर जिगरका पालादेखि बहर छोड्न शुरू भयो, अर्थात् चारु लेख्न शुरू गरियो । बेबहर 'गजल' को कुनै नाम थिएन । त्यसैले अहिले यसको नामकरण गरिएको हो ।

हिन्दीको तुलनामा नेपाली भाषाको बनावट गजल सुहाउँदो छैन, यो त पद्य कविता, गीत र चारुको संरचना सुहाउँदो छ । खासमा मोतीराम भट्ट र उपेन्द्रबहादुर जिगरपछिका हामीमध्ये कसैले पनि गजलको फेलेवर अर्थात् स्वाद र सुगन्ध पस्किन सकेका छैनौं । कोसिस भने नभएको होइन । डा घनश्याम न्यौपाने परिश्रमी, कृष्णहरि बराल, स्वर्ण शिखा, डा. देवी पन्थी, भोजराज घिमिरे, स्पन्दन विनोद, आवाज शर्मा आदिका कलमले पनि कोमल तथा कटाक्षपूर्ण शब्दको अभावमा पूर्ण सफलता प्राप्त गर्न सकिरहेका छैनन् । अर्कोतर्फ नेपाली साहित्यको शिखर संस्था नेपाल प्रज्ञा-प्रतिष्ठान गजल शब्दको बुझाइबाट धेरै टाढा छ । यसले १३९ वर्ष भैसक्दासम्म गजलका प्राविधिक शब्द काफिया, रदिफ, मतला, मक्ता, शेर, उला सानीलाई न त अर्थ खुल्नेगरी शब्दकोशमा अन्तर्भुक्त गरेको छ न गजलको सही परिभाषा नै समावेश गरेको छ । गजललाई एक प्रकारको कविता भनेर उम्केको स्थिति छ । बेबहरका चारुलाई (आफैंले २०७६ साल भदौ १५-१७ गते राष्ट्रिय गजल महोत्सवमा बनाएको नियम उलंघन गर्दै) गजल भनेर आफैंले आयोजना गरेका गजल महोत्सवमा वाचन गराएको हामीले देखिरहेका छौँ ।

चारूले गजलमा प्रयोग हुने प्राविधिक शब्दको नेपाली नामकरण यसप्रकार गरेको  छ । अहिले यो न्यूनीकरणको दिशामा छ ।

गजलमा प्रयोग गरिने सबै प्राविधिक शब्द (गजल,बहर,मतला, उला, सानी, मक्ता, काफिया, रदिफ, शेर आदि ) फारसी शब्द हुन् । यी शब्द नेपाली, संस्कृत, हिन्दी शब्दकोशमा छैनन् । चारु विधामा यी प्राविधिक शब्दलाई क्रमशः यसरी नामकरण गरिएको छः

गजल = चारु,
बहर = छन्द,
मतला = प्रारम्भ,
उला = ऐना,
सानी = प्रतिबिम्ब,
मक्ता = शेष,
काफिया = आदिअनुप्रास,
रदिफ = अन्त्यानुप्रास, शेष
शेर = थुङ्गा

गजल शब्दको सम्बन्ध निःशर्त सिधै फारसी, उर्दू शब्द र संगीतसँग छ भने चारु गायनका हिसाबले स्वतन्त्र या ऐच्छिक हुनुका साथै नेपाली, हिन्दी, संस्कृत भाषा मैत्री छ ।

- **गजल स्त्रिलिंग शब्द हो भने चारु उभयलिंग शब्द हो ।**

समग्रमा चारुले देवनागरी लिपिमा लेखिने नेपाली, हिन्दी, संस्कृतलगायतका भाषा, लय,भाका र छन्दको सम्मान र संरक्षण गरेको छ । यसबाहेक चारुले अन्य राष्ट्रिय भाषा नेपाल (नेवारी), लिम्बू, राई, मगर, देउडा, खस, मैथिली, अवधि, भोजपुरी भाषाका शब्दलाई चारुमा प्रयोग गरेर ती भाषाको सम्मान गर्दै नेपाली भाषाको शब्द भण्डार वृद्धि गर्ने र पर्यायवाची शब्दको भण्डारमा नयाँ शब्द थप्ने लक्ष्य लिएको छ । तसर्थ नेपाली साहित्यको श्रीवृद्धिका निम्ति गजलको तुलनामा चारु नेपाली वाङ्मय मैत्री छ ।

केहीबेर इतिहासतर्फ फर्कौं । पश्चिमा नारीहरू स्वतन्त्र भएको सन् १९५० पछि मात्र हो । हिन्दू संस्कृतिमा नारीहरू वैदिक काल (१५०० इ.पू. देखि ६०० इ.पू. सम्म) मा पूर्ण शिक्षित र सभ्य भैसकेका थिए । वेदका कैयौं ऋचा नारीले सृजना गरेका हुन् भन्ने इतिहास जीवितै छ ।

नेपाली समाज हिन्दू धर्म वा आर्य संस्कृतिमा आधारित समाज हो । हिन्दू धर्म बौद्ध र किरात धर्मको मिश्रण पनि हो । यस्तो समाजमा परिवारको मूली धेरैजसो

पुरुषहरू हुने गर्दछन् । हिन्दू धर्मको प्रमुख आधिकारिक ग्रन्थ वेदमा महिलाहरूलाई भेदभाव हुने किसिमको कुनै कुरा उल्लेख गरिएको पाइँदैन । वैदिक कालमा महिलाहरूलाई पुरुषसरह समान अधिकार प्राप्त थियो । उतिबेलाको समाजमा वेदविज्ञ महिलाहरूलाई ब्रह्मवादिनी भनिन्थ्यो । गार्गी, मैत्रेयी, अश्वपाला आदि वैदिक कालका प्रसिद्ध ब्रह्मवादिनीहरू थिए । वेदमा उल्लेख गरिएअनुसार 'यत्र नार्य सु-पुज्यन्ते, रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीहरूको पूजा हुन्छ, त्यहाँ देवताहरू पनि रमाउँछन् भनेर शास्त्रहरूले पनि नारीको महिमा गाएका छन् तर मध्ययुगमा सामन्ती प्रथाको उद्‌भव भएसँगै जसरी छुवाछुत प्रथाको सुरूवात भयो, त्यसैगरी नारीप्रति पनि विभेद गर्न थालियो । धर्मशास्त्रको गलत व्याख्या गरी महिलाहरूप्रति भेदभाव गरिएको परम्परा मध्ययुगदेखि चलिआएको पाइन्छ ।

मुस्लिम संस्कृतिमा भर्खर नारी स्वतन्त्रताको प्रारम्भ भएको छ । गजल, मुस्लिम संस्कृतिको जगमा उभिएको झण्डै १७०० वर्ष पुरानो काव्य विधा हो । त्यतिबेला मुस्लिम संस्कृतिमा नारी स्वतन्त्रताको कल्पनासमेत गरिएको थिएन । त्यसैले गजलमा नारीलाई बन्धनमा पार्ने शेर (श्लोक) रचेर पुरुष जाति शेर (tiger) भएका थिए । अब पुरुषले नारीलाई होच्याएर शेर बन्ने जमाना गए । गजल (नारीसँग पुरुषले गर्ने प्रणयका कुरा) सँगसँगै चारूले पुरुषसँग नारीद्वारा प्रणयका कुरा विद्रोहका स्वर ओकल्दै काव्य बजारमा आफ्नो दह्रो उपस्थिति जनाइसकेको छ । गजल स्त्रीलिङ्गी शब्द हो भने चारु पुलिङ्ग र आवश्यक परेको ठाउँमा उभयलिङ्गी शब्द हो । चारु उभयलिङ्गी शब्द भएकाले कतै कतै पुरुषले आफूलाई नारी र नारीले आफूलाई पुरुष परिकल्पना गरेर पुरुषले चारु र नारीले गजल पनि लेखिरहेका छन् । नारी पुरुषसमान अर्थात् नारीवादी पुरुष र पुरुषवादी नारी भएको वर्तमान युगमा यस्तो व्यवहार नसुहाउँदो मानिन्न । अर्थात् गजल पुरुषमैत्री विधा हो भने चारु नारीमैत्री विधा हो ।

गजलको जन्म आजभन्दा १७०० वर्षपूर्व मुस्लिम समाजमा भएको हो । जतिबेला नारीलाई तेस्रो-चौथो दर्जाको नागरिक मानिन्थ्यो, उनीहरूलाई पढ्ने, लेख्ने, बोल्ने, विचार व्यक्त गर्ने, आफूलाई मनपरेको प्रेमीसँग बोल्ने, हाँस्ने जस्ता अधिकार थिएनन् त्यतिबेला गजलको उत्पत्ति भयो । मुस्लिम देशमा आज पनि नारीलाई पुरुषसरह पूर्ण स्वतन्त्रता छैन । कल्पना गरौं त्यतिबेला नारीको स्थिति कस्तो थियो होला । त्यतिबेला नारीको एकमात्र काम आफ्नो बैंस, सुन्दरता, रूप-रङ्गले पुरुषलाई सन्तुष्ट पार्नेमा सीमित थियो । राजा महाराजा र सामन्तहरूले आफ्नो दरबार या महलमा भाट कविलाई पालेर राख्थे । ती कविको काम युद्ध हारेको, थाकेको, निरास भएको मात्तिएको या मैमत्ता राजा या सामन्तलाई अक्षर या शब्दमा नारीलाई नङ्गाएर खुशी पार्नु हुने गर्दथ्यो । भाट

कविले प्रस्तुत गर्ने यस्तो रचनालाई गजल भनिन्थ्यो । यो परम्परा सातौ शताब्दीदेखि उन्नाइसौं शताब्दीको अन्तसम्म चल्यो । त्यसपछि यो तुलनात्मक रूपमा सभ्य बन्यो ।

अहिले एक्काइसौं शताव्दीमा नारी सचेत मात्र होइन पुरुष बराबर हैसियत राख्दछन् । आफूलाई मन पर्ने नपर्ने पुरुषबारे बोल्न या निर्णय लिन सक्षम छन् । त्यसैले पुरुषलाई गजल जस्तै नारीलाइ पनि एउटा विधा चाहियो जसको माध्यमबाट आफूलाई मनपरेको या मन नपरेको प्रेमीबारे अभिव्यक्ति दिन सकून् । यसैका निम्ति चारुको पहिलो उद्देश्य क्वाइन गरिएको हो । यसर्थ चारु नारी मैत्री विधा हो । नारीको सम्मान समाजको सम्मान हो । नारी आवाज र बेबहर गजल चारु शीर्षकमा अनुबन्ध छन् ।

सातौं शताब्दीमा अरब देशमा जन्मेको गजल सात सय वर्षपछि अर्थात् तेह्रौं शताब्दीमा हिन्दी गजलको रूपमा भारत प्रवेश गर्‍यो र त्यसको फेरि भण्डै सातसय वर्षपछि मात्र गजल मोतीराम भट्टमार्फत नेपाल प्रवेश गर्‍यो । मोतीराम भट्टले भारतको बनारसबाट गजल नेपाल भित्र्याएको इतिहास छ । मोतीराम भट्ट पछि शम्भुप्रसाद ढुँगेल, उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारी आदिको विशेष योगदान छ । यी सबैले नारी र शृङ्गार रसको अधिकतम प्रयोग गरेका छन् । यिनीहरूको रचनाकाल वि. सं. १९४२ देखि १९९६ भएको पाइन्छ ।

लगभग सत्रसय वर्ष पुरानो विधा गजलको स्वरूप र विषयवस्तुलाई समयसापेक्ष परिवर्तन, विश्लेषण र वर्गीकरण गर्ने प्रयास बेलाबेला भए तापनि यसले पूर्णता पाउन सकेको थिएन । गालिब स्वयंले मनका भावना व्यक्त गर्न गजलको विषयवस्तु (नारी) साँगुरो छ र यसको परिवर्तन आवश्यक छ भनेका छन् । ओम नीरबले उर्दू व्याकरणको गजललाई हिन्दी व्याकरणमा ढालेर "गीतिका" को प्रयोग गरेका छन् । तर उनले समयमा सिद्धान्त बनाउन नसक्दा असफल भए । आधुनिक हिन्दी गजलका प्रणेता दुष्यन्तकुमारले गजलको विषयवस्तु नारीबाहेक समाजका अन्य समस्यालाई पनि विषयवस्तु बनाउनुपर्छ भनेर गजलको वर्गीकरण गर्ने छनक दिएका थिए तर यस्तो वीचार जन्मिरहेकै बेला सन् १९७५ मा उनको मृत्यु भयो र यो काम उनले पूरा गर्न सकेनन् । उनको मृत्युपछि गंगा नदीमा थुप्रै पानी बगीसक्दा समेत यो कुरामा कसैले ध्यान दिएनन् । अर्थात् भारतमा दुष्यन्तकुमार र नेपालमा उपेन्द्रबहादुरको समयदेखि चारु लेखिएको थियो तर नामकरण हुन सकेको थिएन । यिनै तथ्य प्रमाणको आधारमा २०७५ साल असार १ गतेका दिन नेपाल प्रज्ञा-प्रतिष्ठानको लेखनाथ कक्षबाट सिद्धान्तसहित चारुको घोषणा गरियो । गजल जस्ता लेखिने,देखिने र

पढिने बेबहरका रचनाको संरक्षण र गजल शुद्धीकरण यसको मूल उद्देश्य रहेको छ । फारसी छन्द बहरमा भए गजल र छन्द या लयमा भए चारु भन्ने कुरालाई २०७६ सालमा प्रज्ञा भवनमा सम्पन्न प्रथम राष्ट्रिय गजल महोत्सवको निर्णयले पुष्टि गरेको छ । चारु र गजलमा रहेका विशेष भिन्नता बुँदागत रूपमा हेरौं ।

- **चारु के हो ?**

चारु संस्कृत शब्द हो । यसको अर्थ सुन्दर या मनोहर हुन्छ । चारु उभयलिङ्ग शब्द हो भने गजल स्त्रीलिङ्ग शब्द हो । गजल( ग+ज+अल )को अर्थ नारीसँग प्रणयका कुरा हुन्छ भने चारुको प्रयोगात्मक अर्थ पुरुषसँग प्रणय, सहमति र विमतिका कुरा हुन्छ । यहाँ फराकिलो अर्थमा बेबहरका गजललाई चारु नामले परिभाषित गरिएको छ । गजलको स्वाद र फर्म्याटमा रचिएका या बेबहर लेखिएका या बहरमा लेख्ने प्रयास गरिएका तर बहर नमिलेका, बहरमा चमत्कारी शेर बन्न नसकेका या गजल बन्न नसकेका तर गहन भाव बोकेका रचनालाई सजिलोका लागि चारु भनिने छ । बहरलाई छोडेर छन्दमा लेखिएका रचना पनि चारु हुन् ।

- **बहर र छन्दमा के फरक छ ?**

बहर शब्दको उच्चारणको आधारमा र छन्द अक्षरको आधारमा निर्धारित हुन्छ । जस्तैः "असल" बहरमा अ- सल(१-२) हो भने छन्दमा अ- स- ल( १-१-१) हो । यसबाहेक बहरमा मात्रा मिलावट, मात्रा चढावट, मात्रा गिरावटका नियम पनि छन् । बहर गजलमा अनिवार्य छ तर चारुमा अनिवार्य छैन ।

- **राग के हो ?**

राग संस्कृत शब्द हो । कुनै वस्तु, स्थान या व्यक्तिप्रति व्यक्त पवित्र प्रेम, मोह, स्नेह, लगाव राग हो । गजल र चारुमा व्यक्त प्रेम यौनाकांक्षी प्रेम हो भने रागमा व्यक्त प्रेम पवित्र प्रेम हो । मातापिता, दाजु-भाइ-बैहिनी, गुरु शिष्य, मित्र आदि बीच र जेष्ठ नागरिक, मातृभूमि, ईश्वर आदिप्रति व्यक्त प्रेम, स्नेह, श्रद्धा, श्रद्धाञ्जलि आदि राग हो ।

- **विराग के हो ?**

विरागमा व्यंग्यका साथै सामाजिक विकृति, विसङ्गति, बेथिति, असन्तुष्टि, युद्ध, हिंसा, विद्रोह, भ्रष्टाचार, बलात्कार, आन्दोलन, अन्याय अत्याचार आदि

विषयवस्तुले प्राथमिक स्थान पाउँछन् ।

## रागविराग

चारु, राग र विरागको मिश्रण रागविराग हो । विभिन्न थुङ्गा या शेरमा अलगअलग विषयवस्तु समाविष्ट भएको भए रागविराग हो । यो साहित्यको मिश्रणवाद सिद्धान्तमा आधारित छ ।

चारु, राग, विराग र रागविरागलाई एउटै शब्दमा सजिलोका लागि चारुभन्दा हुन्छ । जसरी प्रारम्भमा गजलको वर्गीकरण गरेर मुसलसल गजल या गैर मुसलसल गजल, आजाद या स्वतन्त्र गजल भनिएको थियो त्यसरी नै चारुलाई राग, विराग या रागविरागमा वर्गीकरण गरिएको छ । गजलमा मुसलसल या गैर मुसलसल के हो भनेर छुट्याए जस्तै चारुमा राग, विराग, रागविराग के हो छुट्याउने काम समालोचकको हुनेछ । सर्जकले चारु लेखे पुग्नेछ । स्मरण रहोस् आजाद गजल र स्वतन्त्र गजल पनि बहरमै कहिन्छन् ।

## चारु र गजलमा फरक

१. गजल अनिवार्य बहरमा (फारसी छन्द/लय) मा कहिन्छ भने चारु हाम्रो आफ्नै छन्द, लय, भाकामा (संस्कृत, नेपाली, हिन्दीमा प्रयोग हुने) लेखिन्छ, पढिन्छ र गाइन्छ ।
२. गजलमा प्रयोग गरिने सबै प्राविधिक शब्द (गजल,बहर,मतला, उला, सानी, मक्ता, काफिया, रदिफ, शेर आदि) फारसी शब्द हुन् । यी शब्द नेपाली, संस्कृत, हिन्दी शब्दकोशमा छैनन् । चारु विधामा यी प्राविधिक शब्दलाई क्रमशः गजल = चारु, बहर = छन्द, मतला = प्रारम्भ, उला = ऐना, सानी = प्रतिबिम्ब, मक्ता = शेष, काफिया = आदि अनुप्रास, रदिफ = अन्त्यानुप्रास, शेर = थुङ्गा नामकरण गरिएको छ ।
३. गजल शब्दको सम्बन्ध निःशर्त सिधै संगीतसँग छ भने चारु गायनका हिसाबले स्वतन्त्र या ऐच्छिक छ ।
४. गजल स्त्रिलिंग शब्द हो भने चारु उभयलिंग शब्द हो ।

## • चारु छन्द के हो ?

वेदमा भनिए जस्तै हरेक पंक्तिमा अक्षरसंख्या बराबर हुनु पनि एक प्रकारको छन्द हो । यो छन्दलाई चारु छन्द नामकरण गरिएको छ । छन्द या बहरमा आधा अक्षर गणना हुँदैन । कुनै पंक्तिमा आधा अक्षर बढी र कुनै पंक्तिमा आधा

अक्षर थोरै या शून्य हुने हुँदा चारु छन्दमा कुनै पंक्तिमा एक अक्षर घटीबढी भएकोलाई दोष मानिने छैन ।

जे पायो त्यही लेखेर गजल भन्दै आएकोमा चारुको उदयपछि नेपाली गजलमा व्यापक शुद्धीकरण भएको डा घनश्याम न्यौपाने परिश्रमी, नवलपरासी ; स्वर्ण शिखा, दाङ ; दीपक गोस्वामी,भारत ; माधव वियोगी, पोखरा ; पुरुषोत्तम दाहाल उपाध्याय, गौहाटी असम भारत; अनुराग अरुण, काठमाडौं ; सतीशचन्द्र शर्मा बिसौली आदिले आआफ्ना आलेखमार्फत यो कुरालाई पुष्टि गर्नुभएको छ । बहरमा लेख्दा गजल र बेबहर लेख्दा चारु सर्वमान्य सिद्धान्त बनेपछि अब आयोजना गरिने गजल या महफिल कार्यक्रमलाई गजल कार्यक्रम नभनेर गजल चारु कार्यक्रम भन्नुको विकल्प छैन ।

## निष्कर्ष

नेपालमा जन्मेको चारु नेपाल, भारत, भूटान, बर्मामा मात्र होइन विश्वका प्रायः सबै देश जहाँ जहाँ नेपाली र हिन्दी भाषीको बसोबास छ त्यहाँ लोकप्रिय बन्दै गइरहेको छ । नेपाल र हिन्दूस्तानमा दर्जन बढी चारुसङ्ग्रह प्रकाशित भएर लोकार्पण भएका छन् । यो गजलको स्वादमा तर गजलभन्दा भिन्दै प्राविधिक शब्दको काखमा हुर्किरहेको नयाँ विधा हो । चारु बहरको जटिलताबाट मुक्त छ । गजलमा मुस्लिम भाषा, व्याकरण, कला र संस्कृतिको गन्ध छ भने चारुमा वेदमा उल्लिखित छन्द,लय र संस्कृत, हिन्दी, नेपाली भाषा र व्याकरणको सुगन्ध छ । यो नारी मैत्री विधा हो ।

यही कारण हो जसले गर्दा चारु छोटो समयमा विश्वव्यापी भएको छ ।

## सन्दर्भ-सामग्री

१. बहर र गजल : डा घनश्याम परिश्रमी, शब्दार्थ प्रकाशन, चावहिल, काठमाडौं

२. गजल सिद्धान्त र चारु सिद्धान्त : डा. देवी पन्थी, भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौं

३. गजलको परिवर्तित स्वरूप चारु : डा. देवी पन्थी, प्रकाशक विश्वबन्धु प्रसाईं, अमेरिका

४. गजल सिद्धान्त र समालोचना : डा. देवी पन्थी, विविध वाङ्मय प्रकाशन,

इलाम

५. गजल क्या है : गूगल

६. वैजयन्ती (विधा प्रकाशन ), शब्दार्थ प्रकाशन चावहिल, काठमाडौं

**'गजल गला हो, चारु कला हो' - देवी पन्थी**

**AI ले दिएको उत्तर यस्तो छ**

तपाईंले भन्नुभएको "गजल गला हो, चारु कला हो" भन्ने वाक्य एकदमै गहिरो र सुन्दर परिभाषा हो । यसलाई यसरी बुझ्न सकिन्छ :

**गजल गला हो**

गजलको उत्पत्ति उर्दू-फारसी संस्कृतिमा भएकोले यसलाई संगीतसँग बाँधिएको स्वर (गला) मा बढी जोडिन्छ । गजलमा बहर (फारसी लय) अनिवार्य हुन्छ र यो मुख्यतया गाइने विधा हो । त्यसैले गजल गला अर्थात् स्वर-संगीतमा आधारित हुन्छ ।

**चारु कला हो**

चारु नेपाली-संस्कृत छन्द, लय, भाका र शब्दमैत्री विधा भएकाले यसलाई केवल गाउनैपर्ने छैन, पढ्न, बुझ्न, रच्न सबैमा स्वतन्त्रता हुन्छ । यसमा चित्रात्मकता, व्यंग्य, सामाजिक चेतना, प्रेम, विरोध, सबै मिसाउन सकिन्छ । त्यसैले यो गलाभन्दा फराकिलो, साहित्यिक कला हो ।

यसरी भन्न सकिन्छ : गजल सुन्ने कला हो भने चारु पढ्ने, सोच्ने र महसुस गर्ने कला हो ।

**विराटनगर, नेपाल ।**

ooo

**आफ्ना साना नानी-बाबूहरूलाई**
**किरण पुस्तकालय**
**तम्घासमा लिएर गई**
**पढ्ने बानीको विकास गराउनुहोस् ।**

# विश्व कवितादिवसका अवसरमा कवितालाई सम्बोधन



✍मुकुन्द शर्मा

व्याख्यादेखि उता सुचारु कविता हौ शारदाम्बा तिमी
मूलाधार हुँदै अनाहत छुँदै पुग्छ्यौ परंमा तिमी ।
शब्द-ब्रह्ममयी भएर त तिमी, मान्छे भएका कवि
मेरा यी अनुरोध सञ्चयनमा तिम्रै छ छाया-छवि ।

मेरा यी पदवर्णले हृदयमा होऊ समुद्बोधित
हे देवी कविते ! तिमी अधरमा होऊ समुद्गारित ।
सारा मानिसले सरर्र बुझ्ने भाषा जुटाऊ तिमी
राम्रा भाव टिपेर माथि उठिने आशा उठाऊ तिमी ।

आऊ हे कविते ! सिरा र धमनी ढाकी सबै अङ्गमा
मानौँ स्वर्णिम रङ्गको मिरमिरे धौलागिरी शृङ्गमा ।
तिम्रो नै सुषमा सरी सृजनका पाना बनून् पुष्पित
जम्मै पाठकवर्ग भृङ्गकुल झैँ पारेर आनन्दित ।

चारै वेद तथा पुराण कतिमा छ्यौ पाइएकी तिमी
ठूला काव्य र खण्डकाव्य जतिमा छ्यौ छाइएकी तिमी ।
झल्किन्छ्यौ इतिहासका डहरमा कोषादिमा गीतमा
झल्केझैँ सुषमा भरी अरूणिमा बेहानका शीतमा ।

फाटो द्वन्द्व बढाउने लहरमा बग्दै नआऊ तिमी
निन्दा नास्तिकता दिने कहरमा जाँदै नजाऊ तिमी ।
छ्यौ स्वच्छन्द तिमी तथापि कविते ! देऊ मलाई भर
तिम्रो मद्दतले मसीसित बसी पाऊँ खुशीका स्वर ।

मिल्क्याएर विषाद दम्भ झगडा सन्त्रास बाधा जति
तिम्रो उन्नतिबाट नै सकलमा मिल्नेछ सर्वोन्नति ।
नाच्दै बङ्किम लच्किने कदममा छं छं छछं छंछ छम्
ल्याऊ हे कविते ! यही कलममा सत्यं शिवं सुन्दरम् ।

हे वागीश्वरि देवि ! हृन्मयपटे ते रूपमत्युज्ज्वलम्
ध्यायन्नेव वसानि काव्यरचनाकाले हि मञ्चासने ।
शब्दार्था विलसन्तु लेखनविधौ साहित्यशोभान्विता
त्वद्भक्ताय सदैव हार्दिकतया वाणीं शुभां देहि मे ।

**बूढानीलकण्ठ, काठमाडौं ।**

ooo

लघुकथा

# टीका

**✍लीलाराज दाहाल**

विनोदकुमार सानैदेखि समाजवादी राजनीतिक दलमा आबद्ध थिए । उनको दलले बोकेको वर्गीय चिन्तनको प्रभाव उनमा पनि गहिरोसँग परेको थियो । समाजवादी कित्ताका नेताहरू अति जोसिलोसँग द्वन्द्वात्मक भौतिकवाद पढाउँथे । रातिराति क्रान्तिका कुराहरू घोकाउँथे । त्यसैले उनी जोशका साथ दलीय गतिविधिमा लागेका थिए । गाउँलेहरूको चेतनाको स्तर बढाउन उनी तल्लीन रहे उनले इमान्दारिताको बर्को ओढेका थिए । उनको निष्ठाको आसन स्थिर थियो । उनको मुहारमा आशाको उज्यालो चम्केको हुन्थ्यो ।

बिस्तारै बिस्तारै उनका दलका साथीहरूको विचारमा विचलन आउन थाल्यो । सम्पत्ति जोड्ने होडबाजी शुरु भयो । सम्पत्ति जोड्ने होड्ले बेइमानीको बाटो समाउन थाल्यो । उनी सँगैका सर्वहारा साथीहरूले नयाँ नयाँ विलासी घर, गाडी जोडिसकेका थिए । पहिले पहिले उनीभन्दा क्रान्तिकारी देखिने साथीहरूको दिनानुदिन आर्थिक उन्नति भैरहे पनि उनको मन अविचलित नै थियो । उनका समकक्षी नेताहरूमध्ये कोही धनी भैसकेका थिए । अब उनको पार्टीमा पहिले जस्तो भीड हुँदैन किनभने जो कोही आफ्ना नेताकहाँ पुग्नै पाउँदैनन् । निकै ठूलो सुरक्षा घेरा पार गरेपछि मात्रै पुगिन्छ त्यहाँ । पहिले जस्तो प्रशिक्षण, भेटघाट पनि हुँदैन । विलासी गाडीमा रहेका आफ्ना नेतालाई टाडैबाट अभिवादन गरेर चित्त बुझाउनुपर्छ । यस्ता खालका घटनाले भने उनलाई चिन्तित बनाएको थियो । यस्तैमा पर्यटक झैं टुप्लुक्क आइपुगेको दशैंले पनि उनलाई पिरल्यो । अरूले लगाएका नयाँ लुगा र गतिविधि देखेर उनका जहान परिवार उदास भए । त्यसो त जेनतेन उनीहरूले पनि दशैं उतारे । उनको मनमा रहेको वैचारिक मान्यताको बाटो एक्कासि खण्डित भयो । उनले समाजवादको बाटोलाई अझै बलियोसँग ढलान गर्नुपर्ने देखे जब निधारभरि राता अक्षता टाँसेर विलासी गाडीमा सवार आफ्नै नेताले उनलाई बोलाए, "तिमी पनि जाने होइन विनोद ? यो वर्षदेखि हाम्रा अध्यक्ष कमरेडले पनि दशैंको टीका बक्सने रे !"

ooo

**आलेख**

# धुर्कोट राज्य र सराएँ खेल (नाच)



**✍चिरञ्जीवी भण्डारी**

## आलेखसार


समृद्ध संस्कृतिबाट परिपोषित नेपाली जनजीवन सभ्य, सुसंस्कृत एवम् अनुपम भएको कुरा लोकव्यवहार तथा लोकपरम्पराको अवलोकनबाट स्पष्ट हुन्छ । विराट् हिन्दू-संस्कृतिभित्र मानवजीवनका सबै पक्ष समेटिएका छन् । त्यसैले संस्कृति सबै थोक हो र सबैथोक संस्कृति हो पनि भनिएको छ । यही व्यापकता, विशालता र अनुपमताभित्र लोकमान्यता र लोकविश्वासमा आधारित विविध प्रचलनहरू नेपाली हिन्दू संस्कृतिका परिचायकका रूपमा सदियौँदेखि जीवन्त रहँदै आएका छन् । हरेक लोकव्यवहारका पछाडि एउटा बलियो सामाजिक विश्वास रहेको हुन्छ । लोकले त्यस विश्वास वा मान्यतालाई कुनै न कुनै विधि र प्रक्रियाद्वारा आत्मसात् गर्दै पुस्तान्तरण गरिरहेको हुन्छ । समस्त हिन्दू जातिहरूले मनाउने चाडपर्व, जात्रा-मेलाका पछाडि पनि यस्तै विश्वास वा मान्यता रहेको हुन्छ । परम्परागत रूपमा चल्दै आएका लौकिक मान्यता, किंवदन्ती, श्रुति-स्मृति, धार्मिक-पौराणिक आख्यान, लोककथा, लोकगाथा आदिका जगमा जन्मिएका र उभिएका हुन्छन् । यही पृष्ठभूमिमा हिन्दूहरू मात्र नभई सम्पूर्ण नेपालीहरूको महान् चाड बडादशैंको टीकापश्चात् दशमीदेखि पूर्णिमा तिथिसम्म विभिन्न शक्ति पीठहरूमा पञ्चे-बाजाका तालमा हातमा खुँडा, तरवार, खुकुरी ढाल आदि हातहतियार लिएर विशेष ढङ्गले नाचिने सराएँ नाचका विषयमा यस आलेखलाई केन्द्रित गरिएको छ । यस क्रममा पुस्तकालयीय अध्ययन पद्धतिका आधारमा खोज-अध्ययन गर्दै सम्बन्धित विज्ञहरूसँग समेत छलफल गरी सराएँ नाचको ऐतिहासिक, प्राचीन, धार्मिक, सामाजिक र सांस्कृतिक महत्त्वका साथै समाजमा यसले पारेको सकारात्मक तथा नकारात्मक प्रभावका आधारमा यस नाचको औचित्यसमेत पुष्टि गर्ने प्रयास गरिएको छ । यसका साथै धुर्कोट राज्यको ऐतिहासिकता सम्बन्धमा पनि खोज-अनुसन्धानको प्रयास गरी थप अनुसन्धानका लागि मार्ग प्रशस्त गरिएको छ ।

## १. पृष्ठभूमि

परम्परागत रूपमा मनाइँदै आएका चाडपर्व, मेला, जात्रा आदिका पछाडि लोकको कुनै न कुनै मूल्य-मान्यता, आदर्श वा लोक विश्वास रहेको हुन्छ । कतिपय किंवदन्ती अर्थात् श्रुतिमा आधारित छन् भने कुनै प्रचलनका पछाडि ऐतिहासिक तथ्य पनि जोडिएको हुन्छ । नेपाली चाडपर्वहरू प्रायः पूर्वीय दर्शन अर्थात् वेद, उपनिषद्, पुराण, रामायण, महाभारत जस्ता महाख्यानमा आधारित छन् भने कतिपय जनश्रुति, किंवदन्तीमा पनि आधारित छन् । यस सन्दर्भमा दशैँ असत्यमाथि सत्यको विजयोत्सवका रूपमा असोज महिनाको शुक्लपक्षको प्रतिपदा तिथिदेखि पूर्णिमासम्म विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिने यस महापर्वलाई सामाजिक, सांस्कृतिक एवम् धार्मिक दृष्टिले पनि हेर्ने गरिन्छ । धार्मिक कोणबाट हेर्दा अन्याय, अत्याचार वा राक्षसी प्रवृत्तिमाथिको विजयका रूपमा मनाइने यस उत्सवमा नौ दिनसम्म देवीहरूका शक्ति पीठहरूमा पूजा आराधाना गरी दशौँ दिनका दिन देवीको प्रसाद स्वरूप मान्यजनका हातबाट टीका, जमरा लगाउने चलन छ । टीकापछि त्यसै दिन साँझदेखि देवीका मन्दिर, कोट, किल्ला वा खुला चउरमा भेला भई नौमती बाजाका साथ हर्षोल्लासपूर्ण वातावरणमा देवी भगवतीको स्तुति गर्दै सराएँ नाच नाचिन्छ । यो नाच खासगरी दशमीदेखि पूर्णिमाका दिनसम्म विभिन्न स्थानहरूमा आयोजना गरिने र भव्यताका साथ पञ्चे-बाजाका तालमा वृत्ताकारमा जोडा जोडा भई एउटै ठूलो घेरा मिलाएर नाच्ने गरेको पाइन्छ । यो पर्व खासगरी राक्षसी वा असुरी प्रवृत्ति अथवा असत्य माथि सत्यको विजयका रूपमा मनाइने हुनाले यसका पछाडि प्रबल धार्मिक विश्वास रहेको छ । यस प्रसङ्गमा सराएँ दशैँसँग जोडिएको सांस्कृतिक नाच भएको हुनाले दशैँको सङ्क्षिप्त चर्चा गर्दै सराएँमा प्रवेश गरिएको छ ।

### १.१ दशैँको परिचय

आश्विन शुक्ल पक्षको प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म व्रत, उपासना, पूजाआजा, पशुबलि समेतका विभिन्न क्रियाकलापका साथ मनाइने यस चाडलाई स्थानअनुसार दशैँ, वडादशैँ, विजया दशमीसमेतका नामबाट नामकरण गरिएको पाइन्छ । प्रतिपदाका दिन मठमन्दिर तथा घरको मूलकोठामा वा घर भित्रको उपयुक्त स्थानमा दुर्गा स्थापना गरी विधिपूर्वक नौ दिनसम्म पूजा-अर्चना गरिन्छ । यसैदिन पँहेलो जमराका लागि अँध्यारो कोठामा जौ छरिन्छ । नवौं दिन नवदुर्गा भवानीको पूजा सम्पन्न भएपछि दशौँ दिनमा मान्यजनहरूका हातबाट दुर्गा भवानीको प्रसादस्वरूप निधारमा रातो टीका (कसैले सेतो र अन्य रङ्ग), जमरा ग्रहण गरिन्छ र मान्यजनबाट आशीर्वाद लिइन्छ । यस दिनलाई महत्त्वपूर्ण दिनका रूपमा

मानिन्छ । यो दिनले प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म मनाइने सबै दिनका पद्धति, प्रक्रियाहरूको प्रतिनिधित्व गर्दछ । यो दिनलाई दशैंको मुख्य दिनका रूपमा मानिन्छ । यही टीकाको दिनलाई दृष्टिगत गरी टाढा टाढा भएका छोराछोरी, नातागोता, इष्टमित्रसमेत जुट्ने गर्छन् ।

नवदुर्गा भवानीको प्रसाद स्वरूप मान्यजनबाट टीका-जमरा ग्रहण गरिसकेपछि त्यसै बेलुकाबाट मठमन्दिर, खुलाचउरमा सराएँको नामबाट खेलिने खेल वा नाचिने नाचको आयोजना गरिन्छ । यो नाच फरक फरक स्थानमा पूर्णिमासम्म एकदमै हर्षोल्लासका साथ नाच्ने गरिन्छ ।

## १.२ दशैं र सराएँको सम्बन्ध र नाचको सुरूवात

सराएँ खेलको प्रारम्भ कहिलेबाट भयो ? कुन ठाउँबाट खेल्न थालियो ? कसका अगुवाइमा के प्रयोजनका लागि सुरू भयो भन्ने विषयमा किटानीकासाथ भन्न सकिने अवस्था छैन । कुनै लिखित दस्तावेज नपाइएको (?) ले परम्पारगत कथन, किंवदन्ती, जनश्रुति र धार्मिक, पौराणिक, ऐतिहासिक विषयहरूको आधार लिनुपर्ने हुन्छ ।

यस प्रकारको नाच नेपालका सबै स्थानहरूमा नाच्ने गरेको पाइँदैन । नेपालको मध्यभाग अर्थात् हालको लुम्बिनी प्रदेशअन्तर्गत गुल्मी, अर्घाखाँची, प्युठान र पाल्पाका केही स्थानहरूमा आयोजना गर्ने गरेको पाइन्छ । यसको प्रारम्भ भने अर्घाबाट भएको र खाँची हुँदै धुरकोटसम्म पुगेको भनाइ छ । 'अर्घाको पुन्यू' वा 'अर्घाको जात्रा'का नामले प्रसिद्धि पाएको यो खेल गुल्मीको धुर्कोटमा फरक ढङ्ग र शैलीमा प्रदर्शन गर्ने चलन चलाइएको र त्यो भेगमा 'धुरकोटे पुन्यू, पुन्यूको राम वा पुन्यूको सराएँ'का रूपमा छरछिमेकी गाउँ तथा जिल्लाहरूमा व्यापक रूपमा चर्चा पाएको देखिन्छ । यसरी हेर्दा अर्घा र धुर्कोटबाट विस्तार हुँदै गएर प्युठान, पाल्पा, वाग्लुङ्लगायतका विभिन्न स्थानहरूमा दशमीदेखि पूर्णिमासम्म उत्साहका साथ सराएँ खेलले व्यापकता पाएको छ । सराएँ नाच्ने तरिका, खुट्टा र हातको चाल, नाचको दृश्य, नाचको वृत्ताकार घेरा, बाजाको ताल आदिले दर्शकहरूलाई आकर्षित गर्दछन् र यिनै मौलिक विशेषताहरूले गर्दा यसको विस्तार व्यापक रूपमा भइरहेको छ ।

यसको सुरूवातका सम्बन्धमा किंवदन्तीकै आधारमा भन्ने हो दशैं पर्व चैतमा मनाइने गरिन्थ्यो र सराएँ पनि चैतमा नै एकदिन खेल्ने गरिन्थ्यो । मौसम अनुकूल नभएको कारणले स्वास्थ्यमा प्रतिकूल असर परकोले गर्दा असोजमा गर्न थालिएको भनाइ चलनचल्तीमा रहेको छ ।

सराएँ नाचको उद्‌गम थलो र तिथिमितिका सम्बन्धमा स्पष्टता छैन । कसैले विजयोत्सवका रूपमा मगर राज्यहरूमा तत्कालीन राजा-रजौटाहरूले चलाएको संस्कृति हो भन्दछन् भने कसैले लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूमा मगरहरूको राज्य भएकोले भुरेटाकुरे राजाहरूले राज्य कब्जा गरिसकेपछि खुसीयाली स्वरूप जितेको दिनको सम्झनाका लागि मनाउन थालेको भन्छन् त कोही राज्य प्राप्ति पश्चात् स्थानीयहरूको मन जित्न परम्परागत रूपमा चल्दै आएका प्रचलनलाई निरन्तरता दिएको पनि उल्लेख गरेका छन् । राज्य प्राप्त भएको वा विजय प्राप्त गरेकै आधारमा मनाउन थालिएको भन्नका लागि पनि असोज महिनाकै तत्‌तत् तिथिमितिमा एकीकरण भएको वा बाहिरबाट आएका राजाहरूले स्थानीय राजालाई हराएको वा लखेटेको भन्ने कुरामा तथ्यगत प्रमाण पनि भेटिँदैन । अर्घा र धुर्कोटमा मात्र सुरू हुनुको पछाडि यी दुई स्थानको बीचमा तत्कालीन सामाजिक, सांस्कृतिक तथा राजनीतिक अवस्था वा साइनो के थियो भन्ने कुरा खोज्नुपर्ने हुन्छ ।

यस सम्बन्धमा अर्को भनाइ धार्मिक आस्थासँग जोडिएको छ । दुर्गा देवीलाई पशुबलि दिएपछि मौलो (पशु-बध गर्दा बाँध्ने काठको मुड्का ?) को वरिपरि बाजागाजा वा नगरा लगाउँदै हातमा हातहतियार खासगरी खुँडा, तरवार, ढाल, लट्ठी लिएर जोशका साथ वाख्खैवाख्खै गर्दै परिक्रमा गर्ने, छ्वाली (छेँवली) खेल्दै गोलो घेरामा रूपान्तरण भई पञ्जेबाजाका तालमा देवीको स्तुति-शब्द भट्टयाउँदै घण्टौँसम्म नाचिरहने गरेबाट दुर्गाभवानीलाई खुसी पारेर सम्भावित विध्नवाधाबाट बँच्न यसो गर्ने चलन चलेको र पछिल्ला दिनहरूमा यसैलाई निरन्तरता दिइएको पनि अनुमान गर्न सकिन्छ ।

सराएँको परिचयका सम्बन्धमा नेपाली बृहत् शब्दकोश (२०७८) मा "विशेष पर्वका दिन मन्दिरभित्रका खुकुरी, तलवार, खुँडा, खकुरी, खड्‌ग, लट्ठी आदि हातमा लिएर नचाउँदै, हतियार लडाउँदै बाजाका तालमा नाच्दै देखाइने अर्घाखाँची, गुल्मी, पाल्पा, नवलपरासी, कपिलवस्तुलगायतका जिल्लाहरूमा देखाइने विशेष जात्रा" भनेर उल्लेख गरिएको छ । यसै क्रममा नवरात्र सुरू भएपछि विभिन्न स्थानअनुसार सप्तमी, अष्टमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, चतुर्दशी र पूर्णिमाका दिन मनाइने सांस्कृतिक जात्रा पनि भनिएको छ । अर्थ स्पष्ट गर्ने क्रममा सराएँलाई "दुर्गा, भवानी, देवीको विजयोत्सव यात्रा" पनि भनिएको छ । माथिको परिभाषाले स्थान र विषय पनि स्पष्ट गरेकोले सराएँको उद्‌गम गुल्मी अर्घाखाँची नै हो र अन्य स्थानहरूमा यहाँबाट विस्तार भएको हो भन्न सकिने अवस्था देखिन्छ । माथिको परिचयात्मक परिभाषा पुष्टि हुने गरी हिरण्यलाल ज्ञवालीले चाडपर्वका सन्दर्भमा सराएँ शीर्षकको लेखमा लेखेका छन्-"सराएँ यस्तो गीत हो जो गुल्मी, अर्घाखाँचीतिर

उत्पत्ति भई पूर्वमा पाल्पा, पश्चिममा प्युठान र पूर्वोत्तरतर्फ पर्वत-बागलुङ्तर्फ पनि पुगेको छ । " त्यसैले चूडामणि बन्धुले यसलाई चिनाउने क्रममा "मध्य-नेपालका गुल्मी र अर्घाखाँची जस्ता कतिपय जिल्लाहरूमा दशैँको टीकाको दिनदेखि पूर्णिमासम्म विभिन्न मन्दिर र कोटहरूमा पशुको बलि दिएपछि रगतको खड्ग नचाउँदै गाइने गीत" भनी चिनाएका छन् (बन्धु, २०५८:१६७, पृ.१५) ।

## १.३ सराएँ खेल हो वा नाच ?

सराएँ गीत हो वा नाच वा खेल हो भन्ने सम्बन्धमा हिरण्य ज्ञवाली अगाडि लेख्छन्-"सराएँलाई गीतका रूपमा भन्दा पनि खेल अभिनय वा नृत्यको रूपमा लिने गरिन्छ । त्यसैले सराएँ गाउने नभनेर सराएँ खेल्ने भन्ने गरेको पाइन्छ । सराएँ एक किसिमको नृत्य हुनाले सराएँ नाच्ने भन्ने गरेको पनि पाइन्छ । यसरी सराएँ नाच र खेलका रूपमा बढी चिनिएको छ" (पृ.१५) ।

सराएँको थालनी कहिले र कसरी भयो भन्ने सम्बन्धमा खाँचीकोट निवासी वीरेन्द्र शाहका अनुसार 'आजभन्दा करिब ५०० वर्षअघि मुस्लिम आक्रमण खप्न नसकी भारतका विभिन्न ठाउँबाट भागेका हिन्दूहरू नेपाल प्रवेश गरी हालको अर्घाखाँची र गुल्मी जिल्लाको सेरोफोरोमा बसोबास गर्न पुगेका थिए । त्यसबेला यहाँ मगर राज्य थियो । यहाँको तत्कालीन मगर संस्कृति र हिन्दूहरूद्वारा भित्रिएको संस्कृति मिश्रण हुन पुग्यो । सराएँ संस्कृति त्यसैको उपज हो । उनकै भनाइअनुसार सराएँ भनेको हातहतियार राख्ने ठाउँ हो' (पृ.१५) । यस प्रसङ्गमा मुस्लिम बादशाह गयासुद्दीन तुगलकले सिसोवन ध्वस्त पारेपछि त्यहाँबाट भागेका हिन्दू राजा जिल्ला राई आफ्ना गुरु पुरोहित रामभक्त रिजालका साथमा अर्घा भन्ने ठाउँमा आएर अर्घाका तत्कालीन शासक गुरूङ्ग राजालाई लडाइँमा हराई शासनको बागडोर आफ्नो हातमा लिएको खुसीयालीमा एक किसिमको हर्षोल्लासपूर्ण नाचको सुरूवात गरिएको र यही नाचलाई सराएँ नाम दिइएको भनाइ पनि रहेको छ । यसै सन्दर्भमा मोदनाथ प्रश्रितले 'बडादशैँको अष्टमीदेखि कोजाग्रत पूर्णिमासम्म विभिन्न तिथिमा अर्धाखाँची गुल्मीतिरका विभिन्न ठाउँमा सराएँ खेल्ने' कुरा उल्लेख (प्रश्रित, २०६३:२) गरेका छन् । अर्धाखाँची जिल्लामा सराएँ शब्द हर्ष र खुसीको पर्यायवाची शब्दका रूपमा प्रयोग गरिन्छ (उही पृ.१६) ।

सराएँको परिचय र उद्गमका विषयमा मतैक्यता भेटिंदैन भन्ने कुरालाई राजेन्द्रकुमार आचार्यको यस भनाइले पनि पुष्टि गर्दछ-

हतियार नचाउँदै शक्ति पीठहरूमा दशैँको बेलामा गरिने सामूहिक प्रदर्शन नै सराएँ खेल हो । यो वीररस प्रधान हुन्छ । यसमा नौमतीबाजा बजाइन्छ । कुनै

कोटमा गीत गाइन्छ त कुनैमा वाख्खै हो जस्ता स्वर निकालिन्छ । व्युत्पत्तिस्थल अर्घाकोट मानिएको सराएँ खेललाई कर्णाली-भेरीतिर चमढाल खेल त कतै ढाल तलवार खेल पनि भनिन्छ भन्दै प्युठानको बिजुवार डल्लेमा जाड राजालाई जितेको विजयोत्सवको रूपमा सराएँ खेल्न सुरू गरेको पाइन्छ । अर्घापछि यसका भैयाद थुमेराज्य खाँची र धुर्कोटमा पनि विजयोत्सवको प्रतीक सराएँ खेल्न थाले । त्यसपछि सराएँ सम्पूर्ण अर्घाखाँची, गुल्मी, पश्चिम पाल्पा, पूर्वी प्युठान र बागलुङ जिल्लाका केही कोटहरूमा विस्तारित भयो । धेरैजसो कोटहरूमा फूलपाती लिन जाँदा र समाप्ति पछि फूलपाती सेलाउन लैजाँदा पनि छोटो तालको सराएँ निकालिन्छ भने दशैँका दिन टीका-जमरा कोटमा चढाएर आफूले लगाएपछि लस्के भाका र तालमा सराएँ खेलिन्छ भनेर उल्लेख गरेका छन् । (आचार्य २०७९: पृ.८२)

खेलका तरिकाका विषयमा उनले अगाडि भनेका छन्-

सराएँ खेल्दा अगाडि नौमती बाजा र पछाडि हतियारसहितका खेलाडीहरू वृत्ताकारको एउटै घेरामा खेल्दै अगाडि सर्दै जान्छन् । चौर, टुँडीखेल वा मैदानको मध्यभागमा दर्शकहरू बस्छन् भने बाहिरपट्टि वरिपरि बाजा बजाउने दमाईँहरू र सराएँ खेल खेल्ने खेलाडीहरूको घेरा हुन्छ । झ्याँइँझ्याँइ बाजाको तालमा मधुर स्वरमा गुन्जने आवाजले मन आल्हादित बनाउँछ, दर्शकलाई लठ्याउँछ, नाचूँ नाचूँ गराउँछ । समय गएको अत्तोपत्तो हुँदैन । यस खेलमा पहिले पुरुषमात्र सहभागी हुने गरेकोमा आजभोलि नारीहरूको पनि उत्साहजनक सहभागिता हुने गरेको देखिन्छ । खेलाडी वा नर्तकहरूलाई खेलकै बीचमा अर्थात् अन्तिममा पानी-सर्बत वा दही केरा बाँड्ने चलन पनि ठाउँ ठाउँमा पाइन्छ । विसर्जन गर्दा छोटो तालमा बढाइँको धूनमा कोट वा मन्दिर वरिपरि घुमेर हतियार थन्क्याउने काम गरिन्छ । (आचार्य २०७९: पृ.८२)

### १.४ अर्घामा सराएँमा गाइने गीत वा भट्याउने शब्दहरूका अंश

१. जय जयकाली हो, नवरथामाई वाख्खै,
२. महिषासुर जो हो राच्छेसै मारी वाख्खै,
३. रक्तवीज मारी हो नाचेनी देवी वाख्खै,
४. निशुम्भ मारी हो नाचेनी देवी वाख्खै,
५. नाचौँ न हामी हो, खेलौ न हामी वाख्खै,
६. यो दशैँमा हो, खेलन भाइ हो, वाख्खै,
७. वर्षै र दिनमा हो, आएको दशैँ वाख्खै,
८. मनाउँ पर्व हो, बाँचे आइसाल वाख्खै,

९. अर्घा महाकाली हो, रक्षा गरे माईँ वाख्वै,
१०. चैँडिला देवी हो, भँडारथुम देवी वाख्वै,
११. उनाचौर देवी हो, रैनादेवी वाख्वै,
१२. उल्कछत्र हो, दारेगौँडा वाख्वै ,
१३. अर्तोसदेवी हो, माझकोट देवी वाख्वै,
१४. ताराखसे देवी हो, मालरानी देवी वाख्वै,
१५. पुर्कोट देवी हो, इस्मादेवी वाख्वै,
१६. धुर्कोट खड्ग हो, बिजुलीकोट देवी वाख्वै,
१७. खाँचीकोट देवी हो, बाग्लुङ्देवी वाख्वै,
१८. रेसुङ्गा सिद्ध हो, पाल्पा भैरव वाख्वै,
१९. गुल्मी ईश्वरी हो, खिदिम मालिका वाख्वै,
२०. आलम देवी हो, धौलागिरी वाख्वै,
२१. सत्यवती देवी हो, सुपादेउराली वाख्वै,
२२.मुक्तिनाथ हो, पशुपतिनाथ वाख्वै,
२३.आकासैका हे सूर्जेचन्द्र वाख्वै,
२४. पातालैका हो, वासुकीनाग वाख्वै,
२५. रख्वे गरे हो, रख्वे गरे वाख्वै,
२६. खेलम् भाइ हो, बाँचे आइसल वाख्वै । (आचार्य २०७९: पृ.८२)

## १.५ धुर्कोटमा सराएँमा भट्याइने गीतहरूको अंश

१ खड्ग छत्र -हो...(लामो स्वरमा तन्काएर भनिन्छ)
२ रक्षे गरे-हो
३ वर्ष दिनको-हो
४ मेलो मेसो-हो
५ बांचे आइसाल-हो (अर्को साल)
६ भेटै हुम्ला-हो (हौंला) आदि ।

माथिका शब्दहरू उच्चारण गर्दा लामो स्वरमा निकालेर गाइन्छ । बाजाको तालमा हात र खुट्टाको ताल मिलाएर फनक्क घुम्दै अगाडि सर्दै गइन्छ । यो मौलिक र विशिष्ट प्रकृतिको हुन्छ, सुन्दा र हेर्दा आनन्ददायी हुन्छ । त्यसैले एक दुई दिनको पैदल बाटो हिँडेर पनि मानिसहरू जात्रा, नाच हेर्न आउँछन् । हाटबजारको काम पनि हुन्छ । किनमेल पनि हुन्छ । टाढा टाढाबाट आउने दर्शक एवम् व्यापारीहरूका लागि स्थानीय समाजसेवी तथा अगुवाहरूले बस्ने स्थानको

समेत व्यवस्था गर्ने गरेको पनि पाइन्छ । त्यसैले सराएँ गुल्मी, अर्घाखाँचीलगायतका जिल्लाहरूमा उल्लासमय बन्दछ ।

## २. सराएँको महत्त्व र औचित्य

हरेक चाडपर्वको औचित्य र आवश्यकता बोध गरी उचित व्यवस्थापन गर्न सकिएन भने विकृति-विसङ्गति भित्रिनु स्वाभाविकै हुन्छ । यसप्रकारका मेलापर्वहरू रातमा गर्दा मादक पदार्थको सेवन, हुलहुज्जत, यौनहिंसा, मारपिटलगायतका अनुचित एवम् असामाजिक कार्यहरू बढदै गएको महसुस गरी यिनै विकृति नियन्त्रण गर्ने उद्देश्यले रातको सट्टा दिनमा सुरू गर्न थालिएको हो । यसप्रकारका चाडपर्वमा मादक पदार्थको खुला प्रयोगबाट हुनसक्ने हत्याहिंसा, बलात्कार जस्ता घटनाहरू नियन्त्रणतर्फ पनि विशेष सजगता अपनाउने गरेको पाइन्छ । विगतको माओवादी द्वन्द्वका बेलामा यसप्रकारका परम्परागत सांस्कृतिक जात्रा-मेला, पर्वहरू प्रभावित भएको र पछि पूर्ववत् रूपमा आफ्नै लयमा फर्कँदै गरेको अवस्थामा फेरि कोबिड-१९ को भयावह स्थितिले गर्दा केही शिथिलता आएको भए पनि पहिले जस्तै पुनः विभिन्न स्थानहरूमा सराएँ मेला लाग्ने गरेको पाइन्छ । सराएँको विस्तार हुँदै जाने क्रममा बसाइसराइँसँगै पहाडबाट तराई, मधेशतिर पनि सराएँ खेल्ने प्रचलन बढ्दै गएको छ । यस सन्दर्भमा बुटवलको जितगढीमा चर्तुदशीका दिन र देवीनगरमा पूर्णिमाका दिन यो नाचको आयोजना गर्न थालेको पनि धेरै वर्ष भइसकेको छ ।

यस पर्वको सामाजिक एवम् सांस्कृतिक महत्त्व उत्तिकै प्रबल छ । सराएँ नाचमा सबै जातजातिको संलग्नता हुने हुनाले समावेशी प्रकृतिको पनि भएको र भ्रातृत्व एवम् आपसी सद्भाव अभिवृद्धि गर्न पनि सहयोग पुग्ने देखिन्छ । सामाजिक सद्भाव कायम राख्न, विभिन्न जात-सम्प्रदायका व्यक्तिहरू बीचको सम्बन्धलाई प्रगाढ बनाउन, समाजमा स्वस्थ मनोरञ्जनका माध्यमबाट मानसिक सुस्वास्थ्यको अभिवृद्धि गर्न यसले मद्दत गरेको महसुस हुन्छ । मान्छेका दुःख, सुख र विविध सूचनाहरू आदान प्रदान गर्न सूचनामूलक, सम्वादात्मक र हास्य व्यङ्ग्यात्मक खेल-तुरी खेलिनु, कलाकौशल प्रदर्शन गर्न-पट्टा खेल, लट्ठी नाच, हतियार-तलवार नाच आदि देखाइनु, प्रकृतिको महत्त्व दर्शाउँदै प्रकृति संरक्षणका साथै प्राकृतिक विपत्तिबाट बच्न अदृश्य शक्ति का रूपमा मानिएका देवी-देवताहरूको लयात्मक रूपमा आराधना (स्थानीय र टाढा टाढाका ठाउँहरूमा भएका देवीदेवताहरूको नामोच्चारण) गर्दै देवी-देवताहरूको स्मरण गर्नु जस्ता कार्यहरूले स्वस्थ समाज निर्माण गर्न पनि सहयोग पुगेको देखिन्छ । टाढा टाढा भएका नातागोता, इष्टजनसँग भेटघाटको मौका सिर्जना गर्न एवम् ऐतिहासिक घटना-परिघटनालाई ताजा बनाइराख्नसमेत यसप्रकारका

सांस्कृतिक पर्वहरूले मद्दत पुऱ्याउने हुँदा यसप्रकारका पर्वहरूले समाजमा आफ्नो महत्त्व र औचित्य सदासर्वदा स्थापित गरिरहेकै हुन्छन् । यति हुँदा हुँदै पनि समयसापेक्ष परिमार्जन भने आवश्यक ठानिएको हुन्छ नै ।

यसै सन्दर्भमा सराएँको प्रारम्भ कहिलेदेखि भएहोला भन्ने सन्दर्भममा सूब सेन बताउँछन्-'मगरातमा मगर राजाहरूकै पालादेखि भएको र एकीकरणपछि मगर संस्कृतिलाई यथावत् सञ्चालन गरिएको हो । उनका अनुसार गुल्मीको धुर्कोटको ऐतिहासिक किल्ला कोटमा पूर्णिमाका दिन भव्य रूपमा छैँवलीपछि सराएँ नाच नाचिन्छ । यस ठाउँमा छिमेकी गाउँबस्तीका बासिन्दाहरू अघिल्लो दिनदेखि नै आएर ठाउँ ओगटेर बस्ने, झाम्रे गीत गाउने, पसल-दुकान राख्ने, टाढा टाढाबाट आउनेहरूलाई दही, केरा, मही, पानी, अर्नी (खाजानास्ता) समेतको व्यवस्था मिलाउने जस्ता कार्य गरी व्यवस्थित रूपमा राति एक बजेसम्म खेलाउने प्रचलन छ ।'

धुर्कोटमा यसप्रकारको सराएँ खेल हुनुपूर्व 'अर्घाका पुन्यूको राम' हेर्न धुर्कोटबाट समेत अर्घा जाने गर्थे । तत्कालीन सामाजिक-सांस्कृतिक अगुवाहरूले त्यसप्रकारको सराएँ जात्रा धुर्कोटमा पनि दशैँकै दिन सुरू गर्ने चलन चलाएकोमा दशमीका दिन टाढा टाढाबाट टीकाटाला गरी मेलामा आउन नभ्याउने देखी पुन्यूका दिन सुरू गरिएको र नेपालको पश्चिमी भेगमा यसको निकै प्रचार भएको' कुरा खेमराज पन्थीबाट जानकारी प्राप्त भयो । उनका अनुसार 'सराएँको परिमार्जित रूप धुर्कोटमा नै भएको हो । बाजाको ताल मिलाउन र नाच्न यहाँका पुराना व्यक्तिहरूले सिकाउने गरेको कुरा बाल्यकालमा आफूले प्रत्यक्ष रूपमा देखेको' कुरा उनले बताए ।

## धुर्कोट राज्यको इतिहासको प्रसङ्ग

धुर्कोट राज्यको ऐतिहासिकताका सम्बन्धमा त्यस क्षेत्रका ज्येष्ठ एवम् इतिहासप्रति रूचि राख्ने व्यक्तिहरूसँग कुराकानी गर्ने सिलसिलामा धुर्कोटे मल्ल राजाहरूका सन्तानमध्येका कुसुम मल्लसँग कुराकानी गर्दा उनी भन्छन्-'धुर्कोट राज्य पहिले बुढीकोटमा थियो । अर्घा, खाँची र धुरकोटको बुढिकोटमा गुरूङ् रजौटाहरू थिए । उनीहरूको शासन व्यवस्थाबाट भाइभारदार खुसी नभएकोले मुख्तियार तारू जैसी, गुरूपुरोहित धोर्सा पण्डित, रतन पाण्डे, लाम्टे कामी, टोटे ढोली, चिन्ते सार्की आदिले अर्को राजा खोजिरहेको अवस्थामा मुस्लिम आक्रमणबाट बच्न दक्षिणतिरबाट भागेर राठौर थरका राजपूतहरू सन्धिखर्कमा आएर बसेको कुरा सुनेर उनीहरू गएर

राजकाज चलाउन प्रस्ताव राखेछन् र उनीहरूले स्वीकार गरेपछि ती राठौर थरका सबै भाइबन्धुहरू एकजुट भएर गुरूङ्हरूलाई भगाएर राज्य हातमा लिएपछि अर्घामा जेठा, खाँचीमा माहिला राजा भएछन् । साँहिला बाटामा हराएकोमा पछि आएछन् । उनी बहिनीसँग बिग्रेकोले बापत लागेकोले गायन भएर बसेछन् । जेठी आलम उनका देवता रहेछन् अर्थात् गायनका देवता । सन्धिखर्कमा बसेका कान्छालाई तारू जैसीको नेतृत्वमा धुर्कोटबाट गएको टोलीले धुर्कोटका गुरुङ जाड राजा हटाई धुरकोटको राजा बन्न अनुरोध गरेछन् । कुसुम मल्लको अनुसार धुर्कोट राज्यको दरबार बुढिकोट भएको र त्यही बुढिकोटमा जाड राजाको परिवार बसेकोले उनै कान्छा राठौरलाई जनताले साथ दिई जाड राजालाई परास्त गरी खड्कबहादुर शाही धुर्कोटका राजा भए । युद्धका बेला त्यो ठाउँमा (बुढिकोटमा) रगतको पोखरी बनेको ढोलीहरूले युद्धमा साथ दिंदै बाजाका साथमा गएकोले त्यसमा नगरा (दमाह) डुबेको पनि थियो रे । त्यो बाजो नयाँगाउँको मन्दिरमा सुरक्षित छ । त्यो दमाहालाई अहिले पनि जेठो दमाहा भनेर चिनिन्छ । यस्ता मारकाट भएका र रगतको आहाल भएको ठाउँमा बस्नु हुँदैन, यहाँ गुरङहरूको बाइ पल्टेको छ, तर्साउँछ, बस्न हुन्न भनेर अर्को ठाउँ खोज्ने क्रममा धुर्कोटको डाँडो उपयुक्त देखी त्यहाँ सरेको हो भन्ने कुरालाई पुष्टि गर्ने एउटा आधार हो- दशैंको फूलपाती सेलाउन बुढिकोटको पोखरीमा लैजानु ।'

धुर्कोटमा स्थापना गरिएका देवीदेवताका सम्बन्धमा 'यी राठौरहरूले साथमा लिएर आएका तीनवटा देवता खड्ग, छत्र र कालिकामध्ये वस्तुमा कालिका र धुर्कोटमा खड्ग र छत्र भएको' कुरा पनि उनले बताए । यसप्रकारका देवता धुर्कोटको कोटमा १८ वटा छन् । दशैंको नवामीका दिन यिनको प्रदर्शन गरिन्छ । यी हतियार शक्ति का प्रतीक मानिन्छन् । प्रत्येक वर्ष देवता घटबढ हुन्छन् भन्ने किंवदन्ती पनि छ । यसका बारेमा थप स्पष्ट हुनु आवश्यक छ ।

देवताहरूका विषयमा पनि किंवदन्तीहरू छन् । कुनै समय खड्क र छत्र देवताहरूको बीचमा द्वन्द्व भएको कुरा हाम्रा पूर्वजहरूबाट सुन्दै आएको मूल पुरूष तारू जैसीका १३ ह्रौं पुस्ताका सन्तान लीलबहादुर के. सी. बताउँछन् । उनका अनुसार 'तारूजैसी (ज्योतिषी तर थर पोखरेल) सिंजा राज्यको दैलेख दुल्लूबाट बसाइँ सरी धुर्कोट आएको र राजाहरूको गुरु पुरोहितको रूपमा बसेका हुन् । कान्छा राठौर (शाही वंशका प्रथम राजा खड्कबहादुर) का सन्तानहरूले वि. सं. १८४३ सम्म राज्य सन्चालन गरे । चौबीसी राज्य धुर्कोटका अन्तिम राजा भूपेन्द्र हुन् । यी शाहीहरूले माणिक राजाको पालादेखि आफ्नो थर शाह लेख्न थाले । यसै क्रममा अरि राजाको शासनकालदेखि यिनै शाहहरूले मल्ल थर राख्न थाले ।

यसप्रकार धुर्कोट राज्यका अन्तिम राजा भुपेन्द्र मल्ल थिए । यिनै मल्ल राजा बहादुर शाहको फौजबाट पराजित भई भागेर नयाँगाउँ जाँदा आफ्ना गुरु वंशका सन्तान पोखरेलहरूलाई बारी र खेतहरू बिर्ता दिएको, त्यही बारी र खेतबाट पोखरेलहरूले जीविका चलाउनुका साथै शक्ति को प्रतीक हात हतियार(खड्क/छत्र) को पूजाआजा चलाउन जौ, 'तिल छर्न तिल छर्ने बारी र पनाहा खोलाको नादीमा अक्षताको लागि खेत दिएको' कुरा के. सी. बताउँछन् । यसै प्रसङ्गमा उनी अगाडि भन्छन्-'तारू जैसीका दशौं सन्तान श्रीधर पोखरेल धुर्कोट कोटका पुजारी भएको अवस्थामा खड्क, छत्र देवताहरूको बीचमा झगडा भई छत्र देवता धुर्कोटको कोटबाट करमचाल्ने हुँदै नयाँगाउँ जाने क्रममा श्रीधर पोखरेल सोह्र श्राद्ध गरी आफ्नो मावली घर पिपलधाराबाट फर्कने क्रममा करमचाल्नीदेखि दक्षिण पूर्वतर्फ नादी झर्ने ओरालो बाटोमा ढाडमा ढाल र प्रकाशमय दियो भएको सर्प ओरालो बाटोमा घस्रिएर हिंडेको देख्दा उनलाई देवता उत्रिएको कुरा सुनिएको छ । सधै सेवासुसार गर्ने पुजारीले दीक्षाबाट छत्र देवता अर्थात् (माइला देवता) भएको जानाकारी पछी भागेर हिंडेका माहिला देवतालाई सोधनीपुछनी गर्दा 'हामी भोग खाने र नखाने भाइहरूको बीचमा झगडा भयो, म नयाँगाउँमैं जान्छु' भनेको अवस्थामा श्रीधर पुजारीकै आग्रहमा मैले मेरो घरमा राखी हजुरको सेवा गर्छु भन्दा छत्र देवताले स्वीकार गरेकोले श्रीधर पुजारीले गाजोमा छत्र देवतालाई राखी बाजागाजाका साथ आफ्नो घरमा भित्र्याएकोले उक्त पुजारीको घरलाई देवता राख्ने घर भनिएको हो' । यस प्रसङ्गमा श्रीधर पुजारीका पनाती लीलबहादुर के. सी.ले अगाडि बताउँछन्- 'यसरी भोग नखाने छत्र देवता देवता राख्ने घर र भोगखाने देवताहरू भाइ भाइ नै भए पनि धुर्कोट कोटमा रहे । यी खड्क छत्र देवताहरू वर्षको तीन रात कोटमै बस्छन् । दशैंको सप्तमीको राति छत्र देवताको पूजाआजा गरी मनाई जय जयकार गर्दै फूल चढाउंदै कोट लैजाने तर भोग नदिने र दशमीको दिन यिनै छत्र देवतालाई टीका-अक्षेता चढाई बाजाघाजाका साथ फेरी छत्रको मन्दिरमा भित्र्याइन्छ । यसरी भोग नखाने छत्र देवताको २००७ सालदेखि उनै पुजारीको घर छेउं स्वर्गीय पं. शोभाकर पन्थीद्वारा मन्दिर बनाई अलग राखिएको कुरा अहिले पनि देख्न सकिन्छ । ' यस विषयमा पनि थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

अर्घाखाँची जिल्ला स्थित अर्घाको नामकरणका सम्बन्धमा मल्ल भन्छन्- 'गुरूङ्हरूले अर्घौं गर्ने ठाउँ भएकोले अर्घौंको अपभ्रंश भई अर्घा भएको हो । यसरी हेर्दा अर्घा, खाँची र धुर्कोट गुरूङ् राज्य भएको अनुमान हुन्छ । ' कुराकानीकै सन्दर्भमा सूब सेनले यस क्षेत्रमा गुरूङ् राज्य भएको कुरा स्वीकार गर्दैनन् । 'मगर राज्यको अपभ्रंश मगरात हो । यस क्षेत्रलाई मगरात भनिएबाट पनि ती स्थानहरूमा मगर राज्यहरू थिए भन्ने कुरा पुष्टि हुन्छ' भन्ने उनको भनाइ रहेको छ ।

मगर, गुरूङ् राज्य तथा मगरात र सराएँका सन्दर्भमा राजेन्द्र आचार्य भन्छन्- 'हालको रोल्पादेखि गोरखासम्म मगरात हो । मगरात भनेको थुमथुममा मगर मुखिया राजा भएको इलाका भएकोले मगरात भनिएको हो । पछिल्लो समयमा उत्तरबाट घोडचढी लडाकु जाडसरदार आएर मगर-मुखिया राजालाई विस्थापित गरी भुरे-टाकुरे राजाको रूपमा शासन गरे । जाड राज्य चलिरहेकै अवस्थामा सिंजा साम्राज्य टुटेपछि त्यताबाट यस क्षेत्रमा घुसेका ठकुरी लडाकुले जाडेहरूलाई हराएर ठकुरी-राज्य स्थापना गरे । अर्घामा जिल्लाराई ठकुरीले विजयोत्सव स्वरूप सराएँ चलाएको भनिन्छ । मगर तथा जाडे राजाले पनि सराएँ खेल खेलाएको हुनसक्छ । यस सम्बन्धमा प्रामाणिक आधार पाइएको छैन । '

सराएँकै सन्दर्भमा मल्लको भनाइ यस्तो रहेको छ - 'गुरूङ् राजाहरूको अन्त्यसँगै उनीहरूलाई हटाएको खुसीयालीमा सुरू भएको र यो करिब १५औं शताब्दितिर हुनुपर्छ । अर्घामा वाख्खैका रूपमा गरिने हर्षको खेल धुर्कोटमा परिमार्जित रूपमा नाचगानका शैलीमा सुरू भएको हो । ' सराएँकै सन्दर्भमा कृष्णचन्द्र शर्मा भण्डारीको गुल्मेली अधिकृत समाज काठमाडौंद्वारा प्रकाशित कर्मचारी स्मारिका २०७७ मा गुल्मी र अर्घाखाँचीको सराएँ नाचसम्बन्धी अङ्ग्रेजी भाषामा लेखिएको लेखमा-"सराएँ नाच हिन्दू र मगर संस्कृतिको सम्मिश्रण हो, लुम्बिनी अञ्चलका गुल्मी र अर्घाखाँची जिल्लामा तत्कालीन भुरेटाकुरे राज्यहरूका बीचमा युद्ध भइरहने र यसप्रकारका युद्धहरू दशैँको टीकापछि हुने गरेको कुरा उल्लेख गरेका छन् । युद्ध प्रायःदशैँकै मौकामा हुने, हारजित भइरहने र जितेपछि खुशीयाली मनाउने सन्दर्भमा नाचिने नाचलाई कालान्तरमा सराएँ नाम दिइएको" उनको अनुमान छ ।

सराएँका विषयमा प्राध्यापक हिरण्य ज्ञवाली, यस क्षेत्रका संस्कृतिविद् राजेन्द्रकुमार आचार्य, ऐतिहासिक अन्वेषणकर्ता सूब सेन, प्राध्यापक कृष्णचन्द्र शर्मा, धुर्कोट कोटका पुजारी खलक एवम् माइला देवता (छत्र देवता) राख्ने घरसँग सम्बन्धित लीलबहादुर के.सी., खोज अनुसन्धानमा लागेका नवअध्येता विष्णु घर्ती, गुल्मी धुर्कोटबाट बसाइँ सरी बुटवलमा आएका ज्येष्ठ नागरिक खेमराज पन्थी, हेमराज पन्थी, समाजसेवी खिमबहादुर थापा, जङ्गबहादुर श्रीस र धुर्कोट कोटका तत्कालीन पुजारी गोपाल पोखरेलका साथै दशैँकाबेला पूजाका क्रममा क्षत्रीयहरूका तर्फबाट मन्दिरमा उपवास बस्ने गरेका खिमबहादुर जि.सी., धुरकोटे मल्ल राजाका सन्तान कुसुम मल्लसमेतबाट धुरकोट राज्य र सराएँको ऐतिहासिकताका सम्बन्धमा जानकारी प्राप्त भयो । सुरूवात कहिले र कसबाट भएको भन्ने विषयमा भने जनश्रुति र किंवदन्तीकै आधार लिनुपर्ने देखियो । जे होस्, नेपाल एकीकरणको अभियानपूर्व नै यस क्षेत्रमा दशैँ मनाउने प्रचलन र सराएँ खेल्ने चलन रहेकोमा भने

मतैक्यता पाइयो । आजको जस्तो सराएँको रूप भने त्यति बेला नभएको र नाच वा खेलमा परिष्कृति आएको, सुधार हुँदै गएको कुरा हालसम्मको अध्ययनबाट जानकारी प्राप्त भयो ।

## निष्कर्ष

सराएँ खेलको प्रचलनसम्बन्धी इतिहास पहिल्याउँदै सराएँ-संस्कृति मगर, गुरङ् वा हिन्दू संस्कृति हो वा यी जाति जनजातिहरूको सांस्कृतिक मिश्रण हो भन्ने सन्दर्भ अध्ययन गर्दा प्रामाणिक रूपमा भन्न सक्ने अवस्था देखिएन । हालको सराएँको प्रारम्भ अर्घाबाट नै भएको र त्यसको परिष्कृत रूप धुर्कोटमा देखिएको अहिलेसम्मको अध्ययनबाट देखियो । सराएँको सुरूवात कहाँबाट, कहिले र के प्रयोजनका लागि गरिएको थियो भन्ने विषय पनि थप अध्ययनकै विषय हुन पुग्यो । त्यसैगरी धुर्कोट राज्य पहिले बुढीकोटमा थियो वा धुर्कोटकै डाँडोमा नै थियो भन्ने विषयमा पनि मतैक्यता पाइएन । गुरूङ् वा मगरहरूको राज्य पहिले बुढीकोटमा नै भएको भन्ने भनाइलाई पुष्टि गर्ने तथ्यगत प्रमाण पनि भेट्टाउन सकिएन । अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तित्वहरूको भनाइ र किंवदन्तीलाई नै आधार मान्ने हो भने बुढीकोट नै पुरानो गुरूङ/मगर राज्य थियो र राठौर (पछि मल्ल)ले त्यहाँबाट धुर्कोट सारेको मान्नुपर्ने हुन्छ । यस क्षेत्रलाई मगरात भन्ने गरेबाट मगर राज्य नै हो कि गुरूङ् राज्य हो भन्ने कुरा पनि अनुसन्धानकै विषय बन्ने पुग्यो ।

यसर्थ, माथिका भनाइहरूलाई पुष्टि गर्ने तथ्यगत प्रमाण केही नपाइएकोले बुढिकोट नै पहिलो मगर वा गुरूङ् राज्य हो कि होइन र उनीहरूलाई लखेटेर राठौरहरूले राज्य गर्ने क्रममा धुर्कोटको डाँडोमा सारेका हुन् कि पहिलेदेखि धुर्कोटमै थियो भन्ने विषयमा समेत थप अनुसन्धान आवश्यक देखियो । त्यसैले निष्कर्षमा भन्नुपर्दा यस अध्ययनले सराएँ र धुर्कोट राज्यको ऐतिहासिकता एवम् प्रामाणिकताका सम्बन्धमा केही सान्दर्भिक तथयहरूको उजागर गरे पनि थप अनुसन्धानको माग गरेको देखियो ।

## सन्दर्भ-सूची

आचार्य, राजेन्द्रकुमार (२०७९). नेपाली लोकनाटक. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.८२- ८६ ।

ज्ञवाली, हिरण्य (२०६७). लुम्बिनी अञ्चलका लोकगीतको सामाजिक अध्ययन. काठमाडौँ : त्रि. वि. ।

घर्ती, विष्णुबहादुर (२०७७).हाम्रो लोकसंस्कृति सराएँ र यसको सम्झना. . https//www . shitalpati . com-editorial-thoughts-9276

नेपाली बृहत् शब्दकोश (२०७८).काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, कृष्णप्रसाद (२०७७). सराएँ एण्ड सङ्ग इन गुल्मी एन्ड अर्घाखाँची एरिया (गुल्मी र अर्घाखाँची क्षेत्रको सराएँ र गीतिनाच) स्मारिका. काठमाडौँ : गुल्मेली अधिकृत समाज ।

निम्नबमोजिमका व्यक्तिहरूसँग लेखकले प्रत्यक्ष र टलिफोनबाट अन्तर्वार्ता लिइएको :

के.सी, लीलबहादुर (२०७९ असोज २४). अन्तर्वार्ता. धुर्कोट रजस्थल । हाल : रूपन्देहीः तिलोत्तमा नगरपालिका, जानकीनगर ।

जि.सी., खिमबहादुर (२०७९ असोज ३०) अन्तर्वार्ता धुर्कोट रजस्थल, हाल : रूपन्देहीः शुद्धोधन-२, खड्ग बनगाई ।

थापा, खिमबहादुर (२०७९ असोज २५). अन्तर्वार्ता. धुर्कोट रजस्थल, हाल : रूपन्देहीः बुटवल उप न. पा. जितगढी ।

पन्थी, खेमराज (२०७९ असोज २८) अन्तर्वार्ता. रूपन्देही : धुर्कोट रजस्थल । हाल:बुटवल सुखानगर ।

पन्थी, हेमराज (२०७९ असोज २९) अन्तर्वार्ता. धुर्कोट रजस्थल । हाल : रूपन्देहीः बुटवल, सुखानगर ।

पोखरेल, गोपाल (२०७९ असोज २३) अन्तर्वार्ता. धुर्कोट जैसीथोक । हाल : रूपन्देहीः सैनामैना, मुर्गिया ।

मल्ल, कुसुम (२०७९ कार्तिक १९) अन्तर्वार्ता. धुर्कोट नयाँगाउँ । हालः रूपन्देही : बुटवल, देवीनगर ।

श्रीस, जङ्गबहादुर (२०७९ असोज २५) अन्तर्वार्ता. धुर्कोट हाडहाडे । हाल : रूपन्देहीः बुटवल उप न.पा. जितगढी ।

सेन, सूब (२०७९ असोज २६). टेलिफोन अन्तर्वार्ता. पुर्कोट, बाँझकटेरी । हाल : काठमाडौँः का. न. पा. १० बानेश्वर, थापागाउँ ।

**धुर्कोट-७, वाग्ला, गुल्मी,**

**हाल : लोकन्थली, भक्तपुर ।**

**ooo**

कविता

# अब घाम लाग्यो !



✍काशीनाथ भिश्रित

हामी सुत्यौं विगतमा भइ कुम्भकर्ण ।
यै हेतु उम्कन गए नि यहाँ सुवर्ण ।।
तारा डुबे सगरका नवकान्ति छायो !
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।१।।

खुम्च्याइ हात किन हो र अझै सुतेको ?
थाहा छ, छैन शिरमा उपियाँ घुसेको ??
तन्द्रा टुटेन यसरी कसले सुतायो ?
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।२।।

कालो थियो गगनमा अघिसम्म सारो ।
देखिन्नथ्यो वरिपरी अति भै अँध्यारो ।।
पूर्वी किनार नभको अब खुल्न थाल्यो !
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।३।।

घुर्दै अबेरतक सुत्न असाध्य जाती ।
हुन्थ्यो, सबै उठिसके अब छैन राती !!
क्वीरोसँगै धरतिको सब शीत भाग्यो ।
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।४।।

बाटा खुले सहज हिँड्न भएन गाह्रो
हाल्दैन कोही पनि बाधक भै तगारो !
लालीसँगै किरणको सब लोक जाग्यो ।
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।५।।

साकार पार सपना अघि जो बुनेका ।
बाँकी थिए नि मन कुण्ठित भै थुनेका !!
बेला भयो समयले अब ता जगायो ।
लौ लौ जुरुक्क उठ है अब घाम लाग्यो ।।६।।

**रुरुक्षेत्र गाउँपालिका-५, सुनडाँडा ।**

ooo

समीक्षा

# क्रान्तिका सूत्रधार योद्धा कृष्ण र कृष्ण उपन्यास

✍ झपेन्द्रप्रसाद खनाल

'कृष्ण' डा. शंकरप्रसाद गैरेद्वारा लेखिएको उपन्यास हो । यस उपन्यासको परिचय गराउने क्रममा पुस्तकको कभरको पछाडिको भागमा भनिएको छ– "कृष्ण पौराणिक मिथकको जगमा उभिएको उपन्यास हो । यसले श्रीमद्भागवत महापुराणको दशमस्कन्ध तथा महाभारतका केही पर्वहरूलाई आफ्नो रचनागर्भ तुल्याएको छ । हाम्रा पुराणहरूले दैवीकरण गरेका तथा दानवीकरण गरेका पात्रहलाई मानवीकरण गरिएको यस कृतिमा वर्तमान अभिव्यञ्जित छ । मूलतः राजनीति र समाज चिन्तनलाई प्रमुख विषय बनाएको यस कृतिले प्रेमको उच्चता, मित्रताको महत्त्व, इमान, सत्य, त्याग, समर्पण, मानवता व्यक्ति स्वतन्त्रता र निष्ठाले मान्छेलाई सामान्य मान्छेबाट कसरी माथि उठाउँछ र त्यही व्यक्ति कसरी अन्य व्यक्तिका दृष्टिमा ईश्वर कहलाउँछ भन्ने दृष्टिकोण प्रस्तुत गरेको छ । सहज प्राप्ति र सस्तो लोकप्रियतामा रमाउनेहरूलाई यस कृतिले जीवन सङ्घर्ष, सत्य, निष्ठा र त्यागका मार्गबाट उपलब्ध हुने सफलताको महत्त्वबारे बोध गराउँछ । "उपर्युक्त भनाइमा भनिएजस्तै वास्तवमा कृष्ण उपन्यास पौराणिक कथ्यका माध्यमबाट वर्तमान अभिव्यञ्जित गर्ने शक्तिशाली उपन्यास प्रतीत हुन्छ ।

शंकरप्रसाद गैरेद्वारा लेखिएको यस उपन्यासलाई २०७८ सालको भदौ महिनामा साङ्ग्रिला बुक्स प्रालि काठमाडौंले प्रकाशन गरेको हो । पिता देवीप्रसाद गैरे र माता यमकला गैरेका सन्तानका रूपमा २०३५ साल माघ ४ गते बगनासकाली गाउँपालिका वडा नं. ७ खानीगाउँमा जन्मिएका डा. शंकरप्रसाद गैरे पेशाले प्राध्यापक हुन् । नेपाली विषयमा विद्यावारिधि गरेका डा. गैरेले आफ्नो पेशा र कर्मथलो पाल्पालाई बनाएर हाल त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा अध्यापनरत रही पेशा सँगसँगै साहित्य सेवामा साधनारत छन् । साहित्यका विभिन्न विधाहरूमध्ये कविता, गजल, समीक्षा समालोचना, आख्यान र अनुसन्धानको क्षेत्रमा यिनीले कलम चलाएको देखिन्छ । उनका प्रकाशित कृतिहरूमा उज्यालोतिर (उपन्यास २०७४), कृष्ण (उपन्यास २०७८) सूतपुत्र (उपन्यास २७८२), मधुमास (गजलसङ्ग्रह २०७६), साहित्यमा बगनासकाली (अनुसन्धानमूलक समालोचना २०७९) रस सिद्धान्त र विश्लेषण (समालोचना २०७४), कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा (समालोचना २०७४) लगायतका धेरै कृतिहरू प्रकाशित भइसकेका छन् । धार्मिक दृष्टिकोणबाट भगवान् मानिएका कृष्णको चरित्रलाई आधार बनाएर लेखिएको उपन्यास हो । कृष्ण । कृति कथारम्भदेखि-कथान्तसम्म चौबीस खण्ड

र जम्मा ५६५ पृष्ठमा विस्तार भएको छ । कृष्ण कथामा नयाँ रङको प्रयोग गर्ने प्रयास गरिएको यस कृतिलाई एउटा विशाल आकारको उपन्यास मान्न सकिन्छ । कृष्ण उपन्यासको विषयवस्तुमा प्रवेश गर्दा कथा शीर्षकमा लेखकले यो पुस्तक लेख्नुको उद्देश्यमाथि प्रकाश पारेका छन् । पुस्तक प्रकाशनसम्मको अवस्थामा आइपुग्दा सहयोग गर्ने सहयोगी मनहरूलाई विशेष धन्यवाद दिएका छन् । कथारम्भ अलि अनौठो र अस्वाभाविक लाग्ने सन्दर्भबार शुरू गरिएको छ । कृष्ण उपन्यासको विषयवस्तुमा प्रवेश गर्दा कथा भन्ने पात्रको बारेमा चिनारी प्रष्ट छैन, अश्वत्थामाका कुनै सन्तान होलान् भनिएको छ । ती कथाका पात्र वास्तवमै को थिए ? उनको वास्तविक पहिचान गरी समग्र इतिहास पनि जान्न पाएको भए पात्रप्रतिको दृष्टिकोण बनाउन पाठकलाई सजिलो हुने थियो । उपन्यासमा समाविष्ट विषयवस्तु केवल श्रीमद्भागवत र महाभारतभित्रका पात्रहरूको चरित्र र कथावस्तुमात्र नभएर लेखकले आफ्नै जीवनको अनुभव पनि प्रस्तुत गरेको भेटिन्छ । उपन्यासभित्रको विषयवस्तुलाई विभिन्न शीर्षकमा विभक्त गरी चौबीस खण्डमा उपन्यासको संरचना तयार पारिएको छ । 'कथारम्भ' शीर्षकको पहिलो र 'कथान्त' शीर्षकको अन्तिम खण्ड रचनागर्भका रूपमा देखिन्छन् भने 'अपदस्थ' देखि निष्कर्षसम्मका बाईस अध्याय मूल कथासँग सम्बद्ध छन् । 'अपदस्थ' शीर्षकको खण्डबाट उपन्यासको मूल विषयको कथावस्तुमा प्रवेश गरिएको छ । प्रजा प्रेमी राजा उग्रसेनको सन्तान हो कंस । शक्तिको दम्भ, अहंकारी, स्वार्थी र असहिष्णु कंसको परिचय देखिन्छ । राजनीति र सत्तामोहमा कोही कसैको पिता हुँदैन र कोही कसैको पुत्र हुँदैन, सत्ता स्वार्थ नै सर्वोपरि हुने रहेछ । आफ्नो सन्तान कंसलाई अत्यन्तै माया गर्ने महाराज उग्रसेनलाई आफ्नै पुत्र कंसले नै अपदस्थ गरिएको घटनाबाट उपन्यासको कथावस्तु शुरू भएको छ । यस खण्डमा आफ्नै पिता उग्रसेनलाई नेल ठोकेर बन्दी गृहको भित्री भागमा नजरबन्दमा राख्ने कंसको क्रूरताको पराकाष्ठाको चर्चा गरिएको छ । महाराज उग्रसेनलाई अपदस्थ गर्न कंसले गरेको योजना र बृहत् तैयारीको विश्लेषण गरिएको छ । यो घटनासँगै महाराज उग्रसेनका अत्यन्तै प्रिय पात्र मन्त्री सुधर्म र सबैजसो भारदारहरू भूमिगत भएको घटना, देवकी र वसुदेवको विवाह प्रसङ्ग, कंसले देखेको सपना, देवकीको आठौं गर्भबाट जन्मिएको सन्तानबाट कंसको मृत्यु हुने भन्ने भयका कारण देवकी र वसुदेवलाई नजरबन्दमा राखिएको प्रसङ्ग उल्लेख गरिएको छ । 'युगपुरुष' शीर्षकको दोस्रो खण्ड वसुदेव र देवकीबाट प्रथम पुत्रको जन्म तथा कंसले गरेको हत्या, अक्रूर र सुधर्म बीचको भेटघाट, कंसले गरेको अन्याय र अत्याचारका विरूद्ध संगठन निर्माण योजना, देवकीको सातौं गर्भ तुहिएको र उनी अत्यन्तै अशक्त भएको, वसुदेवकी पहिली पत्नी रोहिणीले जेलमै पुगेर सेवा-सुसार गरी देवकीलाई निको तुल्याएको र आठौं गर्भबाट जन्मिएको बच्चालाई अक्रुर र रश्मिदत्तको विशेष योजना र निगरानीमा मध्यरातमा गोकुल पुऱ्याइएको घटनाको जोखिमपूर्ण कार्यको वर्णन छ । खण्ड तीनलाई 'गोकुल' भनिएको छ । यसमा नन्दरायकी पत्नी यसोदाले पुत्री जन्माएको प्रसङ्ग छ । यता

मथुरामा देवकीले कृष्णलाई जन्म दिएकी छन् । रहस्यमय तरिकाबाट यी दुबै बच्चा साटासाट गरिएको छ । आधा रातमा कृष्णको जन्म भएपछि कारागारबाट कृष्णलाई गोकुल पुऱ्याउनु र उताबाट बच्चा लिएर रातारात कारागारमै फर्किनु जस्तो कार्य सामान्य थिएन । यो आफैमा यति ठूलो विशेष घटना थियो जसलाई इतिहासमा मात्र लेखिएको होइन कि यो घटनालाई युगयुगले सम्झनेछ । विभिन्न पुराणहरूमा यस घटनालाई देवत्वकरण गरी किम्वदन्तीहरू जोडिएका आख्यानहरू छन् । यो प्रसङ्गलाई उल्लेख गर्दै लेखक भन्छन, "यो सबै कार्यलाई देवत्वकरण गरेर अनेक व्याख्या गरियो, यो कुनै ईश्वरीय कार्य नभएर रणनैतिक रूपमा गरिएको योजनावद्ध कार्य थियो । देवत्वकरण गरेकै कारण कंसले यो सबै कुरा विश्वास गर्न बाध्य भयो र मिलीमतोमा भएको योजनावद्ध यो कार्य गोप्य रहन पनि सफल रह्यो । 'लीला' शीर्षकको खण्ड चारमा कंसको हतास मनस्थिति र छटपटीको मनोदशाको चित्रण छ, कृष्णको बालहठ र उपद्रोको बयान गरिएको छ । यस्तै कृष्ण र उनका सङ्गीसाथीहरूको बालक्रीडा र रमाइला क्षणको चर्चा छ । कंसले षड्यन्त्रपूर्वक गोकुलका सबै बच्चा मार्न भनी पठाएका सैनिक, त्यस्तै कंसकी बहिनी पूतना, बलवान् सकटसमेत मारिनुमा कृष्णमा देवी शक्ति भएको अनुमान कंसले गरेको पाइन्छ साथै समाजमा कृष्णसँग जोडिएका यति धेरै हल्लाहरू चलेका थिए कि ती हल्लाहरूले कृष्णलाई ईश्वर बनाइदिएको थियो । यही प्रसङ्ग यस खण्डमा प्रस्तुत गरिएको छ । 'प्रणय' शीर्षकको खण्ड पाँचमा राधा र कृष्ण बीचको बाल आत्मीयताको पवित्र सम्बन्धको चर्चा गरिएको छ । कंसको जन्मजात शत्रु कृष्ण देवकीको आठौं गर्भबाट जन्मिएका हुन् । विभिन्न छलकपटपूर्ण तरिकाबाट कृष्णको बध गर्न पठाइएका हत्याराहरू नै मारिएपछि कंस केही सिथिल र निरास देखिन्छ । अब उसले कृष्ण र बलराममाथि आक्रमण गर्न लडाकु दस्ता कुस्तीबाज र छलचातुर्य भएका युवाहरू तयार गर्छ । तिनीहरू क्रूर छन्, हिंस्रक छन्; अमानवीय र भयानक असुरी स्वभावका पनि छन् । तिनीहरूले जुनसुकै बेला पनि गोकुलमा आक्रमण गरेर कृष्णको हत्या गर्ने प्रपञ्च रचिरहेका हुन्छन् । त्यही विषयको जानकारी गराउन अक्रूरको सन्देश लिएर सुधर्म गोकुल स्थित नन्दरायको घरमा पुगेर कृष्ण र बलराममलाई साथमा राखेर संभावित खतराबाट बच्न आत्मरक्षाको तयारीको निम्ति गोकुलमा पनि कृष्ण र बलरामको नेतृत्वमा युद्धकला प्रशिक्षणको लागि युवा दस्ता तैयार पार्नुपर्ने सल्लाह दिएको चर्चा पुस्तकमा गरिएको छ । 'सङ्गठन' शीर्षकको खण्डमा जिम्मेवारी बोधको पाटो छ । गोकुलमा कंसका योद्धाहरूको सामना गर्ने लडाकु सङ्गठन निर्माण युद्धकला प्रशिक्षणको तैयारीको प्रसङ्ग उठाएको छ भने राधा र कृष्ण बीचको प्रेम र वैवाहिक प्रसङ्ग, त्यस समयको सामाजिक परिवेश समाजभित्रका गतिविधि, उत्साह, उमङ्ग, खुशी, निराशा र कुण्ठालाई एक एक गरी केलाएको पाइन्छ । यस खण्डमा कृष्णसँगको व्यक्त अव्यक्त प्रेमको लालसामा तड्पिरहेका प्रताडित गोपिनीहरूको छटपटी भेटिन्छ । ललिता र प्रभा यस प्रसङ्गका प्रतिनिधि पात्र मात्र हुन् । राधा र कृष्ण बीचको प्रणयमिलन र आपसी प्रेमालापको क्षणको माधुर्यले

उपन्यास थप रोचक बनेको छ । त्यस्तै प्रवेशको क्षणमा गोकुलका बस्तीहरू वृन्दावनमा सारिएको, ग्राम प्रवेशको अवसरमा आइपुगेका महर्षि नारदमुनिद्वारा राधा-कृष्ण बीच हुन लागेको विवाह असम्भव भएको जानकारी र केही थप कुराको रहस्योद्घाटन गरिदिएको विषय पुस्तकमा उल्लेख छ । विवाह हुन असंभव छ भन्ने कुराले पारेको प्रभाव, राधा र कृष्णमा देखिएको व्याकुलता, वृषभानुको परिवारमा छाएको उदासीनता, नन्दरायको परिवारमा कृष्ण आफ्नो सन्तान नभएको रहस्यमय विषयले असाध्यै पीडाको ज्वाला दन्किएको छ ।

'राजनीति' शीर्षकको खण्डमा कृष्णहरूको संगठन विस्तारको प्रसङ्ग छ । कृष्ण र बलरामको हत्या गर्न कंसले पठाएका योद्धाहरू जस्मा धेनुक कालीय, प्रलम्ब, सुदर्शन, शंखचूड, अरिष्ट र वृष जस्ता लडाकुहरू मारिएकाले कंस आक्रोशित देखिन्छ । अक्रूरले कूटनीतिक चाल चलेका छन् । मथुरामा मल्लयुद्धको आयोजना गरिएको छ । मल्ल युद्धमा जे-जसरी भए पनि कृष्ण र बलरामको हत्या गर्ने कसम खाएर कंस बसेको हुन्छ भने कृष्ण बलरामले पनि कंसको हत्या गर्ने विशेष योजना नै बनाएका हुन्छन् । 'बधशाला' खण्डमा भयानक मल्ल युद्धको परिदृश्य देखाइएको छ । मल्ल युद्ध कोसँग के कसरी भयो ? त्यसको नालीबेली उल्लेख गरिएको छ । अन्तमा कंसको हत्या भएको छ । उग्रसेन बन्दीमुक्त भएर पुनः राजा बनेका छन् ।

'गुरूकुल' शीर्षकको खण्डमा विद्वान् ऋषि सान्दीपनीको विद्यापीठमा कृष्ण र बलरामको शिक्षा-दीक्षाको प्रबन्ध मिलाइएको प्रसङ्ग छ । गुरूकुलमा रहँदा सुदामालगायत अन्य साथीहरूसँगको कृष्ण र बलरामको मित्रताको चर्चा गरिएको छ । गुरूकुलबाट मथुरा फर्किने समयमा कृष्ण र सुदामा बीचको बिदाइ हुन लाग्दाको क्षणको परिदृश्यको चित्रण र त्यसबेलाको कारुणिक दृश्यलाई युगौंयुगको चिरस्मरणीय मित्रताको उदाहरणको रूपमा लिन सकिन्छ ।

'परराष्ट्र सम्बन्ध' शीर्षकको खण्डभित्र युद्धमा रणनीतिक कौशलको चर्चा गरिएको छ । आफ्नो शक्ति र परराष्ट्र सम्बध सुदृढ गर्ने उद्देश्यले कृष्णद्वारा गरिएको विभिन्न देशको भ्रमण र मैत्री सम्बन्ध स्थापनाको कूटनीतिक पहलले उनी अत्यन्तै कुशल कुटनीतिज्ञ र संगठक थिए भन्ने देखिन्छ । 'विवाह' शीर्षकको खण्डमा कृष्ण र रूक्मिणीको विवाहको प्रसङ्ग उल्लेख छ । रूक्मिणीका दाजु रूक्मको कृष्णसँगको असन्तुष्टिका कारण र बहिनीको विवाह शिशुपालसँग गरिदिने निर्णयपश्चात् कृष्णले रूक्मिणीलाई भगाएको सन्दर्भ अत्यन्तै रहस्यमय छ । कृष्णको विजयका कारण प्रेमले युद्ध जितेको छ र प्रेम प्राप्त भएको छ । त्यस्तै राज्यलाई सुसम्पन्न र बलियो कसरी बनाउन सकिन्छ भन्ने विषयमा कृष्णको चिन्तन पहलकदमी र राज्यप्रतिको जिम्मेवारी बोधलाई पुस्तकमा यसरी प्रस्तुत गरिएको छ- "जिम्मेवारी कहिल्यै समाप्त हुँदैन । जसले जिम्मेवारी बोध गर्छ उसको जीवनमा एकपछि अर्को जिम्मेवारी आइरहन्छ । "

राज्यप्रतिको जिम्मेवारी र नैतिक जिम्मेवारीका कारण उनको क्रमशः जाम्बवती र सत्यभामासँग समेत विवाह भएको देखाइएको छ ।

'लक्ष्यभेदन' शीर्षकको खण्डभित्र द्रौपदीको विवाहको प्रसङ्ग छ । पाञ्चाल नरेश द्रुपदले छोरीद्रौपदीको विवाहको लागि एक भव्य र सभ्य स्वयंवर सभाको आयोजना गरेका छन् । पोखरीको खम्बामा झुन्ड्याइएको माछाको आँखामा जसले लक्ष्यभेदन गर्न सक्छ ऊसँग द्रौपदीको स्वयंवर हुने व्यवस्था मिलाइन्छ । लक्ष्यभेदनमा कर्ण जस्तो वीर धनुर्धरलाई भाग लिनबाट वञ्चित गरिएको छ । यसले सर्वत्र चर्चा बटुलेको छ र असन्तुष्टि जन्माएको छ । अपरिचित भेषमा आएका युवक अर्जुनले लक्ष्यभेदन गरेर द्रौपदीलाई पत्नी बनाउन सफल भएको विषय पुस्तकमा उल्लेख गरिएको छ । कृष्ण र द्रौपदीको संवादमा अत्यन्तै गहन विषयमाथि छलफल भएको छ भने द्रौपदीभित्र गुम्सिएको अन्तर्मनको पीडालाई सूक्ष्म विश्लेषण गरिएको छ ।

'परीक्षा' शीर्षकको अध्यायमा नारदमुनिले कृष्णका पत्नीहरू रुक्मिणी, सत्यभामा र जाम्बवतीको प्रेमपरीक्षा गरेका छन् । वास्तविक र सच्चा प्रेमको यो परीक्षामा तीनवटै पत्नीहरू असफल सावित भएका छन् भने अन्तर्हृदयको सच्चा प्रेमका कारण राधा उत्तीर्ण भएकी छिन् । प्रेम के हो ? प्रेमको उत्कर्ष के हो ? प्रेम आफूलाई मेटाएर प्रेमलाई बचाउनु हो । जुन कुरा राधाले गरिन् । जो कृष्णको बिमारी निको पार्ने अस्त्र थियो भने नारदमुनिले लिएको परीक्षा पनि थियो ।

'हस्तिनापुर' शीर्षकको खण्डमा नियतिले उत्पन्न गरेको परिस्थितिलाई स्वीकार गर्दै राजा द्रुपदले पुत्री द्रौपदीको विवाह पाँच भाइ पाण्डवहरूसँग एउटै मण्डपमा राखेर गरिदिएका छन् । यो खबर हस्तिनापुर दरबासम्म पुग्छ । यो समाचार कसैको लागि अत्यन्तै सुखद हुन्छ भने कसैको निम्ति दुःखद र टाउको दुःखाइको विषय बन्छ । अब फेरि हस्तिनापुर दरबारभित्र पाण्डवहरूप्रतिको वक्र दृष्टि र हस्तिनापुर राज्यभित्र छिर्न नदिने, अको षड्यन्त्रपूर्ण खेल हुने संकेत देखिन्छ । अब हुने षड्यन्त्रको खेल सदा सदाका लागि बन्द गर्ने उद्देश्यका साथ कृष्ण हस्तिनापुर दरबार गएर राजनीतिक परामर्श र भेटघाट गरेको र लामो बहस र छलफलपछि पाण्डवहरू हस्तिनापुर छाडेर खाण्डवप्रदेश बसोबास गर्न जाने सर्त स्वीकार गरेका छन् । केही समयको अन्तरालमा खाण्डव क्षेत्रमा बस्ती विकास, कृषि, पशुपालन र उद्योगको गुरुयोजना निर्माण गरी अत्यन्तै सुधार र सम्पन्न इन्द्रप्रस्थ राज्यमा परिणत भएको यस अध्यायमा उल्लेख गरिएको छ । 'मित्रता' शीर्षकको खण्डमा ऋषि सान्दीपनीको गुरुकूलमा सँगै पढेका कृष्णका केही साथीहरूको पारिवारिक अवस्थाको बारेमा चर्चा गरिएको छ । केही दिनदेखि कृष्णलाई आफ्ना ती मित्रहरूको सम्झना आउँछ, जोसँग सान्दीपनी विद्यापीठमा सँगै बसेर पढेका थिए । सर्वाधिक सम्झना ती साथीहरूको आउँछ जो अधिक निकट थिए । कृष्णले सहयोगीहरूलाई आफ्ना मित्रहरूको ठेगाना दिएर

उनीहरूको बारेमा बुझेर आउनु भन्ने निर्देशन दिन्छन् । कृष्णका निकट रहेका पाँचजना साथीहरू गोविद, चक्रधर, दाताराम, खगराज र सुदामाको पारिवारिक अवस्थाको चित्रण यस अध्यायमा गरिएको छ । कृष्णले पठाएका सहयोगीहरू सबैको घरघरमा पुगी सबैको हालचाल बुझी जानकारी लिएर आउँछन्, जसमा खगराज प्रसिद्ध कथावाचक बनेको, घरमा वृद्ध माता-पिता दुई पुत्री एक पुत्र र पत्नी रहेको सुन्दर र खुसी परिवार पिता ज्योतिषका ज्ञाता रहेको सन्दर्भ छ । अर्का मित्र गोविद गाउँका प्रतिष्ठित समाजसेवी, आफ्नै घरमा विद्यालय स्थापना गरेका, छ जना दाजुभाइमा अन्य पाँच भाइको विवाह पनि सम्पन्न भइसकेको छ, आफू चाहिं विवाह गर्न नचाहेको विषय रहेको छ । कृष्णका अर्का साथी दाताराम पौरोहित्य पेशा गर्छन् । उनी गोठमा गाई पालन गरेका, नारायणका भक्त दातारामको घर नै पवित्र मन्दिर रहेछ । तर दातारामका सन्तान भने भएनछन् । अर्का मित्र चक्रधर अलि फरक स्वभावका रहेछन्, उनी राजाको दरबारमा कविको रूपमा काम गर्दारहेछन् भने क्षणिक सुखभोगमा रमाउने, सिद्धान्तहीन भए पनि आर्थिक रूपमा सम्पन्न भएको जानकारी प्राप्त हुन्छ । चारजना मित्रको सुखद जीवनयापनको खबर कृष्णले पाउँछन् तर सुदामाबारे सुखद समाचार पाउँदैनन् । सुदामाको गाउँ वृन्दापुरी आफैमा विपन्नहरूको बस्ती हो । विपन्नहरूको माझमा सुदामा झनै विपन्न थिए वा दरिद्र थिए । तीन पुत्र दुई पुत्री गरी पाँचजना सन्तान, एक पत्नी, सबैका शरीरमा च्यातिएका एकसरो वस्त्र, छालाले मात्र बेरिएको अस्थिपञ्जर शरीर । कुटी नै भए पनि सफा र सुन्दर, नारायणका भक्त, कुटीलाई मन्दिर नै तुल्याएका रहेछन् । यस अध्यायमा विशेष गरी सुदामाको अत्यन्तै निरीह र दरिद्र पारिवारिक अवस्थाको चित्रण छ भने उनको ईश्वर भक्ति र आत्मिक स्वाभिमानको प्रशंसा छ । त्यस्तै सुदामाको असल र नैतिक चरित्रको सन्दर्भलाई विस्तृत रूपमा केलाइएको छ । सुदामाको दयनीय र कष्टकर पारिवारिक अवस्था रहेको जानकारीले कृष्णमा देखिएको बेचैनी र छटपटीपूर्ण मनोदशाको चित्रण, उनको अवस्थाबारे आफ्नै आँखाले देख्ने उद्देश्यले श्यामसुन्दर यादवको छद्मभेषी नाम लिएर सुदामालाई भेट्न भनी वृन्दापुरी गएको विषयले पाठकलाई भावुक बनाउँछ । पत्नी वसुन्धराको अनुरोधलाई स्वीकार्दै आफ्ना परम मित्र कृष्णलाई भेट्न द्वारका जाँदै गरेको प्रसङ्गमा आफ्नो कुटीबाट कृष्णलाई भेट गर्न द्वारका लैजाने केही पनि कोसेली नपाएपछि छिमेकीबाट प्राप्त दुई मुठी कनिका लिएर सुदामा मित्र कृष्णलाई भेट गर्न गएको मार्मिक दृश्याङ्कन गरिएको छ ।

'मित्र मिलाप' शीर्षकको खण्डमा पत्नी वसुन्धराले गरेको विशेष अनुरोधलाई स्वीकार्दै सुदामा आफ्ना परम मित्र कृष्णलाई भेट्न बाटो लाग्ने भए । बाटोका अनेक कष्टकर यात्राहरू पार गर्दै धेरै दिन लगाएर कृष्णको दरबारमा पुगेको र कृष्णले सुदामाप्रति दर्साएको अगाध स्नेह र आत्मीय प्रेमको मिठासले पाठकलाई आनन्दित तुल्याउँछ । बीच बाटोमा श्यामसुन्दर यादवको भेषमा कृष्णले गरेको सेवा र सहयोग

एउटा उदाहरणीय मित्रताको अनुपम नमुना देखिन्छ । लामो समयसम्म मित्रको घरमा बसिसक्दा पनि पत्नी वसुन्धराले पठाएको दुई मुठी कनिकाको कोसेली दिन सर्माउँछन् र लुकाइरहन्छन् । प्रसङ्गवस केसेली प्राप्त भएपछि कृष्ण यति हर्षित भए कि अत्यन्त श्रद्धापूर्वक र स्वादिष्ट मनोभावले जाउलो खाएको चर्चा पुस्तकमा गरिएको छ । आफ्नो पात्रको जाउलो सिध्याएपछि कृष्णले रूक्मिणीलाई हेरेर भने "अरू छैन ?" प्रत्युत्तरमा रूक्मिणीले भनिन्, "महाराज । दिदीको कोसेली हामीले पनि त चाख्न पाउनुपऱ्यो नि !" कति मीठो श्रद्धाभाव र आत्मीयता, यो मित्रताको इतिहास युगयुगसम्म बाँचिरहनेछ । छ महिनाभन्दा धेरै समयको बसाइपछि द्वारका दरबारबाट गरिएको बिदाइको तैयारी बडो भव्य रूपमा भएको छ । जति बेला सुदामा कृष्णको दरबारमा जाँदै थिए त्यस समयमा कतिपय ठाउँमा उनले अपमानबोध गरेका थिए । सुदामाको द्वारका बसाइपछि जब उनी वृन्दापुरी फर्किंदै थिए त्यस समयमा द्वारका नगरवासीले उनीप्रति दर्शाएको सम्मानले सुदामा भावविभोर भएका थिए । यो सबै मित्र कृष्णका कारणले प्राप्त गरेको सम्मान थियो । द्वारकाबाट बिदा भएर जब सुदामा वृन्दापुरी पुग्छन् त्यहाँ त उनी अवाक भए वा झन्डै स्वप्नमा छु जस्तै भयो सुदामालाई । त्यहाँ विपन्नता र गरिबी कहीँ पनि थिएन । एउटा भव्य वृन्दापुरी, कृष्णले लीला नै गरेछन् भन्ने लाग्छ सुदामालाई । झुपडीहरूले भरिएको वृन्दापुरीमा भव्य सफा सुन्दर आकर्षक भवनहरू सुन्दर र फराकिलो मार्ग अनि गाउँको मुहार र परिवेश नै अर्कै । कृष्ण र सुदामा बीचको मित्रताको त्यो नमुना संसारमै नभएको अनुपम थियो ।

'ईर्ष्या' शीर्षकको खण्डभित्र विशेष गरेर पाण्डव र कौरवहरू बीच भएको जुवाको परिदृश्य देखाएको छ । धेरै लामो बहस र छलफलपछि पनि पाण्डवहरू हास्तिनापुरमा रहने वातावरण बन्न नसकेपछि अन्ततः पाण्डवहरू खाण्डवप्रस्थ राज्यमै जानुपर्ने भयो । इच्छा अनिच्छा आखिर जे नै भए पनि पाण्डवहरू खाण्डवप्रस्थ गए । खाण्डवप्रस्थ गएपछि कृष्णको योजना र निर्देशनमा पाण्डवहरूले त्यस क्षेत्रमा सम्पूर्ण रूपमा विकासको अनुपम नमुना नै प्रदर्शन गरे । जुन क्षेत्र हस्तिनापुरभन्दा पनि अझ धेरै वैभवले परिपूर्ण सुन्दर राज्यको रूपमा विकास भयो । अत्यन्तै आकर्षक स्वर्गतुल्य बनाएका थिए पाण्डवहरूले । राजसूय यज्ञमा गएको समयमा यो अनुपम सुन्दरता देखेर दुर्योधनलाई ईर्ष्या जागेको र त्यो राज्य हात पार्ने कडीको रूपमा जुवाको आयोजना गरी छलकपटपूर्ण तरिकाबाट राज्य हडप गरी पाण्डवहरूलाई वनवास पठाएको तथ्यलाई यस अध्यायमा खोतलिएको छ साथै पाण्डवहरूको वनवास र गुप्तवासको विस्तृत चर्चासमेत गरिएको छ । 'शान्तिदूत' शीर्षकको खण्डमा जुवामा राखेको सर्तमुताविक बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवास कुशलतापूर्वक सम्पन्न गरिसकेका थिए । सर्तबमोजिम नैतिकताको आधारमा पाण्डवहरूलाई इन्द्रप्रस्थ राज्य हस्तान्तरण गर्नु हो । त्यस्तो कुनै सङ्केत नदेखिएपछि राज्य फिर्ताको पहल गर्न कृष्णलाई शान्तिदूत बनाएर हस्तिनापुर पठाएको विषयलाई यस अध्यायमा विस्तारपूर्वक

चर्चा गरिएको छ ।

'युद्ध' शीर्षकको खण्डमा पाण्डव र कौरव दुबै पक्षको युद्ध मनोविज्ञानको तुलना गरिएको छ साथै रणनीतिक तैयारीको दृश्य देखाइएको छ । 'कुरुक्षेत्र' शीर्षकको खण्डमा पाण्डव र कौरवहरू बीचको युद्धको निम्ति तोकिएको क्षेत्र हो । तोकिएकै समयमा युद्धक्षेत्र दुबै तर्फका सेनाहरूले भरिएको थियो । युद्धको शङ्खनाद हुन मात्र बाँकी थियो । कौरव पक्षबाट भीष्मले हातमा शंख उठाए, पाण्डव पक्षबाट कृष्णले हातमा शङ्ख लिए । यत्तिकैमा अर्जुनले कृष्णलाई, सम्बोधन गर्दै भने "कृष्ण रथ केही अघि बढाउनुहोस् । म कौरव महारथीहरूलाई एकपटक नजिकबाट हेर्न चाहन्छु ।

कृष्णले शंख यथास्थानमा राखे र रथलाई अघि बढाए । अर्जुनले कौरव सेनाको अग्रपंक्तिमा रहेका महारथीहरूलाई विस्तारै पालैपालो ध्यानपूर्वक हेरे । त्यसपछि उनले भने, "कृष्ण ! म यो युद्ध लड्न सक्दिनँ । पिता, गुरु, दाजुभाइहरूलाई मारेर कसको न्यायका निम्ति युद्ध गर्नु ? कसका निम्ति लड्नु ? त्यसकारण कुष्ण म चाहन्छु यो युद्ध स्थगित होस् । " युद्धक्षेत्रमा कृष्णले अर्जुनलाई विस्तारपूर्वक सम्झाउँदै गए । अन्तमा अर्जुन युद्ध लड्न सहमत भएको विषयलाई यो अध्यायमा प्रष्ट पारिएको छ । यस खण्डमा पाण्डव र कौरवहरू बीच चलेको अठार दिनसम्मको युद्धको नालिबेली समेटिएको छ भने धर्मयुद्धको नाममा भएको यो युद्धमा कति युद्धनीतिको अवज्ञा गरियो भन्ने बारेमा विश्लेषण गरिएको छ । कथाको विषयवस्तु भागवत र महाभारतकालीन समयको भए पनि विषयवस्तुको केन्द्रमा भने कृष्ण छन् । कृष्णको बाल्यकालीन अवस्थादेखि महाभारतकालीन युगको अन्तसम्मको कृष्णको भूमिकामा उपन्यासले पृष्ठपोषण गरेको छ । कृष्णको कूटनीतिक क्षमता, चातुर्य रणकौशलको चित्रण गरिएको छ । अन्तमा युद्ध त पाण्डवले जितेका छन् तर सबैले सबै कुरा गुमाएका छन् । शक्तिको उन्माद र अहङ्कारी कौरवहरूको हार भएको छ भने धर्मपालक पाण्डवहरूको विजय भएको छ । अब भने उपन्यासको करिबकरिब अन्त भएको छ । ५६५ पृष्ठ लामो यो उपन्यास निष्कर्षमा जीवनका ती समग्र गतिविधि र क्रियाकलापका पाटाहरूलाई कृष्णले जीवनको उत्तरार्धबाट पछाडि फर्केर हेरेका छन् । कृष्णले आफ्नो जीवनसँग कतै न कतै गाँसिएका पात्रहरूलाई स्मरण गरेका छन् । मानसपटलभरि स्मृतिका पानाहरू एक एक गरी फर्किएका छन् । यस अध्यायमा उपन्यासको सटिक विश्लेषणात्मक निचोड निकालिएको छ । युद्धले निम्त्याएको विनाशलीलामा पाण्डव र कौरव दुबै पक्षले धेरै कुरा गुमाएका छन् । महाभारतको युद्ध मात्र सकिएन । एउटा मानव विनाश अभियानको अन्त भयो । युधिष्ठिर हस्तिनापुरका राजा बने । उपन्यासले गहिरो मर्मको स्पर्श गरेको छ । समयले ल्याएको घटनाक्रमले यो सबै जस अपसजको भागीदार पनि कृष्ण नै देखिन्थे । पाण्डवहरूका सबै पुत्रहरूको युद्धमा हत्या भएको थियो । हस्तिनापुरको उत्तराधिकारीको रूपमा युद्धको बेला गर्भमा हुर्किएको अभिमन्यू र उत्तराको पुत्र परीक्षित हुन्छन् । उत्तराधिकारी विहीन राज्य हस्तिनापुरमा बालक

परीक्षितको जन्मले निकै उत्साह जगाउँछ । जसरी सैनिकहरूका शरीरका घाउहरूलाई समयले पुर्दै लग्यो, त्यसैगरी कुरुक्षेत्रको मैदानमा भएको युद्धले दिएका घाउहरूलाई पनि समयले भर्दै लग्यो । जीवनमा कृष्णले धेरै सङ्घर्ष गरे । वृद्धावस्थामा आइपुग्दा उनलाई एक एक सम्झना आइरहेको थियो । एकदिन एक विशाल सिमल वृक्षको फेंदमा बसेर उनले आफ्नो विगत स्मरण गरे । "जेलको जन्म अनि पिता वसुदेवले रातारात गोकुल पुऱ्याएको घटना कृष्णलाई स्मरण भएअनुसार उनले जान्दा गोकुलमा नन्दबाबा र यशोदामैयाको पुत्रको रूपमा हुर्किएका हुन् । बाल्यकालको चञ्चल बाललीला, कंससँगको अनेक सङ्घर्ष, अक्रूरको सुझावमा वृन्दावनको बसाइसराइ । राधासँगको प्रेमको सम्झना आयो । पत्नीहरू रुक्मिणी, जाम्ववती र सत्यभामालाई सम्झिए । गुरु सान्दीपनीको आश्रम, आश्रमका धेरै साथीहरू, ती साथीहरूमध्ये एउटा अत्यन्तै असल साथी सुदामालाई सम्झे । पाण्डवहरू द्रौपदी अनि क्रमशः दुर्योधनको समेत सम्झना गरे । महान् युगपुरुष भीष्मलाई सम्झे । उपन्यासले एउटा प्रश्नको उत्तर खोजिरहेको छ कि आखिर भीष्म कसका निम्ति बाँचे ? कृष्णका मन र मस्तिष्कभरि भीष्मप्रतिको श्रद्धाभाव एकाएक उम्लिएर आयो । अनेक प्रश्नहरू मनभरि एकै साथ उत्पन्न भए । अठारौं दिनसम्मको युद्धको चित्र, इमान्दार चरित्र भएको वीर योद्धा कर्णलाई सम्झिए । नेत्र वरिपरि चलचित्र जस्तो घुमिरहे, राधा, ललिता र प्रभा, कंस अनि शकुनि । कहाँकहाँ छुटे जीवनका यी पात्रहरू । उनलाई लाग्यो समयक्रमसँगै कता कता छुट्दा रहेछन् ती सबै साथहरू । यी सारा विरक्तिहरूलाई बिर्साउने मनसायले कृष्णले बाँसुरी बजाउन चाहे । कृष्णको बाँसुरीको धूनमा कुनै सुर लागेन, एक तमासको धून निस्कियो, मानौ कुनै अपसगुन हो । स्मरणको समय एक व्याधाले कृष्णलाई प्रहार गऱ्यो । व्याधाको आक्रमणबाट कृष्णको सम्पूर्ण लीला समाप्त भयो । त्यसपछि उपन्यासको मार्मिक अन्त भएको छ । समयचक्र विधिको विधानबाट नै सञ्चालित छ । हामी सबै विधिको विधानबाट निर्देशित छौं । सबै कुरा पूर्वनिर्धारित थियो । कृष्णले अन्तिम सत्य बोलेका छन् । मेहनतका साथ लेखिएको यो उपन्यास सङ्घर्षपूर्ण जीवन गाथाको लामो ऐतिहासिक ग्रन्थ बनेको छ । महर्षि व्यासको कथालाई रङ्गरोगन गर्दै करिब पाँच वर्षको अवधिभित्र लेखिएको यो उपन्यास एउटा जीवन्त अनि महत्त्वपूर्ण पौराणिक दस्तावेज बनेको छ । पाठकलाई एउटा गुफाभित्र प्रवेश गराउँदै उपन्यासको विषयवस्तु आरम्भ भएको छ । सबै एक गुफाबासीबाटै पूर्ण बनाएर आफ्नो गन्तव्यतिर लागेका छन् उपन्यासकार डा. शंकरप्रसाद गैरे । यो ऐतिहासिक पृष्ठभूमि बोकेको उपन्यासको लेखक एवं साहित्यिक व्यक्तित्व गैरेलाई अझ धेरै सफलताको हार्दिक शुभकामना ।

**पाल्पा**

०००

# आत्मा-ज्ञानको दृष्टान्त



✍पुष्पराज पोखरेल
वर्ष : ९८

आत्माज्ञान न भै कन मुक्ति मिल्दैन ।
बाहिर छाला पखालेर ज्ञान हुँदैन ।।
आत्मा-रामलाई नचिनेर जान्छौ चारै धाम ।
जति धाम घुमे पनि भेटिँदैन राम ।।

काशी जाऊ, बद्री जाऊ, जाऊ-हरिद्वार ।
हृदयेश्वरलाई नचिने त अरू केको सार ।।
सारा प्राणीहरूमहाँ ईश्वरको बास ।
जीवात्मालाई बलि पार्छौ कस्को गर्छौ आस ?।।

सारा संसर सृष्टि गर्ने यौटै ईश्वर हेर ।
घटका हरि चिन्नुपर्छ ? हुन्न कुर्लिएर ।।
आत्मास्वरूप नचिनेर बाहिर कहाँ खोज्छौ ?।
प्राणेश्वरलाई चिन्नु सट्टा रगत मासु धोक्छौ ।।

ब्रह्मानन्द ईश्वर चिन्न दया चाहिन्छ ।
सच्चिदानन्द परमात्माको दर्शन पाइन्छ ।।
बोध विना कुमार्गले कहाँ बुझ्छ र ?।
ज्ञानको दृष्टि नभैकन चिन्न सक्छ र ?।।


भित्र पसी मासु खाने बाहिर भजन गाउँने ?।
यस्तो व्यक्ति यो लोकबाट कैले मुक्ति पाउँने ?।।
बाहिर देख्दा शंख-घण्ट सँधै बजाउने ?।
जीवात्माको घाँटी रेटी मासु चपाउने ?।।

दान पुण्ये होम गर्ने सबलाई देखाएर ।
अबोध प्राणी घात गर्ने लाज पचाएर ?।।
दयाजस्तो ठूलो धर्म जति शास्त्र हेर ?।
हिंसाभन्दा ठूलो पाप अरू केमा छ र ?।।

**-गोरखा ।**

ooo

# साहित्यकार चन्द्रकान्त : व्यक्ति एक मोड अनेक



✍प्रा. डा. बन्धु कोइराला 'खेकोब'

मलाई यो सानो लेखनभित्र अर्घाखाँची जिल्लाको वाङ्‌लामा जन्मेका आचार्य कुलको सारसंक्षेप र मुख्यतया यसका वंशज चन्द्रकान्त आचार्यका बारेमा केही कुरा गर्नु छ । यो कुरा गर्नुमा कुनै स्वार्थ छैन । साँचो कुरा बोल्नुमा के स्वार्थ हुन्छ र ? देखेका र अनुभव गरेका कुरा लेख्नुमा के स्वार्थ हुन्छ र ? उनी मेरो कलमका बिम्ब बनेर आए ।

म तपाईंलाई भन्छु - कालिकोटमा जन्मेको कुनै नेपाली इन्जिनियरको जागिर पूरा गरेर निवृत्त भएको होला । पूर्वको ओलाङचुङ्गोलाको कुनै शेर्पा बन्धु प्राध्यापकको निवृत्त भत्ता खाएर नाति नातिना खेलाउँदै होला । तर उनीहरूलाई म त चिन्दिनँ, तर निवृत्त भत्ता नखाने चन्द्रकान्तलाई त म चिन्छु नि ! ऊ मेरो आफन्त भने हैन र नाता छैन । कर्मको नाताले चिन्छु अनि उसलाई स्याबास भन्छु । यो आख्यान त्यही स्याबासी हो ।

साहित्यकार चन्द्रकान्तले साहित्यका विभिन्न विधामा हात हाले । उनको हात उपन्यास, कथा, निबन्ध, संस्मरणमा थियो । उनी नियात्रामा झन् चम्किला देखिएका छन् । साहित्यकार चन्द्रकान्तको साहित्य एक देशको होइन, यो अन्तर्राष्ट्रिय पनि होइन, यो यसै देशको हो, यसै देशको भन्नाले कहिले भारतको, कहिले रूसको, कहिले बेलायतको, कहिले अमेरिका वा जहाँको भए पनि त्यहाँ नेपाल जोडिएको छ, नेपाली आत्मा जोडिएको छ र नेपाली भूमि उभिएको छ । कतिपय ठाउँमा नेपाली र विदेशी घुलमिल भएका छन् - देश, समाज, जीवन, धर्म, संस्कृति, रीति-स्थिति आदि ।

चन्द्रकान्तको साहित्य नेपाली भाषाको साहित्य, नेपालीमा लेखिएको जीवनको

साहित्य र मानवताको साहित्य हो । यिनका साहित्यमा देश र विदेशका सामीप्यता, विश्वबन्धुत्वका कथाहरू छन् । यी कथालाई बुझ्न सक्नुपर्छ, पर्गेल्न सक्नुपर्छ । चन्द्रकान्तलाई चिन्नै सकिन्न । उनलाई चिन्ने भन्नु आफैलाई झुक्याउनु हो । कोही पनि झुक्किन चाहँदैन, म किन झुक्किनु ? चन्द्रकान्त उपन्यासकार हुन्, हामी धेरैले भनेका छौं । उनी कथाकार हुन्, कसैले बोलेका छौं । उनी संस्मरणकार हुन्, झन् कतिले भनेका छौं । नियात्राकारको रूपमा खुट्याउने त कमै छौं ।

कुनै समय चन्द्रकान्त वामपन्थी बाटो समात्न पनि पुगेका हुन् । उनी यस बाटोतिर लाग्न खोज्नुमा पनि उनको स्वाभाविक चाहना थियो । उनी अलिकति अलग प्रकारका आफ्नै आइडेन्टिटी देखाउन सक्ने प्रवृत्तिका रहे । उनी यद्यपि घरको अनुशासन र खासगरी माइलादाइ ज्ञानहरिको निर्देशन मान्थे । तर उनलाई नेपालको राजनीतिक स्थिति र बनारसको आफ्नो अध्ययन तथा विशाल रूसको अन्तर्राष्ट्रिय दबदबाजस्ता कुराले वामपन्थीप्रति आकर्षित हुन सहयोग पुऱ्याएको थियो । तर परिवार कांग्रेसी भएकाले त्यो परिवार कांग्रेसी परिवार भनेर चिनिन्थ्यो भलै चन्द्रकान्तको वामपन्थको आकर्षण शुरूमा सशक्त र पछिचाहिँ रूझान मात्र हुन पुग्यो, जब उनले उच्च शिक्षाको क्रममा सोभियत संघमा विभिन्न विसङ्गति पनि देखे, रूस र चीन अलग थिए भने अर्कोतर्फ युरो कम्युनिज्म । यस्तै उनका अगाडि मार्सल टिटोको कम्युनिज्म, विश्वका अविकसित स्वतन्त्र हुन लागेका देशहरू हेरेर उनको चेतनामा यस्तो अन्तर्द्वन्द्वको भुमरी आयो कि उनी वाम दर्शन मन पराएर पनि व्यवहारमा वामपन्थी हुन सकेनन् । तर उनी कहिल्यै दक्षिणपन्थी पनि बन्न पुगेनन् ।

एउटा लेखक एउटा कलाकार चन्द्रकान्त समाजमा उच्च नीच मनन गर्दा उनलाई लाग्यो म राजनीतिक धरातलको व्यक्ति होइन, राजनीतिमा षड्यन्त्र, छलकपट, जालझेल खुट्टा तानातानजस्ता कुरा हुन्छन् । बी.पीले भनेझैं मेकियावेली बन्ने सामर्थ्य चन्द्रकान्तमा थिएन, उनी चाणक्यभन्दा सय कोस टाढा रहन्थे । यस्तो मान्छेले राजनीतिमा हामफाल्नु असम्भव प्रायः थियो । त्यसैले उनले रूसबाट फर्केपछि जागिर खाए सरकारको प्राविधिक तृतीय श्रेणीबाट । पेसाले इन्जिनियर उनी आफ्नै क्षमता, सीप र कुशलताबाट छोटो समयमा द्वितीय श्रेणीमा पुग्न सफल भए । दस वर्षभित्र उनले विदेशमा उच्च तालिम पनि लिए, इमानदारीपूर्वक राष्ट्रसेवकको रूपमा देशको सेवामा तल्लीन रहे ।

नेपालको निजामती सेवा अनौठो छ । यहाँ तरक्की गर्न चाकडी चाप्लुसी गर्नुपर्छ । त्यतिले मात्र पुग्दैन कमिसन बुझाउनुपर्छ, नजराना चढाउनुपर्छ, गुलामी त धर्मै हो । यी कुराहरू एउटा स्वाभिमानी परिवारको चन्द्रकान्तलाई जच्ने कुरै भएन, विदेशी

विशेषज्ञहरू छँदासम्म उनले स्वतन्त्र रूपले काम गरेर आफ्नो क्षमता देखाए, त्यसपछि सरकारी पदाधिकारीलाई चुनौती दिँदै आफ्नो स्वतन्त्र यात्रामा जानका लागि जागिरको दस वर्षमा नै राजीनामा दिनुपर्‍यो अर्थात् हाकिमहरूबाट बर्खास्तगी गराउनुबाट बचेर पनि उनी आफैँ राजीनामा दिन पुगे । असल मानिस गुलामी गरेर जागिरमा कसरी टिक्न सक्थे, दस वर्ष टिक्नु नै ठूलो गनिमत थियो । अब झन् विदेशी विशेषज्ञले काम गर्ने स्वतन्त्रता दिएकाले मात्र टिकेका हुन् ।

चन्द्रले आफ्नो स्वतन्त्र पाइलालाई कतै बन्धक राखेन । ऊ स्वतन्त्रताको दूर देशको यात्री हुँदा त्यहाँ उसको ठाउँ थिएन, यसो भनौं उसको ठाउँ नै त्यो थिएन । ब्युरोक्रेसीको चाप्लुसीपूर्ण प्रवृत्ति उसको मस्तिष्कमा नै थिएन । एउटा स्वतन्त्र वीचारको व्यक्ति, एउटा पेसाप्रति इमानदारी देखाउने व्यक्ति कसरी टिक्न सक्थ्यो, कसरी टिक्न दिन्थे ? आखिर एक दिन उसले विद्रोहलाई पखाल्दै आफू ब्युरोक्रेसीको दबदबाबाट मुक्त हुन चाह्यो र यस मुक्तिपछि ऊ स्वतन्त्र पेसामा प्रवृत्त हुन पुग्यो । इन्जिनियर कन्सल्ट्यान्टको समूह बनाएर देशको विकास अभियानमा अरू साथीहरूसँग सहकार्य गर्दै ऊ अघि बढ्यो । तुलनात्मक रूपमा ऊ स्वतन्त्र प्रकृतिको व्यक्ति थियो, त्यसैले उसले आफ्नो पैंतीस वर्षको उमेरमै स्वतन्त्र पेसा व्यवसाय रोज्न पुग्यो, जुन व्यवसायमा कसैको गुलामी गर्न पर्दैनथ्यो, घूस खाएर आफूलाई मालामाल गर्ने दूर्गन्ध बोक्न पर्दैनथ्यो । यस परिवारको बसोबास आजका दिनसम्म पनि पहाडमै छ । पेसागत रूपमा काठमाडौँमा बसेर काम गर्नुपर्ने हुँदा उसले यहाँ घर बनाए पनि ऊ एउटा यस्तो असल व्यक्ति बन्न खोजेको छ, जो सन्तानको शिक्षा-दीक्षामा जोड दिन पुगोस् । उसले चाहिँ एक थप कुरा पनि सोचेको छ, त्यो हो वृद्धावस्थामा औषधि उपचारसम्मको व्यवस्था होस्, त्यसैले स्वतन्त्र पेसामा रहेर मेहनतको कमाइ गर्न ऊ हिचकिचाउँदैन ।

चन्द्रले बुझेको छ, मान्छे जन्मन्छ, रोगी हुन्छ, वृद्ध हुन्छ, मर्छ, अजर अमर कोही छैन । ठूलो भन्नु सापेक्षताको कुरा हो । सापेक्षता सधैं एउटै किसिमले रहने पनि त होइन । सत्य तत्कालीन सत्य हुन्छ, सधैं रहँदैन । भौतिक, आर्थिक उन्नतिलाई ऊ उन्नति मान्दैन । आत्मिक उन्नति नै उसको वास्तविक उन्नतिको लक्ष्य हो । उसले युवा छँदैको अवस्थामा बुद्ध पढ्यो, गान्धी पढ्यो अनि युवावस्थामा नै मार्क्स, लेनिन पढ्यो । जीवनमा पाउँदाभन्दा गुमाउँदा राम्रो हुन्छ सेवाको सन्दर्भमा भन्ने कुरा उसले बुझ्यो । अनि जुन बेलामा आफूमा कुनै प्रकारको द्वन्द्व हुन्छ उसले आफ्नो देशको माटो छुने गर्छ अनि भन्ने गर्छ- नेपाल माता मलाई सद्बुद्धि देऊ, मलाई प्रेरणा देऊ । ऊ सधैं आमाको कर्तव्यमय निष्ठा छातीमा राखेर हिंड्ने गर्थ्यो । आमाको सच्चरित्र र उनको माया उसको मुटुमा रहने गर्थ्यो । आमा ६७ वर्षमा नै बित्नुभयो जुन बेला उसको उमेर ३५ वर्षभन्दा कम हुँदो हो । आमाको भनाइ हुन्थ्यो

ठूलो मानिस बन्नू, उहाँको ठूलो भनाइ असल या राम्रोको अर्थमा हुन्थ्यो । विश्वेश्वरले भनेझैं असल मानिस हुनू ठूलो मानिस नहुनू ।

चन्द्रको जीवनमा दुइटा कुराले ठूलो प्रेरणा दिएका छन् । ती हुन् उसको बनारस बसाइको सत्संग र रूसमा साथीहरूसँग भएको देश विकासका बारेमा छलफल र पढेका कृतिहरू । बनारसमा बस्दा उसले नेपालको क्रान्ति, प्रजातन्त्र पुनःस्थापना, सशस्त्र आन्दोलनजस्ता कुरालाई निकटताबाट हेर्न पायो, भारतीय प्रजातान्त्रिक पद्धतिलाई राम्रोसँग देख्न पायो भने उसका अग्रजहरू यज्ञ, ज्ञान, ढुण्डिराजलगायतको सान्निध्यतामा रहेका व्यक्तिहरूबाट ऊ मूलधारमा प्रवेश गर्न पायो, त्यो मूलधार हो इमानदारिता, लगनशीलता, दृढता, कर्मपरायणता ।

चन्द्र रूसमा पुगेपछि किताबी कीरो मात्र बनेन, जीवनलाई भोग गर्नुका साथै देश र जनताका लागि केही गरौँ भन्ने समूहमा संलग्न भयो । कहिले प्रकृतिसँग, कहिले वातावरणसँग, कहिले परिस्थितिसँग, कहिले समाजसँग, कहिले बनाइएका साथीसँग ऊ रमाइला दिनहरू बिताउन पुग्यो । ती दिनहरू उसलाई ज्यादै रोमाञ्चक र मर्मस्पर्शी लाग्दछन् । फरक कति छ भने यहाँको किशोर चन्द्र त्यहाँ पूर्ण चन्द्र बन्न पुग्दछ र जीवन भोग गर्न पुग्दछ । तेईस चौबीस वर्षको उमेरमा उसले गोर्की पढ्यो, माइकोब्स्की पढ्यो र सबभन्दा बढी मार्क्सका साहित्य पढ्यो, लेनिनलाई त बुझ्यो नै । तर जब उसले विश्वको राजनीतिक इतिहास पढ्यो अनि ऊ बिलखबन्दमा पर्‍यो के मार्क्सवाद मात्र अन्तिम सत्य हो त ? उसलाई स्टालिन र ख्रुस्चेभले यस्तो कुरा सोच्न बाध्य गराए । उसले यसै क्रममा जतिसुकै अप्राप्य भए पनि किताबको मोह छोड्न सकेन । उसको जीवनको एक मात्र उद्देश्य रह्यो केही न केही भावी सन्ततिहरूको लागि उपयोगी सावित हुने काम गर्नु ।

चन्द्रको जीवनका सबभन्दा महत्त्वपूर्ण क्षण र परिवेश त वाङ्लाको बाल्यकाल र किशोरकालीन अवस्था नै हो जहाँ उसले बाल्यकालीन र किशोरकालीन क्रियाकलापहरू गरेको छ । त्यसले उसको जीवनमा अमिट छाप छाडेको छ । ऊ सम्झिरहन्छ वाङ्लाको पृष्ठभूमिमा आफ्नो बाल्यकाल र ऊ साहित्य लेख्न प्रेरित हुन्छ ।

बनारसको पृष्ठभूमि धेरै फरक छ, त्यहाँको जीवन पद्धति अर्कै छ । त्यहाँबाट विभिन्न घाट, विश्वनाथ र नेपाली धर्मशाला, हरिहर संस्कृत पाठशाला इत्यादि स्मृतिका पानामा आइरहन्छन् । नेपालीहरूको मूल अध्ययन थलो कति रमाइलो थियो ! त्यसपछिका स्मृतिमा उसको जल्दोबल्दो जवानीका रमाइला ६ वर्ष आउँछन् र आउँछन् लेना, लारिसा र तान्याहरूका अनुहारहरू । अनि तिनीहरूको त्यो

आस्थाको धरोहर सोभियत संघ गर्ल्याम्म ढलेको सम्झन्छ र ऊ अत्तालिएर साहित्य लेखनतिर लाग्दछ ।

वाङ्लाका आचार्य वंशलाई घरानिया भनियो - घरानाका लक्षण मिलेकाले । अथवा यसलाई झाङ्गिएर मौलाएको बटवृक्षको उपमा दिएर यहाँ अवलोकन गरियो । आचार्यका वंशवृक्षमा धेरै चराले आश्रय पाएका छन् । उदीय याममा कोइली कराएको सुनियो । यसले चराहरूमध्ये आफ्नो पृथक् उपस्थिति जनायो । त्यसैले आममध्ये अलग भयो त्यो । चरामध्येको चरो भयो । आचार्यमध्येको चन्द्रकान्त आचार्य भयो । यही स्मरणीय विषय हो । चन्द्रले आफ्ना अनेकौँ भिन्नतामध्ये मुख्य तीन विशेषताले गर्दा भिन्न बनाए आफूलाई :

क) कर्म प्रपञ्चमध्येको सत्कर्म प्रवृत्तिमा आत्मसात्,
ख) संसारभरी घुम । ज्ञान र सीप सिक । तर त्यसको प्रयोग भने आफ्नै माटोमा गर भन्ने शंखघोष,
ग) अनुभवसिद्ध र ज्ञानवृद्ध भएपछि साहित्य लेखनमा तत्परता,

चन्द्रकान्त अभियन्ता हुन् । पढ्ने क्रममा र अध्ययन भ्रमणका क्रममा उनको लामो बसाइ रूसमा हुन गयो । रूसमा अध्ययन गर्ने अधिकांश व्यक्ति छापावाल बन्छन् भन्ने सुनिन्छ । भनूँ न लालमोहर लाग्छ तिनका उपर -

१) कम्युनिष्टको लाहाछाप,
२) रूसयाहाको लालमोहर,
३) केटीसँग रसरङ्गको प्रमाणपत्र आदि

चन्द्रले दोस्रो र तेस्रो छाप देख्ने गरी लगाएनन्, तर अध्ययन क्रममा कम्युनिष्ट साहित्यले प्रभाव पार्‍यो । यद्यपि उनी त्यसभित्र थला परेनन् । कसैको प्रभावमा पर्नु सङ्कीर्णता हो । धेरैको प्रभाव बटुलेर आफ्नो प्रभाव बनाउनु महानता हो । उनले यही बाटो रोजे । यही बाटोमा आफ्नो अलग पहिचान छ भन्ने कुरा उनले बुझे ।

चन्द्र पेसाले इन्जिनियर भए पनि कोमल मनको भावुक थियो । अनि त उसले आफ्नो यात्रालाई साहित्यिक यात्रा बनायो । लेखनीलाई खार्न लाग्यो र कृतिहरू निस्कन थाले । उसका कृतिहरू कुनै आदर्शमा मात्र आधारित छैनन्, यथार्थ छन्, कल्पना छन्, जीवनको सन्दर्भलाई अगाडि बढाउने छन् । साहित्यलाई ऊ एउटा सन्तोषको रूपमा लिने गर्छ भने अर्कोतर्फ साहित्यले आनन्द दिनुपर्छ भन्ने ठान्दछ । साहित्यमा विविधता, बहुलता उसका विषयवस्तु हुन् अर्थात् सर्वव्यापकतालाई उसले इमानदारितासाथ अघि बढाउन चाहेको छ । यो सर्वव्यापकता उसको विश्व शान्ति,

मानवता, मानव कल्याण, परसेवाजस्ता कुरामा केन्द्रित छ । साहित्यको बारेमा ऊ भन्ने गर्छ- साहित्यले शान्ति दिन्छ, सन्तोष दिन्छ, आनन्द दिन्छ । साहित्यलाई उसले जीवनको एउटा महत्त्वपूर्ण पाटोमा लिएको छ । यो यस्तो पाटो हो जो समाजको दर्पण हो । साहित्य परिवर्तनशील हुनैपर्छ भन्ने आग्रह वा कुनै प्रकारको दुराग्रह उसमा छैन । साहित्यमा प्रतिबद्धताकै नारा उरालेर ऊ हिँड्दैन, न त कला कलाका लागि भन्छ । आग्रह र दुराग्रह नरहे पनि उसको साहित्य र कलाप्रतिको चिन्तन टैगोरजस्तै टालस्टायजस्तै छ ।

मानवता, विश्व शान्ति र आत्मिक विकासको सन्दर्भमा निश्चित रूपमा ऊ एउटा कुरा भन्ने गर्छ त्यो हो- सबैले अभिव्यक्ति स्वतन्त्रता पाउनुपर्छ । त्यस स्वतन्त्रतामा जसको पनि विचार सम्मानित हुन सक्छ । मन नपर्नेले अर्को विचार लिन सक्छन् । यस अर्थमा ऊ एउटा अभिव्यक्ति स्वतन्त्रताको हिमायती देखा पर्छ । साहित्यलाई राजनीतिक रंगमा मुछ्न ऊ रुचाउँदैन । तैपनि कसैले राजनीतिक रंगमा मुछ्यो भने ऊ विरोध गर्दैन । कमसेकम पनि आजको बदलिँदो विश्वमा मार्क्स, डार्बिन, फ्रायडजस्ता विचारकहरूद्वारा उद्वेलित धारालाई ऊ साहित्यमा ल्याउन चाहन्छ । उसको विचारमा पूर्वीय र पश्चिमा दुबै चिन्तनहरू उत्तिकै महत्त्वपूर्ण छन् । यी दुईको समन्वय गर्नुपर्छ । ऊ भन्ने गर्छ- कालिदासको साहित्य र सेक्सपियरको साहित्य कति उच्च छन् ।

चन्द्रकान्तले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । जसले नेपाली साहित्य भण्डार सुवासित हुँदै छ ।

अहिले चन्द्र सेवानिवृत्त छन् । उनलाई जागिरका प्रपञ्चमा रिंगिनु छैन । राजनीतिको फोहोरमा उनी कहिल्यै मुछिएनन् । यससँग उनको कुनै साइनो सम्बन्ध छैन । त्यसैले उनी जीवन जगत्का टापु जस्ता छन् - छुट्टै अलग्गै । यो स्थितिलाई कायम राखेर उनी सिर्जना गरिरहेका छन् । एक प्रकारले भन्ने हो भने यो उनको अघोर साधना हो । यसबाट एक दिन उनले अवश्य नै सिद्धि प्राप्त गर्नेछन् । त्यसको लक्षण उनका प्रकाशित पूर्ण कृति, संकलित रचना र प्रकाशोन्मुख कृतिहरूले देखाइरहेका छन् ।

ooo

निबन्ध

# जीवन, कर्म र कीर्ति



✍ **राम ज्ञवाली**

जीवन, कर्म र कीर्ति अस्तित्वको त्रिवेणी हो । मानव जीवनको गहनतम रहस्य तीन शब्दमा समेटिन्छ : जीवन, कर्म र कीर्ति । यी तीन अवधारणाहरू एकअर्कासँग अविभाज्य रूपमा जोडिएका छन् । जीवन एक क्षणिक यात्रा हो, कर्म यस यात्राको इन्धन र दिशा हो, र कीर्ति यस यात्राको अमर साक्षी । जीवनविना कर्म अधुरो हुन्छ, कर्मविना जीवन अर्थहीन हुन्छ, र कर्मविना कीर्ति कल्पना मात्र रहन्छ । मानव अस्तित्वको गहनता बुझ्नका लागि यी तीन तत्त्वहरूको अन्तरसम्बन्धलाई विश्लेषण गर्नु आवश्यक छ । जीवनलाई मात्र एक जैविक प्रक्रिया ठान्नु गलत हुन्छ; यो एक सतत संघर्ष र सृजनाको माध्यम हो । कर्म भनेको केवल कार्य होइन, यो नियत र परिणामको संयोजन हो र कीर्ति कर्मको फलस्वरूप प्राप्त हुने अमरत्व हो, जसले जीवनलाई अर्थपूर्ण बनाउँछ । जीवन एउटा रङ्गमञ्च हो, कर्म त्यसको अभिनय र कीर्ति त्यस अभिनयले छोडेको अमिट छाप । यी तीन तत्त्वको सन्तुलित संयोजनबाट नै एउटा साधारण मानिस 'असाधारण' बन्न पुग्छ । नेपाली साहित्य र दर्शनको गहिराइमा डुबेर हेर्दा, जीवनलाई भोग्ने कि उपयोग गर्ने भन्ने प्रश्नको उत्तर 'कर्म' र 'कीर्ति' मा भेटिन्छ । जीवन सम्भावनाको सुन्दर उपहार हो । यो केवल श्वास-प्रश्वासको निरन्तरता मात्र होइन । यो त एउटा यस्तो अवसर हो, जहाँ हामीले आफूलाई र यो जगत्लाई चिन्न सक्छौँ । दार्शनिक दृष्टिमा जीवन एउटा खाली क्यानभास हो, जसमा हामी कस्तो रङ भर्छौं भन्ने कुरा हाम्रै हातमा हुन्छ । जीवन क्षणभंगूर छ । 'मुटु कतिञ्जेल धड्किन्छ' भन्ने कसैलाई थाहा छैन । तर, यही सीमितताले नै जीवनलाई मूल्यवान् बनाउँछ । हामी यो पृथ्वीमा 'किन छौँ ?' भन्ने प्रश्नको उत्तर खोज्नु नै जीवनको यात्रा हो ।

उपनिषद्‌मा भनिएको छ, तिमी त्यही परम तत्त्व हौ । भगवद्‌गीतामा जीवनलाई आत्माको यात्रा मानिएको छ, जसमा कर्मले जन्म-मृत्युको चक्रलाई प्रभावित गर्छ । जीवन भनेको यो परम तत्त्वको अस्थायी अभिव्यक्ति हो । यो यात्रा जन्मदेखि मृत्युसम्मको सीमित समयमा फैलिएको छ, तर यसको गहनता यसको अनन्त सम्भावनामा निहित छ । कर्मको अवधारणा हिन्दू दर्शनमा मात्र सीमित छैन; बौद्ध दर्शनमा जीवनलाई 'दुःख' को रूपमा चित्रित गरिएको छ, जसको मूल कारण अज्ञानता र तृष्णा हो । यस धर्ममा पनि कर्मलाई कारण-कार्यको नियम मानिन्छ । आधुनिक अस्तित्ववादमा जस्तै जाँ पल सार्त्रले भनेका छन्, "अस्तित्व सारभन्दा अघि आउँछ", जीवनलाई मानिसले आफैंले अर्थ दिनुपर्छ । यस अर्थमा जीवन एउटा खाली क्यानभास हो, जसमा कर्मले रङ भर्छ । कर्मले नै जीवनलाई गति दिन्छ । भविष्यको जीवनलाई आकार दिन्छ । यदि जीवनलाई एउटा नदी ठान्ने हो भने, कर्म यसको प्रवाह हो–कहिले शान्त, कहिले उर्लिएको । कीर्ति यसको मुहानबाट समुद्रसम्मको यात्राको स्मृति । जीवनको सार्थकता कर्मको गुणस्तरमा निर्भर गर्छ ।

कर्मको अवधारणा सबैभन्दा गहन छ । हिन्दू दर्शनमा कर्मलाई 'कर्मफल' को नियमले नियन्त्रित गरिएको छ । भगवद्‌गीतामा श्रीकृष्णले अर्जुनलाई भन्नुहुन्छ, "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" अर्थात् तिम्रो अधिकार कर्ममा मात्र छ, फलमा होइन । यो वचनले कर्मलाई निःस्वार्थ बनाउँछ । कर्म भनेको केवल शारीरिक वा मौखिक कार्य होइन; यो मन, वचन र कर्मको संयोजन हो । यसको नियतले नै यसको फल निर्धारण गर्छ । यदि नियत शुद्ध छ भने, कर्मले सत्कर्म बन्छ; यदि स्वार्थी छ भने, पापकर्म । बौद्ध धर्ममा कर्मलाई 'चेतना' सँग जोडिएको छ । कर्म भनेको कारण-कार्यको नियम हो, जसले पुनर्जन्मको चक्रलाई चलाउँछ । जैन दर्शनमा कर्मलाई 'प्रत्यक्ष अनुभव' को माध्यम मानिन्छ । पश्चिमी दर्शनमा इम्मानुएल काण्टको 'क्याटेगोरिकल इम्पेरेटिभ' ले कर्मलाई सार्वभौमिक नैतिक नियमसँग जोड्छः "त्यसरी कार्य गर कि तिम्रो कार्यको नियम सबैका लागि सार्वभौमिक नियम बन्न सकोस् । " यसले कर्मलाई व्यक्तिगत होइन, सामूहिक हितसँग जोड्छ । कर्म भनेको सकारात्मक वा नकारात्मक कार्यहरूको संग्रह हो, जसले उदाहरणका लागि, महात्मा गान्धीको जीवनमा अहिंसात्मक कर्मले उनलाई विश्वव्यापी कीर्ति प्रदान गर्‍यो । जीवनविना कर्म व्यर्थ छ । कर्मको गहनता यसको बहुआयामिक प्रभावमा छ, नैतिक आयाममा निहित छ । व्यक्तिगत स्तरमा कर्मले चरित्र निर्माण गर्छ । सामाजिक स्तरमा यसले समाजको संरचना निर्धारण गर्छ । उदाहरणका लागि, महात्मा गान्धीको सत्याग्रह र अहिंसाको कर्मले भारतलाई

स्वतन्त्रता दिलायो र विश्वलाई शान्तिको सन्देश दियो । नेल्सन मण्डेलाको २७ वर्षको कैदपछि पनि मेलमिलापको नीतिले दक्षिण अफ्रिकालाई एकताको उदाहरण बनायो । यी उदाहरणहरूले देखाउँछन् कि कर्मले मात्र जीवनलाई प्रभावित गर्दैन, इतिहासलाई पनि परिवर्तन गर्छ । तर कर्मको अन्धकार पक्ष पनि छ । यदि कर्म स्वार्थी र हिंसात्मक छ भने, यसले विनाश निम्त्याउँछ । द्वितीय विश्वयुद्धका हिटलरको कर्मले लाखौंको ज्यान लियो, तर कीर्ति होइन, कलङ्क मात्र छोड्यो । यसबाट स्पष्ट हुन्छ कि कर्मको फल सधैं सकारात्मक हुँदैन; यो नियत र परिणामको संयोजन हो । कर्मलाई केवल भौतिक कार्य ठान्नु सतही हुन्छ; यो आन्तरिक नियतबाट निर्देशित हुन्छ । काण्टको दर्शनमा 'क्याटेगोरिकल इम्पेरेटिभ' ले कर्मलाई नैतिक नियमबाट जोड्छ, जसले व्यक्तिगत लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिन्छ । जीवनमा कर्मको भूमिका निर्णायक हुन्छ, किनकि यसले व्यक्तिको भाग्य लेख्छ । तर कर्मलाई कीर्तिसँग जोड्दा यसको महत्त्व झन् बढ्छ । कीर्ति भनेको समाजद्वारा प्रदान गरिने सम्मान हो, जसले कर्मको उत्कृष्टतालाई अमर बनाउँछ । नेल्सन मण्डेलाको जीवनमा रंगभेदविरूद्धको कर्मले उनलाई विश्वव्यापी कीर्ति दिलायो । कीर्ति क्षणिक प्रसिद्धि होइन; यो दीर्घकालीन प्रभाव हो । जीवनमा कर्मबाट कीर्ति प्राप्त गर्नका लागि इमानदारी र समर्पण आवश्यक छ । यदि कर्म स्वार्थी छ भने, कीर्ति क्षणिक हुन्छ; तर यदि कर्म निःस्वार्थ छ भने, कीर्ति अमर हुन्छ । कर्म अस्तित्वको सार्थकता हो । जीवनलाई गति दिने इन्जिन 'कर्म' हो । श्रीमद्भगवद्गीतामा श्रीकृष्णले भन्नुभएको छ– "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" अर्थात् कर्ममा तिम्रो अधिकार छ, फलमा होइन । कर्म नै त्यो कडी हो जसले मानिसलाई पशुभन्दा भिन्न र श्रेष्ठ बनाउँछ । हात-पाखुरा चलाउनु मात्र कर्म होइन । जुन कर्मले समाजको हित गर्छ, जसले अरूको आँसु पुछ्छ र जसले न्यायको पक्ष लिन्छ, त्यही नै सार्थक कर्म हो । आफ्नो क्षमता र विवेकअनुसारको सही काम रोज्नु र त्यसमा दत्तचित्त भएर लाग्नु नै वास्तविक पुरुषार्थ हो । कर्मविनाको जीवन केवल एउटा बोझ मात्र हुन्छ ।

कीर्ति भनेको कर्मको अमर फल हो । संस्कृतमा 'कीर्ति' को अर्थ 'प्रसिद्धि' वा 'यश' हो, तर यसको गहन अर्थ 'अमरत्व' हो । महाभारतमा भनिएको छ, "कीर्तिर्हि परमं दानं" अर्थात् कीर्ति नै सर्वोत्तम दान हो । कीर्ति दुई प्रकारको हुन्छः क्षणिक र शाश्वत । क्षणिक कीर्ति धन, पद वा सत्ताबाट आउँछ, जुन मृत्युपछि लोप हुन्छ । शाश्वत कीर्ति भने कर्मको नैतिक उत्कृष्टताबाट आउँछ । यो समाजको स्मृतिमा बस्छ । उदाहरणका लागि, बुद्धको करूणा र ज्ञानको कर्मले उनलाई

हजारौं वर्षपछि पनि कीर्ति दिएको छ । अब्राहम लिंकनको दासत्व उन्मूलनको कर्मले उनलाई अमर बनायो । नेपालको सन्दर्भमा भक्तपुरका कलाकारहरूको कर्मले नेपाली कला र संस्कृतिलाई विश्वव्यापी कीर्ति दिलाएको छ । कीर्ति प्राप्त गर्नका लागि कर्ममा निःस्वार्थता आवश्यक छ । यदि कर्ममा अहंकार मिसियो भने, कीर्ति पनि क्षणिक हुन्छ । कीर्ति मृत्युपछिको अमरता हो । कीर्ति अर्थात् यश वा ख्याति । तर यो ख्याति सस्तो लोकप्रियता होइन । यो त मानिस मरेर गए पनि उसले छोडेर गएको सत्कर्मको सुगन्ध हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले भन्नुभएको छ– "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" र त्यही विशाल दिलले गर्ने कर्मले नै मानिसलाई 'अजरामर' बनाउँछ । भौतिक शरीर खरानी भएर जान्छ, तर कीर्ति कहिल्यै मर्दैन । भानुभक्त, बुद्ध, वा अरनिको आज हामीमाझ छैनन्, तर उनीहरूको कीर्तिले गर्दा उनीहरू जीवितै छन् । अरूका लागि बाँचिने जीवनले नै उच्च कीर्ति स्थापना गर्छ । स्वार्थमा लिप्त भएर कमाएको धनभन्दा सेवामा समर्पित भएर कमाएको नाम धेरै शक्तिशाली हुन्छ ।

आधुनिक सन्दर्भमा जीवन, कर्म र कीर्तिको सम्बन्धलाई हेर्दा, प्रविधि र सामाजिक सञ्जालले यसलाई परिवर्तन गरेको छ । आजका युवाहरूले जीवनलाई सफलताको दौड ठान्छन्, जहाँ कर्मलाई पदोन्नति र कीर्तिलाई लाइक्स र फलोअर्सबाट मापन गर्छन् । तर यो सतही छ । सच्चा कीर्ति कर्मको गुणवत्ताबाट आउँछ, जस्तै कि मालाला युसुफजाईको शिक्षा अधिकारका लागि गरेको कर्मले उनलाई नोबेल पुरस्कार दिलायो । जीवनको गहनतामा कर्मलाई नैतिकतासँग जोड्नुपर्छ, अन्यथा कीर्ति भ्रामक हुन्छ । प्लेटोको 'रिपब्लिक' मा न्यायपूर्ण कर्मलाई राज्यको आधार मानिएको छ, जसले व्यक्तिगत जीवनलाई पनि प्रभावित गर्छ । आधुनिक युगमा जीवन, कर्म र कीर्तिको सम्बन्ध जटिल बनेको छ । सामाजिक सञ्जालले कीर्तिलाई 'भाइरल' बनाएको छ । आजका युवाहरूले जीवनलाई 'ट्रेन्ड' र 'फलोअर्स' को दौड ठान्छन् । कर्मलाई 'कन्टेन्ट क्रिएशन' मा सीमित गरिएको छ, जसको फल 'लाइक्स' र 'भ्यूज' हुन्छ । तर यो कीर्ति होइन, प्रसिद्धि मात्र हो । सच्चा कीर्ति दीर्घकालीन प्रभावबाट आउँछ । मालाला युसुफजाईको शिक्षा अधिकारका लागि गरेको कर्मले उनलाई नोबेल शान्ति पुरस्कार दिलायो, जुन अमर कीर्ति हो । प्रविधिले कर्मको दायरा बढाएको छ–एक क्लिकबाट विश्वलाई प्रभाव पार्न सकिन्छ–तर यसले नैतिक जिम्मेवारी पनि बढाएको छ । यदि कर्म गलत छ भने, कीर्ति होइन, बदनामी हुन्छ । जीवन, कर्म र कीर्तिको अन्तरसम्बन्धलाई एक चक्र ठान्न सकिन्छ । जीवनले कर्मको अवसर दिन्छ, कर्मले जीवनलाई सार्थक बनाउँछ, र कर्मको उत्कृष्ट फल कीर्ति बन्छ । यो चक्रमा सन्तुलन राख्नु नै मानव

जीवनको परम उद्देश्य हो । प्लेटोको 'रिपब्लिक' मा न्यायपूर्ण कर्मलाई राज्यको आधार मानिएको छ, जसले व्यक्तिगत जीवनलाई पनि प्रभावित गर्छ । अरस्तुले 'युडेमोनिया' (सुख) लाई सद्‌गुणपूर्ण कर्मबाट प्राप्त हुने बताएका छन् । यसले देखाउँछ कि कीर्ति सुखको उपज होइन, सद्‌गुणको उपज हो ।

जीवन एक उपहार हो, कर्म यसको प्रयोग हो, र कीर्ति यसको प्रतिफल हो । जीवन कर्मको क्यानभास हो र कीर्ति यसको उत्कृष्ट चित्र । जीवनलाई सार्थक बनाउन कर्मलाई नैतिक र निःस्वार्थ बनाउनुपर्छ । सद्‌गुणपूर्ण बनाउनुपर्छ । कीर्ति स्वतः प्राप्त हुन्छ, जब कर्म समाज र मानवताको हितमा हुन्छ । यो यात्रामा सधैं प्रश्न गर्नुपर्छः मेरो कर्मले कसलाई फाइदा पुऱ्याउँछ ? यदि यसको उत्तर 'अरूलाई' हुन्छ भने, जीवन अर्थपूर्ण बन्छ, कर्म पवित्र हुन्छ, र कीर्ति अमर बन्छ । अन्ततः, जीवनको यात्रा कर्मबाट सुरू हुन्छ र कीर्तिमा समाप्त हुन्छ । यो चक्रलाई सम्झेर बाँच्नु नै सच्चा मानवता हो । यो चक्रमा सन्तुलन राख्नु नै मानव दर्शनको सार हो । जीवन, कर्म र कीर्तिको तीनै पक्षहरू एक-अर्कामा अन्तरसम्बन्धित छन् । जीवनले हामीलाई जग दिन्छ । कर्मले त्यसमा घर निर्माण गर्छ । कीर्ति त्यो घरको उज्यालो हो, जसले अरूलाई मार्गनिर्देश गर्छ । "भावी पुस्ताले तिम्रो बारेमा के कुरा गर्नेछन् भन्ने कुरा हामीले आज गर्ने कर्मले निर्धारण गर्छ । " यदि जीवनलाई एक पुस्तक ठान्ने हो भने, कर्म यसका अध्यायहरू हुन् र कीर्ति यसको शीर्षक । अन्ततः, जीवनको यात्रामा कर्मबाट कीर्ति प्राप्त गर्नु नै परम उद्देश्य हो ।

हामी यो संसारमा रित्तो हात आएका हौँ र रित्तो हात नै जानेछौँ । तर, यो बीचको समयमा हामीले गर्ने 'कर्म' ले नै हाम्रो 'कीर्ति' को मन्दिर बनाउँछ । त्यसैले, जीवनलाई गुनासोमा होइन, सिर्जनामा बिताउनुपर्छ । कर्म यस्तो होस् कि, मृत्युले शरीर लगे पनि संसारले हाम्रो नाम सधैं सम्मानका साथ उच्चारण गरोस् ।

**रिब्दीकोट-४, नारायणथोक, पाल्पा ।**

ooo


किरण पुस्तकालय तम्घास, गुल्मीलाई आफ्ना गाउँपालिका र नगरपालिकाबाट प्रकाशित सबै प्रकारका राजपत्र, योजना पुस्तिका, पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य प्रकाशनहरू उपलब्ध गराइदिई सहयोग गर्नुहुन अनुरोध छ ।

**किरण पुस्तकालय**

तम्घास, गुल्मी ।

# रामचन्द्र कोइराला र 'दृष्टान्त' खण्डकाव्य

✍नैध्रुव कश्यप

## कवि-परिचय

रामचन्द्र कोइरालाको जन्म कोइराला फाँट, लमजुङमा २००३ सालमा भए पनि आन्तरिक बसाइँ-सराइका क्रममा २०२० सालपछि हालको भरतपुर महानगरपालिका वडा नं. ६, पारसनगरमा बसोबास रहेको छ । बि.ए. र बि.एड.सम्मको शिक्षा प्राप्त रामचन्द्रका पिता रामनाथ कोइराला र माता शिवादेवी कोइराला हुन् । ३२ वर्षसम्मको शिक्षण अभ्यासपछि २०५७ सालदेखि सेवानिवृत्त भई धर्म, ईश्वर चिन्तन, पारमार्थिक मुक्तिमार्गमा रमाउने हेतु शास्त्रीय छन्द अनुष्टुप्मा केन्द्रित रही दृष्टान्त (२०८२) खण्डकाव्यको रचना भएको छ । नेपालको प्रजातान्त्रिक आन्दोलन र साहित्यिक उन्नयनको नेपाली पाटोमा यी मौद्गल्य ऋषिका सन्तानहरूको महत्त्वपूर्ण योगदान छ । चितवनका वाङ्मयसेवी कोइरालाहरूको मात्र कुरा गर्दा पनि कोमलनाथ कोइराला, तीर्थराज कोइराला, प्रेमराज कोइराला, चिरञ्जीवी कोइराला नेपाली, राधा कोइराला (सापकोटा), सीताराम कोइराला (क), नारायणप्रसाद कोइराला, श्रीकान्त कोइराला, सीताराम कोइराला (ख) को लहरमा कविको रूपमा वयोवृद्ध अवस्थामा उन्मुख समयमा रामचन्द्र कोइरालाको काव्योदय (कविका रूपमा) उदय भएको छ । आवरणसमेत गरी ५० पृष्ठको आयतनमा दृष्टान्त खण्डकाव्य रचना गर्ने कोइरालाको अर्को थप कृति प्रकाशनको तयारीमा छ । ८० को दशक आरम्भमा पुग्न लाग्नुभएका कोइरालामा कृतिगत युवा जोश कविमा आउनु नेपाली काव्य साहित्य र चितवनको माटोका लागि अति राम्रो विषय हो । यस खण्डकाव्यको सेरोफेरोमा रही कृतिको विवेचना गर्ने प्रयास पङ्क्तिकारको हुने नै छ ।

## 'दृष्टान्त' खण्डकाव्यको भौतिक स्वरूप

यो काव्य २०८२ साल वैशाखमा प्रकाशित भएको हो । चार रङ्गमा अमूर्त मानव दुई हात शिरमा राखेर केही सोचिरहेको केही अस्पष्ट आकारको आवरण अग्रभागमा छ भने पछिल्लो आवरणमा कवि परिचयको 'व्यक्तिवृत्त' रहेको छ । आफ्नै पहलकदमीमा प्रकाशित यस काव्यबारे पश्च भागमा प्रा.डा. कुलपसाद कोइरालाको ३० शब्दको सङ्क्षिप्त अनुच्छेद छ, जसले पुस्तकको विषयलाई उजागर गरेको छ । दुई पृष्ठको 'शुभकामना' बाट नै यी पृष्ठभागका पङ्क्ति साभार गरिएका छन् । काका पर्ने रामचन्द्रको कवित्व चेतना, अवलम्बित विषय, नेपाली काव्यको परम्परामा

अवलम्बन गरिएको भानु-लेखनाथीय दृष्टान्तपरक काव्यशिल्पको मार्गचित्रसँगै मानवका चार आश्रममध्येको कर्म र ती सबैका उत्तरदायित्वपूर्ण जीवनको समीक्षाका बीच काव्यमाथिका समीक्षकीय भूमिका विद्यमान छ । बानेश्वर बहुमुखी क्याम्पसका प्राध्यापक डा. मधुसूदन लामिछानेले ८० पङ्क्ति, २० श्लोकको शार्दूलविक्रीडित छन्दमा 'दृष्टान्त छन् सुन्दर' शीर्षक दिई काव्यात्मक दार्शनिक चिन्तनले भरिपूर्ण पद्यात्मक समीक्षा गरेका छन् । यथार्थमा यी श्लोकले दृष्टान्त खण्डकाव्यको कवितात्मक स्तर माथि उठाउने र अवलम्बन गरिएको विषयमा गुणवादी दर्शनका कोणबाट उच्चस्तरीय समीक्षा भएको छ । यसभित्र उनले रामचन्द्रको बाल्यकाल, शिक्षण, संस्कार, धर्म-अधर्म, सत्-असत्, सांसारिक जीवनचक्र, श्रद्धाभक्ति, कर्मशील जीवन, आत्मा-परमात्मा, जीवन र जीवनचक्र, आचार-नीति, धर्म, लौकिक परम्परा, संस्कार, संस्कृति, सांस्कृतिक विशेषता, भक्तिभाव, ईश्वरीय चिन्तन आदिलाई समस्यापूर्तिको शैलीमा डा. लामिछानेले राम्रो विश्लेषण गरी कविको कवित्वचेतनालाई कृत्य-कृत्य बनाएका छन् ।

'मेरो भनाइ' कविको आत्मकथ्य हो । यसले छ पृष्ठको आयतन ओगटेको छ । स्व. केदार रेग्मी, कोमलनाथ कोइरालाको धार्मिक र साहित्यिक सत्सङ्गबाट साहित्य र धर्मशास्त्रतर्फ लागेको स्पष्टीकरण दिनु, २०४७-०४८ सालपछिको राजनीतिक दुर्गन्धबाट आजित भई परिवारजनको सहयोगमा भागवत रहस्यको पुस्तक पठनबाट धार्मिक चेतना जागृत हुनु, चेतकान्त चापागाइँ, डी.डी. शर्मा, शिवराज लामिछानेजस्ता कविहरूबाट सामान्य छन्द ज्ञानको चेतना पाउनु, अनुष्टुप् छन्दमा रामायण, महाभारत, ज्योतिषलगायत विद्वान्हरूका महान् वाणीबाट प्रेरणा मिल्नु, २०६५ सालबाट राजनीतिक दुर्गन्धबाट मुक्त भई छन्दसाधना र साहित्यलेखनमा केन्द्रित हुनु, धार्मिक चिन्तन, ईश्वरीय मर्म, पारमार्थिक मुक्तिमार्गको अवधारणामा उत्प्रेरित हुनु, वर्तमान राजनेता र संभ्रान्त मान्छेहरू, सुरा र सुन्दरी, मदशाला, जुवा, क्यासिनोप्रति आकर्षित हुँदा नेपाली समाज, सभ्यता, संस्कार, संस्कृति समाप्त हुँदै गएकोमा कविको मन दुःखित हुनु, आफ्ना अभिभावकप्रति कृतज्ञता व्यक्त गर्नु, उनीहरूको मृत्युपश्चात् शोककाव्य लेख्न नसकेकोमा पीडा र पश्चात्ताप व्यक्त गर्नु, बाल्य र युवाकालीन जीवन कृषिकर्ममा रहेका साहित्यिक जागरण आउन नसक्नु, कृति प्रकाशनमा सहयोग पुऱ्याउने प्राध्यापकद्वय, परिवारजनसँगै प्रा.डा. कुलप्रसाद कोइराला र प्रा. मधुसुदन लामिछानेप्रति विशेष कृतज्ञतासहित पुस्तकको आत्मकथ्य समापन भएको छ ।

### 'दृष्टान्त' खण्डकाव्यको वस्तुसन्दर्भ

संरचनात्मक रूपले श्लोक सङ्ख्या १९२ भए पनि दुई पङ्क्तिको एक श्लोक हुने शास्त्रीय मान्यताभन्दा भिन्न चार पङ्क्ति, एक अनुष्टुप् छन्दको श्लोक बनाइएको

छ । यसरी मान्ने हो भने १९२ ह २ = ३८४ श्लोक हुन आउँछ । यदि पङ्क्ति एकल मान्ने हो भने ७६८ हुन आउँछ । त्यो नभई परम्परागत रूपले ३८४ श्लोक नै हुन् । यसभित्र वैदिक सनातन धर्म, संस्कृतिसँग जोडिएका मानव जीवनलाई अर्थपूर्ण जीवन भोगाइका बीच कर्मशील बन्ने अभिप्रेरणाबाट उत्प्रेरित भई यस काव्यको रचना भएको छ । यो साहित्यिक खण्डकाव्य नभई धार्मिक, सांस्कृतिक, लौकिक र सांस्कारिक रीतिरिवाज, मूल्य र मान्यतालाई ध्यानमा राखेर मानव जीवनलाई सार्थक बनाउने अभिप्रायबाट यसको रचना भएकाले समग्र काव्यको विषय पनि यही आचरणको निष्ठा समावेश गरी लेखिएको छ । यस मानेमा यो दार्शनिक र धार्मिक दृष्टान्तको भण्डार हो । जसमा लेखकको आफ्नो जीवनमा देखे-जानेका र सुने-भोगेका अनुभूतिको चिन्तनपरक दस्ताबेज बनेर यो आएको छ । यस लोकको कारागारमा जाने अवस्थाका बीच मानिसलाई सत्कर्ममय बनाउने चिन्तनका कारण ईश्वर, आमा, शरीर, उज्यालो, अन्धकार, ज्ञानी, अज्ञानी, पुण्यात्मा, पापिष्ट, मूर्ख, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या आदि विषयबाट दृष्टान्तको उठान भएको छ । राजर्षि जनकको सुकर्म, भौतिक विज्ञानको अपूर्णता, सांसारिक सञ्जालबाट मुक्तिमार्गका लागि ईश्वरीय चिन्तन, ज्ञानयज्ञ र कर्मयज्ञको प्राथमिकता, निराशाको आतङ्क र अध्यात्मको जीवनमूल्यमय चिन्तन, सुकर्म र कुकर्मको व्याख्या, भगवद्भक्तिको महत्त्व, ज्ञान-अज्ञानको विभेद, गुरुज्ञानको सर्वोच्चता, पाखण्डीपनको नग्नतापूर्ण प्रदर्शन, सांसारिक भोगविलास नै दुःखको मार्ग मान्ने चिन्तन, आवेग र संवेग, भक्तिज्ञान र वैराग्यलाई उत्तम मार्ग मान्ने प्रयास, ईश्वरको शरण नै भयबाट मुक्ति हो भन्ने सोच आर्जित ज्ञान, धर्मविना शान्तिको प्राप्ति छैन भन्ने निष्कर्ष, राजा परीक्षितको दृष्टान्त र मृत्युको अन्तिम सत्यता, खालि संसार छोड्ने शाश्वत शिल्पसम्मका विषय सामग्रीले चिन्तनको कामना गरेका छन् ।

ईश्वरीय प्रेरणा र आशीर्वचन, आसुरी प्रवृत्ति नै उन्मुक्तिको अवरोधक हो भन्ने सोच, ज्ञान र अज्ञान नै तरबारका धार मान्ने प्रवृत्ति, मृत्यु नै रोग मुक्तिको कारक तत्त्व मान्ने स्वभाव, कृष्णभक्ति नै अन्तिम सत्य मान्ने पद्धतिको अवलम्बन, खुसीको मरण, विषय-वासनामुक्त ईश्वरको शरण, कीर्तिको प्रशंसा गर्ने सन्देश, कामाशक्ति को विनाश र अनाशक्ति को आकर्षण, मृत्यु प्रकरणमा गीता दर्शनको प्रभाव, ईश्वरीय भक्तिभाव र परोपकार, अमृत वेदान्त र ज्ञानमार्गको प्राप्ति, पद, प्रशंसा, प्रतिष्ठा नै घातक हो भन्ने मूल्यबोध गर्ने कुराको आग्रह, सुकरात, थोरो र गान्धीको बिम्ब, घमण्ड र अहङ्कार दुःखको भण्डार हो भन्ने निष्कर्ष, आसुरी प्रवृत्तिको दण्डसंहिता, भक्तवत्सल ईश्वरीय चरित्र, तपस्या र ज्ञानको साधना, ईश्वरस्मरण गर्ने कुरामा सम्पूर्ण प्राणी जगत्ले विश्वास गर्नुपर्दछ भन्ने सोच, संयम, ज्ञान र साधनाको सम्मानसम्मका बहुआयामिक ज्ञान, चिन्तनहरू यसमा समावेश भएका छन् । ईश्वरको सर्वव्यापकता, ज्ञान र भक्तिको समन्वय, निर्विकल्प सत्य ईश्वर हो भन्ने निष्कर्ष, हरिको अविस्मृत स्वरूप, दासत्वमा हरिको अस्तित्वलाई सर्वमान्य मान्ने सोच,

परोपकार नै कामासक्तिको पराजय हो भन्ने दृढता, ईश्वर प्राप्ति नै सर्वस्व प्राप्ति हो भन्ने उद्घोष, पाखण्डपनको विरोध, समय र कर्मको मूल्य बुझ्ने सन्देश, विद्या र विवेकलाई एकाकार मान्ने गुणवत्ताको अभिव्यक्ति, भागवत नै भक्तशिरोमणि भन्ने भावनाको प्रबल मान्यता, आसक्ति , तृष्णाको आकर्षण, चिन्तालाई विषालु सर्प मान्ने सोच, भजन-कीर्तन नै स्वर्गको मार्गचित्र हो भन्ने दृढता, रामको भक्ति, कृष्णको प्रेम, सत्कर्म गर्ने प्रवृत्तिको आग्रह, भक्ति, सेवा र सेवत्व प्राप्ति, ईश्वर प्राप्तिप्रतिको दूरी, निराशावादी जीवनबोध, विरह अग्निको विद्रूप चेतना, ईश्वर प्राप्तिको अटुट साधना, भक्तको निमन्त्रणमा नै ईश्वरको बास हुन्छ भन्ने मान्यता, आसक्तिको तिरस्कार ईश्वर नै सम्पूर्ण अवरोधहरूको अचुक अस्त्र हो भन्ने अवधारणासम्मका चिन्तनहरू यसमा आएका छन् ।

चार प्रकारका लोभद्वारा मुक्तिको कामना, ईश्वरीय दास नै स्वतन्त्रतापूर्ण मान्छे बन्दछ भन्ने अटुट विश्वास, राम भरोसे रहने सोच, सेवा र त्यागको प्रबलता, मायाको भ्रमलाई परित्याग गर्ने आग्रह, ईश्वरप्राप्ति र मृत्यु नै अन्तिम सत्य मान्ने आधार, खुला हृदयले गर्ने दानका रूपमा बलि र कर्णको दृष्टान्त, लुटपाट र षड्यन्त्रमा मेलपिमलाप, धर्मको मर्म नबुझ्ने अज्ञानीजन, भौतिक सत्ताको प्राप्ति र आनन्दमा रमाउनेहरू शठ हुन् भन्ने कविको निष्कर्ष, सत्यको विजय, सद्गुरुको कृपा र भक्तको सामीप्यता, ईश्वर, स्वर्ग र शान्तिबीच निकटता, तत्त्वज्ञान नै मोक्षको मार्ग, मानव-मानवका बीचको द्वन्द्व, साधु-महात्मालाई राष्ट्रका धरोहर बनाउने सोच, घमण्ड र कुकर्मको निन्दा, यमराजको न्यायिक चरित्र चित्रण, आत्माको अनिवर्चनीयता, मान्छे-मान्छेको कलह चित्रण, मानवसेवाको सर्वोच्चता, बुद्धि र विवेकको सार्वजनीन स्वरूप, जीवनको नश्वरतालाई बुझ्न आग्रह, ईश्वर पहिचान नगर्दा हुने परिणाम, सांसारिक माया र प्रपञ्चको चित्रण, मानव जीवन र ईश्वरार्पणप्रतिको निष्ठा आदि विषयहरू यसमा समेटिएका छन् ।

आत्माको मुक्ति, अहङ्कारको परित्यागमा निहित ईश्वरीय स्मृति, दया र वैराग्यको समन्वय, वासना र घमण्ड प्रेरित चिन्तन विनाशको सूचक, सर्प र डोरीको भ्रम, ईश्वरीय शक्तिको पहिचान, ब्रह्मचिन्तनको प्राप्ति र सांसारिक विषय-वासनाद्वारा मुक्ति, द्रव्यशक्तिको आकर्षण र कलीयुगी स्वरूपमा कीर्तन, लोभ-लालचविहीन ईश्वरीय निष्ठा, अहङ्कारको बहिर्गमन, हरिशरणको उच्चारणमा दयाको स्वरूप प्रतिबिम्बन, काम, क्रोधलगायतका प्रवृत्तिमुक्त रहने सोच, सज्जनता र ईश्वरीय सत्ताको परीक्षण, स्मृति, भक्ति र कर्मशील चरित्रमा निहित ईश्वरीय शक्ति , ज्ञान प्राप्तिपश्चात् संसारको बुझाइ, त्रितापको विनाशमा भागवत पाठ नै अमृत बन्ने सत्यता, कथा श्रवणबाट प्राप्त भगवद्शक्ति , देहविनाको शरीर वा शरीर आत्माको सम्बन्ध, वैराग्य कुकर्म, श्रीकृष्ण समर्पण, मृत्युपछिको जीवन, अज्ञानी र ज्ञानीको सोच, अन्तर्मुखी र बहिर्मुखी स्वभावको द्वन्द्व, ईश्वरीय आस्था नै जीवनको मूल्य हो

भन्ने मान्यताको परिपालनका सामग्रीहरूमा काव्यले दार्शनिक परिपाक पाएको छ ।

अमूल्य जीवनको महत्त्व बोध, सांसारिक मोह-मायाबाट मुक्तिको कामना, हरिकृपा र मानवीय आनन्द, जीवन यात्राको शृङ्खला, ब्रह्मज्ञान र आत्मज्ञानको चर्चा, दुर्गन्धमय सांसारिक जाल, कृष्णप्राप्तिको समर्पण, गोकर्ण र धुन्धुकारीको सन्दर्भ, अध्यात्मवाद नै धर्म र संस्कृतिको संरक्षक भन्ने निष्कर्षमा भागवत नै अचूक अस्त्र हो भन्ने मान्यताको उद्बोधन, ईश्वर र मृत्युको चेतना, हिंस्रक वीचार परित्यागको आग्रह, धार्मिक दिने-दिलाउने कुराको आग्रह, धार्मिक मानव नै ईश्वरका प्रिय पात्र हुन् भन्ने सन्देश यसको मूल मर्म हो ।

उन्मुक्त हात्तीको मन, वैराग्ययुक्त मानव, आत्मचिन्तन र पूजापाठबाट श्रीकृष्ण प्राप्तिको दृढ सोच, आत्मा नै उज्यालो हो भन्ने मान्यता, प्राणी मात्रमा दयाको भाव, अन्यत्र छलकपट गरे पनि ईश्वरलाई छलछाम गर्न सकिँदैन भन्ने दृढता, मानवीय इन्द्रियमाथिको नियन्त्रण, आत्माको विजयपरक सर्वोच्चता, हिंसा र वासनाको परित्याग, कुनै विषय, पात्र र प्रवृत्तिको निन्दा गर्नु हुन्न भन्ने मान्यता, धार्मिक स्वतन्त्रताको नाममा भएको सांस्कृतिक विखण्डन, धर्मको मर्म सम्झनु नै अर्थपूर्ण जीवन हो भन्ने सोच, विश्व बन्धुत्वको उच्च आदर्श, अधार्मिक पुरुष, स्वधर्मका प्रयोक्तालाई आभूषण ठान्ने समाज, अध्ययनको उर्वराशील ऊर्जा प्राप्तिको पछिको रागात्मक आनन्दबाट आफ्नो लेखन गौरवान्वित भएको अनुभूतिसम्मका विविध चिन्तनबाट दृष्टान्त खण्डकाव्यले पूर्णता पाएको छ ।

**निष्कर्ष**

गुणवादी दर्शन र भक्ति साहित्य परम्पराको सङ्क्षिप्त भए पनि यसले निरन्तरता पाएको अनुभूति हुन्छ । लेखकको सात दशकभन्दा बढीको जीवन भोगाइ र त्यसबाट प्राप्त मानवीय गुण, मर्म र जीवनको मूल्यबोधका स्पष्ट खजाना, पाप र पुण्य, धर्म र अधर्म, दैवी र दानवी वृत्ति, ईश्वरप्राप्तिको असीम अनुराग र अटुट आस्थालाई अनुष्टुप छन्दमा ढालेर चार जैविक सन्तानपश्चात् एक मानसिक सन्तानका रूपमा यसले धर्म र दर्शन, पाप र पुण्य, आस्था र विश्वासको जग बलियो बनाउने चेष्टाको मार्गदर्शक बनेर यो कृति आएको छ । प्रा.डा. र डा. साहेबको मूल्याङ्कनले आफैँमा पूर्णता पाएको छ । उत्तरार्द्धको मानव जीवनको यस यात्रामा कवि रामचन्द्र कोइरालाले नेपालको धार्मिक साहित्यमा यस पुस्तकले अवश्य पनि केही योगदान पुऱ्याउने छ भन्ने आशा र विश्वास लिनुका साथै थप साहित्यिक कृतिहरू, साहित्यिक मूल्यका दृष्टिले परिष्कार, परिमार्जनसहित आउन सकून्, यही शुभेच्छाका साथ लेखकको सुस्वास्थ्य, दीर्घायु, वाङ्मयिक उन्नयन र सिर्जनशील बन्ने दृढ सङ्कल्पको कामना गर्दछु ।

**-चितवन ।**

# अनिदो रातका सपना र मेरो मन

**✍वासु जमरकट्टेल**



विषमता बीच
आफ्नै क्षितिज भित्रको परिभाषाले परिभाषित
स्वयंले मात्रै बुझ्दै आएको
निकटताको एउटा गहिरो नाता
जसको अरूले देख्ने
कुनै रूप थिएन
आकार दिन सक्दैनथे
न कुनै रंगको लेप लगाए कसैले ।

आफ्नै श्वास प्रश्वास
प्राण वायु भनूँ कि ?
मात्र आफ्नै धर्म
आफ्नै रंगले पोतिएको
स्वयंले मात्रै देख्न र अनुभूत गर्न सक्ने
भित्ताका रंगी बिरंगी तस्बिरहरू
जुन कुनै रंगले मेट्न नसक्ने गरी
जिन्दगीको गीत जस्तै
मुटुको भित्री पत्रोमा सजिएर रहेका छन्

म सम्झन्छु
म पढ्छु


म बुझ्दछु
एउटा नियमित क्रम
एक्लै एकान्तमा थकाइ लाग्ने गरी कुरा गर्दछु ।

उही बाटोमा भौंतारिदा भौंतारिदै
कहिले असाध्यै थकाइ लाग्दछ
पिपलको रुखको टुप्पामा एक्लै हराएको चिबे
मेरो मन
कहिले फुरुङ्ग हुन्छ
ठम्याउन हम्मे हम्मे पर्छ


क्षितिजको बादलले छोपिएका आकृति
पापी मनको भित्ताका उनै अवशेष हुन् कि ?
छुन असाध्यै लालायित छु
समाउन
उतैतिर भुरुरु उड्दछन् कुँजिएका उनै आँखा
अहँ
कुन्नि किन हो पटक्कै अल्झदैन
अनिदो रातका सपनीमा मेरो मन ।

ooo


**नेपालका सुप्रसिद्ध चार धाममध्येको एक**
**ऐतिहासिक पवित्र तीर्थस्थल**
**रुरुक्षेत्रको बारेमा विस्तृत**
**जानकारी प्राप्त गर्न**
**किरण पुस्तकालयद्वारा प्रकाशित**
**'हाम्रो पुरुषार्थ'को**
***रुरुक्षेत्र विशेषाङ्क***
**खोजी खोजी पढ्नुहोस् ।**



# जननी जन्मभूमिश्च . . .



**✍डा. हरिप्रसाद भण्डारी**

बिहान झिसमिसेमा ब्युँझिएर झ्यालबाट बाहिर हेरेँ, अमृतसर सहर हुस्सुको सिरकभित्र कठाङ्ग्रिएको थियो । चराचुरूङ्गीहरू गुँडमै थिए, उड्ने साहस गरेका थिएनन् । स्वर्ण मन्दिरमा बजेको भजनको मधुरो आवाज भने बाक्लो कुहिरोलाई छिचोल्दै हाम्रा कानसम्म आइरहेको थियो ।

हामीले ओडेका सिरक कपासका थिए, त्यसैले ताता थिए तर हामीसँग ताता सिरक ओडेर सुत्ने समय थिएन । अमृतसर रेल स्टेसनबाट अमरपाली एक्सप्रेस छुट्ने समय थियो बिहान ८:२५ बजे । त्यसैमा टिकट काटेका थियौँ । कम्तीमा ८:०० बजेसम्म रेल स्टेसन पुग्नुपर्ने थियो । मन्दिर परिसरबाट रेल स्टेसन पुग्न झन्डै २० मिनेट लाग्ने जानकारी पाएका थियौँ तर अनुमान गरेको समयले कहिलेकाहीँ धोका दिन सक्थ्यो । अर्थात् बाटोमा कुनै प्रकारले जाम भयो भने हामीले टिकट काटेको रेल छुट्न सक्थ्यो ।

जनवरी ०८, सन् २०२३ अर्थात् वि.सं. २०७९ पुस २४ गते आइतबार । छिटो छिटो तयार हुनु थियो । स्वर्ण मन्दिरको सशुल्क धर्मशालाको बाथरूममा तातो पानी आउने हुँदा हातमुख धुन समस्या भएन । श्रीमती मीना, छोरा सुमन र मैले पालैपालो शौचालयको काम सम्पन्न गऱ्यौँ ।

यसो त हामीले मन्दिर परिसरको भ्रमण गर्ने, स्वर्ण मन्दिरभित्र पसेर त्यहाँको सुन्दर दृश्य हेर्ने, मन्दिरको दर्शन गर्ने काम अघिल्लै रात सम्पन्न गरिसकेका थियौँ तैपनि त्यहाँबाट हिँड्नुपूर्व पुनः एकपटक स्वर्ण मन्दिरभित्रको सुन्दर दृश्य अवलोकन गर्ने र मन्दिरभित्रै रहेको निःशुल्क भोजनालय (लङ्गर) मा नास्ता खाएर हिँड्ने सहमति भयो ।

अमृतसरको स्वर्णमन्दिर शिखहरूको मुख्य धार्मिक केन्द्र हो । मन्दिरको धेरै भागमा सुनको लेपन लागेको र हेर्दा सुनैसुनले बनेको जस्तो देखिने हुँदा यसको नाम नै स्वर्णमन्दिर रहेको छ । यो मन्दिर समस्त शिखहरूको आस्थाको केन्द्र रहेको छ ।

बिहानको वातावरण शान्त र सुन्दर थियो । चिसोले चारैतिर साम्राज्य जमाएको हुनाले बाटोमा भेटिने मानिसहरू स्यूस्यू गर्दै र आफ्ना हातहरूलाई काखीमुनि च्याप्दै हिँडिरहेका थिए । हामी मन्दिरतिर जाँदै थियौँ । मन्दिरमा बजेको सुमधुर भजनले मन्दिर परिसरलाई सङ्गीतमय बनाइरहेको थियो । भक्तजनहरू भजनको धूनमा झुमिरहेका थिए । मन्दिर परिसर अत्यन्तै सुन्दर अनि सफा थियो । चारैतिर कारपेट बिछाएको हुँदा हिँड्दा खुट्टा फोहोर हुने र चिसो लाग्ने डर पनि थिएन ।

मन्दिरभित्रको क्षेत्रफल निकै फराकिलो थियो । वरिपरि सुन्दर भवन थिए । बीच भागमा ठूलो सरोवर थियो । सरोवरको बीचमा रहेको स्वर्णमन्दिर सरोवरमा पौडी खेल्दै छ कि जस्तो भान हुन्थ्यो । सरोवरको सफा पानीमा मन्दिरको सुनौलो प्रतिबिम्ब देखिँदै थियो । हामी मन्दिर तथा पोखरीलाई दायाँ पारेर अगाडि बढिरहेका थियौँ ।

मन्दिरभित्र प्रवेश गर्ने द्वारवरिपरि दर्शनार्थीहरूको भिड थियो । हामी पनि भिडसँगै समाहित भयौँ । अरू दर्शनार्थीहरूले जस्तै हामीले पनि टाउकामा पहेँला रुमाल बाँधेका थियौँ । बाक्लो भिड भए पनि भिड एकै ठाउँमा जाम भएर बसेको थिएन, चलायमान थियो । मलाई अध्यात्मवादी दृष्टिकोणले भन्दा पनि त्यहाँको संरचना, वातावरण, आस्था, विश्वास, मानिसहरूका मनमा पैदा भएको भक्तिभाव आदि कुरा हेर्ने इच्छा थियो । सो कुरा आज पूरा हुँदै थियो । त्यसैले पनि म निकै प्रसन्न थिएँ । मीना र सुमन त झन् भावुक बन्दै गइरहेका थिए । उनीहरूका मनमा अपार शान्तिभाव झल्किँदै थियो ।

भक्तजनहरू सबै जना शान्त देखिन्थे । कसैका मनमा रिस, राग, द्वेष थिएन । सबैका मनमा भक्तिभाव थियो, सेवाभाव थियो, त्यस बेला सबैजना मानवीय भावनाले ओतप्रोत देखिन्थे ।

केही समयपछि हामी भित्र पस्यौँ । भित्रको वातावरण झन् मनमोहक थियो । सुनै सुनका झल्लरीहरू वरिपरि झुण्डिएका थिए । भित्री कक्षको बीचमा आठदशजना व्यक्तिहरू थिए । एकजना व्यक्ति ठूलो किताब पढ्दै थिए । त्यसको नाम गुरुग्रन्थसाहेब थियो र त्यही पुस्तक नै त्यहाँको मुख्य आस्थाको केन्द्र थियो । मन्दिरभित्र कुनै देवी देवताका मूर्ति थिएनन्, फूल वा प्रसाद चढाएर फोहोर पारिएको पनि थिएन । भित्रको वातावरण सफा अनि सुन्दर थियो । कसैले पैसा चढाउन खोज्यो भने त्यसका लागि छुट्टै दान पेटिकाको व्यवस्था गरिएको थियो ।

मैले देखेँ, त्यहाँ कुन जात, कुन धर्म, कुन देश आदि कुनै कुरामा भेदभाव थिएन । चाहे शिख होस् वा अन्य व्यक्ति, त्यहाँ गएको सबै व्यक्ति समान थियो । भित्र पस्न, दर्शन गर्न, घुम्न सबैलाई खुला थियो । सफा, सुन्दर, व्यवस्थित सबै कुराको उदाहरण बनेको थियो त्यो ठाउँ । यो सबै व्यवस्था देख्दा मलाई घरी-घरी हिन्दू धर्म, संस्कार, संस्कृति तथा मठमन्दिरहरूमा गरिने व्यवहार आदिको सम्झना भइरहेको थियो ।

मन्दिर परिसरको अवलोकनपछि हामी भोजनालयतिर लाग्यौँ । भोजनालय स्वर्ण मन्दिरको पूर्वतिर थियो । भोजनालय चौबीसै घण्टा खुला हुँदोरहेछ ।

हामी भित्र पस्नासाथ मुख्य द्वारमा थाल, कचौरा, चमच दिने व्यक्ति तयारी अवस्थामा थिए । उनीहरूका अगाडि हजारौँको सङ्ख्यामा भाँडा थिए । खाना खाने भाँडा समाएका मात्रै थियौँ अर्का सेवकले हामीलाई भित्र पस्ने बाटो देखाइदिए । उनले देखाएको मार्ग हुँदै भित्र पस्यौँ । भित्र खाना खाने हल निकै ठूलो थियो । त्यहाँ बस्नका लागि कार्पेटको व्यवस्था गरिएको थियो । उक्त हलमा सयौँको सङ्ख्यामा मानिसहरू बसेर खाना खाइरहेका थिए ।

हामी बस्नासाथ सेवकहरू खाना लिएर आए । खानामा रोटी, दाल, तरकारी, खीर आदि विविध परिकार थिए । पिउनका लागि तातो पानीको व्यवस्था पनि थियो । खाना निकै स्वादिलो थियो । दालतरकारीमा नुन, खुर्सानी, भुटुन सबै कुरा मिलेको थियो । रोटी नरम थिए । खीरको त झन् कुरै नगरौँ, कति मिठो मिठो !

खाना खानेहरूको सङ्ख्या धेरै भए पनि हामीलाई खाना खान धेरै समय लागेन । खाना खाएर बाहिर निस्किँदै थियौँ, बाहिर जुठा भाँडा माग्ने व्यक्तिहरू तयारी अवस्थामा बसेका थिए । जुठा भाँडा राख्ने ठूलाठूला भाँडा थिए, त्यसैमा राख्यौँ । मैले भित्रतिर हेरेँ, केही मानिसहरू धमाधम जुठा भाँडा मिसिनमा हाल्दै थिए ।

खाना खाई कोठामा गयौँ, झोलाझाम्टा बोकेर तल झऱ्यौँ अनि सेवकहरूसँग विदा भएर बाहिर निस्कियौँ ।

बाहिर अटो तयार थिए । प्रायः अटो चालकहरू सरदारजी थिए । एकजना पाका उमेरका सरदारजीसँग कुरा गरेँ । उनले हामी तीनजनालाई एक सय रूपियाँमा रेल स्टेसन पुऱ्याउन सहमत भए । भित्री सडक पनि रहेछ, स्टेसन पुग्ने । उनले हामीलाई भिडभाड नहुने सडक हुँदै एकैछिनमा स्टेसनसम्म पुऱ्याए ।

हामी स्टेसनमा पुग्दा अमरपाली एक्सप्रेस ठूलो अजिङ्गरजस्तै लम्पसार परेर हामीलाई पर्खिरहेको थियो । रेल निकै लामो थियो तर यात्रुहरू भने छिटफुट मात्रै थिए । डिब्बा तथा सिट नम्बर पत्ता लगाउन पनि खासै समस्या परेन ।

मिना र मेरो सिट नम्बर थियो बी १९ र १२ । छोरा सुमनको टिकट त बनिसकेको थियो तर सिट नम्बर पक्का भएको थिएन । बुटवलबाट हिमाल भुसालको सहयोगमा अनलाइन टिकट काटेका थियौँ तर सुमनको सिट पक्का भएको थिएन । त्यस्तोमा नेपालबाटै सिट नम्बर पक्का गरी हिँड्नुपर्ने रहेछ । बिर्सिएछ । सिट नपाएर हैरान भयौँ ।

हामी तीन जना ओल्लोपल्लो सिटमा बसेका थियौँ । रेल हिँडेपछि एकजना सरदारजी आए । उनी टिकट जाँच गर्ने व्यक्ति (टिटी) रहेछन् । टिकट मागे । मैले आफूसँग भएको टिकट देखाएँ । उनले सुमनलाई देखाउँदै भने, "इसका सिट किथे हैं (यसको सिट कहाँ छ) ?"

मैले उनकै भाषामा भएको व्यहोरा बताएँ र सिटको व्यवस्था मिलाइदिन अनुरोध गरेँ । तर उनी च्याँठ्ठिए, "सिट नभएको व्यक्ति यहाँ बस्न पाइँदैन । आफ्नो सिट कहाँ हो, त्यहीँ गएर बस । अटेर गरेमा छ सय रूपियाँ जरिमाना गर्न सक्ने अधिकार छ मसँग । "

उनको बोली र व्यवहार रुखो थियो ।

हामी अलमलमा पर्‍यौँ । वेटिङको सिट कुन हो भनेर पत्ता लगाउनका लागि पनि नेट नै चाँहिदो रहेछ । हामीसँग भारतीय सिम थिएन । सिम नहुँदा नेट हुने कुरा पनि भएन, हामीलाई समस्या पर्‍यो । टिकटिके सरदारजी रूखा भए पनि हाम्रो वरिपरि बसेका अरू सरदारजीहरू नम्र थिए । हामी अलमलिएको देखेपछि नजिकै बसेका एकजना सरदारजीले हामीलाई मदत गरे । सुमनको टिकट नम्बर हेरेर नेटमा खोजे । सिट त भेटियो तर अर्कै डिब्बामा । हाम्रो डिब्बाको नाम बि १ थियो, उनको डिब्बा थियो बि ३ अनि सिट नम्बर थियो ३१ । त्यो पनि सुत्न नमिल्ने आधा मात्रै ।

छोराले दुःख पाउनुभन्दा मैले नै दुःख पाउँछु भनेर सिट खोज्दै गएँ । रेलको भित्रभित्रै हिँडेर परै पुगेँ । सिट भेटियो तर उनको सिटसँगै ३२ नम्बर सिटमा एकजना नेपाली भाइ बसेका थिए । भारतीय फौजमा काम गर्ने उनको पुर्ख्यौली घर गोर्खा र हालको बसाइँ पोखरा रहेछ । आधा मात्रै सिट भएको र राति सुत्न समस्या पर्ने हुँदा उनी पनि चिन्तित मुडमा बसेका थिए । करिब चौबीस घण्टा यात्रा गर्नुपर्ने रेलमा सुत्न नपाउनु भनेको समस्याकै कुरा हुन्थ्यो ।

म फौजी भाइसँग कुरा गर्दै थिएँ, सुमन उहीँ पुगे । उनले भने, "टिटी आएर किचकिच गर्‍यो । मलाई बस्न दिएन । तपाईं जानोस् म यहीँ बस्छु । "

त्यसपछि छोरालाई त्यहीँ छोडेर म आफ्नै सिटमा गएँ ।

रेल गाडी आफ्नो निश्चित समयमा हिँडिसकेको थियो । बिहान ८:२५ बजे अमृतसरबाट हिँडेका हामी ९:४० बजे जलन्धर स्टेसनमा पुग्यौँ । जलन्धरमा केही समय रोकियो । त्यसपछि हिँडेको रेल १०:५६ बजेतिर लुधियाना स्टेसनमा पुग्यो ।

लुधियाना आइपुग्दा बाक्लो कुहिरो केही पातलो भएको र सूर्यका पातला किरण चारैतिर फैलिएका थिए । सूर्यका किरण देखेर पनि होला पहिलेको तुलनामा न्यानो भएको महसुस भयो । हुन त डिब्बाभित्र एसी थियो । एसीले गर्दा बाहिरको तुलनामा भित्रको तापक्रम न्यानो नै थियो तर पनि सूर्यको प्रकाश देखेपछि मन शान्त भयो । बाहिर घाम लागेका भए पनि छोरो साथमा नभएको हुनाले रमाइलो भएन । छोराले दुःख पाउने भए भनेर चिन्ता लागिरह्यो । भित्रभित्रै छोरो भएका ठाउँमा पुग्न सकिन्थ्यो, गएँ । उनी फौजी भाइसँग कुराकानी गरेर बसेका थिए । भरेसम्म जसरी पनि सिट मिलाउने आश्वासन दिएर फर्किँएँ र आफ्नै सिटमा बसेँ ।

दिउँसोको १:४० बज्दै थियो, रेल गाडीको गति कम हुँदै गयो र केहीबेरमा रोकियो । झ्यालबाट बाहिर हेरेँ, त्यो स्थान अम्बाला थियो । अम्बालामा केही समय रोकिएपछि पुनः चल्यो । त्यसपछि महरा, कुरुक्षेत्र हुँदै अगाडि बढ्यो ।

कुहिरो पातलो हुँदै गएको हुनाले झ्यालबाट बाहिर देखिने दृश्य पनि सुन्दर देखिँदै थिए । दायाँ बायाँ खेतका ठूलाठूला फाँट थिए । परसम्म देखिने खेतहरू गहुँका सानासाना बिरूवाहरू हावासँगै बहेली खेल्दै थिए । हरिया गहुँका बीचमा कतै पहेँलो तोरी त कतै उखु खेती पनि देखिँदै थियो । कतै आलु खेती पनि थियो ।

कुरुक्षेत्रबाट हिँडेको केही समयपछि अमिन स्टेसन हुँदै हामी कर्नाल स्टेसनमा पुग्यौँ । कर्नाल पुग्दा दिउँसो २:३० बज्दै थियो । कर्नाल मेरो जीवनको बिर्सिन नसक्ने स्थान थियो । म पहिलोचोटि भारत आउँदा कर्नालमै आएको थिएँ । त्यस बेला कर्नालदेखि केही दक्षिणतिर सडकका किनारमा रहेको सुपर टायर फेक्ट्रीमा बुबाले नोकरी गर्नुहुन्थ्यो । केही समय मैले पनि त्यहीँ काम गरेको थिएँ । त्यस समयमा मेरो तलब थियो महिनाको एक सय दश रुपियाँ र बुबाको तलब थियो एक सय असी रुपियाँ । झन्डै आजभन्दा पचास वर्ष पहिलेको कुरा । त्यस ठाउँमा हामीले केही महिना मात्रै काम गरेका थियौँ । त्यसपछि हामी चण्डीगढतिर लागेका थियौँ ।

कर्नालदेखि पानीपत, सोनीपत हुँदै हामी बेलुकी पाँच बजेतिर दिल्ली पुग्यौँ । हामी चढेको रेल निकै घुम्दो रहेछ । भारतको राजधानीका रूपमा रहेको दिल्ली राम्रो, सफा र सुन्दर होला भन्ने अनुमान गरेको थिएँ तर त्यहाँको अवस्था हेर्दा त्यस्तो लागेन । रेलको झ्यालबाट बाहिर हेर्दा जताततै फोहरै फोहोर थियो ।

आफ्नो सिटमा बसेर टोलाइरहेको थिएँ, त्यस्तैमा अर्का नयाँ टिटी देखिए । पहिलेको

रिसाहा टिटी फेरिएर नयाँ टिटी आएका रहेछन् । नयाँ टिटी पनि सरदारजी नै थिए तर यसो हेर्दा यिनी त्यत्ति रिसाहा होलान्जस्ता लागेनन् । नयाँ टिटीसँग सिटको बारेमा कुरा गर्ने विचार गरेँ ।

एउटा स्टेसनमा गएर रेल रोकिएको थियो टिटी तल प्लेटफर्ममा झरेका थिए, म पनि झरेँ र आफ्नो समस्या बताएँ । मैले भनेँ, "म थप चार्ज तिर्न पनि तयार छु, कृपया मलाई यसै डिब्बामा एउटा सिट मिलाइदिनुहोस् । "

मेरो कुरा सुनेपछि उनले मलाई सकारात्मक नजरले हेरे अनि हातमा समाएको आइप्याड देखाउँदै आफ्नै भाषामा भने, "यसमा हेर्छु, कतै खाली देखियो भने भन्छु "

उनी सहयोगी स्वभावका व्यक्ति थिए । उनको बोली र व्यवहार राम्रो थियो । उमेरले पनि उनी अलि पाका थिए । आशावादी भएँ ।

धेरै बेरसम्म कुनै प्रतिक्रिया आएन । उनी घुम्दै थिए, कुनै उपाय लाग्छ कि भनेर पुनः सोधेँ । उनले भने, "एउटा सिट हेर्दै थिएँ, कसैले अनलाइन काटिसकेछ । " मलाई सहयोग गर्न नपाएकोमा उनले दुःख व्यक्त गरे । त्यही बेला मैले भनेँ, "छोरालाई यहाँ बोलाएर राख्न मिल्छ ?"

उनले भने, "मलाई कुनै आपत्ति छैन । मिलेर बस्नू । "

त्यसपछि म छोरा भएको ठाउँमा गएँ र बोलाएर ल्याएँ ।

उनी ओहोरदोहोर गरिरहेका थिए । छोरालाई मेरो सिटमा सुत्न दिएर म बसिरहेको थिएँ । रातिको नौ बज्दै थियो । सरदारजी मेरो नजिक आएर भने, "बाबुजी जाइए, ३० नम्बर सिट खाली है उस में सो जाइए । "

उनलाई धन्यवाद दिँदै उनले बताएको सिटमा गएँ । त्यो सिट थ्री टायरको माथिल्लो (तेस्रो तला) मा थियो । सिटमा चढेर कम्मल तथा तन्ना ओछ्याएँ र मजाले सुतेँ ।

केही समय निद्रा परेन । पुराना कुरा घुम्न थाले मनमा ।

मीना र म विवाह बन्धनमा बाँधिएपछि सिधै चण्डीगढ आएका थियौँ । भर्खर विवाहबन्धनमा बाँधिएको बेला सुकेको रुख पनि हरियो र सुन्दर देखिने समय थियो ।

भाले पोथी भएपछि गुँड बनाउने, फुल पार्ने र चल्ला कोरल्ने मन त हुन्छ नै । हाम्रो मनमा पनि त्यस्तै इच्छा जाग्रित भइरहेको थियो । अर्काको देशमा आफ्नै गुँड

बनाउने कुरा सम्भव थिएन तर फुल पार्न र चल्ला कोरल्न भने हामी स्वतन्त्र थियौँ । स्वतन्त्र भएर मात्रै के गर्नु ! हरेक कुराको समय हुँदो रहेछ । समय नआइसकेको भएर पनि होला, मीनाको कोख भरिलो हुन सकेको थिएन ।

मन्सादेवी, चण्डीगढ क्षेत्रमा धेरैले मानेकी देवी । मनिमाजराको नजिकै उत्तरतिर थियो तिनको वासस्थान । वरिपरि हरिया पहाडहरूले घेरिएको सो स्थान अत्यन्तै सुन्दर अनि शान्त थियो । छुट्टीको दिन गएका थियौँ घुम्दै । पथ प्रदर्शक थिइन् दिदी टुकुना । उनले मीनाको कानमा के के फुसफुसाइछिन् कुन्नि ! मीनालाई चाहिएको त्यही थियो, त्यही भएछ ।

संयोग पनि कस्तो ! मन्सादेवी घुमेर आएको दुई साता पनि बितेको थिएन, एक साँझ मीनाले मेरो कान टोकेर झन्डै चोक्टो निकालिनन् । दिनभरिको कामले थाकेर लखतरान भएको थिएँ, झर्को लाग्यो । मेरो व्यवहारले उनको मन कुँडिएछ । च्याँठ्ठिदै भनिन्, "लोग्ने मान्छेको मन निष्ठुरी हुन्छ भन्थे, यस्तै भएर होला !"

त्यसपछि उनी जिउरे खाटमा कुनातिर फर्केर सुतिन् ।
थकित आँखाले उनीतिर हेरेँ, उनले आफ्नो दाहिने हातले पेट मुसारिरहेकी थिइन् ।
"साँच्ची !" अनुमानमै भनिदिएँ ।
उनी लाजले भुतुक्क भइन् । त्यसपछि मेरो थकान टाढा भाग्यो । शरीरमा स्फुर्ति आयो ।
त्यसको केही समयपछि हामी नेपाल फर्कियौँ । २०४१ साल श्रावण ०४ गते रिजल्ट आयो, सुमनको रूपमा ।
सुमन जन्मेको केही समयपछि नै मीनाको गनगन सुरू भएको थियो, "मैले मन्सादेवीलाई भाकल गरेर जन्मिएको हो । यो जन्मिएपछि तपाईंको दर्शन गर्न ल्याउँछु भनेकी छु । कहिले जाने हो, जाऊँ । "
'हुन्छ हुन्छ' भन्दाभन्दै झन्डै साढे तीन दशक बितेको पत्तै भएन । २०७९ साल पुस २१ गते बल्ल साइत जुऱ्यो ।
बसाइँ थियो तिलोत्तमा नगरपालिका वडा नं. ८ दीपनगरमा । गोरखपुरसम्म चार पाङ्ग्रे साधन अनि गोरखपुरदेखि अम्बालासम्म रेलमा जाने सल्लाह भएको थियो । त्यसैअनुसार टिकटको जोहो गरेको थिएँ ।
तराई अन्नको भण्डार र सेवा सुविधाले सम्पन्न ठाउँ हो । तराईमा बस्न त राम्रै हुन्छ तर गर्मी र जाडोको बेला भने मन खिन्न हुन्छ । तराईको गर्मी र शीतलहरको बेला भने सबै सिरीखुरी आधा दाममा बेचेर कतै भागौँ कि भन्ने विडचार पनि आउँछ मनमा । त्यस्तै थियो मौसम ! शीतलहरले गर्दा घामको मुख नदेखेको निकै दिन भएको थियो । चारैतिर चिसोको साम्राज्य थियो । राति दुईओटा सिरक ओडेर सुत्दा पनि जीउ तात्दैनथ्यो । बाटोमा नजिकैको मानिस वा वस्तु देख्न पनि

मुस्किल पर्थ्यो ।

त्यस्तै चिसोलाई चिर्दै अघि बढेका थियौँ र घरदेखि सुनौली, गोरखपुर, अम्बाला हुँदै मन्सादेवी र मन्सादेवी हुँदै अमृतसर पुगेका थियौँ । तीनचार दिनको यात्रा साह्रै रमाइलो भएको थियो ।

मनमा यस्तै कुराहरू खेलिरहेका थिए, कति बेला निद्रा पऱ्यो पत्तै पाइन । ब्युँझिँदा बिहान सात बजिसकेको थियो ।

झ्यालबाट बाहिर हेरेँ, बाक्लो कुहिरो यथावत् थियो । केही समय बेडमै बसेँ । बिहान ८:३० बजे गोरखपुर पुग्ने समय थियो तर बाक्लो कुहिरोको कारण रेल गाडी झन्डै तीन घण्टा डिले भएको रहेछ । छिमेकी भाइलाई सोधेँ । उनले भने, "एघार बजेतिर पुग्छ कि !"

खिस्रिक्क भएँ । आठ बजेतिर उठेर मीना र सुमन भएका ठाउँमा गएँ । बिहान ८:३० बजे त बल्ल गोन्डा पो पुगियो । चिया पिउन मन लागिरहेको थियो । त्यस्तैमा "चाय गरम ! चाय गरम !" भन्दै चिया बेच्ने मान्छे आयो । चिया मागेँ । दश रुपियाँको चियामा चिनी मात्रै थियो । दुध र पत्तीको मात्रा निकै कम । मनमनै सोचेँ, 'हरेक व्यक्तिमा ठग्ने प्रवृत्ति हुन्छ । दश रुपियाँको चियामा कम से कम पाँच रुपियाँसम्मको सामान त हाल्नु नि !'

गोखपुर स्टेसनमा पुग्दा ११:३० बजिसकेको थियो । अमृतसरबाट हिँडेको झन्डै २७ घण्टामा हामी गोरखपुर पुगेका थियौँ । रेल रोकिएपछि उत्रियौँ । स्टेसनबाहिर सुनौली जाने ट्याक्सीहरू लाइन लागेर बसेका थिए । मोलमोलाई सुरू भयो । निकैबेरको छलफलपछि एउटा ट्याक्सी एक हजार पाँच सय रूपियाँमा जान तयार भयो अनि लाग्यौँ सुनौलीतिर । झन्डै डेड घण्टामा साथीले हामीलाई सुनौली पुऱ्यायो ।

नेपाल प्रवेश गर्दा नगर्दै कुहिरो फारिसकेको थियो । घामका न्याना किरणले चिसोले कठ्याङ्ग्रिएको मौसमलाई न्यानो बनाउँदै थिए । आफ्नो देशमा पाइला टेकेपछि मन शान्त भयो । चिसो पर भाग्यो अनि मनमनै भनेँ, 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी । '

**धुर्कोट गापा– ५, वस्तु**
**हाल : रूपन्देही**

०००

# शारद

✍वासुदेव पाण्डे

पहेँलामा बुट्टा हरित रङ पोतीकन झऱ्यो
र राता रंगैले पनि विविधता अङ्कन गऱ्यो ।
मिलाएझैँ लाग्ने प्रकृति विधिले नै सब गुण
धरामा के हुन्थ्यो अपुग अनि सीमा अवगुण ।।

लुकाई ल्याएझैं रङ सुरभि शोभा निजसित
निकाल्छन् थुङ्गाले नयन मन पारी पुलकित ।
तिलस्मी तेजस्वी प्रतिनिधि कला-सङ्गम बनी
सिँगार्ने यो धर्ती कुसुम सुषमाका कति धनी ।।

भरेझैँ आफैँले विविध रङ बुट्टा तरुभरि
सजाएका थुङ्गा कुसुम लहराका वरिपरि ।
मिलाई राखेझैं रङ, गुण सबै अन्वय गरी
सिँगार्छन् यो धर्ती वन सुमनले मण्डपसरी ।।

फुलेका थुङ्गा छन् मगमग छ अत्युत्तम छटा
कि निस्क्यो धर्तीको कुसुमसित सारा मधुरता ।
सजाई राखेझैं कनक विधिका भव्य निधिझैं
छ होला को स्रष्टा यति बहुमुखी यो प्रकृतिझैँ ।।

फुलेका छन् थुङ्गा कुसुम भरिई कोमलपन
प्रतीक्षामा केही मुकुल हुन छन् व्यग्र सुमन ।
थपी शोभा बन्ने निधि प्रकृतिका दिव्य रचना
धराका हुन् मानूँ विविध रङका पुष्प गहना ।।

बढेझैँ लाएमा चमक, सुषमा वस्त्र, गहना
छ फुल्दा थुङ्गामा रङ विविधता, कोमलपना ।
मिली थप्छन् शोभा मधुरपन साना कणहरू
कि हुन् यो धर्तीका कुसुम जति आभूषणहरू ?

सजाई राखेझैं क्रमसित कुनै वस्तु सुकिला
फुलेका यी सेता सुमन जनझैं भद्र हँसिला ।

छ थुङ्गाथुङ्गामा विपुल सुषमा कोमलपना
धरामा के होलान् कुसुमसरिका दिव्य गहना ।।

डुबुल्की लाएझैँ जलसतहमा साहस गरी
अझै बाँकी नै छन् जलकण रहेका तनभरि ।
नुहाई निस्केकी तरुण वयकी हो कि त परी
कि हुन् बुट्टे मोती कुसुम गहनाझैँ जिउभरि ।।

शरद् थुङ्गा बोकी युगल करमा स्वागत गरी
उठेजस्तो लाग्ने अदबसित बाटा वरिपरि ।
प्रतीक्षामा हुन् झैँ अतिथिजनका दिव्य सुमन
तिलस्मी शोभाले ढकमक भयो कानन मन ।।

कतै राता धर्का हरित अनि छन् पीत, धवल
मिली धर्काधर्का रङ विविधता हुन्छ सबल ।
सिँगाऱ्यो धर्तीले कि त कुसुमले गुह्य छ कुरा
कहाँ छाड्थ्यो होला प्रकृति निजका चित्र अधुरा ।।

०००


# थाहा पाउनुभयो ?

किरण पुस्तकालय, गुल्मीबाट 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका १०९ अङ्क निस्किसकेका छन् । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?

# स्वाभिमान



✍मित्र 'उराठी' गौतम

"मन्त्रीज्यू , नमस्कार !"

मन्त्री पदको शपथ खाएर पदबहालीको लागि जाँदै गर्दा फोन आएको थियो । उक्त फोन मेरो छोराको थियो । आफ्नो कार्यक्षेत्रमा व्यस्तताको कारण मेरो शपथग्रहण कार्यक्रममा ऊ उपस्थित हुन सकेको थिएन ।

"शपथग्रहण भैसक्यो मन्त्रीज्यू ?" उसले प्रश्न गर्‍यो ।

"भयो । शपथ ग्रहणपछि पदबहालीको लागि मन्त्रालय जाँदै छु । गाडीमा छु ।" मैले जबाफ फर्काएँ ।

"झण्डावाल गाडीमा कस्तो लागिरहेको छ त ?" उसले अलि ठट्यौलो पारामा सोधेको थियो ।

"विभिन्न पदमा बसेर काम गरिरहेकोले यो कुनै नौलो लागेको छैन । पार्टीले दिएको जिम्मेवारी बहन गर्ने हो । राष्ट्र र जनताको पक्षमा सक्दो काम गर्ने प्रयास गर्ने हो । खासै उत्तेजित छैन । सामान्य रूपमा लिएको छु । " मैले सहज जबाफ फर्काएँ ।

"समाजमा हाम्रो जुन छवि छ, जुन स्वाभिमान छ, त्यो गिराउने काम नगर्नुहोला । हजुरको कारणले हामीले शिर झुकाएर हिँड्नु पर्ने अवस्था सृजना नहोस् । यही शुभकामना प्रकट गर्दछु ............ " ।

उताको आवाज निरन्तर थियो । गाडी मन्त्रालय परिसरभित्र पुगिसकेकोले मैले फोन काटेँ ।

**अमरपुर - गुल्मी, हाल : तिलोत्तमा - २, रूपन्देही ।**

ooo

# मधौरु

✍ज्ञानबहादुर छेत्री



"W . H . O मलेरिया निर्मूल योजनाको अन्तर्गत सोही उद्देश्यले रचिएको सामाजिक एकाङ्की ।"

**पात्र-परिचय**

धामी : ४०-४५ वर्षको गाउँले मान्छे ।

धुपौरे : २०-२२ वर्षको गाउँले केटो ।

मधौरू (साँइलो) : १४-१५ वर्षको किशोर ।

आमा-बाबु : मधौरूका आमा-बाबु ।

स्वास्थ्यकर्मी : २५-२६ वर्षकी युवती (नर्स), की W . H . O . की कर्मी ।

माहाजन : गाउँका धनी व्यक्ति, उमेर ४०-४५ वर्ष । छिमेकी ।

गाउँले क : छिमेकी, उमेर ३५-४० वर्ष ।

गाउँले ख : छिमेकी, उमेर ४०-४५ वर्ष ।

अनुफिलि दिदी :
डेङ्बहादुर :
किउलेक्श शर्मा :
} तीनवटा मच्छररूपी केटाकेटी

## पहिलो दृश्य

गाउँले गरीब किसानको घर । साँझको समय । मझेरीमा गुन्द्रीमाथि मैलो सिरक ओडेर साँइलो सुतिरहेको । हनहनी ज्वरोले काम्छ, जाडोले दाँत किट्छ । आमा–बाबु गुन्द्रीका दुई छेउमा अनि छिमेकका गाउँले क, गाउँले ख पीरामा बसेका । उनीहरू घरी घरी ढोकातिर हेर्छन् । एकाछेउमा एउटा मुढा र एउटा कुर्सी खालि छन् । आमाले भित्रबाट कम्बल ल्याएर मधौरूलाई ओडाइदिन्छे । (धामी र धुपौरेको प्रवेश)

धुपौरेले उसको झोलाबाट धामीले लाउने जामा, ढ्याङ्ग्रो र गजो झिकेर एक छेउमा राख्छ ।

धामी : सबै सरजाम ठिक पार्‍या छ ? (रातो जामा लगाउँदै) ।

धुपौरे : चाइन्जो सेउली, घुङरिङ, ध्वजा, धूप, डिम्मा सबैथोक ठिक छ? यता ल्याउनोस् ।

बाबु : तपाईंले भनेअनुसार सबैथोक ठिक पारेको छु हजुर । (सरजाम राखेको नाङ्लो धुपौरेका अघिल्तिर राखिदिन्छ । धुपौरेले सबै सामान मिलाउँछ । त्यसपछि बाबुले एउटा थालमा अलिकति चामल लिएर आउँछ, धुपौरेले त्यो थाल मधौरूलाई छुवाएर धामीलाई दिन्छ) ।

धामी : (थालका चामल खेलाएर जोखाना हेर्न थाल्छ) । जोखाना हेर्दा हेर्दै धामी काम्न थाल्छ, हातमा ढ्याङ्ग्रो लिएर फलाक्न थाल्छ) । हेर्र.....हँहँ.....यो.....बाला.....मनु....वालाई..... लगि छोड्छ..... लग्गिछोड्छ । हेर्र..... हँहँ..... तैंले..... मेरो..... मान.....भाउ..... पुर्‍या.....एन..... हेर्र..... हँहँ.....बाला.... मनु....वालाई.... लगि छोड्छ..... लग्गिछोड्छ । (झन् साह्रो काम्छ, झन् साह्रो ढ्याङ्ग्रो ठोक्छ) ।

धुपौरेः (कोइलैँटोमा धूप हाल्दै) चाइन्जो लौ पर्मेस्सोरी, हामी त घाँस खानका दुःख्खले गाँस खाने, हामी केही जान्दैनौं । काइँ भुलचुक भयो भने छेमा गरिदिनु पर्छ है पर्मेस्सोरीले । चाइन्जो कसो गर्नुपर्छ, के के चाहिन्छ सबै भनिदिनुपर्छ है द्यौती पर्मेस्सोरी (धूप हाल्छ) ।

बाबु : (डराएको रुञ्चे स्वरमा) मेरो केही नजान्ने बालाखा छोरालाई निको पारिदिनु पर्छ द्यौता हजूर । जे भने पनि मान्छु म, मेरो छोरालाई निको पारिदेऊ पर्मे.... (रून्छ) ।

धामी : (झन् साह्रो काम्दै) हेर्र ....हेर्र..... हेर्र ..... हँहँ..... मान्छ... भने..... सुन् ... हे ... म... म....नुवा (ढ्याङ्ग्रो झन् साह्रो ठोक्छ)........... सुनै ... डिम्मा..... कालो .... बोको..... कालो

.... बोको.....चडाइस् ... भने..... बाला...मनु..आलाई.... छोडिदिन्छु.....होइन.... भने...... होइन... भने.... (काम्दै झन् साह्रो ढ्याङ्ग्रो ठोक्छ) ।

धुपौरे : चाइन्जो मान्छ है, सबैथोक दिन्छ । द्यौती पर्मेस्सोरी खुसी हुनुपर्‍यो (धूप हाल्छ) ।

धामी : हेर्‍र... हँहँ.....मङ्ला.....बार् का..... दिन..... माहाँ..... नउ...... बुइनी.......कन्ने ......केटी...बोला...एर.....थाक्रोकाँइय्यो....मान....भाउ......पुर्‍या....एर.....खुवा...उनु...हेर्‍र...हँहँ...हेर्‍र...हँहँ.... .कुला...इन्लाई....द्यौता...लाई...कालो.....बोको.....रक्सी...बोतल....चडा....उनु....चडा...चडा.....उनु.....(धामी बिस्तारै काम्न छोड्छ, ढ्याङ्ग्रो-गजो धुपौरेलाई दिन्छ) ।

धुपौरे चाइन्जो धामीका कुरा सुनिहाल्नुभो । तपाइँका कुलाइन द्यौता रिसाएका रहेछन् । माङ्लाबारका दिन हामी आउँछौं । सबैथोक ठिक पारेर राख्नू । धामीले कुलाइन द्यौतालाई राम्ररी बुजाएर पूजाआजा, धूप-धुँवार गरिदिनेछन् । हिजोआज आपकारी[१]ले रक्सी बनाउन दिँदैन । त्यस कारण चाइन्जो बिहानै सहरमा गएर दुई बोतल हुस्की ल्याउनू । हुस्की भेटिएन भने रम भए पनि हुन्छ । बीस रूपियाँ जतिको चना पनि ल्याउनू ।

बाबु : हुन्छ हजुर । म सबैथोक ठिक पारेर राख्छु । मङ्लाबार तपाईँ धामीलाई लिएर आइदिनुपर्‍यो ।

धामी : लौ त हामी हिँड्नुपर्‍यो । त्यहाँ पर घोर्सानेका घराँ पनि पुग्नु छ ।

बाबु : हवस् त ।

(धामी र धुपौरेको प्रस्थान । बाबु-आमा भित्र पस्छन्) ।

## दोस्रो दृश्य

(स्थान पहिलेकै । साँझको समय । मधौरू खाटमा सुतेको हुन्छ । छेउमा दुईजना गाउँलेहरू बसेर कुरा गर्दै हुन्छन्, घरिघरि आफ्ना तिघ्रा र पिँडुलामा बसेका मच्छरलाई ला त भनेर मार्छन्) ।

गाउँले क : होइन हौ, धामी त जौडे रहेछन् । जोखाना खुटैखुट ल्याए ।

गाउँले ख : के अरे, बनकाले भेट्टाएछ ?

गाउँले क : होइन, कुलाइन बिग्रेका अरे ।

(किट लिएर स्वास्थ्यकर्मी नर्सको प्रवेश)

स्वास्थ्यकर्मी : यहाँ ज्वरो आएका बिमारी छन् भन्ने सुनेर स्वास्थ्यकेन्द्रबाट आएकी नर्स हुँ । खोइ कहाँ छन् बिमारी ?

गाउँले कः आउनोस् सिस्टर, यहाँ कुर्सीमा बस्नोस् (कुर्सीतिर देखाउँछ) ।

गाउँले खः (हत्तपत्त उठेर उसको गम्छाले कुर्सीको धूलो पुछिदिन्छ) ए परेबाले पो हगेको रछ ।

स्वास्थ्यकर्मी : (मच्छर भन्किरहेको देखेर) साह्रै फोहोर राख्या रछ है यो घर त । घरको छेउछाउ झारजङ्गलले भरिएछ । मच्छरको गुँडै रहेछ यहाँ, किन नभन्किउन् मच्छेर । त्यो छेउको नाला कसको ? यसलाई किन नछोपेको ?

(माहाजनको प्रवेश । उसले नर्सका शेषका कुरा सुन्छ)

माहाजन : को हो मेरो ड्रेनको कुरा गर्ने ?

स्वास्थ्यकर्मी : (माहाजनतिर हेरेर) मैले भनेकी, के भो ?

माहाजन : मेरो म्यादीपट्टा[२] र माटोभित्रको ड्रेन हो । तिमीलाई फेरि किन टाउको दुःखेको ? आफ्नो काममा चैं ध्यान देऊ न । ड्रेनले तिम्रो के बिगारेको छ ?

स्वास्थ्यकर्मी : त्यही त भन्दैछु । देख्ता त पढेलेखे जस्तो तर होइन रहेछ । भुल गरैंछु चिन्नमा । हेर्नोस् महाशय, ड्रेन छोप्नुपर्छ भन्ने जानकारी दिनु पनि मेरो काम हो । अनि तपाईंका म्यादीपट्टाभित्रको नाला हो भने यसलाई छोप्ने काम पनि तपाईंको हो । तपाईंको ड्रेन त मच्छरको गुँड रहेछ । तपाईंले पालेका मच्छरले तपाईंलाई मात्रै टोक्तैन नि । ड्रेन नबनाउनू भनेको होइन तर त्यसलाई बन्द गरेर राख्नुपर्छ भनेको । उल्टो बुझ्नुहुँदोरहेछ तपाईं त । अँ, सरकारी कर्मचारीका साथ कुरा गर्दा शिष्टताका साथ कुरा गरेको जाती ।

माहाजन : धेर बोल्दी रछे यो केटी त । आइमाई भएर आइमाईकै थान्कामा बसेको राम्रो । पढेलेखेकी भन्दैमा टाउकैमा चढ्न खोज्दिरछे । फतफते काँइकी । पढो कि सडो.... ।

स्वास्थ्यकर्मी : ए तपाईं त भानुभक्तका जमानाको हनुहुँदो रहेछ । तपाईंहरूको नै उपकार होस् भनेर भनेकी थिएँ । सुन्नै नखोजेपछि, बोलेर किन मुख दुःखाउनु । (मौन रहन्छे) ।

गाउँले क : भन्नोस् सिस्टर, हामी सुन्छौं ।

गाउँले ख : हामी सुन्छौं ।

माहाजन : सुनिरहो तिमेरू, हेरौंला । (रिसले फनफनिँदै प्रस्थान) ।

स्वास्थ्यकर्मी : धम्की लाएर जानुभो । डर लाग्यो कि क्याहो तपाईंहरूलाई ?

गाउँले क : नडराई पनि त भएन, गाउँको धनी मान्छे ।

गाउँले ख : तपाईंका कुरा सुन्यौं भनेर राति हामीलाई कुट्न आउन बेर छैन ।

स्वास्थ्यकर्मी : यसरी सधैं डराएर, हेपिएर, अन्याय खपेर बस्नु हुन्छ ?

गाउँले क : गाउँका फटाहाहरूलाई रक्सी खुवाएर हातमा राखेको छ ।

गाउँले ख : उसका घरमा सधैं तासको अड्डा बस्छ । रक्स्याहाहरूको जमघट हुन्छ ।

स्वास्थ्यकर्मी : हेर्नोस्, तपाईंहरू स्वाधीन देशका नागरिक । यस्ता समाजविरोधीहरूदेखि डराउनु हुँदैन । डराउनु छ भने ईश्वरदेखि, देशको कानूनदेखि डराउनुपर्छ ।

गाउँले कः अबदेखि डराउने छैनौं हामी ।
गाउँले खः डराउनु पर्ने नराम्रो काम गरेको छ र, यसै किन डराउनु ?

स्वास्थ्यकर्मीः यी बिमारीलाई पक्कै मलेरिया भएको छ । तैपनि म अलिकति खुनको नमूना लिएर जाँच गराउँछु । यी चारवटा क्लोरोकुइनका गोली भरे खाना खाएपछि एकैचोटी खुवाइदिनु (डिब्बाबाट झिकेर गोली दिन्छे) ।

गाउँले क : अनि धामी त कुलाइन बिग्रेका भन्थे ।
गाउँले ख : हो त, गाउँमा हल्लै छ ।

स्वास्थ्यकर्मी : यी सब अन्धविश्वास हुन् । असल कुरा सुन्नुहोस् । यो बिमारलाई मलेरिया भन्छन् अनि मच्छरले टोक्यो भने यो बिमार हुन्छ ।

गाउँले क : हामीलाई सधैँ कति मच्छरले टोक्छन् ।
गाउँले ख : त्यसो भए त सबैलाई मलेरिया हुनुपर्ने ।

स्वास्थ्यकर्मीः ठीक प्रश्न गर्नुभयो । मच्छरले टोक्तैमा मलेरिया हुँदैन । एनोफिलिस

नाम गरेको एउटा प्रजातिको मच्छर हुन्छ । त्यसले मलेरिया भएको मान्छेलाई टोकेर कुनै स्वस्थ मान्छेलाई टोक्योभने त्यो स्वस्थ मान्छेलाई पनि मलेरिया हुन्छ । यसरी खुनको माध्यममा एनोफिलिस मच्छरले मलेरिया फैलाउँछ । यो सरूवा रोग हो । होस गर्नुपर्छ ।

गाउँले क : त्यसो भा हामीले के गर्नुपर्छ ?
गाउँले ख : मच्छरलाई मार्नु पर्छ ।

स्वास्थ्यकर्मी : मलेरियाजस्ता अरू पनि बिमार छन् । ती पनि मच्छरको टोकाइबाटै हुन्छन् । त्यसैले मच्छरको टोकाइबाट बच्नुपर्छ । राति झुल टाँगेर सुत्नुपर्छ । घरमा मच्छर भगाउने दबाइ छिर्कनुपर्छ । स्वास्थ्यकेन्द्रमा आउनुभयो भने ती दबाइहरू मुफ्तमा पाइन्छन् । बजारमा किन्न पनि पाइन्छ ।

सबै भन्दा ठूलो कुरा, सरकारको मलेरिया निर्मूल पार्ने योजना छ । यसमा तपाईँहरूको सहयोग चाहिन्छ ।

गाउँले क : कसरी सघाउनु ? के गर्नुपर्छ हामीले ?

स्वास्थ्यकर्मी : यो बर्खाको समयमा मच्छर फैलिन्छन् । मच्छरले जमेको पानीमा फुल पार्छन् । त्यसैले घरको छेउछाउमा पानी जम्न दिनु हुँदैन । घरको छेउछाउ, करेसो आदिको झार जङ्गल काटेर फाँडेर सफा राख्नुपर्छ ।

गाउँले ख : कति राम्रो कुरा । हाम्रै घरको छेउछाउ सफा राख्नु । हाम्रै स्वास्थ्यका लागि काम गर्नु ठूलो सहयोग अरे । अचम्म ।

स्वास्थ्यकर्मी : केही अचम्म होइन । तपाईँ हामी मिलेर नै सबै बनेको हो । मलेरिया निर्मूल पार्नमा सबैको सहयोग चाहिन्छ । अबेर भयो, म गएँ । म भोलि फेरि जाँचको रिपोट लिएर आउँछु ।

(प्रस्थान)

## तेस्रो दृश्य

(घरको आँगन । बिहानको समय । घरको करेसो र छेउछाउ भर्खरै झार-जङ्गल, कछुघारी फाँडेजस्तो देखिनुपर्छ । तीनजना साना केटाकेटीलाई प्रतीकात्मक मच्छरका रूपमा सजाउनुपर्छ । ती मच्छरहरू––– किउलेक्स शर्मा, डेङबहादुर र अनुफिलि दिदी आपसमा बात मार्दै) ।

किउलेक्स शर्मा : हन के भाको यस्तो? हाम्रो त बासै उठ्ने भो । चारैतिरबाट

उच्छेद गरिएका छौं । आफ्नो भन्नु कतै एक चिर्कटो ठाउँ रहेन । वंशै सखाप पार्न आँटे पापी मनुस्सेले । अब हामी पनि भेदभावहरू भुलेर एकजुट हुनुपर्छ, आन्दोलन गर्नुपर्छ ।

डेङबहादुर : चाइन्जो ठिकै भन्नुभो शर्माजीले । हाम्रो पनि गौरवमय इतिहास छ । हाम्रा पुर्खाहरूले औलो, कालोज्वरो, मलेरिया, डेङ्गू, एन्सेफेलाइटिस आदि फैलाएर गाउँका गाउँ सखाप पारेको इतिहास सुनौला अक्षरले लेखिएको ठाउँ यही हो । हाम्रो वीरता विश्वयुद्धमा गोर्खा सैनिकले देखाएको वीरताभन्दा कम छैन । तर यतिखेर हामी बेघर भयौं । हामी एकजुट भएर लड्नुपर्छ । आफ्नो हक खोसेर लिनु पर्छ (उत्तेजित हुन्छ) । हामी पनि यहाँका रैथाने हौँ, भूमिपुत्र हौं ।

किउलेक्स शर्मा : हो, तर यो सङ्कटको घडीमा जोसले मात्रै हुँदैन । होसले काम गर्नुढपर्छ ।

अनुफिलि दिदी : (सुँक्कसुँक्क रुँदै) माजनका खुल्ला ड्रेनमा मैले फुल पारेकी थिएँ । हप्तादिनभित्र म हजारौँ सन्तानकी आमा हुने थिएँ । तर मर्न नसकेको पापी साइँलो मोराले ड्रेनमा मट्टीतेल खन्याइदियो । मेरा सबै फुलहरू सखाप भए । (फेरि रुन्छे) ।

किउलेक्स शर्मा : (अनुफिलि दिदीलाई ढाडस दिँदै) नरुनोस् दिदी । आपत्का समयमा धैर्य लिनुपर्छ ।

डेङबहादुर : आज हामी कहीँ सुरक्षित रहेनौं । प्रतिशोध लिने इरादाले हिजो राति म साथीहरूलाई लिएर त्यो नर्सका घरमा गएको थिएँ । साथीहरू भित्र पस्नसाथ भकाभक लडेर सोत्तर भए । म जसोतसो उम्केर आएँ । सासै बन्द हुने कोठा । हिटलरले ग्यास च्याम्बरमा हालेर यहुदीहरूको निधन गरेजसरी त्यो नकच्चरी बाइफाले केटीले हाम्रो वंश नाश गरी ।

अनुफिलि : तीन दिन भयो एक थोपो रगत पेटमा परेको छैन । भोक खप्न नसकेर राति गाउँलेका घरमा पसेकी थिएँ । मोरो त झुलभित्र पो सुतेको रहेछ । उसको एउटा हात झुलमा टाँसिएको देखेर बाहिरबाटै खुन झिकौं भनेर झुलमा बसेकी मात्रै थिएँ मेरो त सासै थुनिन खोज्यो । त्यहाँबाट भागेर बेरामा बस्न खोजें त्यहाँ पनि दबाइ छिटेको रहेछ । जसोतसो ज्यान जोगाएर आएँ । (रुन्छे) ।

डेङबहादुर : हाम्रो वंश नै पृथ्वीबाट विलुप्त हुनेभो । मच्छर नाम गरेको जीव थियो एक समयमा भनेर डाइनोसर जस्तै इतिहासका पातामा मात्रै रहने भयौं हामी । हामी वीर पुर्खाका सन्तान हौं, जुद्ध गरेरै मर्नेछौं ।

किउलेक्स शर्मा : (उभिएर भाषण दिएको भङ्गीमा) मेरा प्यारा साथी हो, अब हामी एकजुट हुनैपर्छ । हाम्रो अस्तित्व रक्षाको लडाइँ लड्नुपर्छ । यस ठाउँका आदिवासी, खिलञ्जीया[3], भूमिपुत्र हामी कसरी बेघर हुन्छौं ? हामीले अब हाम्रो आन्दोलनलाई तीब्र पार्नुपर्छ । भएन भने जङ्गी आन्दोलन गर्नुपर्छ । मच्छरल्यान्ड लिएरै छाड्नुपर्छ । साथी हो, तयार छौ ?

डेङबहादुर–अनुफिलि (एकैचोटि) हामी तयार छौं, कि मर्छौं कि मार्छौं, मच्छरल्यान्ड लिएरै छाड्छौं ।

किउलेक्स शर्मा : त्यसो भा ढिलो नगरौं । भन साथी हो, आ–वा–ज दो (ठूलो स्वरमा) ।

डेङबहादुर–अनुफिलि : ए– क हो (ठुलो लामो स्वरमा) ।
किउलेक्स शर्मा : इनकिलाब...
डेङबहादुर–अनुफिलि : जिन्दावाद, जिन्दावाद....
किउलेक्स शर्मा : हाम्रो दाबी...
डेङबहादुर–अनुफिलि : मान्नैपर्छ, मान्नैपर्छ....
किउलेक्स शर्मा : मच्छरल्यान्ड...
डेङबहादुर–अनुफिलि : दिनैपर्छ, दि–नै पर्छ...., दिनैपर्छ, दि–नै पर्छ.... (पर्दा खस्छ)

**समाप्त**

१. सरकारी विभाग (Excise department of state government)
२. जग्गाधनी (A legal document of permanent settlement on land given by the government . )
३. रैथाने (Aborigine)

ooo

**किरण पुस्तकालय**

**तम्घास, गुल्मीलाई**

**आफ्ना प्रकाशनहरू उपलब्ध गराई**

**सहयोग गर्नुहोस् ।**

# कविताको कथाको सामान्य टिप्पणी

✍केशवराज आमोदी

नेपाली साहित्यमा कविता, निबन्ध, नाटक र आख्यान गरी चार प्रमुख विधा मानिन्छन् । विधात्मक दृष्टिकोणले सबै उत्तिकै महत्त्वपूर्ण रहेका छन् । स्रष्टिका दृष्टिकोणले पनि कुन कम र कुन बेसी छुट्याउन सकिँदैन । स्रष्टाहरूले घरायसी परिवेश वा सामाजिक वातावरण अध्ययन र स्रष्टिका आधारमा मनपरेका विधाहरूमा साधना गर्दछन् र सिद्धि प्राप्त गर्छन् । तिनका रचनालाई तौलन पनि सकिँदैन । ती रचनाहरू आफैँमा अतुलनीय हुन्छन् । आफ्नै गुण गरिमा र रूप सौन्दर्यले समन्वित रहन्छन् ।

आजभन्दा लगभग पाँच वर्षअघि क्रान्ति धरा मेरठ साहित्यिक महाभूकम्प यु.पी भारत २०१७ (२४-२६) सम्पन्न कार्यक्रममा कवि ऋषभदेव घिमिरेका कविता पहिलो पल्ट मेरा कर्णकुहरमा गुञ्जिएका थिए र उहाँको वाचन कलादेखि आकर्षित भएको थिएँ । गत वर्ष हेटौडामा सम्पन्न मातृभूमि साहित्य समाजको कार्यक्रममा उहाँको र मेरो बसाइको अन्तरले 'कविताको कथा' सुनाउन सक्नुभएन । भावुक हृदयी कवि ऋषभले कार्यक्रमपछि मलाई खोज्नु त भयो तर म चितवनतिर कारणवश लाग्नुपरेकोले मलाई भेटेर पुस्तक थमाउन सक्नुभएन, मलाई पुस्तक नथमाई उहाँलाई सन्तोष पनि लागेन । पछि भरतपुरतिर आउने साथीद्वारा 'कविता कथा' पठाइदिनु भएछ ।

असाध्यै सुमधुर लयमा वाचन गर्ने र कुशलतापूर्वक छन्द कविताहरूको रचना गर्ने कवि ऋषभदेव घिमिरेले गद्य कविता-संग्रहलाई प्रकाशनको प्राथमिकतामा किन राख्नुभयो ? मेरो मनमा पनि कुतुहलताका भुलभुल मूल फुटिरहे । त्यसो त गद्य र पद्य कविताका आफ्नै सम्प्रेषणीय मोहनियता र भावसञ्चारका अप्रतिम विलक्षणताहरू हुँदाहुँदै पनि कथा (लोक) महिमाको दीर्घतर इतिहास र वर्तमानमा कविताका भन्दा आख्यानका पाठक र निर्णयप्रतिका रुझानलाई ख्याल गरी कविताको कथा ल्याउनुभएको हो कि भन्ने पनि लाग्यो तर विश्व साहित्यमा कविता काव्यहरूको गुणवत्तालाई बिर्सन पनि सकिँदैन ।

जुन विधामा लेखे पनि रोजाइ त आखिर कविको हो । समालोचक प्रा. डा. व्रतराज आचार्यले घिमिरेका कवितासँग अन्तरङ्ग शीर्षकको भूमिकामार्फत कवि

ऋषभदेव घिमिरेको परिचयसहित कृतिको सुन्दर विश्लेषण गर्नुभएझैँ अर्को विद्वान् समीक्षक महेश पौड्यालले ' सहिष्णुताको स्वच्छन्द खोजी' द्वारा कवि ऋषभदेवको कविताको कथा (कविता-संग्रह-२०७६)को साङ्गोपाङ्ग चित्र उतार्नुभएको छ भने पश्च पृष्ठावरणमा राष्ट्रकवि माधव घिमिरेका हस्तलिपिसहितको कवितात्मक आशीर्वादबाट कृतिले सुन्दरता, ओज र पूर्णता प्राप्त गरेको छ । मैले लेख्ने थप विषयहरू त्यहीँ नै समेटिएका छन् । म समालोचक त होइन तर इमान्दार पाठकको हैसियतले दुई शब्द लेख्ने रहर गरेको मात्र हुँ । कवि स्वयं समीक्षक हुनुहुन्छ भन्ने प्रमाण त "भाव तरङ्ग" प्रकृतिमा अभिव्यक्त विचारले पनि प्रकटन गरिरहेझैँ लाग्दछ । "कविताको कथा"लाई आयामका दृष्टिले लघुतम-कविता ११ र लघु कविता ४७ गरी विविध आयाममा भएझैँ वस्तुताका आधारमा लोकतन्त्र, स्वाधीनता, सङ्घर्ष र राजनीतिक विचलनसहित शृङ्गारिक धाराको सुललित चित्रण, प्राकृतिक रमणीयताको सुकोमल प्रकटन, आद्यानुप्राशिकालङ्कारको मनोरम प्रस्तुति एवं राष्ट्रिय विभूतिहरूप्रतिको सहसम्मान स्मृतिले अनि स्वच्छन्दतावादी परिस्कृत शैली र तार्किक विचारले पनि कृति पठनीय र संग्रहणीय बनेको छ । कवितामा विविध भावहरू छन्, तरङ्ग तरेलीहरू छन्, रुमानी भावधाराका अनुपम प्रणय-प्रवाहका प्रमुग्धकारी प्रसूनहरू पल्लवित छन् ।

समुचित बिम्ब, प्रतीक, उपमा र सूक्तिमयताका मनमोही सुकुमार प्रयोगहरू छन् । प्रीतिप्रणयका मधुरतम निनादहरू छन् । स्वयं कविका उदात्त भावना र दार्शनिक चिन्तनका रमणीय प्रकृतिक रङ्गमयताले आच्छन्न कविताका सदाबहार चिरन्तन बीजहरूका बारेमा विरचित ' कविताको कथा' बाट नै यथेष्ट अवगत गर्न सकिन्छ । अतएव उदाहरणार्थ केही कवितांश राख्दै आफ्ना विचार छुट्टाउँछु । यथा- मन र मस्तिष्कको नवीनतम उत्पत्ति कवितामयी ब्रह्माण्डको रचना पृथ्वी, तेज, जल, वायु र आकाश मनमोहक निहारिका भोग र भोगाइका परिवेश हाँस्दै फुल्ने फूलहरू कनक-कान्तिले सिगारिएको आभामण्डल यिनै त कविताका शाश्वत स्वरहरू ।

अन्त्यमा यति सुन्दर राष्ट्रभक्तिले ओतप्रोत कृति उपहार स्वरूप प्रदान गर्नुहुने कवि ऋषभदेवमा हार्दिक धन्यवाद दिँदै फेरि पनि यस्तै मनोरम कृति पढ्न पाइयोस् भन्ने सदिच्छा राख्दै यो छोटो पाठकीय विचार यही टुङ्ग्याउँदछु ।

**रत्ननगर, चितवन ।**

०००

# हिमाल : अर्थात् आफैँमा एक आश्चर्य

✍प्रतीक ढकाल

आफ्ना हातैले छोइने दूरीमा सिंगो र नाङ्गो हिमाल नदेखुन्जेल म पनि के ठान्थेँ भने 'हिमाल' भनेको एक किसिमको अग्लो पहाड नै हो जसका थाप्लामा बाह्रै महिना हिंउ अडिएको हुन्छ । आफ्नै पैतालाले हिमप्रदेशको लामो दूरी ननापुन्जेलसम्म पनि म के ठान्थेँ भने 'हिमनदी' भनेको त्यही हिँउको आधा पग्लेको र आधा नपग्लेको रूप होला जो क्रमशः नदी बन्ने धूनमा ओरालिइरहेको हुन्छ । उपल्लो डोल्पाको २६ दिनको कठिन पदयात्रापछि लेखेको पुस्तक "हिमालपारि पुगेपछि" र त्यसैको अंग्रेजी संस्करण Beyond the Himalayas मा मैले "यसरी जन्मिने रहेछन् शिशु नदीहरू" र Infant rivers taking their motion भन्ने शीर्षकमा एउटा दुर्लभ फोटो पनि छपाएँ । 'दुर्लभ' यस अर्थमा कि त्यस्तो फोटो खिच्ने अवसर त्यस्तै दुर्लभ भूगोलमा पुग्दा मात्र दुर्लभ किसिमले नै प्राप्त हुने गर्छ । त्यतिको अनुभव हासिल गरेको मान्छे भएर पनि म शत प्रतिशत इमान्दारिताका साथ भन्छु– त्यो बेलामा पनि मैले 'हिमनदी' भनेको के हो भन्ने कुरो बुझेकै रहेँनछु । छापिएको तस्वीर सही हो, त्यसको दृश्य त झन् दुर्लभ हो नै; तैपनि मेरो धारणामा परिपक्वताको अभाव नै रहेछ– त्यो बेलासम्म पनि । हिमाललाई मैले अलिकति बुझेँ भन्ने स्थिति तब मात्र आयो– जब २०६३ सालको शरद् याममा मैले सगरमाथाको आधारशिविरसम्मको यात्रा गर्ने अवसर प्राप्त गरेँ । मेरा अघिल्ला यात्राहरू 'पास' मार्फत हिमाललाई 'पार' गरेर पारिपट्टिको भूगोललाई कुल्चने ध्याउन्नमा मात्र सीमित भएका रहेछन् । मेरा अघिल्ला यात्राहरूले 'हिमाल' लाई बुझ्नमा असाध्यै कम र सकेसम्म धेरै बाटो हिँडेको मान्छे हुनमा बढी 'ऊर्जा' खर्च भएको पनि ठीक साँचो हो; लिगामेन्ट लगायत मेरा ज्यानका 'पूर्जा' ह्रासकट्टी हुँदै गएको पनि ठीक साँचो हो । र, यी दुबै खपत भएर पनि हिमालसम्बन्धी मेरो ज्ञानको 'बुर्जा' उँचो हुन नसकेको पनि ठीक साँच्चै नै रहेछ ।

तर वि. सं. २०६३ को कार्तिकले मभित्र ठूलो परिवर्तन ल्यायो । मभित्र हलचल नै मच्चायो र मैले बल्ल हिमाललाई अलिकति भए पनि चिनेको अनुभूति जगायो । म त संसारकै गौरव 'सगरमाथा' लाई खोज्दै उसैको आधारशिविरमै पुगेंथेँ; कालापत्थरमा चढेंथेँ, खुम्बु क्षेत्रका चोला, रेञ्जोला र खोङमाला आदि सबै

'पास'हरूका थाप्लाहरूबाट उसैलाई खोज्दै तन्काउँथेँ आँखाहरू । अनि, आधारशिविरमै रात बिताउन थालेपछि बल्ल थाहा पाएँ कि– म त 'लोबुचे' देखि नै हिमप्रदेशको यात्री पो भइसकेको रहेछु । 'गोरक्षेप' बाट उँभो लागेपछि नै चढ्न थालेको रहेछु मैले सगरमाथा । तर भूलवश म त्यसलाई 'बाटो' ठानिरहेको थिएँ । म जुन जुन ठाउँमा पाइला टेक्दै अघि बढिरहेँ– म त्यो सबैलाई 'माटो' ठानिरहेको थिएँ । आधारशिविरमा पुगेर हेर्दा पो थाहा भयो– म आफ्ना पाइतालामुनि पृथ्वी जत्रै 'हिमाल' भएको ठाउँमा उभिएर सिर्फ त्यसको बाहिर निस्केको टुप्पोलाई हेरिरहेको रहेछु । 'नुप्चे छ अजंगले फैलिएको मेरा आँखासामु र म त्योभन्दा ठूलो हिमशिलामाथि उभिएर 'नुप्चे' लाई हेरिरहेछु । वास्तवमै जब हामी ५००० मिटरमाथिको हिमरेखालाई नाघ्छौँ– तब त हामीले टेकेको ढुंगा, माटो र बाटो अनि हामीले देखेको हिमाल सबै सबै नै 'हिमाल' मात्र हुने रहेछन् । त्यो ढुंगो पनि हिमाल हो, बाटो पनि हिमाल हो र हामीले टेकेको माटो पनि हिमाल नै हुँदो रहेछ । धर्तीमुनि हुने झन् ठूला ठूला अनि नदेखिने र 'भूमिगत' हिमालहरूले बाहिरका देखिने हिमालहरूलाई अड्याएका हुँदा रहेछन् । समुद्रमा देखिने 'आइसवर्ग' जस्तै पो रहेछ हिमाल त । 'आइसवर्ग' जसको पूरै जिउचाँहि पानीमुनि नै लुकेको हुन्छ र टुप्पो मात्रै देखिन्छ बाहिरबाट हेर्दा ।

दुईतले घर जत्रा ठूला ठूला ढुंगाहरू आउँछन् बाटोमा । कुनै माथि चढ्दै र कुनैसँग तर्कँदै बाटो पार गर्नु पर्ने हुन्छ । चर्को घाम लागेका बेला यी ढुंगाहरू चल्छन् र हिँडाइ खतरापूर्ण हुन सक्छ । गाइडहरू भन्दै हुन्छन्– "याद गर्नोस् है, दिउँसो त ग्लेशियर चल्छ । " अर्थात् यहाँ त जमीन भन्नु नै हिउँ हो र त्यो पग्लिएपछि ढुंगाहरू चल्न सक्छन् र नसोचेकै ठाउँमा पनि पहिरो गएर वा जमिन फाटेर दुर्घटना हुन सक्छ ।

मैदानमै हिँडिरहेका हुन्छौँ; तर अलि पर पुग्दा जमीन नै पूरै भत्किएको भेटिन्छ ठाउँ ठाउँमा । अनि, त्यो भत्किएको ठाउँमा देखिन्छ त्यहाँको जमीनको– 'क्रस सेक्सन' स्केच । बीसौँ/तीसौँ मिटर गहिरा यी पहिराहरूमा तल तल त झन् नीलो हिउँ पो देखिन थाल्छ । हज्जारौं वर्षदेखि नपग्लेको नीलो हिउँ । चट्टानभन्दा कठोर भइसकेको यस्तो नीलो हिउँले 'नट बोल्ट' पनि लिन्छ । यस्तैमा 'बल्टु' कसेर र डोरी बाँधेर त हो नि हिमाल उक्लने बाटो बनाउने पनि । के तपाईंले बीसौँ/तीसौँ मिटर गहिरो इनारमा हिमाल भेट्टाउने कल्पना गर्नुभएको छ र कहिल्यै ? खुम्बु क्षेत्रको पदयात्राका प्रत्येक पाइलामा यस्तै अनौठा सत्य र अद्भुत दृश्यहरूसँग साक्षात्कार हुन्छ । हो, यहाँका त इनारभित्र पनि हिमाल नै 'फलेको' हुन्छ ।

चेप्टा चेप्टा ढुंगाका टोपी लगाएका हिउँका खम्बाहरू पनि प्रशस्तै देखिन्छन् यहाँ । ढुंगाले घाम छेकेका ठाउँको हिउँ मात्र पग्लन पाउँदैन र बच्छ– तर अरू ठाउँको सिंगै सतह नै पग्लेर तल जान्छ र देखा पर्छन् सैनिक मञ्चका सैनिककै मूर्तिहरूभैं ढुंगाका टोप लगाएका हिम सैनिकका मूर्तिहरू यहाँ । चर्को घाम लागेको छ भने २ दिनपछि आफ्नै पालभित्र पस्नसमेत सकिँदैन । पालभित्र त पहिले कल्पनै नगरिएको हिउँको 'खाट'ले जन्म लिइसकेको हुन्छ । चीन, जापान, अमेरिका वा युरोपतिर देखिने जस्ता रेल छिर्ने ठूला ठूला सुरूङहरू पनि देख्न पाइन्छन् यो ठाउँमा । हिउँ आफैँले बनाउँदो रहेछ यस्ता सुरूङहरू– यो वीचित्रको देवभूमिमा । त्यति मात्र होइन, सगरमाथाको आधारशिविरमा त तल तल ससाना हिमालका बिरूवाजस्ता थुम्काहरूसमेत देख्न पाइन्छन्– नुप्चेको काखमा । साँच्चैका मनमोहक हिमालका बिरूवाहरू । कतै लगेर सार्न पाए पनि हुन्थ्यो जस्तो लोभै लाग्ने खालका हुन्छन् यी कलिला हिमालका स-साना बिरूवाहरू । आहा, हिउँका बिरूवाहरू भएको ब्याड ! कहिल्यै सोच्नुभा'को थ्यो ?

आश्चर्य लाग्छ, कसले गर्दो हो यो कलाकारिता ? हेर्दाहेर्दै छक्क परिन्छ– प्रकृति आफैँले किन चाल्दो हो यसरी रोडा, ढुंगा, गिट्टी र बालुवा ? भनिन्छ हिमनदी, तर त्यो प्रकृतिको कस्तो अद्भुत र उपध्रोकारीशक्ति  हो भन्ने कुरो त्यहीँ पुगेपछि मात्र महसुस गर्न सकिन्छ । 'हिमनदी' रे– तर कतै देखिँदैन नदी । उही ढुंगा, गिट्टी, र बालुवाका ठूला ठूला पहाडहरूका बीचमा स-साना डोबिल्काहरू देखिन्छन्– नीला नीला । बस, त्यही नै हो हिमनदी । ती ढुंगा, गिट्टी र बालुवाका विशाल विशाल रासहरू त्यही हिमनदीले थुपारेको हो । यति ठूला ठूला थुप्राहरू त नेपालका सबैभन्दा बढी चलेका क्रसर उद्योगहरूले पनि बनाउन सकेका छैनन् होला । वास्तवमा हिउँले खियाउँदै खियाउँदै लगेर त्यतातिरको जमीनलाई पूरै छ्यान्द्रो पारिसकेको छ । हिमनदीले बढी खेलाएका ठाउँको जमीन धमिराको देवल जस्तो हुँदो हो– म अनुमान मात्र गर्न सक्छु । त्यही भएर त होला नि सगरमाथा चढ्न थाल्दा पनि खुम्बु आइसफल एरियाभरि धेरै जना एकै ठाउँमा जम्मा हुन, ठूलो भारी बोकेर हिंड्न, चर्को स्वरले बोल्न र घाम लागेका बेला हिंड्न एक किसिमले भन्नु पर्दा अघोषित प्रतिबन्ध नै लगाइएको छ । आफैँ जमिनमुनि खस्न सक्ने हुनाले, हिमखाल्डाहरू (खरपस) मा पर्न सक्ने हुनाले, देख्दादेख्दै जमिन फाट्न सक्ने हुनाले, पहिरो भर्न सक्ने हुनाले सबै आरोहीहरू श्वास दबाएर सटाक-सुटुक हिड्छन् यो बाटोमा– घाम झुल्किनुभन्दा धेरै अघि  नै । यहीँ भेटिन्छन्– सगरमाथा आरोहीहरूलाई पहाड उक्लन सघाउन हिउँमा भऱ्याङ लगाइदिने आइसफल डाक्टरहरू । यी डाक्टरहरू पुराना औजार र उपकरणका

भरोसामा आफ्नो जीवन जोखिममा झुण्डाएर भए पनि अरूका लागि बाटो बनाइदिन्छन् । यी आफू विपन्न रहेर पनि त्यो बाटो 'पार' गर्ने कसैलाई 'नाम' ले र कसैलाई 'दाम' ले सम्पन्न बनाइदिन्छन् । यी घाटका माझीहरू हुन् । यिनीहरूले नै सबैलाई तारिदिन्छन् र संकट पनि टारिदिन्छन् । तर आफू भने 'सिजन' भरि नै जस्ताको तस्तै यहीँ नै रहिरहन्छन् ।

'खुम्बु आइसफल !'

यो संसारकै सबैभन्दा खतरनाक बाटो हो । यहाँको चप्पा चप्पासँग परिचित हुनाले नै उनीहरूलाई 'आइसफल डाक्टर' भनिएको हो । आइसफल डाक्टरहरू नहुने हो र उनीहरूले नै दशौं ठाउँमा भऱ्याङहरू हालेर हिमखाल्डाहरूबाट नतारिदिने हो भने कसैले पनि सगरमाथाको आरोहण गर्न सक्तैन । पर्दा पछाडिका यी नायकहरू वास्तवमै सधैँका लागि पर्दा पछाडि नै रहे; योचाँहि बडो दुःखको कुरो हो ।

हिमालको अर्को वीचित्रको विशेषता हो– सूर्यको रंगमा पूरै नुहाउनु । बिहानी पख जब सम्पूर्ण हिमाली शृङ्खला नै 'सुन' को बन्न पुग्छ, त्यो बेलाको जस्तो भव्यतम दृश्य शायदै संसारमा अरू कुनै होला । बिहान सुनको हुनु, दिउँसो चाँदीको हुनु र सूर्यास्तका बेलामा तामारंगी हुनु हाम्रा हिमालको विशेषता हो । हिमाली क्षेत्रको बिहान पूरै सुनको हुन्छ । तर यो अद्‌भुततालाई हेर्न तपाईं पनि चराभन्दा पहिले नै उठेर हिमाललाई हेर्न तम्तयार रहेको हुनुपर्छ । यस्ता दृश्यहरू दुर्लभ हुन्छन् र ढिलो उठ्नेहरूले कहिल्यै देख्न पाउदैनन् । "टाइम एण्ड टाइड वेट्स् फर नन् ।" कुरो बुझियो होला केरे !

बेसक्याम्पतिर पाल टाँगेर सुतेका बेला मध्यराततिर पनि तोप पड्काएको वा गोलाबारीको जस्तो ठूलो आवाज सुन्न पाइन्छ । तर यो विष्फोट र गोलाबारीको आवाज कुनै विद्रोहीले निकालेको आवाज होइन; बरू हिउँको पहिरो गएको आवाज हो । हिउँको पहिरो जाँदा हिमालको माथिल्लो भागबाट हिउँको ठूलो ढिस्को खस्छ र एकदमै ठूलो आवाज र धुँवाको मुस्लो निकाल्दै त्यो तल झर्छ । नयाँ मानिसहरूका लागि यो आश्चर्यको कुरो पनि हुन सक्छ । तर बेला बेलामा यस्तो विष्फोट हुनु, हिउँ थुप्रिएर आफैँ सुतेको पाल लच्किनु र ओछ्यानमुनिको 'हिमनदी' चलेर भूकम्प आए जस्तो भइरहनु 'हिमालीफेद' का लागि अति सामान्य र दैनिक जसो भइरहने कुराहरू हुन् ।

सगरमाथाको बेसक्याम्पको रूप पनि स्थायी प्रकृतिको छैन । यो पनि हरेक

पल्ट फेरिएको देख्न पाइन्छ । सिंगै सतह १०/२० मिटर माथि उठ्नु वा तल बस्नु यहाँका लागि सामान्य कुरो हो । माथि उल्लेख भएका 'हिउँका खम्बा' को उत्पति र टेण्ट सारिरहनु पर्ने कारणबाट पनि यसको पुष्टि हुने गर्छ । त्यही भएर त बेसक्याम्पको उँचाइबारे भन्नु पर्दा पनि ५३०० मिटरदेखि ५४०० मिटरसम्म भन्ने गरिन्छ । सरकारले ५३६४ मिटर भनेर तोके पनि ठ्याक्कै यति मिटर भन्ने नपाइ त्यहाँ त्यही क्षणका लागि मात्र लागू हुन्छ । अर्को दिनको नाप अर्कै भइसकेको हुन्छ । र, अर्को कुरो यो ठाउँमा यति चर्को घाम लाग्छ कि– मानौं घामले छोएको ठाउँमा फोकै पो उठ्ने हो कि जस्तो स्थितिसमेत आउँछ । हिउँले पनि डढाउने र घामले पनि डढाउने हुनाले हिमालतिर डुल्न गएर आएका मानिसहरू 'काला' भएर फर्केका हुन्छन् ।

चैत वैशाखतिर त सगरमाथाको आधारशिविरमा एक किसिमको ठूलो मेला नै लाग्दछ । सगरमाथा, ल्होत्से र नुप्चे हिमाल चढ्न आएका दर्जनौं पर्वतारोहण दलका सदस्यहरूका सयौं किसिमका रंगीचंगी पालहरू, दर्जनौं किचनहरू, स्टाफका लागि बनाइने अरू अनेकौं ठूला ठूला पालहरू, शौचालयका लागि बनाइएका अनेकौं साना-साना पालहरू, फेदीसम्म मात्र यात्रा गर्न आएका अरू पदयात्रीहरूका दर्जनौं झुण्डहरू, हेलिकोप्टरको बाक्लो ओहोर-दोहोर, अक्सिजन लगायतका अरू आरोहण गियरहरू बेच्न राखिएका दर्जनौं पसलहरू, गाइड, भरिया, सम्पर्क अधिकृत, सरदार, पर्वतारोही, कुक र अरू पूजाआजामा संलग्न स्थानीयहरूको बाक्लो उपस्थितिले यो मेलाको रूपलाई नै कल्पनातीत बनाएको हुन्छ । कसले कल्पना गरेको हुन्छ र– यो ठाउँमा पनि यस्तो भीड होला भनेर ? कसले अनुमान गरेको हुन्छ र– त्यत्रो क्षेत्रफलमा फैलिएको जग्गामा पनि पाल टाँग्ने ठाउँसमेत पाउन मुश्किल पर्छ भनेर ? कसले पूर्वानुमान गर्न सक्छ र– रंगीचंगी लुङ्ताले पूरै फेदीलाई नै बेहुलीलाई झैं सिंगारेको हुन्छ भनेर ?

हो, हिमाल एउटा रहस्य नै हो । यो धर्तीको उत्पति र मानव सभ्यताको विकाससँग जोडिएको एउटा नखुलेको पाटो नै हो । हिमालको अद्भुत छटाको वर्णन हाम्रा वैदिक साहित्यदेखि पुराणहरूसम्म, संस्कृत साहित्यदेखि वर्तमान नेपाली साहित्यसम्म, पौरस्त्य साहित्यदेखि पाश्चात्य साहित्यसम्म र भूगोलदेखि जीवन-दर्शनसम्मका सबै विषयहरूमा गरिएको पाइन्छ । हिमाललाई युगौं अगाडिदेखि नै संसारका सबैतिरका वाङ्मयहरूमा साहस, सौर्य, सुन्दरता, स्थिरता, वीचित्रता, अगम्यता, सुरम्यता, रहस्यमयता, रौद्ररम्यता, धैर्य, रोमाञ्च, उच्चता, दुर्लङ्घ्यता, शीतलता र अटलताको बिम्ब, प्रतीक, चिह्न, उपमा, मिथ आदिका रूपमा चित्रण गर्दै आइएको पाइन्छ । सबैभन्दा धेरै हिमाल नेपालमै छन्– तर यी माथि केन्द्रित

भएर सबैभन्दा बढी लेखेका छन्– पश्चिमा विद्वान्हरूले । हिमालको सौन्दर्यको केस्रा केस्रा केलाउने काम पश्चिमका कवि/लेखकहरूले मात्र होइन, फिल्म निर्माता, सामाजिक अनुसन्धाता, आरोही, वैज्ञानिक, विद्यार्थी र विश्वविद्यालयहरू धेरैले गरेका छन् । तर हामीले भने आफ्नै हिमालका बारेमा समेत थाहै नपाई बसेका छौँ । सात समुद्रपारिका मान्छेहरू आएर यी देवताहरूको निवासस्थलमा चार-चौरास डुलिसकेका छन्– तर हामी नेपालीहरू भने अझै पनि त्यतातिर चासै नराखेरै बस्न सकेका छौँ ।

कठै, कति नबुझेका हौँ हामीले ?

यदि हिमाल संसारकै रहस्यको पोको हुँदैनथ्यो भने हिँडेरै पोखरी पार गर्न सम्भव हुन्थ्यो होला र ? सफलता र असफलता, संयोग र वियोग, हार र जीत अनि आँसु र हाँसो दुबैको बिम्ब एउटै हिमाल कसरी बन्न सक्थ्यो होला र ? संसारलाई पानी खुवाउने हिमाल– के हामीले महत्त्व नदिए जस्तै सानो कुरो होला र ? जहाँ एक 'पाइला' पनि महंगो हुन्छ– अनि जहाँ प्रत्येक पाइलाले कीर्तिमान रच्छ– इतिहास बनाउँछ– के त्यो ठाउँ– चासो नराखीकन बस्न मिल्ने खालको होला र ?

"स्रष्टाका आँखामा नेपाली पर्वतीय साहित्य" नामक कृतिको आवरणमै त्यसका लेखक प्रा.डा. खेम कोइराला बन्धुले उल्लेख गर्नुभएको छ– "पश्चिमाहरूले समुद्रमै केन्द्रित भएर साहित्य लेखे, नोबेल पुरस्कारबाट सम्मानित भए र सारा विश्वको ध्यान आफैंतिर खिच्न सफल भए । अरबीहरूले मरुभूमिलाई नै साहित्यमा उतारे र विश्वव्यापी सम्मान प्राप्त गरे । टापु हुनेहरूले टापुकै कुरो गरे र प्रख्यात भए । तर हामीले चाँहि आफ्नो अमूल्य सम्पतिको रूपमा रहेको पर्वत र हिमालमा केन्द्रित भएर लेख्न सकेनौँ, चाहेनौँ, लागेनौँ, जानेनौँ । ..... सारा संसारले गौरवको रूपमा हेर्ने गरेका हिमालहरू हामीसँगै छन् । तर पनि हामी आफ्नै यी विशाल अनि गौरवशाली सम्पदाका बारेमा किन लेख्दैनौँ ?"

डा. बन्धुले उल्लेख गर्नुभएको यो सत्य ब्यहोराबाट अब हामीले केही सिक्नै पर्छ । हिमालले हामीलाई पहिचान दियो– अब हामीले पनि हिमाललाई सम्मान दिनै पर्छ ।

युवा साथीहरू !

मलाई त अब तपाईंहरूको मात्रै भरोसा छ । तपाईंहरूले नै अब यी 'सुन'का

थुम्काहरूलाई देख्नुपर्छ, तिनका आङमा टेक्नुपर्छ र फर्की आएर अब तिनैका बारेमा लेख्नुपर्छ । हो, अब हामीले हाम्रै हिमालका शिरमा खादा चढाउनुपर्छ र त्यसको साहस-कथा सारा विश्वलाई पढाउनुपर्छ । २८ पटक सगरमाथाको शिरमा टेक्न सक्ने विश्वको एक्लो मान्छे कामीरिता शेर्पाको साहस, ७६ वर्षको उमेरमा पनि सगरमाथा विजयी बन्न सक्ने मीनबहादुर शेरचनको अदम्य उत्साह, घुँडामाथिदेखि नै दुबै खुट्टा काटिएका भए तापनि नक्कली खुट्टाकै भरमा सगरमाथा विजयी बनेका हरिबहादुर बुढामगर, १४ वर्षको उमेरमै सगरमाथा विजयी बनेकी तपाईंकै छोरी मिङकिपा शेर्पाको विश्व रेकर्डबाट हामीले चाहिँ केही सिक्नु पर्दैन ? त्यसैले हामीलाई यति ठूलो हिमाली शृङ्खलाको उपहार दिने प्रकृतिप्रति निरन्तर अनुगृहित रहँदै अब हामी सबैले सधैँ यो गीत गाउनुपर्छ-

धन्य तिम्रो कृपा यत्रो सकेछौ पर्वतै दिन

हे विधाता ! म चाहन्न यहाँभन्दा धनी हुन ........

अनि शान्ति कहाँ छ नि ? चाहे आफ्नो मनको शान्तिको कुरो गर्नोस् वा विश्व शान्तिकै, त्यो पनि हिमालमै छ । संसारका सबै धर्मका देवीद्यौताको वास हिमालमै रहेको पाइन्छ । हिन्दू, शाक्त, किरात, जैन र शैवजस्ता ॐकार परिवारले श्रद्धा अर्पने कैलासवासी महादेवको मात्र कुरो होइन, बौद्धमार्गीका महागुरु पद्मसम्भव, सन्त मिलारेपा र अन्य जति पनि सिद्धात्मा गुरु रिम्पोचेहरूको नाम श्रद्धापूर्वक लिइन्छ, ती सबैले नै हिमालमै तपस्या गरेर सिद्धि पाएको इतिहास देख्न, सुन्न र पढ्न पाइन्छ । खिष्टियानिटीका विशिष्ट व्याख्याता र इस्लामका धेरै रसूलहरूले पनि पर्वतकै यात्रा गरेका देखिन्छन् । कुरानले त जन्नत (स्वर्ग) को बयान गर्दा पनि आफ्ना धेरै आयत (श्लोक) हरूमा मुक्तकण्ठले पर्वतीय भूमिकै प्रशंसा गरेको पाइन्छ । यहुदीहरूको 'तालमूद' त झन् यस्तो धर्मग्रन्थ हो जसले धर्तीको सुन्दरता ननियाल्नुलाई नै पाप भनिदिन्छ । महाराज युधिष्ठिर पनि जिउँदै स्वर्ग जान आफ्ना भाइहरू र पत्नीसहित हिमालयको उचाइतिरकै यात्रामा उद्यत भएका थिए । तर लेक लागेर सबै ढले जसलाई हामीले अज्ञानताका कारणले पाप र धर्मसँग जोडेर हेऱ्यौँ ।

संसारको शान्ति हिमालमै छ ।

ooo

# गजल



**✍खगेन्द्र गिरि कोपिला**

जे हुनु थियो त्यो भएरै छाड्यो, गयो, सक्कियो ।
नयाँ भन्दाभन्दै चलन, फेरि पुरानै फर्कियो ।

यो गरौँ उसो गरौँ, यसो गरौँ भन्दै, फुइँ हाँक्दै ।
बलियो भन्ने गरेको घर कति छिटै मक्कियो ।

आफै सल्काएर आगो, आफैले निभाएकै हो !
अचम्म यो भो कि निभेको आगो फेरि सल्कियो ?

रोगी भएको मान्छे मऱ्यो भन्ने पिर हुँदै हैन !
पिर त यो हो कि काल किन यसरी यहीँ पल्कियो ।

जे प्रतिज्ञा गरे पनि जे आश्वासन दिए पनि !
बोल्नेहरूको बोलीको स्तर कति छिटै खस्कियो ।

तथ्याङ्क राख्दा रहेछन् सुतेका मान्छेले पनि !
हाम्रासामु कसले कस्ताकस्ता सपना पस्कियो ?

समयका तेज आँखाले प्रश्न गरिरहने छन् ।
को के भएर मैलियो ? को के गरेर टल्कियो ?

अब बन्नै पर्छ तिमीले बन्छ भनेको कुरो !
भत्काउँछु भनेको कुरो भत्किन त भत्कियो ।

चमत्कारको आश गर्दागर्दै कैयौँ रात बिते तर !
कसलाई थाह होला फेरि हलो कहाँ अड्कियो ?

**–नेपालगञ्ज ।**

ooo

कथा

# कारावास



✍शंकरप्रसाद गौतम

जापानको एउटा कारागारको कम्पाउण्डभित्र रेलका डब्बाजस्ता पन्ध्रवटा ब्लकहरू थिए । ती ब्लकहरू अंग्रेजी यु आकारका देखिन्थे । सबै ब्लकहरूमा बीस-बीस जनाका दरले कैदीहरूलाई राख्ने व्यवस्था मिलाइएको थियो । एउटा ब्लकलाई फेरि बीचमा पार्टिशन गरी दश–दश जना राखिन्थ्यो । एक ब्लकबाट अर्को ब्लकमा आवत–जावत गर्ने सुविधा थिएन । कैदीहरूले आफ्नो ब्लकको वरिपरी दैनिकरूपमा सरसफाइ गर्नुपर्दथ्यो । प्रत्येक दिन दश जना बिहानै उठेर सरसफाइ गर्ने र बाँकी दश जना अबेरसम्म सुत्न पाउने सुविधा थियो । सरसफाइ सकिएपछि घन्टी बज्थ्यो । त्यसपछि सबैजना उठ्नै पर्ने हुन्थ्यो । साथै आफ्नो नित्यकर्मसमेत आधा घण्टाभित्र सक्नुपर्ने नियम थियो । तीस मिनटपछि अर्को घन्टी बज्थ्यो, जुन बिहानको खाजाको लागि हुन्थ्यो । ब्लकको अगाडिपट्टि सूचना पाटी टाँस गरिएको थियो । त्यहाँ भोलिको कार्यसूची टाँस गरिन्थ्यो । सूचीमा भोलिको खाजा–खानाको विवरण र कारावासबाट छुटकारा पाउने व्यक्तिको नाम ठेगाना उल्लेख हुन्थ्यो । सबै जसो कैदीहरू बिहान उठेपछि सधैँ पहिला त्यो सूची हेर्ने । कारागारको “डी” ब्लकभित्र आकाश नामक एक नेपाली युवक आठ वर्षदेखि लागू पदार्थ ओसारपसारको आरोपमा बन्दी जीवन बिताइरहेको थियो । उसको कैद भुक्तान गर्न दुई वर्ष बाँकी थियो । तथापि ऊ सूचना पाटी हेर्न गयो । आश्चर्य ! उसको नाम ठेगाना सूचना पाटीमा टाँस गरिएको थियो । उसले तुरून्तै जेलरसंग भेट्न अनुमति माग्यो, अनुमतिको लागि एउटा बटन दवाउनुपर्थ्यो । त्यसपछि जेलरसंग भिडियो कलमा कुरा गर्न पाइन्थ्यो । कल जडान हुनासाथ जेलरले आकाशलाई बधाइ दियो र भन्यो –“तिमी कारावासमा बस्दा अनुशासनमा रहेकोले बाँकी दुई वर्ष कैद मिनाहा गरिएको छ । भोलि नै तिमीलाई नेपाल पठाइँदैछ । ”

दुई वर्ष पहिला नै कैद मुक्त हुँदा पनि आकाश पूर्णरूपमा खुसी हुन सकेन । उसका सपना जिउँका तिउँ छन् । कारावासअघिका क्षणहरू चलचित्रझैँ उसको मानसपटलमा चल्न थाले ।

❋❋❋

एक बिहान आकाश कौशीमा उभिएर आफैसँग कुरा गर्न थाल्यो– "म एक बरोजगार हुँ अनि म बेकामे पनि । विदेशमा भएको भए बेरोजगार भत्ता पाउँथे होला ? सो भत्ताले कम्तीमा जीवन चल्थ्यो, साथीहरूसँग चिया पिउन, गर्लफ्रेण्डसंग डेटिङ्ग गर्न र कतै घुम्न जान पाउँथे । के दिनमा यस्तो देशमा जन्मिएछु । कहिलेकाहीँ त मनै दिक्क लागेर आउँछ । रोजगारीका लागि प्रयास नगरेको पनि होइन, विभिन्न अफिस धाउँदा धाउँदा चार–पाँच जोडी जुत्ता फाटिसके । नेताहरूको घरदैलोमा पनि पुगकै थिएँ । निर्वाचनमा उम्मेदवारलाई जिताउन भरपुर सहयोग गरेको थिएँ तर जब जागिरको पालो आयो मेरो योग्यता पुगेन, किनकि म काका, दाइ, भाइ, भतिजा, भान्जा, साला, भिनाजु, साडुदाइ, साडुभाइ यीमध्ये केही पनि परिन । लोकसेवातर्फ भने लागिएन, किनकि दुई–तीनवर्ष नपढी लोकसेवा पास गर्न सकिन्न रे । बरू क्याम्पसको पढाइ सकेपछि, लोकसेवा पढ्नुपर्ने रैछ । बेलामा बुद्धि पुगेन ! डीभी पनि भरेँ, तर मलाई लागेन ! बेरोजगारलाई छिमेकीहरूले पनि उपहास गर्छन् जस्तो लाग्छ । छिमेकी शान्ति आन्टी देख्दा राम्री छिन् । पहिला पहिला उनीसंग गफ गर्न खुब मन लाग्थ्यो । आजभोलि मलाई उनको अनुहार हेर्न मन लाग्दैन, किनकि हरेक भेटमा सोध्छिन्– "बाबू जागिर पाउनुभयो । " मलाई गिल्ला गरेजस्तो लाग्छ । "

त्यति बेलै "ए आकाश बाबू, ए आकाश बाबू" कसैले बोलाएकोले उसको एकाग्रता भङ्ग भयो । उसले पुलुक्क हेर्‍यो शान्ति अन्टी रहिछन् । मन नलागी नलागी "हजुर अन्टी" भन्यो । शान्ति अन्टीले उही प्रश्न दोहोर्‍याइन्– "जागिर पाउनुभयो त बाबू । " जुन कुरा नसोधे हुन्थ्यो जस्तो लाग्थ्यो, त्यही सोधिन् । आकाशले निदार खुम्चायो । मुख बिगार्‍यो र आफूलाई समाल्दै भन्यो– "किन र अन्टी, कतै विज्ञापन देख्नुभो र ?" होइन मेरी साथीकी बहिनीको विवाह गर्ने उमेर भएको रहेछ । तिमीसंग कुरा मिलाइदिन खोजेकी थिएँ, बेरोजगार भएकाले कुरा गर्न सकिनँ । जागिर भयो भने भन्नु है भन्दै भित्र लागिन् । आकाशको रिसले पारो तात्यो । तपाईँलाई केटी खोज्न भनेको छैन ? भन्न खोजेको थियो । तर केही बोलेन । शान्ति अन्टीको कुराले आकाशको मन आँधीझै घुमिरहेछ । मनमनै सोच्छ । मेरा संगैका साथीले विदेश गएर प्रशस्त पैसा कमाएका छन् । घर बङ्गला बनाएका छन् । म चाहिँ काठमाडौंको शहरमा आफ्नै पाइला गन्दैछु । पाइला गन्नुको अर्थ केही बेर अरू कुरा सोच्न नपरोस् भनेर मात्र हो । पहिला

विदेश जान्न यही देशमा केही गर्छु भनेर खुब राष्ट्रवादी हाँक हालेँ, यही देशप्रेमको जोसमा धरतीसंग पनि बिछोड भयो । "दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले" भन्दै आफैले आफैलाई लोप्पा कँस्यो ।

प्रायः आकाश बिहान कौसीमा जाने गरेका थियो । त्यसदिन ऊ कौसीतिर लाग्यो । धेरै समयको खडेरीपछि पानी परेकोले वातावरण शीतल थियो । सडकमा हुने धूलोले केही समयका लागि विश्राम लिएको थियो । वनस्पतिहरू सफा देखिएका थिए नयाँ लुगा लगाएका मानिस जस्तै । उसले शिर उठाएर आकाशतर्फ हेर्‍यो । आकाश नीलो थियो । रुखको डालीमा एक जोडी परेवा प्रेमालाप गरिरहेका थिए । वातावरण सफा भए पनि उसको मन सफा थिएन । मनमा आधीँहुरी चलिरहेको थियो, कालो बादल मडारिएजस्तै । दिमागमा अनेकौँ तर्कनाहरू खेलिरहेका थिए । त्यति बेलै मोवाइल टिन्न बज्यो ।

फेसबुक च्याटमा "नमस्ते" देख्यो ।
उसले पनि "नमस्ते" फर्कायो ।

बेरोजगारलाई नमस्ते भन्दा मुख उज्यालो बन्यो । एकदमै तिर्खाएको बेलामा चिसो पानीले तृप्त पारे जस्तो अनुभव प्राप्त गर्‍यो । त्यो च्याट धरतीको थियो । आज धेरै वर्षपछि उसले च्याटमा कुराकानी गरेकी थिई । आकाश र धरतीले त्रिचन्द्र कलेजमा बी.ए.सँगै पढेका थिए । पढाइकै सिलसिलामा उनीहरू नजिक भए । काठमाडौँ, भक्तपुर, ललितपुरका साँस्कृतिक तथा पर्यटकीयस्थल उनीहरू सँगै घुमेका थिए । आकाशले सम्झ्यो - एक पटक गोदवारीको बगैँचाको एक छेउँमा बेसेको पल धरतीले भनेकी थिइन् - "जीवनभर यसैगरी संगसंगै बाँचौला है, आकाश" जवाफमा उसले हाँस्दै भनेको थियो –"यसैगरी बाँच्न सम्भव होला र ? क्षितिजतर्फ औँला देखाउँदै उसले भनेकी थिई– "हेर आकाश र धरतीको पनि कहिल्यै बिछोड हुन्छ र ? अनि आकाशको अँगालोमा टाँसिएकी थिई । विगतको त्यो क्षण सम्झेर मनमनै खुसी भयो । धरतीप्रतिको माया उर्लेर आयो । उसले च्याटमा कुरा गर्न थाल्यो :

"धरती कता ?"
"म जापानमा छु । "
"कसरी सम्झियौ त ?"
"सम्झनाका पलहरू धेरै छन् । "

पर्ख है धेरै दिनदेखि मनमा लागेको मेरो कुरा भन्छु । च्याटमा टाइपिङ्गको संकेत आइरहेको थियो । आकाशले धरतीको मनको कुरा पर्खिरह्यो :

प्रिय आकाश,
मुटुभरिको माया ।

सर्वप्रथम म तिमीसंग माफी चाहन्छु । समयमै तिमीलाई चिन्न सकिनँ । यही कुराले चसक्क पोलिरहेछ । काठमाडौंमा विभिन्न स्थानहरू बिताएका ती पलहरू मेरो दिमागमा ताजै छन् । याद छ आकाश ! गोदावरीको शान्त एक कुनामा बसेर, मैले तिमीलाई जिन्दगीभर साथदिने वाचा गरेकी थिएँ । त्यो वाचा आजसम्म पनि यथावत् छ, अपूरै भएर । तिम्रा सबै कुरा मन पर्थे, मात्र एउटा कुरामा भने त्यसबेला तिमीसंग सहमत हुन सकिनँ । ममा विदेश जाने भूत चढेको थियो । त्यही भूतले टाढा गरायो । अहिले जापानमा सबै सजिलो छ । दुःख कष्ट झेलेर यहाँसम्म आएकी छु । जापानी–नेपाली भाषाको दोभाषे बनेकी छु । तिम्रो भने राष्ट्रबादी सोँच, स्वेदशमै बसेर केही गर्ने थियो । मैले विदेश जाने कुरा गर्दा तिमी जान्न भन्यौ । त्यसदिन म रिसाएँ । तिमीलाई धेरै गाली गरेँ । गाली मात्रै गरिनँ तिमीसंग सम्बन्ध तोड्नेसम्मको गल्ती गरेँ । त्यो मेरो जीवनकै ठूलो भूल थियो । आज तिम्रो यादले यति सतायो कि जसका कारण मैले बोल्ने हिम्मत गरेँ । थाहा छ तिमीसंग कुरा गर्ने नैतिक अधिकार मसंग सायद बाँकी छैन । यदि तिम्रो मनको कुनै कुनामा अझै पनि म बाँचेकी छु भने, हाम्रो सम्बन्ध फेरि नयाँ बनेर जन्मन सक्छ । -उही तिम्री प्यारी धरती ।

धरतीको च्याटलाई आकाशले दुई तीन पटक पढ्यो । पढ्दै जादाँ उसको मन हल्का भैइदियो । उसले मनमनै सोच्यो –"आफू बेरोजगार भएर अलमलिएको बेला आफ्नो मन बहलाउने छहारी मिलेको छ । धरतीले सुखका दिनमा मलाई सम्झी, वास्तममा त्यसबेला मैले उसको कुरा मानेको भए आज यो दूरी र पीडा हुन्थेन । सम्बन्ध विगार्न दुईतर्फकै भूमिका हुन्छ । मान्छेले दुःख पाएको बेलामा मात्र साथी सम्झन्छ भन्थे तर धरतीले विदेशमा गएर सुख पाएको बेला मलाई सम्झी । वास्तममै मसंग माया गर्दी रैछ । यो मौका गुमाउनुहुन्न । "

"माफी भयो । " च्याटमा लेख्यो ।
"थ्याङ्कयू ! यू आर बेस्ट मेन"

अहिले म रेलमा छु अब म अफिस पुग्ने बेला भयो । फेरि कुरा गरौँला भन्दै साइन आउट भई ।

❋❋❋

त्यसका दुई चार दिनपछि फेरि साँझ च्याटमा आकाश र धरतीका लामो अन्तरंग कुरा भए ।

च्याटमा गफ गर्ने क्रम तीन–चार महिना चलिरह्यो । एक दिन धरतीले भनी- "आकाश तिमी जापान आऊ । यदि तिमी जापानमा आउँदैनौ, भने म नै नेपाल आउँछु । नेपालमै दुबै जनाले केही गरौला ?" धरतीको प्रस्ताव आकाशका मनमा खेल्न थाल्यो । बेरोजगार भएकाले डीभी फारम भर्नु अगावै उसको राष्ट्रवादी चिन्तन वागमतीमा बगाइसकेको थियो, तसर्थ आकाशले धरतीको प्रस्ताव अस्वीकार गर्ने कुरा भएन । भन्यो –"धरती तिम्रो जीत भयो म हारेँ । म नै जापान आउँछु । "

आकाश जापान आउने कुराले धरती पनि खुसी भई । आकाशलाई छिटोभन्दा छिटो जापान पुग्नु थियो । बेरोजगारले थिचिएको मन चङ्गाजस्तै बनेको थियो । आकाशले जापान जाने कुरा घरमा बतायो । घरमा सबै खुसी भए । घरतीले 'काम हुँदैछ भनेर भन्दै जाँदा पन्ध्र दिन बितिसकेको थियो । ती पन्ध्र दिन उसलाई पन्ध्र महिना जस्तै लागेका थिए । समय कुर्नु कति पट्यार लाग्दो हुन्छ–जसले कुर्नुपर्छ, उसैले मात्र महसुस गर्न सक्छ ।

आकाशकोपहाड घर गुल्मीमा थियो । तर अहिले उसका बाबा-आमा र बहिनी काठमाण्डौँ कलङ्की नजिकै एक सानो डेरामा बस्दै आएका थिए । बाबु धनेश्वर निजी स्कुलमा जागिर गर्नुहुन्थ्यो । आमा मनमाया घरमै काम गर्नुहुन्थ्यो र बहिनी आन्शु कन्या क्यापसमा बी.एड.पढ्दै थिइन् । सानो चारजनाको परिवार भए तापनि एकजनाको कमाइले खर्च धान्न मुस्किलै थियो । जनतन गुजारा चलिरहेको अवस्था थियो ।

सोह्रौँ दिनका दिन धरतीको फोन आयो । आकाश डिपेन्डेन्ट भिसामा तिमी यहाँ आउन मिल्दैन रे । त्यसको लागि विवाह दर्ता हुनु पर्दो रहेछ । तर केही छैन तिमी टुरिष्ट भिसामा यहाँ आउन सक्छौ । त्यसपछि जापानमा प्रक्रिया मिलाउँला । धरतीको कुरा ठीक लाग्यो । उसको स्पष्ट लक्ष्य छिटोभन्दा छिटो जापान जानु थियो । भोलिपल्ट जापानी दूतावासमा पुग्यो । एक महिनाको लागि टुरिष्ट भिसा पाइँदो रहेछ । खुसी मन लिएर घर फर्कियो ।

सबै पक्रिया मिलाउँदा दुईलाख पचास हजार जति लाग्दो रैछ । घरमा बाबा- आमासंग सल्लाह गर्‍यो । घरमा एक लाखमात्र बचत रहेछ । त्यतिले जापान जान पुगेन । अन्त्यमा पहाडको एक टुक्रा खेत बेच्ने कुरा भयो । बाबाले मन खिन्न पार्दै सहमति दिनुभयो । त्यसपछि आकाशले घरतीलाई म्यासेज पठायो -"जापान पुग्नेसम्म खर्च मेरो बाँकी सबै खर्च तिम्रो है । "

"हस्" जवाफ आयो ।

संगसंगै धरतीले लेखिन्–"तिमीलाई आउन अहिले दुईलाख पठाइदिन्छु । टिकट र सपिङ्गलाई पुग्छ" । आकाशलाई "ढुङ्गा खोज्दा देउता" मिले जस्तो भयो । दैड्दै गएर बासंग भन्यो- "बा पहाडको खेत बेच्नु परेन । टिकटको लागि दुई लाख जापानबाट आउने भो । " बा भाबुक हुनुभयो । आखाँबाट खुसीका आँसु खसे । कमसेकम पुर्ख्यौली सम्पत्ति त बेच्न परेन भन्ने ठान्नुभए होला । परिवारमा बेग्लै प्रकारको उज्यालो फैलियो । आमाले मुस्कुराउँदै भन्नुभयो – "सबैका छोराले बा- आमालाई जापान घुम्न लान्छन् अब त हामी पनि घुम्न जान पाइन्छ होला ?" बाबाले थप्नुभयो – "पहिला छोरो जाओस्, अनि जाउँला नि । " बहिनीले दादा मलाई नबिर्सनुहोला भन्दै चेपारे तालमा टाँसिई । बहिनीको घेरै माया लागेर आयो । बहिनी भए पनि ऊ साथी जस्तै थिई । दाइलाई सपिङ्गको लागि उसले आफूले दशैं तिहारमा जम्मा गरेको पचास हजार दिएकी थिई । आकाशले वचन दियो– "आन्शु सबभन्दा पहिला तिम्रो पैसा पठाउँछु, त्यो पनि डबल । " आन्शुले हाँस्दै भनी –"डबल होइन चौवल"

अर्को दिन आकाशको खातामा दुईलाख रकम जम्मा भयो । बहिनीले दिएको पैसाले सपिङ्ग गरेको थियो । धरतीले पठाएको पैसाले बाँकी सपिङ्ग र टिकट दुबैको लागि पुग्यो । घरको पैसा खर्च गर्नु परेन । आकाशलाई लाग्यो दुःखका दिनहरू बिलाउँदै छन् । उसले टिकट काट्यो र टिकटको फोटो खिचेर धरतीलाई पठायो । ऊ पनि खुसी भई र भनी –"आउँदा मेरो एउटा समान पनि ल्याइदिनु है । "

पहिला आकाश कतै सामान किन्ने हो कि भनेर डराएको थियो । तत्कालै धरतीले भनी– "मैले काठमाडौंबाट समान मगाएकी छु, तिमीलाई भोलि फोन गर्छन्, उनीहरूले भनेको ठाउँमा जानू । " "किनेर लैजानु पनि परेन, राम्रो भएछ "– भन्ने आकाशले सोच्यो । केही बेरपछि ऊ कौसीमा गयो । दुःखका दिनहरूमा उसले कैसीमा बसेर घन्टौं बिताउँथ्यो । तर आज खुसी साट्न त्यहाँ कौसीमा गएको थियो । आकाशमाथि बादल थियो तर उसको मन कञ्चन र हलुका भएको थियो । चारैतिर हेर्दा पल्लो घरमा शान्ति आन्टी देखिइन् । आज आकाशले नै बोलायो "अन्टी, ए अन्टी । " शान्ति अन्टीको उही पुरानो प्रश्न आयो –"बाबू जागिर पायौ र ?" आकाशले हाँस्दै भन्यो – "होइन अन्टी म भोलि जापान जादै छु । " उनले चासोसाथ भनिन् - "विवाह गरेर जानुभए हुथ्यो, मैले केटी खोजिसकेकी थिएँ । " आज भने आकाशलाई शान्ति आन्टीको कुराले औधि रमाइलो लाग्यो । दुबैबीच केही बेर मिठा गफगाफ चले ।

अर्को दिन आकाशलाई धरतीले भनेको मान्छेको फोन आयो । ऊ भनेको

ठउँमा गयो । धरतीले मगाएको सामान बुद्धको मूर्ति रहेछ । सुरक्षितसंग लैजानू भन्दै आकाशलाई दियो । बुद्धको मूर्ति लिएर ऊ घरमा गयो । एकपटक मूर्ति हेर्‍यो । धरतीको अनुहार सम्झ्यो । धरती तिम्रो सामान सकुशल तिम्रो हातमा पुग्छ, तिमी मेरी साथी मात्र होइनौ अन्नदाता हौ, भन्दै मनमनै धन्यवाद दियो । उपहार दिदा उसको अनुहारमा देखिने मुस्कानको कल्पना गर्‍यो । अनी अनायासै मुस्कुरायो । यो सब आन्शुले देखेर भनी– दादा कसलाई सम्झेर खुसी हुनुभाको ?" आकाशले त्यस्तो केही होइन, भन्दै प्याकिङ्गको लागि सहयोग माग्यो ।

सबै सामान मिलाउँदा रातको बाह्र बजेको थियो । भोलि तीन बजेको फ्लाइट थियो । एक बजे नै एयरपोर्ट जाने सल्लाह गरेर आकाश सुत्यो । उसलाई निद्रा लागेन, भविष्यको सपना काठमाडौंमा घर बनाउने, आफनो अनि बहिनीको धुमधामसंग विवाह गर्ने, आमाबाबुलाई जापान घुमाउने कल्पना गर्दागदै कतिबेला निदाएछ पत्तै पाएन ।

अर्को दिन बहिनीले "ए दादा कति सुत्नुभएको उठ्नुस्" भन्दै ब्यूँझाइन् । घरमा टीका माला तयार भैसकेको थियो । खानपिन पश्चात् आकाश बाबा,आमा र बहिनी एक बज्नुआगाडि नै एयरपोर्टमा पुगे । ऊ बाबा,आमा, बहिनीसंग अँगालो मारेर बिदा भयो । मन भारी थियो,आत्मविश्वास उच्चो थियो । अन्तिम पटक हात हल्लाउँदै एयरपोर्टभित्र प्रवेश गर्‍यो । खासै कडा चेकजाँच भएन । बोर्डिङ्ग पास लियो र भित्रको प्रतीक्षालयतर्फ लाग्यो । परिवारलाई मात्रै होइन देशलाई समेत मनभित्रबाट बिदाइ गर्दै आकाश प्लेनतर्फ अगाडि बढ्यो । ठीक तीन बजे प्लेन उड्यो । करिब ७ घण्टाको उडानपछि रातको १० बजे प्लेन टोकियो एयरपोर्टमा अवतरण गर्‍यो । रात भए पनि टोकियोको उज्यालोले दिनझैँ झलमल्ल देखिइरहेको थियो ।

उसको ध्यान अन्यत्र जान सकेन किनकि धरतीलाई भेट्ने आतुरता चुलिएको थियो । धरती कतिबेला आउँछिन् भनी अधीर भएर प्रतीक्षा गरिर्‌हयो । धेरै बेरसम्म पनि धरती आइनन् । आकाशको मनमा डर पलायो । अब कहाँ जाने ? के गर्ने ? साथमा पैसा पनि थिएन । क्रमशः सबै यात्रुका लगेजहरू बाहिर आइसके । बिस्तारै प्लेनका यात्रुहरू एक एक गरी बाहिरिए । तर न धरती आइन् न आकाशको लगेज नै आयो । एकछिनपछि ऊ सुरक्षा गार्डकहाँ पुग्यो र सोध्यो– "मेरो लगेज किन आएन ?" उसले नेपाली पनि बुझ्दो रहेछ । तपाईं नेपाली हो ? भनेर सोध्यो । आकाशले "हो" आकाशले आफ्नो पासपोर्ट देखाउँदै भन्यो । गार्डले उसलाई तलदेखि माथिसम्म हेर्‍यो र भन्यो – "तपाईं

देख्दा सोझो देखिनुहुन्छ तर" ... ऊ रोकियो । "के भयो ?" आकाशले आतुर हुँदै सोध्यो । गार्डले स्पष्ट पार्‍यो – "तपाईंको लगेजमा हिरोइन भेट्टिएको छ । " "मैले त ल्याएको नै छैन !" आकाश अत्तालियो लगेजमा कपडा र एउटा बुद्धको मूर्तिमात्र थियो । गार्डले गम्भीर स्वरमा भन्यो –"त्यही मूर्तिभित्रबाट हिरोइन भेटिएको हो । " आकाश छाँगाबाट खसेझैँ भयो । उसका सपनाहरू एक झट्कामा चकनाचुर भए । पैतालादेखि तालुसम्म पसिना बग्यो । रिँगटा लाग्दै गयो र एकाएक ऊ भुईंमा ढल्यो ।

होसमा आउँदा धेरैजना मानिसहरू वरिपरि जम्मा भएका थिए । आकाशले गार्डलाई आफ्नो बेलिविस्तार सुनायो । गार्डले गंम्भीर हुँदै भन्यो- " कुनै उपाय छैन । तर धरती आइदिए केही गर्न सकिन्थ्यो कि । " आकाशलाई धरतीको मोवाइल र ठेगाना गार्डलाई दियो । धरतीको फोन उठेन, ठेगाना पनि पत्ता लागेन । किनकि मोवाइल नं. र ठेगाना गलत भएको स्पष्ट भयो । त्यसपछि आकाशले आफू ठगिएको सच्चाइ थाहा भयो । धरतीले किन धोका दिई बुझ्न सकेन । धरतीप्रति घृणा, आक्रोश र पश्चात्ताप एक साथ उम्लिन थाल्यो । "दैवको लीला" भन्नु बाहेक ऊसँग कुनै विकल्प पनि थिएन । आकाशलाई तत्कालै थानामा लगियो । भोलिपल्टढ आकाशलाई अदालतमा उपस्थित गराइयो । ऊ निर्दोष भएको प्रमाण कतैबाट भेटिएन । अन्ततः अदालतले आकाशलाई दश वर्षको कैद सजायँ सुनायो ।

आकाश जेल गयो । उसलाई कैदीले लगाउने सेतोमा कालो धर्का भएको कुर्था र ट्राउजर लगाउन दिइयो । गोजाभित्र कुनै नम्बर थियो । जापानी भाषामा लेखिएकोले उसले बुझ्न सकेन । सानो कोठामा नौ जना कैदी बसेका थिए । आकाश पुगेपछि दश जना भए । बस्नलाई सानो कोठा भए तापनि वातावरण सफा र व्यवस्थित थियो । जापान आउनुअघि सपना बुनेको थियो, आफू र बहिनीको धुमधाम विवाह गर्ने, काठमाडौंमा घर बनाउने, बाबा आमालाई जापान घुमाउने इच्छा चहाना एकाएक बिलाए । बालुवामा पानी हालै जस्तै गरी क्षणभरमै सपना भत्किएको अनुभूति भयो । उसका आँखाबाट बरर्र आँसु झरे ।

ooo

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस्**

# सेवा, निष्ठा र त्यागका त्रियोग : चक्रबहादुर कुँवर




✍राजेन्द्र पन्थी

हामीले वर्तमानलाई भोगिरहँदा विगत वा इतिहासलाई कहिल्यै बिर्सनु हुँदैन । इतिहास विना वर्तमानको कल्पना पनि गर्न सकिँदैन । समय गतिशील छ । यस्तो गतिशील समयमा समाज वा देशको नेतृत्व गर्ने युग पुरुषहरूको पनि जन्म भएका हुन्छ । ती युग पुरुषहरूले समाजको लागि निकै नै महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । जसरी एउटा सानो पिलपिले दीपले अन्धकारलाई हटाएको हुन्छ अथवा एउटा सानो बीजले विशाल वृक्षको आकार ग्रहण गरेको हुन्छ त्यही तरिकाले कुनै एउटा व्यक्तिको विचार,नेतृत्व र योगदानले नयाँ समाज निर्माण गरेको हुन्छ । एउटा रूखको बीजले नै पनि जमिनमुनिदेखि लिएर विशाल वृक्षको आकार ग्रहण गरुन्जेल निकै सङ्घर्ष गरेर हाँगा, फूल, फल फलाएको हुन्छ । त्यस रूखमा फुलेका र फलेका अत्यन्त सुन्दर फलफूलहरू फलाउन र फुलाउनको लागि विगतमा कसको कति मिहिनेत रहेको थियो भन्ने कुरालाई वर्तमान समाजले बिर्सिनु हुँदैन । इतिहास भनेको वर्तमानको जग हो ।

जसरी दीपले आफू जलेर अरूलाई उज्यालो दिइरहेको हुन्छ त्यसरी नै कुनै व्यक्तिले निःस्वार्थ त्याग नगरेसम्म सामाजिक सेवा हुन सक्दैन । व्यक्तिगत स्वार्थमा र राजनीतिलाई व्यवसाय बनाएर समाजसेवा हुनै सक्दैन । अहिलेको पिँढीँले इतिहासका केही आदर्शवान् र कर्मयोगी व्यक्तित्वका जीवनीलाई सुनेर वा पढेर राजनीति र समाजसेवा भनेको के हो भन्ने कुरालाई सिक्नुपर्ने देखिन्छ । ऐतिहासिक व्यक्तित्वहरूबाट त्याग, निष्ठा र समर्पण भनेको के हो,सामाजिक सेवाको नेतृत्व कसरी गर्न सकिन्छ र सामाजिक सेवा कसरी गर्न सकिन्छ भन्ने कुरा सिक्नुपर्छ । समाजका कतिपय व्यक्ति आफू औपचारिक रूपमा अनपढ र अशिक्षित भए पनि समाजको उन्नति र प्रगतिको लागि धेरै योगदान दिएका हुन्छन् । धरातलविना

आकाश र जराविना रुखको कल्पना नै गर्न नसके जस्तै विगतमा विभिन्न व्यक्तिहरूले दिएको योगदानविना वर्तमान समाजको कल्पना गर्न सकिन्न । इतिहासका त्यागी र इमान्दार व्यक्तिहरूलाई सम्झेर तिनका राम्रा कुराहरूको अनुसरण गर्नु वर्तमान पुस्ताको महत्त्वपूर्ण जिम्मेवारी र कर्तव्य हो ।



इतिहास, विगत र योगदानका बारेमा कुरा गर्दा गुल्मी जिल्लाको पश्चिमका एक त्यागी, निष्ठावान्, समाजसेवी, विकासप्रेमी, दूरदर्शी व्यक्तित्व स्वर्गीय चक्रबहादुर कुँवरलाई सम्झिनुपर्छ । यहाँ मैले भावनामा बगेर चक्रबहादुर कुँवरको गुणगान वा प्रशंसा गर्न खोजेको छैन । आज नेपाली समाजमा खासगरी राजनीतिक नेतृत्वमा नैतिक सङ्कट र निष्ठामाथि नै प्रश्न उठिरहेको बेला चक्रबहादुरजस्ता त्यागी र निष्ठावान् पात्रलाई सम्झनु पर्ने अवस्था आएको छ । चक्रबहादुरमा जीवनको अन्तिम सास फेरुन्जेल निःस्वार्थ समाजसेवाको भावना थियो । आज उहाँ स्वर्गारोहण भएको दुई वर्ष बितेको छैन तर उहाँको अभावमा समाज अभिभावक र नेतृत्व विहीन भएर के नभएको र के अपुग भएको जस्तो भइरहेको छ । गुल्मीको पश्चिममा पर्ने पुर्कोट दहमा पछिल्लो दुईतीन पुस्ताले लगातार चिन्ने एउटा सार्वजनिक र बहुचर्चित समाजसेवी र राजनीतिकर्मीको नाम भनेको चक्रबहादुर कुँवर हो । आज पनि गुल्मी जिल्लाको पुर्कोट दह भन्दाबित्तिकै अलि टाढाको मान्छेले चिन्ने त्यहाँको सामाजिक वा राजनीतिक छवि बनाएका पात्र भनेका चक्रबहादुर कुँवर हुन् । हिजोको पुर्कोटलाई आजको पुर्कोट बनाउन चक्रबहादुरको विशेष उदाहरणीय, प्रशंसनीय र अनुकरणीय योगदान रहेको छ । चक्रबहादुरका व्यक्तिगत, सामाजिक, राजनीतिक, शैक्षिक आदि विभिन्न प्रकारका जीवनशैली, व्यवहार र आचरणलाई अहिलेको समाज, राजनीतिक कार्यकर्ता र नेतृत्वले समेत अनुकरण र अनुसरण गर्नुपर्ने देखिन्छ ।

वास्तवमा समाजसेवा र राजनीति भनेको के हो भनेर बुझ्न र जान्न चक्रबहादुरको जीवनी र योगदानलाई राम्रैसँग अध्ययन गर्नुपर्छ । अहिले राजनीति, समाज सेवा र धर्मका नाममा धेरै विकृतिहरू देखा परेका छन्, यी कुरा चिर्नको लागि चक्रबहादुरको व्यक्तिगत र सामाजिक जीवन जान्नै पर्छ । राजनीतिमा कुनै नेतृत्वको अनुशासन, इमान्दारिता, निष्ठा, जीवनशैली, बोली, व्यवहार आदि कस्तो हुनुपर्छ भन्ने कुरा बुझ्न चक्रबहादुरको जीवनलाई अनुसरण गर्नुपर्छ । जनताको सेवा गर्दा तालीमा खुशी हुने र गालीमा सह्य शक्ति निकाल्ने तागत चक्रबहादुरमा कुँवरमा थियो । विरोधीले खरो रूपमा आलोचना,टिप्पणी र अवरोध गर्दा नआत्तिने र समर्थकले गुणगान र प्रशंसा गर्दा पनि नमात्तिने प्रवृत्ति चक्रबहादुरमा थियो ।

चक्रबहादुर कुँवर राजनीतिक रूपमा नेपाली काङ्ग्रेसप्रति आस्था राखे पनि सामाजिक सेवाका सन्दर्भमा उनले कहिल्यै यो पार्टी र त्यो पार्टीको भनेर कसैलाई भेदभाव गरेनन् । उनको मनमस्तिष्कमा केवल विकास, विकास र विकास अनि सामाजिक सेवाभन्दा अरू कुरा नै थिएनन् । उनी बाँचुन्जेल विद्यालयको स्तरोन्नति, खानेपानी, बाटोघाटो, सामुदायिक वनको संरक्षण आदिकै लागि समय दिए । आज हाम्रो सामु चक्रबहादुर छैनन् तापनि उनका दर्शन, वीचार र कीर्तिहरू बाँचिरहेका छन् ।

व्यक्तिगत रूपमा भन्नुपर्दा स्वर्गीय चक्रबहादुरसित मेरो सामान्य देखादेख भए नि खासै राम्रोसँग दोहोरो कुराकानी भएन तर उनको योगदानलाई भने मैले नजिकबाट सुन्ने,देख्ने र भोग्ने मौका पाएको छु । आज उनलाई स्मरण गरिरहँदा आजभन्दा करिब ३५ वर्ष पहिलेको एउटा घटना दिमागमा झलझली आउँछ । मैले चक्रबहादुरलाई मेरो पूजनीय हजुरबुबासित वनमा गाई चराउन जाँदा भनभने गैराखर्कको सुरेटारी भन्ने ठाउँमा देखेको थिएँ । सुरेटारी भनेको तत्कालीन समयमा पुर्कोटबाट गुल्मीको तम्घास आउँदाजाँदा मूल बाटो नै पर्थ्यो । त्यसबेला अहिलेजस्तो सवारी साधनहरू गुड्ने बाटाहरू बनेका थिएनन् । पुर्कोटबाट सदरमुकाम तम्घास जान छ/सात घण्टा हिड्नुपर्थ्यो । मैले चक्रबहादुरलाई भेट्दाको पहिलो उनको आकृति सम्झँदा होचोहोचो पातलो कदका,पसिनै पसिनाले भिजेका,दौरासुरूवाल र ढाकाटोपी लगाएका,घाँटीमा सानो च्यादर बेरेका, ,छड्के झोला भिरेका,छाता दुईतिर काँधमा राखेका र हजुरबुबासँग बोल्दा गुरु भनेर सम्बोधन गरी नमस्ते गरेर उच्च आदरार्थी शब्दको प्रयोग गरेका थिए । मेरो हजुरबुबाको भेटसितको त्यो पहिलो कुराकानीबाटै म उनीबाट प्रभावित भएको थिएँ । त्यहाँ दुई जनाका बीचमा सन्चो बिसन्चोका सामान्य गफगाफ मात्र नभएर राजनीति,स्कुल र बाटोका बारेमा निकै छलफल, चिन्ता र चिन्तन भएका थिए । म २०४७ सालमा पृथ्वी माविको कक्षा आठको विद्यार्थी हुँदा पनि चक्रबहादुरको विद्यालय भवन निर्माणको त्याग र योगदान नियाल्ने मौका पाएको थिएँ । २०६१/६२ तिर करिब दुई वर्ष म आफू पनि पुर्कोट दहको पृथ्वी माविको शिक्षक हुने मौका पाएको थिएँ, त्यतिबेला उनकै अभिभावकत्वमा पठनपाठन गर्ने अवसर मिलेको थियो । त्यतिबेला पनि उनी विद्यार्थीको गुणात्मक शिक्षामा निकै चिन्तित हुन्थे । प्रायःउनले शिक्षकहरूलाई मास्टर साहेव भनेर सम्बोधन गरी उच्च आदरार्थी शब्दको प्रयोग गर्थे । उनको निर्देशन,प्रेरणा र चिन्तनले शिक्षकहरूमा थप ऊर्जा पैदा हुन्थ्यो । उनमा जहिले पनि सकारात्मक सोच देखिन्थ्यो । माओवादी सशस्त्र युद्धको बेला उनी नेपाली काङ्ग्रेस भएकै कारण गाउँमा राजनीति र सामाजिक सेवामा सक्रिय हुन पाएनन् । त्यसबेला चक्रबहादुर सामाजिक सेवा र विकासमा प्रत्यक्ष सहभागी हुन नपाउँदा अत्यन्तै

उकुसमुकुस देखिन्थे । राजनीति र सामाजिक सेवामा जतिसुकै ठक्कर र हन्डर खाए पनि चक्रबहादुर निरन्तर लागिरहने अत्यन्तै हिम्मतिलो र साहसी व्यक्ति थिए ।

चक्रबहादुर कुँवरको जन्म विस. १९९० सालको फागुन ७ गते पिता कुलबहादुर कुँवर र माता रुद्रकुमारी कुँवरको नवौं सन्तानको रूपमा हालको गुल्मी जिल्ला मदाने गाविस-६ स्थित पुर्कोट दहको नुवारामा भएको थियो । गाउँको एक मध्यम परिवारमा जन्मिएका चक्रबहादुरको बाल्यकालीन अवस्था निकै दुःखद थियो । चक्रबहादुरले दुई वर्षको उमेरमा मातृवियोगको पीडा सहनुपरेको थियो । गुल्मीको तम्घासबाट कक्षा आठसम्मको औपचारिक अध्ययन गरेका चक्रबहादुरले ब्राह्मण विद्या, ज्योतिषशास्त्र, रामायण, महाभारत, गीताजस्ता सनातन धर्मका धार्मिक, पौराणिक, आध्यात्मिक आदि ग्रन्थहरूको स्वअध्ययन गर्दथे । चक्रबहादुरको विवाह पुर्कोट दह डडुवाकै छमाकुमारी थापासँग भएको थियो । छ भाइ छोरा र दुई बहिनी छोरीका पिता चक्रबहादुरकी श्रीमती छमाकुमारी कुँवरको अल्पायुमै २०४८ सालमा सडक दुर्घटनामा परी निधन भएको थियो । ९१ वर्षको उमेरसम्मको आयु प्राप्त गरेका चक्रबहादुरले जीवनका थुप्रै उकाली,ओराली र घुम्तीहरू पार गरे । चक्रबहादुरको स्वर्गारोहण भने २०८१ साल आषाढ २६ गते भएको थियो ।

चक्रबहादुर कुँवर मुख्य रूपमा एक आदर्श समाजसेवी नै थिए । उनले २०१२ सालदेखि करिब दुई वर्षसम्म नेपाल प्रहरीमा जागिर पनि खाएका थिए । चक्रबहादुर कुँवर २०२९ सालदेखि सामाजिक सेवामा सक्रिय भएका देखिन्छन् । उनी २०२९ देखि २०३९ सम्म दुई कार्यकालसम्म तत्कालीन पुर्कोट दह गाउँ पञ्चायतको उपप्रधानपञ्च र २०३९ देखि २०४६ सम्म सोही गाउँ पञ्चायतको प्रधानपञ्च भएका थिए । २०४६ मा बहुदलीय व्यवस्थाको पुनरागमनपछि २०४९ सालमा चक्रबहादुर कुँवर जिल्ला विकास समिति गुल्मीको क्षेत्रीय सदस्यमा नेपाली काङ्ग्रेसको तर्फबाट निर्वाचित भएका थिए । चक्रबहादुर कुँवरले २०४१ मा महेन्द्रभूषण र २०४६ मा सामाजिक सेवा पदक प्राप्त गरेका पनि थिए । करिब पचास वर्षसम्म सामाजिक सेवामा सक्रिय रहेका चक्रबहादुरमा आफ्नै गाउँकै दाजुभाइ र समाजसेवीहरू कृष्णबहादुर कुँवर र दुर्गाबहादुर कुँवरबाट कहीँ कतै प्रेरित, प्रभावित र प्रतिस्पर्धात्मक भावनाबाट भए पनि सामाजिक सेवामा लागेको देखिन्छ ।

चक्रबहादुर कुँवर विकास निर्माणका लागि स्वप्नद्रष्टा नै थिए । अहिले नै देशकै एउटा ठूलो परियोजनाको रूपमा रहेको कंकेदेउराली जलाशय आयोजनाका परिकल्पनाकार चक्रबहादुर कुँवर नै हुन् । करिब ९ हेक्टर क्षेत्रफलमा फैलिएको यो परियोजना अर्घाखाँची,प्युठान र गुल्मीको सिमाना नजिकै सालभण्डी- ढोरपाटन र

मदन भण्डारी राजमार्गमा जोडिएको छ । समुद्र सतहबाट करिब १४ सय मिटरको उचाइमा रहेको यो परियोजनाको उद्देश्य भनेको वरिपरि रहेका करिब तीन वडालाई खानेपानी र सिञ्चाइ पु¥याउने, पर्यटन प्रवर्धन गर्ने भन्ने रहेको छ । करिब १ अर्ब ५७ करोड लागत लाग्ने अनुमान गरिएको यो आयोजनाको डिपिआर पूरा भई टेन्डर आह्वान प्रक्रियामा जान थालेको देखिन्छ । नेपाल सरकार वा सम्बन्धित निकायले भने अनुसार जति छिटो हुनुपर्ने हो त्यो काम अगाडि नबढेको पनि सुनिन्छ । यो परियोजनालाई जतिसक्दो छिटो पूरा गरी चक्रबहादुर कुँवरको त्यो सपनालाई साकार पार्नुपर्छ ।

चक्रबहादुर कुँवरका सन्दर्भमा पृथ्वी माविका पूर्व प्रधानाध्यापक खिमानन्द शर्मा पन्थीलाई मैले केही जिज्ञासा राखेको थिएँ । उनले चक्रबहादुरका बारेमा मुक्तकण्ठले यसरी प्रशंसा गरेका थिए–चक्रबहादुर कुँवरका योगदानका बारेमा चर्चा गर्दा जति भने पनि अपुग हुन्छ । आजको पुर्कोट दह विभिन्न दृष्टिकोणले जुन केन्द्र बनेको छ, त्यसको मुख्य श्रेय चक्रबहादुरलाई नै जान्छ । उनको जीवनशैली कहिल्यै नथाक्ने, नआत्तिने, नझर्किने र नरिसाउने थियो । उनको हरेक सासमा विकास भन्ने नै थियो । उनी विद्यालय, बाटोघाटो, स्वास्थ्यचौकी, प्रहरीचौकी, खानेपानीको काम गर्दा कहिल्यै थाकेनन् । यतिसम्म कि पृथ्वी माविको स्वीकृति पाउन पोखरा गएको मान्छे घरमा श्रीमती सुत्केरी भएर छोरीको न्वारानसमेत गराउन नफर्की २९ दिनका दिन स्वीकृित लिएर मात्र फर्केका थिए । त्यस्तै मलाई नै पनि धुर्कोटको हिमालय माविबाट पृथ्वी माविमा नलगेसम्म म फर्किन्नँ भनेर ३१ दिनसम्म जिल्ला शिक्षा कार्यालय तम्घासमा धर्ना दिएका थिए । पृथ्वी माविको भवन निर्माण गर्न भैलो खेल्दा कति धेरै अवरोध हुँदा पनि उनले हार नखाई रातदिन नभनी गाउँगाउँमा गएर भैलो खेली लाखौँ रकम जम्मा गर्न निकै मिहिनेत र नेतृत्व गरेका थिए । गुल्मीको पुर्कोट दह मात्र होइन, गुल्मी पश्चिमकै विकासका सूत्राधार,एक विकासप्रेमी इमान्दार नेता, शिक्षाप्रेमी, पर्यावरण संरक्षणको अभियन्ता, बुद्धिजीवीको नाम लिँदा स्वर्गीय चक्रबहादुर कुँवरको नाम नै अग्रपङ्तिमा आउँछ । "

स्वर्गीय चक्रबहादुर कुँवरमा के कस्तो विकासको हुटहुटी थियो भन्ने कुराका सम्बन्धमा पृथ्वी माविका पूर्व शिक्षक तथा त्रिभुवन विश्वविद्यालयका पूर्व प्राध्यापक लीलबहादुर केसीको अभिव्यक्ति यस्तो रहेको छ – " आठ कक्षासम्म मात्र अध्ययन गरेका चक्रबहादुरको ज्ञान प्रप्तिको जिज्ञासादेखि म निकै प्रभावित छु । उनी शिक्षाप्रेमी, सामाजिक इन्जिनियर, योजनाविद् र विकासका लागि यायावर जीवनमा रमाउने व्यक्ति थिए । मेरो र उनको राजनीतिक विचारधारा फरक भए पनि म उनको सामाजिक सेवाप्रति निकै प्रभावित छु ।

उनले २०३८/०३९ सालतिर मेरो लेखन कलाको प्रशंसा गरी राजदरबारमा चढाउन एउटा बिन्तीपत्र लेख्न भने । त्यो बिन्तीपत्रको के थियो भने ग्वारीमा ठूलो बहुउपयोगी ताल निर्माण गर्ने, बहुउपयोगी तालबाट पुर्कोट दहवरिपरि खानेपानीको समस्या समाधान गर्ने,लघु जलविद्युत् उत्पादन गर्ने, टिमुरखर्क, दहको छापचौरका बारीमा सिंचाइ सुविधा पुऱ्याउने, तालमा डुंगा चलाई पर्यटक आकर्षण गर्ने,मालिका र सैरेका लेकका चराचुरुंगीलाई ग्वारीको जंगलमा माइग्रेशन गराई संरक्षण गर्ने, मालिका र सैरेका जंगलका अमूल्य जडीबुटीको खोज र संकलन गरी सैरेमा प्रशोधन केन्द्र खोल्ने आदि रहेका थिए । त्यो बिन्तीपत्र राजदरबारमा पेश गरियो तर जवाफ आएन । त्यस्तै अर्को महत्त्वपूर्ण कुरा गुल्मीकै श्रीप्रसाद बुढाथोकी पर्यटन मन्त्री भएको बेला ग्वारीको डाँडोमा एयरपोर्ट बनाउने भनेर अर्को निवेदन पनि उनको आग्रहमा मैले नै लेखेको थिएँ । हामी दुबै जना उक्त पत्र लिएर जिल्ला सदरमुकाम तम्घास पनि गएका थियौँ । मन्त्रीलाई उक्त पत्र दिन तत्कालीन राजालाई भेट गर्न गएझैँ अत्यन्तै गाह्रो भयो । बाजागाजाका साथ माल्यार्पण ग्रहण गर्दै गरेका मन्त्रीसँग कुरा गर्न पाएनौँ । मन्त्रीका पिएलाई उक्त मागपत्र थमायौं । केही दिनपछि पुर्कोटदह गाउँ पञ्चायतलाई पर्यटन मन्त्रालयबाट एउटा पत्र आएको थियो । त्यसमा जुन जिल्लाको सदरमुकामसम्म सडक यातायात पुगेको छ,उक्त जिल्लामा हाललाई एयरपोर्ट दिने श्री ५ को सरकारको नीति नभएकोले स्वीकृत हुन सकेन भन्ने थियो । "

चक्रबहादुरसँग लामो समयसम्म सहकार्य गर्नुभएका समाजसेवी माधवराज पोखरेलले चक्रबहादुरको नेपाली काङ्ग्रेसप्रति आस्था,पृष्ठभूमि र इतिहासका बारेमा मलाई केही कुरा बताएक थिए । माधवराज पोखरेलका अनुसार चक्रबहादुर कुँवर पन्चायतकालमा उपप्रधानपञ्च र प्रधानपन्चको भूमिका निर्वाह गरे पनि गुल्मीका पुराना काङ्ग्रेसी नेता मोहन थापा, जयप्रताप मल्ल,पदमलाल पुनसँग राजनीतिक सहकार्य थियो । उनी २०४६ पछि गुल्मी जिल्लाको नेपाली काङ्ग्रेसको एक निष्ठावान् कार्यकर्ता र नेता नै थिए । चक्रबहादुर कुँवर २०७७ सालमा नेपाली काङ्ग्रेसको ज्येष्ठ राजनीतिज्ञ सभामा मनोनित पनि भएका थिए । चक्रबहादुर कुँवर नेपाली काङ्ग्रेसको गुल्मीको एउटा इमान्दार, निष्ठावान्, त्यागी, पार्टीप्रति समर्पित कार्यकर्ता हुन् ।

यसरी खिमानन्द पन्थी, लीलबहादुर के.सी र माधवराज पोख्रेलको प्रशंसाले पनि स्वर्गीय चक्रबहादुर कुँवरमा विकासको कति हदसम्म सपना, सङ्कल्प र त्याग थियो भन्ने थाहा हुन्छ । आज पुर्कोट दहमै स्नातकसम्मको पढाइ हुने क्याम्पस छ । अहिले पुर्कोट दहमा मदाने गाउँपालिकाको केन्द्र छ । पुर्कोट दह शिक्षा, स्वास्थ, व्यापारको केन्द्र बनेको छ । पुर्कोट वरिपरि जन्मे हुर्केका मानिसहरू पुर्कोटमा पढ्न

पाएर देशविदेशमा नाम कमाएका छन् । आज गुल्मीको पुर्कोट भन्दाबित्तिकै नेपालको सरकारी जागिर खाने ठूला पदका व्यक्तिहरू रहेको गाउँ भनेर चिनिएको पनि छ ।

समाजमा कुनै पनि कुराको प्राप्तिको लागि त्यस समाजका प्रेरक वा मार्ग निर्देशन गर्ने व्यक्तिको महत्त्वपूर्ण योगदान हुन्छ । वास्तवमा आजको पुर्कोट बन्नका लागि चक्रबहादुरको प्रेरणा, त्याग र समर्पण यति धेरै रहेको थियो कि यहाँ शब्दद्वारा वर्णन गर्न सकिन्न । यद्यपि यहाँ पुर्कोट दह बन्न चक्रबहादुरको मात्र योगदान रहेको थियो, अरू कसैको पनि छैन भन्न चाहिँ खोजेको होइन । आजसम्म पुर्कोट दहमा अनुशासन, इमान्दारिता, जिम्मेवारीबोध, सेवा, निष्ठा, सक्रियता, नेतृत्वको दृष्टिकोणले अग्रपङ्तिमा आउने एक प्रमुख नाम भनेको चक्रबहादुरको कुँवर नै हो । आज हाम्रो सामु यस्ता त्यागी, निष्ठावान्, सरल, सादगी र कर्मयोगी चक्रबहादुर सशरीर छैनन् तर उनका योगदान रहेका पृथ्वी मावि,जनज्योति क्याम्पस,सामुदायिक वन,खानेपानी योजना, बाटोघाटो, स्वास्थ्य चौकी, प्रहरी कार्यालय आदिका भौतिक पूर्वाधार र जीवनदर्शन भने बाँचिरहेका छन् । उनको देह अन्त्य भए पनि उनले अवलम्बन गरेका विचार, देखाएका बाटा र गरेका कीर्तिहरू भने बाँचिरहेका छन् । हरेक पुस्ताले इतिहासलाई टेकेर वर्तमानलाई अगाडि बढाउनु उनीहरूको कर्तव्य र दायित्व हो । इतिहासलाई बिर्सनु भनेको आफ्नो अस्तित्व र पृष्ठभूमि नै बिर्सनु हो । चक्रबहादुर कुँवरको आदर्श, राजनीति, समाजसेवा जीवनदर्शनलाई सम्मान गर्नुपर्छ र सधैंभरि सम्झिरहनुपर्छ । हामी चक्रबहादुर कुँवरलाई कहिल्यै नबिर्सौँ । अन्त्यमा, स्वर्गीय चक्रबहादुर कुँवरप्रति भावपूर्ण श्रद्धाञ्जलि ।

**भर्जिनिया,अमेरिका**

०००

**काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर जाने बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको**


**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**फोन : ०१-४२४१४८५ / ९८४१२०२६९६ / ९८६१०५०८७०**

**बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

***हाम्रो पुरुषार्थ (त्रैमासिक)***

# पुनर्मिलन



✍डा. लक्ष्मीकान्त पन्थी

भारतको उत्तरप्रदेशमा भएको सत्यघटनामा आधारित पुनर्मिलनको कथालाई नेपाली पाठकहरूसमक्ष जस्ताको तस्तै प्रस्तुत गर्दैछु । लखनऊ शहरको आसपासमा एक सम्पन्न घरानाका ब्राह्मण परिवार बस्दथे । उनका एकमात्र छोरा थिए । यिनको उमेर अवस्था र पढाइ पनि पुगेकोले अब वैवाहिक सम्बन्ध जोड्नुपर्छ भन्ने आमाबुबाको इच्छा बुझेर उनी आफैँले बनारस हिन्दु युनिर्भसिटीमा बसेर पढ्ने बेलाका साथीहरूको प्रस्तावअनुसार पढेलेखेकी कन्यासँग विवाह गर्ने कुरा ल्याए । यी दुवै घरपरिवारको जात पनि मिल्दो भएकोले आमाबुबाले छोराको प्रस्तावलाई मञ्जुर गरे ।

अब लखनऊका ब्राह्मण परिवार प्रदीप मिश्रको बनारस निवासी पाठक परिवारकी कन्या पूजा पाठकसँग विवाह हुने निश्चित भयो । यथासमयमा दुवैतर्फका घरपरिवारद्वारा निर्धारित समयमा विवाह सम्पन्न हुन्छ । पूजा घरमा आउँछिन् । समय बित्दै जान्छ, पूजाले पनि घर व्यवहार बुझ्दै गर्छिन् । पूजाको शील स्वभाव, आनीबानी निकै राम्रो छ । घरमा भएका ठूला बडा मान्यजनहरूलाई सम्मान गर्नमा उनी कहिल्यै चुकिनन् । यस्तै गर्दागर्दै तीन वर्षको समय बित्छ । यता साथीभाइको कुसगँतमा परेर प्रदीपलाई मादक पदार्थ सेवन गर्ने बानी परिसकेछ । आफ्ना पतिको यस्तो बानी छुटाउन पूजाले सम्झाइ बुझाइमात्र होइन अरू पनि धेरै कोशिश गरिन् । परन्तु प्रदीपको बानी सुध्रिन सकेन । यस्तो स्थितिमा केही गरे पनि घरमा बस्न नसकिने विचार गरेर पूजाले सम्बन्धविच्छेद गर्ने निर्णय गरिन् । विधिवत् लखनऊको अदालतबाट सम्बन्धविच्छेद भएको कागज लिएर उनी माइतीमा नै फर्केर बस्ने निर्णय गरिन् । यसपछि घरमा जानुपर्ने औचित्य नदेखेर बेलुकाको रेलमा चढिन् ।

यता प्रदीपका पिताजी एउटा निजी उद्योग संचालन गर्दै आफ्नी श्रीमतीसहित घर भएको शहरभन्दा केही बाहिरतिर बस्दथे । उनीहरू काममा व्यस्त हुनाले गर्दा कहिलेकाहीँ मात्र घरमा आउने गर्थे ।

यता घरमा बूढा भएका सासू-ससुराले यसपटक घर आएको बेला बुहारीको उपस्थिति नदेखेर खोजी गरे । छोराले बुहारी माइत गएकी छन् भन्ने कुरा बताएपछि माइतबाट यति धेरै दिनसम्म नआउनको कारण सोध्छन् । सम्बन्धविच्छेद भएको र बुहारी सधैँका लागि माइत गएको थाहा पाएर बुढाबुढीले धेरै दुःख मान्छन् । घरमा निराशाको बादल छाउँछ । घरमूली बुढा मान्छेको मनमा के भनौँ के गरौँ भन्ने असमञ्जसको स्थिति हुन आउँछ । उनी कारखानामा जान छोड्छन् । बुहारी सधैँका लागि माइत गएको र छोराको बानी बिग्रीसकेको थाहा पाएर उनलाई साह्रै नराम्रो लाग्छ । घरमा आएको करीब एक डेढ महिनाभित्रै हृदयाघात भएको कारणले गर्दा अस्पतालमा पुऱ्याउनासाथ उनको एक्कासि मृत्यु भएको थाहा हुन्छ । अब घरको वातावरण परिवर्तन हुन्छ । प्रदीप मिश्रको शिरमा घरको काम र बाबुको काम दुवै आइपर्छ । बाबुको और्ध्वदेहिक कर्म सबै सिध्याएपछि आफन्तहरूको सरसल्लाहअनुसार आमालाई घरमा छोडेर उनी बाबुले चलाउने गरेको कारखाना हेर्न जान्छन् । अब बिस्तारै कारखाना सचांलन गर्न थालेपछि उनको चेतनामा पनि परिवर्तन आउँछ । मादक पदार्थको सेवन गर्न चटक्कै छोड्छन् । कारखानाको जिम्मेवारीले गर्दा उनलाई कहिले कानपुर, कहिले गोरखपुर, कहिले इलाहबाद, कहिले बनारसजस्ता शहरहरूमा जाने आउने काम परिरहन्छ । दुलहीसँग छोडपत्र गरेको पनि पाँच वर्ष बितिसकेको हुन्छ ।

एकपटकको कुरा हो उनी इलाहबादबाट रातिको रेलगाडीमा चढेर बनारस हुँदै लखनऊतिर आउँदै थिए । बनारस आइपुगेपछि अरू मानिसहरूका साथमा एक युवती उनी बसेकै सिटमा बस्न आइपुगिन् । प्रदीप मिश्रले ठाउँ छोडिदिए । धेरै बेर रेल चलेपछि केही जाडो लागेकोले युवतीले आफ्नो ब्लाङ्केट खोलेर ओढ्न थालिन् र आफ्नो छेउमा बसेको हेर्दा अपरिचित जस्तो लाग्ने युवकलाई आफैँले सोधिन्, "चिसो धेरै लागिरहेछ हजुरको ओढ्ने छैन र ?" उनले आफूले ओढ्ने नल्याएको कुरा गरेपछि बोली सुनेर प्रदीप मिश्र हो भन्ने चिनिन् । अनि यो ब्लाङ्केट तानेर ओढ्नुहोस् भनेर दुवैलाई ओढ्न पुग्ने गरेर अघि सारिन् । यसरी आफ्नो ब्लाङ्केट ओढ्न दिने युवतीसँग परिचय गर्ने इच्छाले सोधपुछ गरेपछि प्रदीप मिश्रले पनि सँगै बस्न आएकी युवती आफ्नी पूर्वपत्नी भएको राम्ररी चिने ।

यस्तो रेलयात्राको संजोग परेकाले उनीहरू दुवैले एक आपसमा राम्ररी कुरा गर्ने मौका पाए । पूजाले आमाबुबाको बारेमा पनि सोधिन् र बुबा दिवगंत भएको कुरा थाहा पाउँदा धेरै पीर मानिन् । प्रदीपले पनि सासूससुराको हालखबर सोध्छन् । जवाफमा उहाँहरूको दुई वर्षको अघिपछि निधन भइसकेको खबर सुन्दा प्रदीपले पनि साह्रै पीर मान्छन् । साथै तिमीले अर्को विवाह गर्‍यौ कि गरिनौ भनेर पनि सोध्छन् । अनि पूजाले आफूले कतै विवाह नगरेको कुरा बताउँछिन् ।

यस्तैमा अहिले कहाँसम्म जादैँछौ भनेर प्रदीपले सोधेपछि लखनऊमा एकजना साथी बसेकी र उनले एउटा काम लगाइदिन्छु भनेकी हुँदा जान लागेकी छु भनेर बताउँछिन् । यता प्रदीपलाई पनि पूजाले अर्को विवाह गरिसक्यौ कि भनेर सोध्छिन् । प्रदीपले पनि अर्को विवाह नगरेको र मादक पदार्थ सेवन गर्न छोडेको कुरा सबै बताउँछन् । यस्तै कुरा गर्दै यात्रा गर्दा भोलि बिहान उनीहरू लखनऊ स्टेशनमा ओर्लिन्छन् । स्टेशनमा ओर्लिएपछि प्रदीप मिश्रले पूजालाई भन्छन् कि तिमी जाने ठाउँ कहाँ हो ? हिँड म त्यहाँसम्म पुर्‍याइदिन्छु भन्दा पूजा भन्छिन्– अहिले हजुर जाँदै गर्नुहोस् किनभने मेरी साथीले स्टेशनमा लिन आउने कुरा गरेकी छन् म यहीं पर्खेर बस्छु । उनको यो कुरा सुनेपछि प्रदीपको मनमा "पूजा विचार गर, केही बिग्रेको छैन, हिँड सगैं हाम्रो घरमा जाऔँ, हामी सँगै बसौँ" भन्ने कुरा सुनाऊँ कि जस्तो त लागेको थियो किन्तु पूजाको व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप गरेजस्तो हुने हो कि भन्ने विचारले उनी केही नबोली आफ्नो घरतिर लाग्छन् । यता पूजाले धेरैबेरसम्म पर्खिँदा उनकी साथी आइपुग्छिन् र पूजालाई आफ्नो कोठातिर लिएर जान्छिन् । दुवैजना खुशीसाथ एकदुई दिन कोठामा बस्छन् ।

त्यतिञ्जेल उनले पूजालाई सम्झाइ बुझाइ भन्छिन् ,हेर ! काम त जहिले पनि खोजिन्छ, भेटिन्छ र गरिन्छ त्योभन्दा पहिले यो कुरा विचार गर्नुपर्छ कि हामी छोरीमान्छेलाई एक्लै बसेर जीवन चलाउन मुश्किल हुन्छ । त्यसैले पहिले एउटा जीवनसाथी खोज्नुपर्छ, रोज्नुपर्छ र उसँग सम्बन्ध राख्नुपर्छ । यतिञ्जेल पूजालाई उनकी साथीले बताएकी छन् कि मैले काम गर्ने उद्योगका मालिक एकदमै सुन्दर, साह्रै मिजासी, हँसिला छन् र उनी अविवाहित पनि हुन् । सबभन्दा पहिले म तिमीलाई उनीसँग भेट गराउँछु । आऊ साथमा जाऊँ भनी लिएर जान्छिन् ।

उनी आफूले काम गर्नेगरेको उद्योगमा प्रवेश गरेपछि सरासर हाकिमको अफिसमा पुर्‍याउँछिन् । कोठाभित्र प्रवेश गरेपछि उहाँ नै हुनुहुन्छ यहाँको मालिक भनेर


नमस्कार गर्दा त पूजा र प्रदीपको अनुहारै उज्यालो हुन्छ र साह्रै मीठो हाँसोसहित संयोग हुन्छ । त्यसपछि प्रदीपले पूजाकी सगिँनीलाई बिदा गर्दै भन्छन् कि हाम्रो भेट गराइदिनुभएकोमा धेरै धन्यवाद छ । ठीक छ अहिले तपाइँ काममा जानुहोस् हामी कुरा गर्छौं भनी पठाउँछन् । यसपछि उनीहरू केही नबोली प्रगाढ अंकमालमा बाँधिन्छन् । अब जीवनभरिका लागि कहिले नछुट्टिने गरी यी दुवैको पुनर्मिलन हुन्छ ।

यसरि प्रदीप र पूजाको सुखद पुनर्मिलन हुन्छ । उनीहरू आजीवन साथमा रहन्छन् ।

ooo

गीत कविता

# जीवनका भाकाहरू



**✍मोहन ज्ञवाली**


यसै मन जलेको छ, किन फुकी दिन्छौ ?
कुरा गर्ने यहाँ धेरै, किन सुनी दिन्छौ ?
हरिया छन् घाउ किन, नुन छर्की दिन्छौ ?
भेटघाट पातलियो, किन तर्की दिन्छौ ?

हिज यहाँ घाम थिए, आज छायाँ पर्दा ।
दिशापासा लागे सबै, समयले गर्दा । ।
ऋतु सरी फेरिदोछ, मानिसको मन ।
गह पुछि दिने हात, तिम्रा हाम्रा धन ॥

संसारला देख्ने आँखा, निदार देखेन ।
लेख्ने कुरा ललाटमा, नसिब लेखेन ॥
दिन मेरा अभावका, बिते यसै गरी ।
जीवनको ऐना, गीत, भाका धरी धरी ॥

**कपिलवस्तु**

# ८७ वर्षमा नातिनीसँग कम्प्युटर टाइप गर्न सिकेर चार कृति तयार



✍मीनप्रसाद गौतम

(८७ वर्षमा कम्प्युटरमा टाइप गर्न सिकेर तीन प्रकाशन र चार कृति हस्तलेखन गरेका ऊर्जाशील र प्रेरक व्यक्तित्व मीनप्रसाद गौतम अहिले ९१ वर्षको वयमा पनि लेखन, पठन र टङ्कण कार्यमा क्रियाशील हुनुहुन्छ । हाम्रो पुरुषार्थको स्थायी स्तम्भ अनुभव/अनुभूतिको लागि उहाँसङ्ग तुलसी गौतमले गर्नुभएको कुराकानीको संक्षिप्त रूप यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)

**१,) नमस्कार ! तपाईँले ८७ वर्षमा कम्प्युटरमा टाइप गर्न सिकेर तीन प्रकाशन र चार कृति हस्तलेखन गरेको देखिन्छ,तपाईँको भौतिक परिचय छोटकरीमा बताइदिनुहुन्छ कि ?**

- तत्कालीन गुल्मी हालको अर्घाखाँची जिल्लाको पूर्वी भेगमा पर्ने खिदिम पोखराथोकमा वि. सं. १९९२ कार्तिक ६ गते केशवराज गौतम र दुर्गादेवीको माइलो सन्तानको रूपमा मेरो जन्म भएको थियो । हामी तीन भाइ-नागेन्द्रनाथ दाजु, म स्वयं र भाइ ईश्वरचन्द्र थियौँ । स्वाध्यायन गरी प्रवेशिकासंम अध्ययन । आधुनिक विषय पढ्ने न त विद्यालय थियो, न त पढाउने शिक्षक । औपचारिक शिक्षा र पढाइको तह खासै हुन पाएन ।

**२.) तपाईँले सरकारी सेवा कहाँ,कसरी र कहिले सुरुगर्नुभएको थियो,कहाँ कहाँ काम गर्नुभयो,त्यसपछि के गर्नुभयो, छोटकरीमा बताइदिनुहुन्छ कि ?**

- २०१७ सालमा घरेलु तथा ग्रामीण उद्योग विभागमा डेढ वर्ष तालीम लिएपछि प्रशिक्षकको रूपमा सरकारी सेवामा बाग्लुङ जिल्लाबाट प्रवेश गरेँ । सेवा अवधिमा जुम्ला, दोलखा, पोखरा, पाल्पा र अन्त्यमा रूपन्देहीमा गएर २९ वर्षसंम सेवा गरेँ र २०४५ सालमा स्वैच्छिक अवकाश लिएँ । त्यसपछि करीब तीन दशक रूपन्देहीकै सियारी गाउँपालिका-४, दयानगरमा

खेती गरेर समय बिताएँ ।

**३,) अध्यात्म दर्शनतिर कसरी मोडिनुभयो ? गाउँघरमा बसेर पनि यतिका प्रकाशन कसरी हुन सके, यसबारे बताइदिनुहुन्छ कि ?**

- खेतीपातीको काममा खट्न उमेरले साथ नदिएपछि र छरछिमेकीहरू बसाइ सरेपछि समय बिताउन मुस्किल लाग्यो । समय बिताउन स्वाध्यायन गर्न मन लाग्यो प्रविधिको प्रयोग गर्दै ८० वर्ष उमेरमा अध्यात्म र धर्म दर्शनका किताब पढ्न थालैं । मैले पढेका कुरालाई लिपिबद्ध गर्न छन्दमा गुनगुनाउन थालैं । तर मलाई छन्दको ज्ञान थिएन । इच्छाशक्ति भने थियो । घन घोटी बन्चरो भने जस्तै यही इच्छा शक्ति र लगनशीलताले मलाई ऊर्जावान् बनायो । छन्द सिक्ने उत्कट अभिलाषा भए पनि गाउँघर हुनाले सङ्गत मिलेको थिएन । यत्तिकैमा "छन्दोपराग" किताव काठमाडौँबाट ल्याएर दिनुभयो । त्यसैलाई गुरु मान्दै एकलव्यले बाण चलाउन सिकेजस्तै विविध छन्दमा कविता लेख्ने अभ्यास गर्न थालैं । यसमा मलाई अनुष्टुप् छन्द सरल लाग्यो । मेरा कृतिहरूमा सबै छन्दमा कविताहरू कोरिएका छन् । अनुष्टुप् छन्द यी कृतिहरूमा प्रधान भएर रहेको छ । सुरुको कृतिलाई "आत्मदर्शन कविता-सङ्ग्रह" नाम राखैं । २०७४ सालमा प्रकाशन पनि भयो । यसमा ७० वटा कविता छन् ।

  त्यसपछि "रामगीता" लेख्न सुरु गरैं । अध्यात्म रामायणको उत्तर काण्डमा रहेको ६२ श्लोकको रामगीतालाई रामानन्द गिरीले गरेको नेपाली अनुवादलाई मुख्य आधार बनाएर ५५१ श्लोकमा मौलिक कृति तयार भयो । यसको लगत्तै नेपालका चार धाम र भारतका चार धामबारे "आठ धाम तीर्थदर्शन" कविता कृति गरी २०७५ मा तीन कृति प्रकाशन गर्न सकेको उहाँ बताउनुहुन्छ । यसमा रामकृपा ठान्नुहुन्छ । रामगीताको अन्तिम श्लोकमा जीवको ईश्वरीय सत्ता स्वीकारिएको तलको श्लोकबाट स्पष्ट हुन्छ ।

  **"म हूँ म भन्छु तर को म हुँ भनी,**<br>**चिनिन्न आफूकन यो म हुँ भनी,**<br>**न स्थूल हुँ,सूक्ष्म न कारणै म हुँ**<br>**केवल् "म"कुटस्थ स्वरूप आत्म हुँ ।**

  जीवात्माको परिचय " म को हुँ" को रामगीताको आत्माबारे सारतत्त्व एकैश्लोकमा यसरी उतारिएको यो एउटा महत्त्वपूर्ण पङ्क्ति हो ।

**४,) ल्यापटपमा टाइप गर्न कसरी सिक्नुभयो ? जोस जाँगर कसरी आयो ?**

- म सुस्मा कलममैत्री थिएँ । लेखेका पाना अरूलाई टाइप गर्न दिदा र टाइप गरेको सच्याउँदा थुप्रै समस्या भोगेँ । त्यही भएर ८७ वर्षमा आफूले लेखेका कविताहरू आफै टाइप गर्न सिकेको उहाँ बताउनुहुन्छ । "मेरी छोरी नातिनीले उनको घर पोखरा गएको बेला मेरो लेखपढ गर्ने जोस जाँगर देखेर ल्यापटप किनेर दिइन् । यति मात्र होइन, ल्यापटप चलाउने, टाइप गर्ने आधारभूत कुरा र यूनिकोड नेपाली पनि सिकाइन् । नातिनीले सिकाएका कुराहरू अभ्यास गर्दै जान थालेँ । दृढ इच्छाशक्ति भएपछि सकिदोरहेछ । घर आएपछि दुई नातिहरूले पनि समस्या आइपर्दा सुल्भाउने सरल तरिका बुझ्ने गरी सिकाउदै गए ।

**५, टाइप सिकेपछि के के कृतिहरू लेख्न सुरु गर्नुभयो ?**

- माथि भनिएका र प्रकाशन भइसकेका तीन कृतिहरूको टाइप गराउने भन्भटिलो कामले मलाई आफ्ना कविताहरू आफै टाइप गर्न सक्ने भएँ र पछिल्ला वर्षहरूमा निम्न चार कृतिहरूको पाण्डुलिपि तयार गरेको छु । बुढेसकालका रोग र कमजोरीसङ्ग जुध्दै गर्दा पहिले जस्तो शक्ति ममा छैन । प्रकाशनको पर्खाइमा हाल यी चार कृतिहरू छन् :-

  १) साहित्य मञ्जरी २०८० ( विविध साहित्यिक रचनाहरूको सङ्ग्रह)
  २) वैधुर्य शोककाव्य २०८० (धर्मपत्नी दुर्गादेवीको निधनमा शोककाव्य)
  ३) सर्वधर्म परिचय २०८० (विश्वका प्रमुख धर्महरूको छुट्टाछुट्टै सारतत्त्वहरूको सरल व्याख्या र विश्लेषण भएको)
  ४) शब्द प्रतीकात्मक एवं व्याख्यात्मक परिचय २०८२

**६,) यति लामो जीवन र सङ्घर्षको भोगाइको आधारमा जीवन के हो जस्तो लाग्छ ?**

- के बताउने खै ? जीवन मेरो भोगाइमा अधुरो सपना रहेछ । कहिल्यै पूरा नहुने, उतार चढाव जीवनमा उमेरअनुसार भइ नै रहन्छ । अहिले जीवन अधुरो सपना रहेछ भन्ने मलाई अनुभूति भैरहेको छ । पूर्ण त ईश्वर मात्र छ । अरू सबै अपूर्ण छन् ।

**७,) अन्त्यमा जीवन-बोधबारे केही बताइदिनुहुन्छ कि ?**

- जीवनमा कसैको खाने होइन, ढाट्ने होइन, अपकार गर्ने होइन । यी सबै मैले जागिरे जीवनमा गरिन, अहिले सन्तोषसाथ बाँचेको छु । जागिरे


जीवनमा पैसा कमाउने एउटा मौका आयो । रूपन्देहीमा कार्यरत रहदा सीमा पारिकालाई नागरिकता लिन आवश्यक कागजात तयार गरिदिए प्रतिव्यक्ति एक लाख दिने प्रलोभन दिइयो । मलाई यस्तो कुकर्म गर्न मन लागेन । यस्ता अवसर कतिले पाए होलान् । तर मैले हातमा पर्ने आठ दशलाख रूपैयाँलाई लत्याएँ । यसो नगरेकोले मलाई अहिले सन्तोष छ । कुनै पछुताउ छैन । अहिले ९१ वर्षमा लागेँ, अब रागद्वेष केही छैन । "असतो मा सद्गमय" भनेको पनि शायद यही हो ।

अन्त्यमा हाम्रो पुरूषार्थमा आफ्ना अनुभव र अनुभूति राख्ने अवसर पाएकोमा संपादक मण्डलप्रति आभारी छु र यसको निरन्तरताको लागि शुभकामना दिन चाहन्छु ।

०००

---

**भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा विस्तृत जानकारी प्राप्त गर्नका लागि 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०५ पढ्न नबिर्सनुहोस् ।**



# मातृभूमि सामुदायिक पुस्तकालय, स्याङ्जा



✍प्रस्तुतकर्ता : नारायण पाण्डेय
(सचिव)

## संस्थागत परिचय

मातृभूमि सामुदायिक पुस्तकालय स्याङ्जा जिल्लाको काली गण्डकी गाउँपालिका-४, बिर्घा कट्टीमा अवस्थित एक महत्त्वपूर्ण शैक्षिक तथा सामाजिक संस्था हो । समुदायमा पठन संस्कृतिको विकास, शिक्षा र साक्षरता प्रवर्धन तथा सामाजिक रूपान्तरणलाई मूल उद्देश्य बनाउँदै स्थापना गरिएको यो पुस्तकालय आज स्थानीय समुदायका लागि ज्ञान, सूचना र प्रेरणाको महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित भएको छ ।

स्थापनाको प्रारम्भदेखि नै पुस्तकालयले ग्रामीण समुदायमा शैक्षिक पहुँच विस्तार गर्ने, बालबालिका तथा युवाहरूमा अध्ययनप्रति रुचि जगाउने र जीवनपर्यन्त सिकाइको वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ । सीमित स्रोतसाधनका बीच पनि समुदायको सक्रिय सहभागिता, समर्पण र सहकार्यका कारण पुस्तकालय निरन्तर विकासको यात्रामा अघि बढ्दै आइरहेको छ ।

## स्थापना र ऐतिहासिक पृष्ठभूमि

मातृभूमि सामुदायिक पुस्तकालयको स्थापना एक प्रेरणादायी ऐतिहासिक सङ्कल्पबाट सुरू भएको थियो । स्याङ्जा जिल्लाको साविक बिर्घा गाउँ विकास समिति वडा नं. ६ का स्थानीय युवा गोपालप्रसाद पाण्डेयले वि.सं. २०४६ साल वैशाख १५ गते काली गण्डकी नदीको किनारमा एक दृढ संकल्प गर्नुभयो- पुस्तकालय स्थापना नभएसम्म कपाल नकाट्ने ।

यसै सङ्कल्पबाट प्रेरित भई उहाँले आफ्नै घरको एउटा कोठामा केही थान पुस्तक

संकलन गरी पुस्तकालय स्थापना गर्ने अभियान सुरू गर्नुभयो । गाउँमा पुस्तकालयको आवश्यकता महसुस हुँदै जाँदा यस अभियानले गाउँका शिक्षाप्रेमी अभिभावकहरू तथा स्थानीय समुदायको साथ र सहयोग प्राप्त गर्दै क्रमशः बृहत् रूप लिन थाल्यो ।

पुस्तकालयको स्थापना तथा व्यवस्थापन कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन तत्कालीन सांसद शंकरप्रसाद पाण्डेयले अभिभावकको महत्त्वपूर्ण रूपमा भूमिका निर्वाह गर्नुभयो । उहाँले रिड नेपालकी संस्थापिका अमेरिकी नागरिक डा. एन्टोनिया न्युवरसँग समन्वय गर्दै पुस्तकालय स्थापनाका लागि आर्थिक सहयोग जुटाउन सफल हुनुभयो । साथै स्थानीयस्तरमा पुस्तकालय भवन निर्माणका लागि आवश्यक जग्गाको चाँजोपाँजो पनि उहाँकै पहलमा भयो ।

अन्ततः वि.सं. २०५० साल कार्तिक १२ गते तत्कालीन कानुन, न्याय तथा संसदीय मामिला मन्त्री दीनबन्धु अर्याल, दाता डा. एन्टोनिया तथा शंकरप्रसाद पाण्डेयको संयुक्त उपस्थितिमा मातृभूमि सामुदायिक पुस्तकालयको औपचारिक उद्घाटन सम्पन्न भयो ।

## संस्थागत विकास र नेतृत्व

स्थापनाको प्रारम्भिक चरणमा गोपालप्रसाद पाण्डेयले सीमित स्रोत साधनका बीच पुस्तकालय सञ्चालनलाई निरन्तरता दिनुभयो । औपचारिक उदघाटनपछि पुस्तकालयको विकासमा गाउँका अग्रज व्यक्तित्वहरू तथा सम्पूर्ण समुदायको महत्त्वपूर्ण योगदान रहँदै आयो । पुस्तकालय व्यवस्थापनका लागि शंकरप्रसाद पाण्डेयलाई संरक्षक बनाउँदै व्यवस्थापन समिति गठन गरिएको थियो ।

समयक्रममा विभिन्न व्यक्तित्वहरूले पुस्तकालयको नेतृत्व सम्हाल्दै यसको संस्थागत विकास, व्यवस्थापन, सुदृढीकरण र सेवा विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । सीमित स्रोत साधनका बीच पनि पुस्तकालयलाई निरन्तर सञ्चालनमा राख्दै समुदायमा पठन संस्कृति प्रवर्धन गर्ने कार्यमा उहाँहरूको योगदान उल्लेखनीय रह्यो ।

पुस्तकालयको नेतृत्व सम्हाल्दै यसको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुभएका व्यक्तित्वहरूमा संस्थापक अध्यक्ष चण्डिकाप्रसाद पाण्डेयलगायत संस्थापक सदस्यहरू, पूर्व अध्यक्षहरू नीलकण्ठ पाण्डेय (२०५८), बलराम पाण्डेय (२०६२), देवीप्रसाद पाण्डेय (२०६५), हिमालाल पाण्डेय (२०६८) तथा नारायणप्रसाद पाण्डेय (२०७३) विशेष रूपमा स्मरणीय हुनुहुन्छ । उहाँहरूले पुस्तकालय व्यवस्थापन सुधार, पुस्तक तथा स्रोतसामग्रीको वृद्धि, समुदायसँगको सहकार्य विस्तार तथा पुस्तकालयप्रति

स्थानीय बासिन्दाको अपनत्व बढाउने दिशामा उल्लेखनीय योगदान पुर्‍याउनुभयो ।

संस्थाको स्थापनाकालमा साथ दिँदै आउनुभएका संस्थापक कर्मचारीहरू श्री देवीलाल भट्टराई र श्री जोगप्रसाद पाण्डेयको भूमिका अत्यन्तै प्रशंसनीय छ । विशेषगरी, श्री जोगप्रसाद पाण्डेयले संस्थाको स्थापनाकालदेखि हालसम्म अविरल रूपमा सेवा प्रदान गर्दै आउनुभएको छ । उहाँको यही समर्पित सेवाको कदरस्वरूप नेपाल शिक्षा मन्त्रालयबाट प्रदान गरिने "उत्कृष्ट पुस्तकालयकर्मी" सम्मानबाट सोह्रौँ राष्ट्रिय पुस्तकालय दिवस, २०८० को अवसरमा उहाँ सम्मानित हुनुभएको हो ।

## भूकम्पपछिको चुनौती र पुनर्निर्माण

वि.सं. २०७२ सालको भूकम्पका कारण पुस्तकालयको पुरानो भवनमा क्षति पुगेपछि भवन निकै जीर्ण र असुरक्षित बन्न पुग्यो । यसले पुस्तकालयको नियमित सञ्चालनमा समेत कठिनाइ उत्पन्न गर्‍यो र नयाँ भवन निर्माणको आवश्यकता तीव्र रूपमा महसुस हुन थाल्यो ।

त्यस समयका अध्यक्ष नारायणप्रसाद पाण्डेयको नेतृत्वमा सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय गर्दै नयाँ भवन निर्माणका लागि प्रयासहरू सुरू गरिएका थिए । तर दुर्भाग्यवश वि.सं. २०७५ साल वैशाख १२ गते उहाँको असामयिक निधन भएपछि उक्त प्रयास केही समयका लागि प्रभावित भयो । अध्यक्षको निधनपछि पुस्तकालय नेतृत्व र व्यवस्थापन दुबै हिसाबले चुनौतीपूर्ण अवस्थामा पुगेको थियो ।

यस परिस्थितिमा पुस्तकालयलाई पुनः सशक्त बनाउने सक्षम नेतृत्वको खोजी सुरू भयो । व्यापक छलफलपछि स्वर्गीय नारायणप्रसाद पाण्डेयका कान्छा सुपुत्र राजेन्द्रप्रसाद पाण्डेयलाई नेतृत्वको जिम्मेवारी दिने निर्णय गरियो । प्रारम्भमा उहाँले आफ्नो कर्मथलो काठमाडौं भएकाले नियमित रूपमा सक्रिय हुन कठिनाइ हुन सक्ने सुझाव दिनुभएको थियो । तर समुदाय तथा सञ्चालक समितिको आग्रहपछि उहाँलाई सर्वसम्मत रूपमा अध्यक्ष चयन गरियो ।

## आधुनिक पुस्तकालयतर्फको यात्रा

राजेन्द्रप्रसाद पाण्डेय अध्यक्ष बन्नुभएपछि पुस्तकालयले नयाँ ऊर्जा र दिशा प्राप्त गर्‍यो । उहाँको पहलमा शिक्षा मन्त्रालय तथा गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयबाट पुस्तकालयका लागि आवश्यक सामग्री उपलब्ध गराउन बजेट सुनिश्चित गरियो । साथै शहरी विकास मन्त्रालयबाट नयाँ बहुउद्देश्यीय भवन निर्माणका लागि प्रक्रिया अघि बढाइयो ।

यसैबीच पुस्तकालय स्थापना अभियानसँग जोडिएको साझेदार संस्था READ

Nepalसँग विस्तृत छलफलपछि दीर्घकालीन समाधानका रूपमा शहरी विकास मन्त्रालयबाट प्राप्त नयाँ बहुउद्देश्यीय भवन निर्माणको योजनालाई छोडेर नयाँ परियोजना अघि बढाइयो । फलस्वरूप वि.सं. २०७७ साल चैत ५ गते Shanti Volunteer Association (जापान) को आर्थिक सहयोग तथा READ Nepalको प्राविधिक सहकार्यमा आधुनिक र सुविधासम्पन्न भवन निर्माणका लागि सम्झौता सम्पन्न भयो । उक्त परियोजना एक वर्षभित्र सफलतापूर्वक सम्पन्न भयो ।

यस सहयोगमार्फत पुस्तकालय भवन निर्माणसँगै कार्यालय व्यवस्थापन, पुस्तकालय सामग्री खरिद, सेवा व्यवस्थापन तथा विभिन्न तालिम कार्यक्रम सञ्चालनका लागि समेत सहयोग प्राप्त भयो । परिणामस्वरूप आज मातृभूमि सामुदायिक पुस्तकालय आधुनिक पूर्वाधार र प्रविधिमैत्री सेवासहित ग्रामीण क्षेत्रमै ज्ञान, शिक्षा र सूचना प्रवाहको महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित भएको छ ।



## ध्येय र दृष्टि

मातृभूमि सामुदायिक पुस्तकालयको मुख्य ध्येय काली गण्डकी गाउँपालिका तथा आसपासका क्षेत्र साथै पाल्पा र गुल्मी जिल्लाका समुदायहरूमा साक्षरता, शिक्षा र सामुदायिक विकासलाई प्रवर्धन गर्नु हो । यसको दीर्घकालीन दृष्टि विशेषगरी बालबालिका तथा युवाहरूलाई ज्ञान, सीप र अवसर प्रदान गर्दै उनीहरूको जीवनस्तर उकास्नु तथा समुदायको दिगो विकासमा योगदान पुऱ्याउनु रहेको छ ।

## सेवा, कार्यक्रम र समुदायसँगको सम्बन्ध

पुस्तकालय ज्ञानको केन्द्र मात्र नभई यसले समुदायलाई जोड्ने साझा मञ्चका रूपमा विभिन्न शैक्षिक, सांस्कृतिक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । अन्तरक्रिया, पुस्तक प्रदर्शनी तथा समुदाय केन्द्रित गतिविधिहरूमार्फत स्थानीय बासिन्दालाई सक्रिय सहभागिताका लागि यसले प्रेरित गर्दछ ।

ज्येष्ठ नागरिकहरूका लागि दैनिक रूपमा सांस्कृतिक, धार्मिक तथा सङ्गीत कार्यक्रम सञ्चालन गरिँदै आएको छ, जसले पुस्तकालयलाई समुदायको आत्मीय भेटघाट र संवादको केन्द्र बनाएको छ ।

विगत तीन वर्षदेखि पुस्तकालयले "तीन पुस्ता, एक साथ" भन्ने अवधारणालाई आत्मसात् गर्दै भजनकीर्तन कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै "मातृभूमिसँग म" अभियानमार्फत जन्मदिनमा केक काट्नुको सट्टा पुस्तक उपहार दिने सन्देश प्रवाह गरिएको छ । यस अभियानअन्तर्गत तीन पुस्ताको उपस्थितिमा भजनमार्फत जन्मदिन मनाउने अभ्यास सुरू गरिएको छ जसले पुस्तान्तरणीय ज्ञान आदान प्रदान र पुस्तकालयसँग समुदायको आत्मीयता बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

### प्रभाव

मातृभूमि सामुदायिक पुस्तकालयले काली गण्डकी गाउँपालिकाको ग्रामीण समुदायमा उल्लेखनीय प्रभाव पार्न सफल भएको छ । पुस्तकालयमार्फत कम्प्युटर कक्षा सञ्चालन हुनु, हप्तामा छ दिन पुस्तकालय खुला रहनु तथा अध्ययनका लागि अनुकूल वातावरण उपलब्ध हुनुका कारण बालबालिका तथा वयस्कहरूमा साक्षरता दर वृद्धि भएको छ ।

यसका साथै युवाहरूलाई ज्ञान, सीप र नेतृत्व विकासका अवसर प्रदान गर्दै पुस्तकालयले उनीहरूको व्यक्तिगत तथा सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । सांस्कृतिक तथा शैक्षिक कार्यक्रमहरूमार्फत समुदायमा सामाजिक एकता र सहकार्यको भावना पनि सुदृढ बनेको छ ।

## चुनौती र भविष्यका योजना

उल्लेखनीय उपलब्धिहरू हासिल भए पनि पुस्तकालयले अझै केही चुनौतीहरूको सामना गरिरहेको छ । सीमित आर्थिक स्रोत, प्रविधिमा पहुँचको अभाव तथा थप पूर्वाधार विकासको आवश्यकता प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

भविष्यमा पुस्तकालयले सेवा विस्तार गर्ने, भौतिक तथा प्राविधिक सुविधा सुधार गर्ने तथा शिक्षा र संस्कृति संरक्षणमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने लक्ष्य

राखेको छ ।

## डिजिटल विकास योजना

डिजिटल युगको आवश्यकतालाई ध्यानमा राख्दै पुस्तकालयले सूचना तथा प्रविधि विस्तार योजनालाई प्राथमिकतामा राखेको छ । यसअन्तर्गत आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना, उच्च गतिको इन्टरनेट सेवा, डिजिटल पुस्तकालय (ई-बुक), अनलाइन पाठ्यक्रममा पहुँच, डिजिटल साक्षरता तालिम तथा सामुदायिक ई-लर्निङ पोर्टल सञ्चालन गर्ने योजना रहेको छ । साथै स्थानीय विद्यालयहरूसँग सहकार्य गर्दै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने लक्ष्य राखिएको छ ।

## अन्त्यमा

मातृभूमि सामुदायिक पुस्तकालय यसरी समुदायको साझा प्रयास, समर्पण र दूरदृष्टिको प्रेरणादायी उदाहरणका रूपमा विकसित हुँदै आएको छ । ज्ञान, शिक्षा, संस्कृति र सामाजिक रूपान्तरणको केन्द्रका रूपमा स्थापित हुँदै यो मातृभूमि पुस्तकालय ग्रामीण समाजमा सकारात्मक परिवर्तन ल्याउने महत्त्वपूर्ण संस्थाका रूपमा अघि बढिरहेको छ ।

## सम्पर्क विवरण

**ठेगाना :**

मातृभूमि सामुदायिक पुस्तकालय, काली गण्डकी गाउँपालिका-४, बिर्घा, स्याङ्जा, नेपाल ।

इमेल : matribhumilibrary@gmail . com

अध्यक्ष : राजेन्द्र पाण्डेय

इमेल : rajendra2057@gmail . com

फोन : ९८५१०५०५२५

सचिव : नारायण पाण्डेय

फोन : ९८६६०२९००८

व्यवस्थापक : मनोज पाण्डेय

फोन : ९८५६०५१०२०

लाइब्रेरियन : जोगप्रसाद पाण्डेय

फोन : ९८४७२९७१५१

लाइब्रेरियन : दुर्गादेवी बस्याल

फोन : ९८४७१७३६२१

०००

# किरण पुस्तकालयका पाँच काम

- किरण पुस्तकालयले प्रत्येक वर्ष नियमित रूपमा न्यूनतम ५ वटा कार्यक्रमहरू गर्ने गरेको छ । वार्षिक कार्यतालिका तयार गरी सबै पाठकहरूले देख्ने बनाई पुस्तकालयका विभिन्न तलामा प्रवेश गर्ने ढोकाका किनारमा कार्यक्रम तालिका राखिएको छ । उक्त तालिका 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०८ को पृष्ठ १४५ मा पनि मुद्रित छ । त्यसैअनुसार साहित्यप्रेमी पाठकहरू विना निमन्त्रणा पुस्तकालयमा जम्मा भई कार्यक्रममा सहभागी हुने प्रचलन छ ।

- किरण पुस्तकालयमा राष्ट्रिय विभूति, कवि, लेखकहरू र गुल्मीलाई चिनाउने ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वका मठ-मन्दिर र स्थानहरूसम्बन्धी चित्रहरू विभिन्न दाताहरूबाट सौजन्यस्वरूप सङ्कलन गरी भित्तामा फ्रेमहरू बनाएर सुरक्षित राखिएको छ ।

- गुल्मी जिल्लाका विभिन्न संघ-संस्था तथा विद्यालय, महाविद्यालयबाट प्रकाशित पत्र-पत्रिकाहरूलाई सुरक्षित राख्ने उद्देश्यले बाइण्डिङ्ग गराई राख्ने काम भइरहेको छ ।

- किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' का ५२ वर्षका सम्पूर्ण अङ्कहरूका दुर्लभ केही सेटहरू पुस्तकालयमा बिक्रीका लागि रहेका छन् ।

- किरण पुस्तकालयबाट २०३० सालदेखि प्रकाशित हुँदै आइरहेको 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ११० (२०८३ वैशाख-असारको अङ्क) रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशनमा आउँदैछ । उक्त विशेषाङ्कका लागि सम्बन्धित विषयसम्बद्ध लेख-रचना २०८३ साल जेठ १५ गतेभित्र पुस्तकालयमा उपलब्ध गराइदिन आह्वान गरिएको छ ।

- २०८२ फागुन २ गते रूपन्देहीको बुटवल स्थित नव जागृति पुस्तकालयको सभा कक्षमा 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०८ विचार-विमर्श कार्यक्रम सम्पन्न भयो । 'हाम्रो पुरुषार्थ' पाठक मञ्च रूपन्देही, बुटवलको आयोजनामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन मञ्चका संयोजक गोपाल पन्थी र सह-संयोजक कविता पन्थीले गर्नुभएको थियो । नवजागृति पुस्तकालयका अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा हाम्रो पुरुषार्थका सहयोगीहरू, लेखक, कविहरू र आजीवन ग्राहकहरूको विशेष उपस्थिति रहेको थियो ।


**-सचिव**

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. कालपात्र

पत्रकारिताका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाएका पुरुषोत्तम दाहाल कविता, कथा, निबन्ध र उपन्यास विधामा कलम चलाएका व्यक्ति हुन् । उनको कालपात्र (उपन्यास २०८०) अकिञ्चनका हातमा परेको छ । उनका झण्डै एक दर्जन कृतिहरू प्रकाशित भएका छन् । उनले प्रस्तुत उपन्यास "सुकर्मका लागि कुकर्मको विरूद्ध सतत संघर्षशील सम्पूर्ण असल मानिसहरूमा" समर्पण गरेका छन् ।




प्रस्तुत उपन्यास समसामयिक धारामा लेखिएको छ । नेपाली समाजमा झाँगिंदै गएको विकृति र विसङ्गतिलाई यस उपन्यासले मुख्य विषयवस्तु बनाएको छ । वर्तमान सन्दर्भमा सबै पेशा र तहका व्यक्ति राजनीतिक कर्मीहरूको चाकर बनेर नगुमेसम्म सुखै नपाउने प्रवृत्तिलाई अत्यन्तै मार्मिक ढंगले प्रस्तुत गरिएको छ ।


वि.सं. २०४७ सालपछि नेपाली समाजमा स्थानीय तहदेखि केन्द्रसम्म जेलिँदै गएको अन्याय, अत्याचार, व्यथिति, षड्यन्त्रपूर्ण हत्या, अपहरण, फिरौती, बलात्कार, अपराधीहरूको संरक्षण, नातावाद, कृपावाद, राजनीतिक संरक्षण र मिलेमतोमा जे गरे पनि हुने बेथितिहरूलाई प्रस्तुत उपन्यासले चित्रण गरेको छ । उपन्यास पढ्दै जाँदा हरेक सचेत व्यक्तिले आफ्नै आँखाअगाडि घटेका र देखे भोगेका घटनाहरू अनुभव गर्दछ । सैद्धान्तिक आकाश र नैतिक धरातल बिर्सिएका नेताहरूले प्राप्ति र अकुत सम्पत्ति कमाउन गरेका षड्यन्त्रपूर्ण व्यवहारहरू यसभित्र जस्ताको तस्तै चित्रण गरिएको छ ।

२६ भाग/ अध्यायमा विभाजित प्रस्तुत उपन्यासको आरम्भ मन्त्रीको शव जलेर श्मसान घाटमा धुँवा र दुर्गन्ध फैलिएको प्रसङ्गबाट सुरू गरी पृष्ठभूमि (फ्लास ब्याक स्टाइल) प्रयोग गरिएको छ । पार्टीभित्रका विकृतिको चित्रण गर्न सज्जन लोक पार्टीलाई अगाडि सारिएको छ । पात्रहरू धेरै धेरै पीडित छन् तर मन्त्रीबाट गरिएको कुकृत्यका कारण दबाबमा परेर आत्महत्या गर्ने लावन्ती दिदी र आफ्ना

कुकृत्यहरूले पोलेर आत्महत्या गर्ने मन्त्रीका माध्यमबाट "जे रोप्यौ त्यही उम्रन्छ" भन्ने यथार्थको चित्रण गर्न खोजिएको छ । यस उपन्यासको आरम्भदेखि नै देखिएको पात्रले आफू देश र समाजका विकृतिहरूप्रति काल बनेर प्रस्तुत हुने सङ्कल्प गर्छ । यही कुरालाई उपन्यासकारले निष्कर्ष वाक्यमा प्रस्तुत गर्दै उपन्यासको अन्त्य गरेका छन् ।

"पात्रको पुरानो शरीर अन्धकारको छायाँमा पूर्णतः छोपिन्छ र नदेखिने भएर हराउँछ । ऊ आफूले टेकेको माटो मुनिबाट कलङ्कका सबै लप्काहरू जलाउन सक्ने विवेक र ज्ञानको निम्ति अग्नि ज्वाला प्रज्ज्वलित गर्ने महायज्ञको अनुष्ठानमा सङ्कल्पबद्ध छ र अन्धकार चिर्न अग्रसर छ । आशा गरौँ र विश्वास गरौँ : कालो पात्रको पुनर्जीवन र पुनरुत्थानको संकल्पबाट कुनै अर्को चरणमा असल मान्छेको पुनरोदय हुनेछ । "

## २. समयको स्पन्दन





एक दर्जन कृतिका स्रष्टा हरिप्रसाद भण्डारीको लघुकथा क्रममा चौथो लघुकथा (२०८१) प्रकाशित भएको छ । पहिलो कृति लघुकथा ( २०४७) बाट साहित्यिक फाँटमा सार्वजनिक भएका हरिप्रसादले आफ्नो कृतिक्रमको बाह्रौं कृति पनि लघुकथा-संग्रह नै प्रकाशित गरेका छन् । वि. सं. २०६७ पछि २०८० सम्म रचना गरिएका विभिन्न ७० वटा अत्यन्त मार्मिक लघुकथाहरू यसभित्र समावेश छन् । कथाहरू सबै जसो मितिक्रममा राखिएका छन् तर वि. सं. २०८० को भने वि.सं. २०७९ अगाडि राखिएको छ । "प्रमाण" लघुकथा घुस पैठका आधारमा राष्ट्रिय ढुकुटी निम्त्याउने तथा कथित बाख्रापालक कृषक (नेता?)सँग सम्बद्ध छ ।

सेतो कौवा, सूत्र, कार्यकर्ताको बल, न्याय आदि राजनीति परिवृत्तमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरिएका लघुकथा हुन् । समसामयिक विकृति र विसङ्गतिलाई कथाहरूमा प्रस्तुत गरिएको छ । आँप बेच्ने नानी, अर्को वृद्धाश्रमको खोजी जस्ता कथा सामाजिक विकृतिलाई पछ्याएका कथाहरू हुन् ।

समाजका यथार्थ, भोगाइ, घटना, सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक, शैक्षिक तथा समसामयिक विषय सन्दर्भलाई समेटेर रचना गरिएका कथाहरू लघुकथाको धर्म पूरा-पूर निर्वाह गरिएका छन् । एउटा दुईवटा कथा पढेपछि सबै कथा नपढी मनले नमान्ने स्थितिका कथाहरू यसभित्र छन् । सिद्धहस्त स्रष्टालाई साधुवाद ।


## ३. विमानघाट




कथा, कविता, मुक्तक, बालकथासमेत प्रकाशित गरिसकेका रुद्र झवालीको लघुकथा-संग्रह विमानघाट (वि. सं. २०८१) प्रकाशित भएको छ । ६८ वटा लघुकथा समाविष्ट प्रस्तुत संग्रहभित्रका कथाहरूमध्ये ४२ वटा कथा मधुपर्क, लघुकथा कुनो, फित्कौली, हाम्रो लघुकथा पाठशाला, खबर पोष्ट, हाम्रो लघुकथा केन्द्र जस्ता पत्रिकामा प्रकाशित भएका कथाहरू हुन् भने बाँकी २६ वटा कतै प्रकाशित नभएका कथाहरू हुन् । यस भित्रका अधिकांश लघुकथाहरू लघुकथाको मानकअनुसार नै रचित छन् । समाजका विविध पक्ष अन्याय, अत्याचार, कानुनी रायको उपहास, अभाव, गरिबी, समाजिक विभेद, मानवीय स्वाभाव र यसका परिणामहरू विकृति विसंगति जस्ता विविध पक्षहरूलाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । एकाध कथालाई छोडेर लघुकथाको धर्म कौतुहल तत्त्व सबैमा समावेश छ । उद्धार र चोर जस्ता कथाहरू लघुतर भएर पनि विस्तृत भाव समेट्न सफल छन् । व्यङ्ग्य र विवशताका भावहरू छरफष्ट छन् । केही सकारात्मक सन्दर्भ पनि छन् ।

लघुकथाक्रमको ३६ औँमा रहेको "विमानघाट" प्रवासिने नेपालीको व्यथालाई उजागर गर्ने दुःखद चित्रण हो । फूलमालाले सजिएर विदेशिने र काठका बाकसमा शव बनेर फर्केर आउने नेपालीको अवस्थाको चित्रणलाई लघुकथाको शीर्षक चयन गरिएको छ । कथाकार झवलीको लेखन र प्रकाशनले निरन्तरता पाओस् । शुभकामना ।

## ४. रेडक्रसका चम्किला तारा





शिक्षण क्षेत्रमा १० वर्ष र नेपाल रेडक्रसमा ४० वर्ष अनवरत सेवा गरेका पुष्पराज पौडेल वि.सं. २०६२ का रेडक्रसका उत्कृष्ट कर्मचारी पनि हुन् । उनले रेडक्रसबाट प्रदान गरिने पीडितोद्धार पदक र दीर्घ सेवा पदक (२०७०) समेत प्राप्त गरेका छन् । उनले रेडक्रससँग आबद्ध भएर संगठनात्मक सूत्रपात र विकासमा योगदान दिने २७ वटा चम्किला तारा, नेपाल रेडक्रसको सेवा विविधिकरण, विस्तार तथा सुदृढीकरणमा जोड दिने १९ वटा चम्किला ताराका साथै नेपाल रेडक्रसको विकासमा अन्तर्राष्ट्रिय रेडक्रसकर्मी सातवटा चम्किला तारासहित ५३ वटा चम्किला तारा लागेको एउटा झिलिमिली आकाश तयार पारेका छन् । नेपालको झण्डा र त्यसमुनि रेडक्रसको झण्डालाई चम्किला ताराहरूले घेरेको सुन्दर आवरण पृष्ठमा प्रस्तुत कृति तयार गरिएको छ ।

नेपाल रेडक्रसका संस्थापक, महानुभावहरूप्रति समर्पण गरिएको प्रस्तुत कृतिभित्र नेपाल रेडक्रसको संगठनात्मक सूत्रपात विकासमा योगदान दिने अङ्गुरबाबा जोशी, डा. अवधनारायण, कमल राणा, प्रा. गणेशराज सिंह, डा. गौरीशंकरलाल दास, शशि पन्थी जस्ता २७ वटा चम्किला नक्षत्रहरूको व्यक्तित्व र कृतित्वलाई संक्षेपमा प्रस्तुत गरेर उनीहरूले रेडक्रसको संगठनात्मक सुदृढढीकरण र विकासमा दिएका योगदानहरू उल्लेख गरिएको छ । तेस्रो खण्डमा नेपाल रेडक्रस सेवाको विविधिकरणको विस्तार तथा सुदृढीकरणमा योगदान दिने १९ वटा नक्षत्र डा. कान्ति गिरी, खेमराज श्रेष्ठ, गणेश शमशेर जबरा, गोपालबहादुर सिंहलगायतका व्यक्तित्वहरूले दिएको योगदान र संगठनभित्रका अविस्मरणीय कार्यलाई पनि संक्षेपमा प्रस्तुत गरिएको छ । चौथो खण्डमा नेपाल रेडक्रसको विकासमा अन्तर्राष्ट्रिय रेडक्रसकर्मी प्रतिनिधिहरू सातजनाको नाम उल्लेख छ । ती व्यक्तिहरू आर्नोल्ड बोल्टर, ओनी निस्कानन, कार्ल नोक्लेर आदि छन् । उनीहरूले नेपाल रेडक्रसको विकास र नेपालमा रेडक्रसका सेवाहरूको विस्तारमा दिएका योगदानहरूको चर्चा गरिएको छ । पाँचौं खण्डमा रेडक्रससँग सम्बद्ध महत्त्वपूर्ण निर्णय, पत्र, जानकारी दर्तापत्र, मान्यता आदिका साथै प्रमुख सन्दर्भ-सामग्रीहरू र व्यक्ति अनुक्रमणिकासमेत समावेश गरिएको छ । अन्तर्राष्ट्रिय रेडक्रस अभियान र नेपाल रेडक्रसको सामान्य

जानकारीबाट सुरू गरिएको प्रस्तुत कृति २८८ पृष्ठमा तयार गरिएको छ । नेपाल रेडक्रसको स्थापना कालदेखि गणतन्त्रकालसम्मलाई सिमाङ्कन गरिएको प्रस्तुत कृतिले रेडक्रसमा आबद्ध रही सेवा गर्ने उक्त अवधिसम्मका व्यक्तिहरूलाई सुपरिचित गराएर एउटा छुट्टै आदर्श स्थापना गर्ने प्रयास गरेको छ । यति धेरै व्यक्तिहरूका बारेमा खोजविन गरी फेहरिस्त प्रस्तुत गर्ने पुष्पराजको परिश्रम र लगनशीलतालाई शतशः नमन ।

## ५. कविरत्न माधवप्रसाद देवकोटा (स्मृति-ग्रन्थ)




माधव दमयन्ती देवकोटा स्मृति प्रतिष्ठान पाल्पाले कविरत्न माधवप्रसाद देवकोटाको स्मृति-ग्रन्थको दोस्रो संस्करण २०८१ प्रकाशित गरेको छ ।

वि.सं. १९६० मा तानसेन पाल्पामा जन्मिएका पण्डित माधवप्रसाद देवकोटा वि.सं. १९८४ देखि शिक्षण सेवा, नेपाली र संस्कृत वाङ्मयका क्षेत्रका उज्ज्वल नक्षत्र हुन् । नेपाल सरकारले वि.सं. २०८० आषाढ ५ गते उनको नामाङ्कित हुलाक टिकटसमेत प्रकाशित गरेर सम्मान गरेको छ । यिनै अमर साधकका जीवनका विविध आयामलाई समेटेर प्रस्तुत ग्रन्थ तयार गरिएको छ ।

संस्कृत भाषामा तीनवटा कृति, नेपाली भाषामा नौवटा कृति र उपनिषद्हरूको अनुवादसमेत गरेका कविरत्न देवकोटालाई महाकवि लक्ष्मीप्रसाद देवकोटाले "हुस्सु पाथिक" खण्डकाव्यको भूमिकामा समेत प्रशंसा गरेका छन् । त्यस्तै बालकृष्ण सम, स्वामी ईश्वरानन्द, डा. टीकाराम पन्थी, माधव घिमिरे जस्ता व्यक्तिहरूबाट प्रशंसा गरिएको छ । वि.सं. २०३६ वैशाख ६ गते धवल पुस्तकालय पाल्पाले नगर परिक्रमासहित भव्य समारोहमा अभिनन्दन गरेको थियो । यिनै अमर साधकका व्यक्तित्व र कृतित्वका विविध पाटाहरू यस स्मृतिग्रन्थमा प्रस्तुत गरिएको छ ।


यस ग्रन्थमा प्रवेशपूर्व पं. माधवप्रसाद देवकोटाको संक्षिप्त परिचय राखिएको छ । त्यसपछि कविले रचना गरेका संस्कृत र नेपाली पद्यहरू गणेश-गौरव, भारती वैभवम्, नेपाल, ब्रह्मजस्ता (कविताहरू) राखिएका छन् । त्यसपछि मात्र विषय सूची उल्लेख गरेर ग्रन्थमा प्रवेश गरिएको छ । प्रथमदेखि ५८औँ क्रमसम्म कवि

देवकोटाको व्यक्तित्वलाई स्मरण गरिएका लेखहरू, उनले रचना गरेका कृतिहरूको समीक्षा, शिक्षण पेशाप्रतिको निष्ठता, व्यक्तिगत र सामाजिक जीवनका विविध पाटाहरूलाई उजागर गर्ने प्रयास गरिएको छ । समीक्षाअन्तर्गत चूडामणि बन्धु, गोपीकृष्ण शर्मा, डा. टीकाराम पन्थी, मोदनाथ प्रश्रित, वेणीमाधव ढकाल , डा. डुकुलराज घिमिरे, डा .नेत्रप्रसाद न्यौपाने, पुष्कर अथक रेग्मीलगायतका समीक्षकहरूका समीक्षाहरू प्रस्तुत गरिएको छ । धेरैजसो लेखकहरूले उहाँको व्यक्तित्व, कृतित्व र जीवनका विभिन्न पाटाहरूलाई स्मरण गरेर संस्मरणात्मक लेखहरू तयार गरेका छन् । यस्ता संस्मरणात्मक लेखहरू आफन्तजन र ग्रन्थनायकका शिष्यहरूबाट तयार गरिएका छन् । ५८औँ क्रमपछि अभिनन्दनपत्र ग्रन्थनायकका सन्दर्भमा महान् व्यक्तित्वहरूबाट व्यक्त गरिएका उद्‌गार, रचना-सूची, प्राप्त पात्रहरू आदिका साथै ग्रन्थको अन्त्यमा ग्रन्थनायकसँग सम्बद्ध तस्बिरहरू राखिएका छन् ।

ग्रन्थ सम्पादनमा केही कसरमसर छन् । ग्रन्थलाई समीक्षा खण्ड, संस्मरण खण्ड आदि गरी खण्ड-खण्डमा प्रस्तुत गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो ।

पाल्पा जस्तो राजधानीबाट धेरै टाढाका जिल्लामा त्यो समयमा जन्मेर पनि शिक्षा, भाषा र साहित्यको सेवामा अहोरात्र लागिपर्ने माधवप्रसाद देवकोटा हरेक नेपालीका लागि प्रेरक व्यक्ति हुन् । प्रस्तुत कृति पठनीय छ ।

## ६. आलोकमय सूर्य




साहित्यिक अभियन्ता एवं लोकप्रिय सर्जक सूर्यप्रसाद लाकोजूको संस्मरण, कृति समीक्षा, सामाजिक, सांस्कृतिक जीवनका विविध पाटाहरूलाई समेत समेटेर आलोकमै सूर्यकृति तयार गरिएको छ । विभिन्न १४ खण्डमा विभक्त कृति ८१७ पृष्ठको स्थूल रूपमा तयार गरिएको छ । वि. सं. २०३३ मा पनौती नगरपालिकामा जन्मिएका सूर्यप्रसाद लाकोजूका ६ वटा कविता-संग्रह, संस्कृति र जीवनीपरक निबन्ध ६वटा, बालसाहित्यअन्तर्गत ७ वटा, ५ वटा मुक्तक- संग्रह, दुईवटा हाइकु -संग्रह, नियात्रा, तीनवटा अङ्ग्रेजी भाषाका ग्रन्थका साथै अनुवादात्मक कृतिसमेत रहेका

छन् । झण्डै दुई दर्जन जति कृति र पत्रपत्रिकाका सम्पादकसमेत रहेका लाकोजू विभिन्न साहित्यिक संघ-संस्थासँग पनि आबद्ध व्यक्तित्व हुन् । उनले झण्डै चार दर्जन जति सम्मान तथा पुरस्कारसमेत प्राप्त गरेका छन् ।

प्रस्तुत ग्रन्थका ग्रन्थनायक सूर्यप्रसाद लाकोजू हुन् । यसको पहिलो खण्डमा लाकोजूलाई शब्दचित्रमा उतारिएको छ । यसभित्र संक्षिप्त व्यक्तिवृत्त, प्रकाशित कृतिहरू, सम्पादन, लेखनकला, पुरस्कार तथा सम्मान, सामाजिक कार्य र उनका सन्दर्भमा तयार गरिएका समीक्षात्मक कृतिहरू पनि प्रस्तुत गरिएको छ ।

ग्रन्थको दोस्रो खण्डमा लाकोजूको बहुआयामिक व्यक्तित्वको स्मरण गर्दै ५७ वटा संस्मरणात्मक लेखहरू तयार गरिएको छ ।


तेस्रो खण्डमा ग्रन्थनायकका कवि व्यक्तित्व र उनले रचना गरेका कविता-संग्रहहरूको समीक्षा गरिएको छ भने चौथो खण्डमा उनले रचना गरेका मुक्तकहरूः मुक्तक-संग्रहहरूको समीक्षा प्रस्तुत गरिएको छ । यसअन्तर्गत भिन्न २० वटा समीक्षा छन् । पाँचौँ खण्डमा गीतकार लाकोजू र उनका गीतहरूको समीक्षा गरेर ६ वटा लेखहरू तयार छन् । छैठौं खण्डमा हाइकूकार सूर्यप्रसाद लाकोजू र उनका हाइकूहरूको समीक्षा छ । आठौँ खण्डले सांस्कृतिक आलोक छरेको छ । यसभित्र पनि भिन्न ११ वटा लेखहरू छन् । नवौँ खण्डमा नियात्राकार सूर्यमा समर्पित तीनवटा लेख छन् । दशौँ खण्ड बाल, साहित्य र केही संस्मरणका भावहरू पनि प्रस्तुत छन् । एघारौँ खण्डले कथाकार सूर्य लाकोजू र उनका संग्रहको समीक्षा गरेको छ भने १२औं खण्डमा कविता, गजल, पत्रपत्रिका आदिमा छरिएको व्यक्तित्व उजागर छ । १३औं खण्डले पत्रकार साहित्यिक पत्रकार व्यक्तित्वलाई चिनाएको छ । १४औं खण्डमा उनका साहित्यिक वार्ताहरू प्रस्तुत छन् ।

यसरी प्रस्तुत ग्रन्थले कम उमेरमा नै आफूलाई जीवनका विविध आयाममा खरो उतार्न सफल सूर्यप्रसाद लाकोजूको व्यक्तित्व उजागर गरेको छ । ग्रन्थ-नायकको व्यक्तित्व आदर्शमय छ । कृति पठनीय छ ।

## ७. किताबको अँगालोमा

वि.सं. २०५९ मा खेलकुद क्षेत्रसँग सम्बद्ध कृति : विश्वकप फुटबल : कथा एक गाथा अनेक लिएर उदाएका जयदेव गौतमको चौथो कृति किताबको अँगालोमा २०८२ समीक्षा-संग्रह प्रकाशित भएको छ । समीक्षक गौतम ४२ वटा पुस्तकहरूको अँगालोमा बेरिएर ती पुस्तकहरूको ढुकढुकी सुन्न अग्रसर छन् ।

हरेक किताबको अङ्गालोमा कँसिदा जयदेवले विश्लेषणात्मक विशेषणबोधक शीर्षक चयन गरेका छन् भने कतै किताबलाई एक दुई शब्दभित्र चिनाएका छन् । जस्तै :- भूमिगत कालमा कम्युनिस्टका निश्चल सारथी, तर अहिले......, द्रौपदी अवशेषको सन्देश, चित्रलेखा पढ्नै पर्ने उपन्यास, नचारित्रिक, ननैतिक उपन्यास : अहिल्या, आफ्नो जमानाका वेस्टसेलर कृष्णप्रसाद पराजुली, महाकविको भूमिका लेखक, छवि उजिल्याउने संग्रह, महाकविको निबन्ध-संग्रह, पुनर्पठन अनुभव आदि ।




प्रस्तुत समीक्षा-ग्रन्थमा समीक्षकले प्रभावपरक समीक्षाको मार्ग रोजेका छन् । स्पष्ट समीक्षा भन्दा पुस्तक परिचर्या बढी छ । पुस्तकहरू सरसर्ती पढ्दा र तथ्यपरक विश्लेषण गर्दा देखिएका तथ्यलाई यथार्थवादी र स्पष्ट रूपमा प्रस्तुत गर्नु प्रस्तुत कृतिको विशेषता हो । लक्ष्मीप्रसाद देवकोटाका सन्दर्भमा बाहेक उनले नेपाली साहित्यको समसामयिक धाराका कृतिहरू छानेका छन् । अनूदित कृतिले पनि स्थान पाएको छ ।

जे होस् ४२ वटा किताबको अङ्गालोमा बेरिदा समीक्षक गौतमले किताबको जे ढुकढुकी सुने त्यसैलाई समीक्षाको रूपमा दिएर नेपाली समालोचकको इतिहासमा एउटा इटा थप्ने काम गरेका छन् । लेखकको प्रयास उल्लेखनीय छ । **–अकिञ्चन**

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका हाम्रो पुरुषार्थका
आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**


मणिपथ, मिलनचोक, बुटवल
फोन नं. : ०७१५४१००९ मा सम्पर्क गरी आफ्नो प्रति
पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# किरण पुस्तकालय ज्ञान, शिक्षा र बौद्धिक विकासको एक सशक्त केन्द्र

**२०८२ चैत्र**

**मनु सुनार, गुल्मी :** जिल्लाको सदरमुकाम तम्घासमा अवस्थित किरण पुस्तकालय ज्ञान, शिक्षा र बौद्धिक विकासको एक सशक्त केन्द्रका रूपमा स्थापित हुँदै आएको छ ।




वि.सं. २०२५ साल कार्तिक २० गते स्थापना भएको यस पुस्तकालयले स्थापना कालदेखि नै नेपाली भाषा, साहित्य, कला, संस्कृति, इतिहास तथा ज्ञान–विज्ञानको क्षेत्रमा चेतना विस्तार गर्ने महत्त्वपूर्ण अभियान निरन्तर अघि बढाइरहेको छ ।

स्थानीय स्तरमा अध्ययन, अनुसन्धान र बौद्धिक छलफलको वातावरण सिर्जना गर्ने उद्देश्यले स्थापना गरिएको यो पुस्तकालय आज विद्यार्थी, शिक्षक, पत्रकार तथा सर्वसाधारण सबैका लागि भरोसायोग्य स्थान बनेको छ ।

यहाँ उपलब्ध विभिन्न विधाका पुस्तक, राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका र सन्दर्भ सामग्रीहरूले पाठकलाई ज्ञानको गहिराइमा पुग्न सहयोग पुऱ्याउँदै आएका छन् ।

पुस्तकालयले विशेषगरी युवापुस्तामा अध्ययन संस्कार विकास गर्न, सकारात्मक सोच

अभिवृद्धि गर्न र समाजमा बौद्धिक चेतना फैलाउन उल्लेखनीय भूमिका खेलेको छ ।

प्रतिस्पर्धात्मक परीक्षा तयारी गर्ने विद्यार्थीहरूका लागि त यो पुस्तकालय झन् उपयोगी स्रोत केन्द्रका रूपमा परिचित छ, जहाँ शान्त र अनुकूल वातावरणमा अध्ययन गर्न पाउँछन् ।

किरण पुस्ताकालयका संस्थापक वरिष्ठ शिक्षाविद् शशि पन्थीका अनुसार पुस्तकालयमा हाल १८ जना संरक्षक, १७ जना विशिष्ट सदस्य, १४६ जना आजीवन सदस्य र १ जना मानार्थ सदस्य गरी कुल १८२ सदस्य आबद्ध छन् ।

तीमध्ये २१ जना दिवंगत भइसकेका छन् । सदस्यहरूको सक्रियता र योगदानकै कारण पुस्तकालयले आफ्नो निरन्तरता कायम राख्दै आएको छ ।

हाल पुस्तकालयमा नेपाली तथा अङ्ग्रेजी भाषाका विभिन्न विधाका करिब १२ हजार ६ सय बढी पुस्तकहरूको समृद्ध सङ्ग्रह रहेको छ, जसले यसलाई वास्तविक अर्थमा "ज्ञानको भण्डार" बनाएको छ ।

साहित्य, इतिहास, समाजशास्त्र, विज्ञान, राजनीतिशास्त्रलगायत विविध विषयका पुस्तकहरूले पाठकको ज्ञानविस्तारमा महत्त्वपूर्ण टेवा पुऱ्याएका छन् ।

यसैगरी, वि.सं. २०३० सालदेखि "हाम्रो पुरुषार्थ" नामक त्रैमासिक साहित्यिक पत्रिका नियमित रूपमा प्रकाशन गर्दै आएको पुस्तकालयले हालसम्म २१ वटा विशेषाङ्कसहित कूल १०८ अंक प्रकाशित गरिसकेको छ ।

यस पत्रिकामार्फत स्थानीय स्रष्टाहरूलाई आफ्ना सिर्जना सार्वजनिक गर्ने महत्त्वपूर्ण मञ्च उपलब्ध भएको छ भने साहित्यिक चेतना अभिवृद्धिमा पनि ठूलो योगदान पुगेको छ ।

डिजिटल युगको तीव्र प्रभावका बाबजुद पनि किरण पुस्तकालयले पुस्तकप्रतिको आकर्षण जोगाइराख्न उल्लेखनीय भूमिका निर्वाह गरिरहेको छ ।

आधुनिक प्रविधिसँगै पुस्तकप्रतिको मोह घट्दै गएको अवस्थामा पनि यस पुस्तकालयले पाठकलाई पुस्तकप्रेमी बनाइराख्ने वातावरण सिर्जना गरेको छ ।

किरण पुस्तकालय तम्घास केवल पुस्तकहरूको सङ्ग्रहस्थल मात्र नभई ज्ञान, चेतना, सिर्जना र सामाजिक रूपान्तरणको प्रेरणादायी केन्द्रका रूपमा विकास हुँदै गएको छ ।

पुस्तकालयले विगतदेखि वर्तमानसम्म समाजलाई उज्यालोतर्फ डोऱ्याउने आफ्नो जिम्मेवारीलाई सफलतापूर्वक निर्वाह गर्दै आएको छ ।

ooo

# Kiran Library Gulmi: 57 Years of Literary and Cultural Contribution



Kiran Library was established on Kartik 20, 2025 B . S . (1968 A . D . ) in Tamghas, Gulmi, at a time when there were no bookshops in the area .

Its main purpose was to promote a reading culture and spread education within the community .

Despite limited resources, the library became a cornerstone for literacy and intellectual development in the district .

### *Historical Background*

The library has a history of nearly 57 years and is considered an integral part of Gulmi’s identity . Initially, it was operated from a cowshed room provided by Pandit Devidatta Panthi in the then

Laxmipur Village Panchayat–1 . The founding members collected coins from friends and gathered 130 books to officially start the library .

***Purpose and Vision***

At its inception, the library aimed to encourage reading habits among locals and enlighten society through education . Membership was available for one mohar, allowing individuals to read for a full year . This initiative was crucial in a time when books were scarce .

***Early Challenges and Efforts***

In the beginning, there was a significant shortage of books . To address this, members would travel to Palpa, Butwal, Kathmandu, Banaras, and Gorakhpur to purchase books .

The library was managed systematically by forming a membership system and collecting a nominal fee to ensure borrowing and returning books in an organized way .

***Growth and Reader Engagement***

According to Chairman Shashi Panthi, the attraction toward the library grew as new books were added . The library organized discussion sessions to help readers reflect on what they had read . From 2030 B . S . , it began publishing the literary magazine “Hamro Purushartha,” providing readers a platform to express their creativity .

***Publication Work***

“Hamro Purushartha” has been published annually since 2030 B . S . , semi-annually from 2036 B . S . , and quarterly since Kartik 2070 B . S . So far, 106 issues have been published, and the 107th issue is in preparation . The library has also published 21 special issues .

***Infrastructure and Collection***

The library now has its own modern, well-equipped building constructed with an investment exceeding NPR 40 million . According to its records, there are currently 12,458 books available, and about

25–30 readers visit daily . Membership can be obtained for NPR 1,000 per year, making reading more accessible .

### *Library Resources*

The collection includes books in Nepali, English, and Hindi on culture, literature, science, history, political science, religion, and philosophy . Researcher Ganesh Shripali has praised the library for playing a vital role in knowledge dissemination and inspiring creative thinking among readers .

### *Role in Promoting Reading Culture*

Senator Padam Prasad Pandey of Lumbini Buddhist University highlighted that Kiran Library has inspired young people to develop reading habits, which are declining in the age of technology and social media . He emphasized that community libraries like this one can significantly strengthen reading culture if established in every local level .

### *Literary and Cultural Activities*

The library reguaLrly celebrates the birthdays of various poets, publishes books, and organizes literary meetings, conferences, and discussions . It has also published works related to history, culture, religion, philosophy, and literature and has been reguaLrly awarding the “Janaki Sahitya Puraskar . ”

### *Modernization and E-Library Initiative*

To adapt to changing times, the library is preparing e-library infrastructure and has arranged computer training facilities . Currently, it has 10 computers for public use .

### *Membership and Management*

The library has 18 patron members, 17 distinguished members, and 145 life members . It operates with funds from membership fees, endowments, awards, and house rent . Three staff members work as volunteers to run the daily operations .

***Community Impact***

The Kiran Library has significantly contributed to developing a reading culture and fostering intellectual growth in Gulmi . Its efforts to inspire readers and promote education remain a model for other communities across Nepal .

**Courtesy of :Collegenp**

News 21 Sep 2025 2900 By: Admin (Ramesh K. Thapa)

Date : 21 Sep 2025

**किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य र ग्राहक बन्न चाहने व्यक्तिहरूले क्रमशः रु. १०,०००/- र रु. ५,०००/- गरी जम्मा रु. १५ हजार**

**रा. वा. बैंक गुल्मीमा रहेको किरण पुस्तकालयको**

**च.हि.नं. : ३०१०१००३४२७८७००१ खातामा पठाई पुस्तकालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**किरण पुस्तकालय**
**गुल्मी**

**५० वर्ष पहिलेको समचार**

# विभिन्न कार्यक्रमहरूका बीच संविधान दिवस

**तम्घास,**

संविधान दिवस समारोह समितिको आयोजनामा प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको १२औं तथा संविधानको दशौं दिवस विभिन्न कार्यक्रम र समारोहका बीच विशाल जनसमूहमा मनाइयो ।

कार्यक्रममा माल्यार्पण, शाही सलामी, जुलुस, आमसभा, खेलकुद साहित्यगोष्ठी, पुरस्कार वितरण, चियापान र दीपावली थियो ।

आमसभामा नरहरि रिजाल, पदमबहादुर हितान, दीप्तिनारायण शर्मा, हरिप्रसाद गौतम, ईश्वरादेवी, चित्रबहादुर बुढाथोकी, माननीय दयानिधि शर्मा र पद्मपाणि उपाध्यायले संविधान तथा पञ्चायती व्यवस्थाका विभिन्न पक्षमा बोल्नुभएको थियो ।

आमसभाको सभापतित्व प्रधानपञ्च डिल्लीराज उपाध्यायले ग्रहण गर्नुभएको थियो ।

साहित्य गोष्ठी किरण पुस्तकालयको आयोजनामा पुस्तकालयकै पुष्पोद्यानमा सम्पन्न भएको थियो र यसको सभापतित्व माननीय रा.पं.स. श्री दयानिधि शर्माले ग्रहण गर्नुभएको थियो ।

प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई नगद पुरस्कार प्रदान गरिएको थियो । अन्तमा सभामा उपस्थित बालबालिकालाई मिठाइ वितरण गरियो र साँझ सम्पूर्ण शिक्षण संस्था, सरकारी कार्यालय र ठाउँ ठाउँमा दीपावली थियो । यसै अवसरमा महेन्द्र हाईस्कुल र क्लबका बीचको फूटवल प्रतियोगितामा क्लबले विजय प्राप्त गऱ्यो ।

– साभार : **दैनिक निर्णय**

वर्ष ७, अङ्क ३२, भैरहवा, २०२८

पौष ९ गते शुक्रबार (२४, दिसेम्बर १९७१) बाट ।

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १०८ बारे

५३ वर्ष अघिदेखि लगातार अनेक आरोह अवरोहका साथ गुल्मीको तम्घासस्थित किरण पुस्तकालयले प्रकाशन गर्दै आएको 'हाम्रो पुरुषार्थ' नेपाली भाषा-साहित्य-वाङ्मयको भण्डार भर्न गहकिलो योगदान दिने स्तरीय पत्रिका हो । यसको २०८२ कार्तिक-पुस अङ्क (वर्ष ५३, अङ्क १, सम्पूर्णाङ्क १०८) यसका आदरणीय सम्पादक शशि पन्थीका हातबाट २०८२ फाल्गुन २ गते शनिवार सिद्धार्थनगरमा प्राप्त भयो । यहाँ यसभित्रका सामग्रीबारे सर्सरी चर्चा मात्र गर्ने प्रयासमा छु ।

भेटघाट-११९ बाट सुरू भएको यस अङ्कमा पहिलो सामग्री प्रा.डा. दयाराम श्रेष्ठ सम्भवसँग शिवशरण ज्ञवालीले गरेको कुराकानी 'मात्र एउटा सम्झौताको पुलिन्दा पो रहेछ जीवन' शीर्षकमा छ । अति सङ्क्षिप्त प्रश्नोत्तर सामग्रीमा प्रा.डा. सम्भवको विश्वविद्यालयको दीर्घ सेवा तथा निवृत्त जीवनको झन् सक्रियता पढ्न पाइन्छ । कृष्णप्रसाद कोइरालाकृत भूकम्प खण्डकाव्यबारे केशवराज आमोदीको समीक्षा छ 'भूकम्पले प्रकम्पित कविहृदय र प्रकृतिको रौद्रता'मा । प्रा. कपिल अज्ञातले 'शून्यको मूल्य कृतिभित्रका कलात्मक विशेषता' शीर्षकमा डा. नवराज केसीको गैरआख्यानको कृतिबारे समीक्षा गर्नुभएको छ । अनिता पन्थीले 'सदा अमर अक्षरको पूजामा समर्पित सानु लामाको सम्झनामा' शीर्षकमा चिरफार गर्नुभएको छ ।

दीन पन्थीको नौलो लेखनशैलीको सूत्रनिबन्ध 'युद्ध र घाउहरू' गहकिलो लेखन छ । सारतः अहिंसा, शान्ति र मानवताका पक्षमा वकालत गर्दै सम्पूर्ण दोष, अहङ्कारको समूल अन्त्यका निम्ति विस्फोट, रगत, घाउ र आँसु विनाको तेस्रो विश्वयुद्ध हुनुपर्नेमा निबन्धमा जोड दिइएको छ । रेणुका पन्थीको 'गुल्मी जिल्लामा रहेका एकल महिलाहरूको सामाजिक र आर्थिक अवस्थाको अध्ययन' शीर्षक लेख छ ।

जीवननाथ ढुङ्गानाको 'सिक्लेस यात्रा' नियात्रा निकै उम्दा छ । प्रकृतिको सुरम्य यात्राका रन्का र झल्काहरू भुक्तभोगीका अनुभवहरू सम्पूर्ण छन् यसमा । पूर्णप्रसाद अधिकारीको यात्रा संस्मरण 'नेपालको प्रथम होमस्टे र रानीमहल अवलोकन' ले पाठकलाई सँगसँगै यात्रामा लगेको अनुभव हुन्छ । माधव काफ्लेको विद्वतापूर्ण गहन निबन्ध 'कविताको भूगोल' प्रकाशित छ । निसमीक्षा पढ्न पाइन्छ-भुइँमान्छेका सुखदुःख । लीलाराज दाहालको कलममार्फत सरल भाषाशैलीमा सङ्क्षेपमा बहुमुखी व्यक्तित्व सूर्यप्रसाद लाकोजूलाई यस निसमीक्षामा चिरफार गरिएको छ ।

काशीनाथ मिश्रितको हास्यव्यङ्ग्य लेख 'मुकुन्डो' स्तरीय छ । प्रा.डा. हिरण्यलाल ज्ञवालीको आलेख 'कवि नारद गौतमको शब्दका छर्रा सर्सती पढ्दा' ले कवि गौतमको सद्य प्रकाशित कविताकृति शब्दका छर्राका विषयवस्तु र कृतिकारका सिर्जन-विशेषताबारे बौद्धिक स्तरको जानकारी प्राप्त हुन्छ । गुल्मीको उपल्ला तम्घास निवासी ९२ वर्षीया एकमाया मरासिनीसँग यसै पत्रिकाका सम्पादक शशि पन्थीले गर्नुभएको छोटो अन्तर्वार्ता 'आफ्नै गाउँ-ठाउँ जाती' निकै तिक्खर, आफ्नै गाउँ-ठाउँको लबज र तौर तरिकाको तर महत्त्वपूर्ण अनुभव एवम् ज्ञानगुनले भरिएको रहेछ । पढ्दै जाँदा संवाद अझै लम्बिए हुन्थ्यो भन्दाभन्दै टुङ्गियो, नमज्जा लाग्यो । प्रस्तुत सामग्री सम्पादन पूर्णरूपमा हुन नपाएर हो कि वर्णविन्यासमा चाहिँ कैफियत देखिन्छ है ।

मित्र 'उराठी' गौतमको लघुकथा 'स्वर्णाक्षरी' मा बुबाआमाले बडो सोची विचारीकन राखिदिएको नामले हन्डर ठक्कर खानुपरेको र विद्यालय-कलेजका कागजातमा लेखाइमा बिगारिदिएको प्रसङ्ग छ । यस लघुकथामा पनि वर्णविन्यासलाई सम्पादक मण्डलले मसिनोसँग छिमल्न नभ्याएको प्रतीत हुन्छ ।

'साहित्य र राजनीति' सम्पादकीयका रूपमा प्रस्तुत छ । "राजनीतिलाई सधैं आदर्श नीति र धर्मको पक्षमा हिँड्न झक्झकाइरहन्छ साहित्यले । हो हितले युक्त साहित्य होस्, साहित्यले युक्त राजनीति होस् । " यही सारभाव खिचेको छ लेखनले । सदा झैँ छोटा वाक्य तर मार्मिक एवम् खँदिलो लेखन देखिएकाले यसका सहसम्पादक आदरणीय दीन पन्थीकै कलमबाट यो सिर्जित हो भन्न सकिन्छ ।

कर्मठ, हठी र विद्वत् व्यक्तित्व पं. नारायणदत्तका जीवनका विविध सङ्घर्ष सन्दर्भको 'स्मृतिको पीडामा अन्तिम सत्य' संस्मरणमा उल्लेख गरिएको रहेछ ।

छत्रमान सुब्बाको पुरावृत्त 'डायस्पोरिक जीवनको आत्मकथा' भित्र थुप्रै सन्दर्भ छन् । यसमा अमेरिकी १६ औँ राष्ट्रपति अब्राहम थोमस लिङ्कनको सङ्घर्ष तथा उनले वर्णभेदको अन्त्य र न्याय-समानता स्थापनार्थ खेलेको ऐतिहासिक योगदान उल्लेख गरिएको छ ।

कार्यपत्र प्रस्तुति, प्रश्नोत्तर, छलफल र निष्कर्षात्मक शैलीमा लेखिएको नवीन सोचको गहन विषय निकै बौद्धिक, रोचक र सार्थक लाग्यो हरिराज भट्टराईको लेख 'देशान्तर कि डायस्पोरा' ।

त्यस्तै दुनियाँ संसार नहेर्ने आफ्नै कुवालाई वर्षौंसम्म कञ्चन ठानेर राज गरी बस्ने पात्रलाई व्यङ्ग्य-बाण बर्साइएको रहेछ-सिजन श्रेष्ठको 'हजुरलाई मेरो अनुरोध' कवितामार्फत ।

त्यसैगरी विभिन्न जीवजन्तु वनस्पति तथा प्राकृतिक वस्तुहरूको गुण धर्मको दृष्टान्त प्रस्तुत गरिएको छ कृष्णशरण उपाध्याय पौडेल रचित 'कसको धर्म के हो ?' गुल्मीको महिमा र गौरवलाई आफ्ना शब्द-कला-सिपले उनेर बुनेर भरतराज पौडेलले 'गुल्मी उठे पुग्दछ' कवितामार्फत सार्वजनिक गर्नुभएको छ ।

अर्को लघुकथा छ पद्मप्रसाद शर्माको । लघुकथा 'विशालको स्वभाव' ले सन्तानहरू कलङ्क निस्कँदै गएमा हाम्रा वृद्धाश्रमहरू पनि सुरक्षित रहन नसक्ने मार्मिक सन्देश प्रवाह गर्न खोजेको छ । प्रस्तुत कथामा प्रयुक्त 'खाली' शब्द 'खालि' बनाइनुपर्ने देखिन्छ ।

पुस्तकालय परिचयअन्तर्गत सिन्धुलीको ढुङ्ग्रेबास स्थित कमला सामुदायिक पुस्तकालयका बारेमा उपाध्यक्ष विश्वराज बरालको प्रस्तुति ज्ञानमूलक लाग्यो । 'नौलो सृष्टि : सानो दृष्टि' स्तम्भमा अकिञ्चनले विभिन्न पुस्तक/ग्रन्थको सङ्क्षिप्त तर अति गहन ढङ्गले परिचय प्रस्तुत गर्नुभएको छ । यसअन्तर्गत डा. बाबुराम ज्ञवालीको श्रीमद्भागवत गीता अध्यात्म कला र विज्ञान, त्यस्तै हेमराज पाण्डेको 'गान्तोक हाँसेको बिहानी' (नियात्रासङ्ग्रह), भीमलाल सापकोटाको 'धरौट' (उपन्यास), कवि गणेश ज्ञवालीको गीतिकाव्य 'कर्ण', थमावती भुसाल स्मृति ग्रन्थ (सङ्कलन तथा सम्पादक : युवराज भुसाल), तुलबहादुर राजकोटी मगरको कवितासङ्ग्रह 'आमाको ममता' ,डा. विष्णुबहादुर जिसीको लेखसङ्ग्रह 'यात्रा खुसीको', राजेन्द्र गोपाल सिंहको कवितासङ्ग्रह 'बन्न नसकेका कविताहरू', दामोदर ढकाल दीपकको 'शीत यात्रा' शीतोपन्यास आदि कृतिका बारेमा पृष्ठ १४७ देखि १५५ सम्म पढ्न र मनन गर्न पाइन्छ ।

यात्रा वृत्तान्तअन्तर्गत 'सिलगढी देवकोटा भवनमा अगम सिंह गिरी जयन्ती एक भव्य महोत्सवको सम्झना' यो निकै लामो शीर्षकमा विस्तृत वर्णन छ-वीरेन्द्र थोक्लिहाङको । यसमा भारत-भूमिमा कार्यक्रम गरिने तौरतरिका, अनुशासन, समय पालना, आत्मीय सत्कार तथा प्रा.डा. गोविन्दराज भट्टराईसँगको बसाउठीका बारेमा रोचक ढङ्गले सामग्री प्रकाश पारिएको रहेछ । यस आलेखमा वर्ण विन्यासका कसरमसर रहन गएका भए पनि 'छुट्नेसी' शब्द मलाई निकै आहा लाग्यो । शब्दकै कुरा गर्दा यसमा शीर्षकमा 'सिलगढी' र आलेखमा 'सिलगुढी' छापिएछन् ।

ऋषभदेव शर्माको नियात्रा संस्मरण 'पूर्वी नेपालको मनकामना र पाथीभरा यात्रा अनुभूति' ले ती स्थानको मसिनो परिभ्रमण पाठकलाई गराएको छ ।

डा. रामराज पन्थीले 'हुलाक टिकटमा स्व. पं. ऋषिराम पन्थी' शीर्षकमा २०८२ श्रावण १७ गतेको गोरखापत्र दैनिकमा सञ्चारमन्त्रीद्वारा विभिन्न १४ ओटा हुलाक टिकटमा प्रथम दिवसीय टाँचा लगाएको समाचार, स्व. पं. पन्थीको सङ्क्षिप्त जीवनी,

व्यक्तित्व र कृतित्व तथा हुलाक टिकट प्रकाशनको कारण र महत्त्व आदिका बारेमा खोजपूर्ण ज्ञान प्रस्तुत गर्नुभएको छ ।

खगेन्द्र गिरि 'कोपिला'ले 'बिसौनीमा' मार्फत आफ्नै कृतिहरूका नामसमेत उल्लेख गरी जीवनका सङ्घर्ष र उकाली ओरालीहरूलाई प्रस्तुत गर्नुभएको छ कवितामा ।

'मेरो देश' कवितामार्फत देशको यात्रा र गन्तव्य दुबै हराएर कुहिरोको काग बनेको भाव प्रस्तुत गर्नुभएछ विनोद नेपालले ।

रेशमबहादुर पोखरेलको यात्रा संस्मरण 'पुस्तकालयको अवलोकन भ्रमणलाई स्मरण गर्दा' मा चितवन, कास्की, पर्वत र गुल्मीका कहलिएका केही पुस्तकालयहरूको सामूहिक अवलोकन भ्रमणको विवरण छ । भ्रमणले ती पुस्तकालयका परिचय, भौतिक पूर्वाधार, व्यवस्थापन पक्ष र रचनात्मक सिर्जनात्मक अभ्यासलाई प्रत्यक्ष अवलोकन गर्ने र मनन गर्ने अवसर पाई पत्रिकामार्फत सार्वजनिक यस सामग्रीले अन्य पुस्तकालय सञ्चालक एवम् सरकारवालालाई अवश्य लाभ मिल्ने छ भन्न सकिन्छ ।

पृष्ठ १४६ को किरण पुस्तकालयको पातोमा यस पुस्तकालयका हालसालैका सुसम्पन्न कार्यक्रम तथा आगामी योजना र सङ्कल्पका बारेमा बुँदागत चर्चा गरिएको छ । नामबाट नभई सचिवका पदबाट यो लिखित छ ।

पृष्ठ १५६ देखि १५९ सम्म यताउताबाटमा 'गुल्मीको गौरव किरण पुस्तकालय : वार्षिकोत्सव, पुस्तकालय सभा र देवकोटा जयन्ती मनाइयो' शीर्षकको समाचार (संवाददाता मनु सुनार/रेडियो रेसुङ्गााको समाचार) छ ।

पृष्ठ १६० मा ५० वर्ष पहिलेको समाचारअन्तर्गत 'पुस्तकालय खाँचो पूर्ति गर्न तयार' निर्णय प्रतिनिधिबाट त्यसैगरी 'गुल्मी इन्टर कलेज दिनमा सञ्चालन' हाम्रा प्रतिनिधिबाट (साभार : दैनिक निर्णय, वर्ष-६, अङ्क-१११, भैरहवा २०२८ वैशाख ४ शनिबार, १७ अप्रिल १९७१) भन्ने ऐतिहासिक समाचार छ ।

पृष्ठ १०८ मा कमला सामुदायिक पुस्तकालय सिन्धुलीका कोषाध्यक्ष नारायण प्याकुरेलको पाठक प्रतिक्रिया 'पत्रिका निकै नै उपयोगी' भन्ने शीर्षकमा छोटो सामग्री देखापर्छ ।

किरण पुस्तकालयका आजीवन सदस्यको परिचय, पुस्तकालयका गतिविधि सम्बद्ध केही रङ्गीन तस्बिरसहित सम्पादकीय, कुटुरो फुकाउँदा (विषय-सूची), सम्पादन समिति र प्रतिनिधिहरूको नामावलीबाहेक १६२ पृष्ठमा फैलिएको बौद्धिक खुराकका रूपमा यो अङ्क सार्वजनिक भई पाठकका हातमा पुगेको अवस्था छ ।

हिजोआजका दिनमा प्रविधि र अन्य पक्षसमेत निकै सहज भएकाले जुनसुकै पत्रिका पनि दुई चार अङ्क प्रकाशन गरिहाल्न त्यति समस्या र चुनौती छैनन् तर 'हाम्रो पुरुषार्थ' को पृथक् परिचय, पृथक् ऐतिहासिक योगदान र विशिष्ट सार्थक लक्ष्य एवम् गन्तव्य रहिआएको छ ।

सम्बद्ध सबैको निरन्तरको बहुमूल्य बौद्धिक लगानी, त्याग, तपस्या, साधना र समर्पित भावनाले मात्र यस्तो पठनीय, चिरस्मरणीय, प्रशंसनीय, उदाहरणीय एवम् सङ्ग्रहणीय पत्रिका त्रैमासिक रूपमा यथासमयमा सार्वजनिक गर्न सम्भव देखिन्छ ।

निरन्तरको यस्तो दुसाध्य प्रकाशन–कर्म तथा यसको गहन सन्देश फैलावटका कारण हाम्रो पुरुषार्थ अनि यसको जननी वा संवाहक किरण पुस्तकालय आफैमा नेपाली वाङ्मय फाँटमा विश्वविद्यालयका रूपमा स्थापित छ भन्नु अत्युक्ति नहोला ।

किरण पुस्तकालय एवम् हाम्रो पुरुषार्थ सम्बद्ध तन, मन र सिर्जन–प्रतिभाका धनी सम्पूर्ण वाङ्मयसेवी जनको जय होस् !

**छवि ज्ञवाली**
**थोर्गा, गुल्मी हाल सिद्धार्थनगर, रूपन्देही ।**

ooo

# हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकको नामावली

आजीवन ग्राहक

| **क्र.सं. ग्राहकको नाम** | **ठेगाना** |
|---|---|
| ९८०. श्री कृष्णप्रसाद कोइराला | बुटवल उपमहानगरपालिका–११, मार्कण्डेय पथ कालिका नगर, रूपन्देही । मो. नं. : ९८४७०२९६५७ |
| ९८१. श्री माया घिमिरे | तिलोत्तमा नगरपालिका–३, रूपन्देही । मो. नं. : ९८५७०११०९७ |
| ९८२. श्री महेश्वरप्रसाद श्रेष्ठ | बुटवल राम मन्दिर लाइन, रूपन्देही । मो. नं. : ९८४७०२७१७३ |
| ९८३. श्री अनुपमान सैंजू | बुटवल संगमपथ, रूपन्देही । मो. नं. : ९८५७०२०३४१ |

ooo

# हार्दिक श्रद्धाञ्जलि

शब्दहरू मौन छन् आज, मनभित्र वेदना गहिरो छ
तिमी नभएको यो संसारमा, खै के नपुगेको जस्तो अधुरो छ
अचम्मसँग झुक्याएर गयौ तिमी, निःशब्द गरायौ, स्तब्ध बनायौ
तिमी सम्झनाहरू जतन गरेर राख्नु, हामी यादहरू बेरेर राख्नेछौं ॥

**जन्म:**
**२०२३ वैशाख ७**



**मृत्यु:**
**२०८२ फागुन २०**

## स्व. मीरा बस्नेत

**"छोरीले जन्माएका आमाहरू" किताबका हामी बाह्र जनामध्ये एकजना लेखक र सधैं सबैकी मायालु, हँसिली, फरासिली, तर्कशील एवं सहयोगी हाम्री आत्मीय मीरा बस्नेत अब हामीबीच रहनुभएन। गुल्मी रेसुङ्गा नगरपालिका सिमीचौरमा जन्मेर पछि अमेरिकाको सियाटल शहरमा बसोबास भएकी उहाँ हामी सबैलाई अत्यन्त मर्माहत र स्तब्ध पार्दै अकस्मात् वि.सं. २०८२ साल फागुन २० गते (सन् २०२६ मार्च ४) का दिन ब्रह्मलीन हुनुभयो। हामी सबैकी अत्यन्त प्रिय स्व. मीरा बस्नेतप्रति हामी भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछौं। साथै, यस दु:खद घडीमा शोकाकुल परिवारजन समेत सम्बन्धित सबैमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

## लेखक समूह

*(इन्द्र गुरौ, उमा शर्मा, कमला न्यौपाने, कल्पना तामाङ, डा. कविता घिमिरे, जानु ओझा, तनुजा पोखरेल, निर्मला राई, मञ्जु थापा, डा. मोनिका आचार्य, सञ्जीता बराइली)*



# किरण पुस्तकालय, गुल्मीबाट प्रकाशित

# हाम्रो पुरुषार्थ

राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाको

**सम्पूर्णाङ्क ११०**

२०८३ वैशाख-असारको अङ्क

**रेसुङ्गाक्षेत्र विशेषाङ्क**को

रूपमा

प्रकाशनमा आउँदै छ ।

तपाईंले उक्त विशेषाङ्कका लागि सम्बन्धित विषयसम्बद्ध कुनै लेख-रचना लेख्न चाहनुभएको छ या कुनै विज्ञापन छपाउने वा शुभकामना दिने विचार गर्नुभएको छ अथवा किरण पुस्तकालयको आजीवन सदस्य र हाम्रो पुरुषार्थको आजीवन ग्राहक बन्ने इच्छा गर्नुभएको छ भने २०८३ साल जेठ १५ गतेभित्र किरण पुस्तकालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**-सम्पादक : "हाम्रो पुरुषार्थ"**

ISSN 2091-2013